प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष ११ अङ्क ६ पूर्णाङ्क ६० विधाकेन्द्रित साहित्यिक पत्रिका २०७५ फागुन-चैत्र


संरक्षक

**वसन्तकुमार शर्म्मा 'नेपाल'**

निर्देशक

**विनयकुमार शर्मा नेपाल**

प्रधान सम्पादक

**ठाकुर शर्मा भण्डारी**

सम्पादक

**यादव भट्टराई**

सहयोगी

**कमला नेपाल**
**महेशप्रसाद रिजाल**
**भाभा शर्मा**
**आभा शर्मा**
**मातृका आचार्य**
**विभव नेपाल**

प्रकाशक

**शब्दार्थ प्रकाशन**

चाबेल, काठमाडौँ

**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com


; 'tgf M j}hoGtLdf k|sflzt /rgfsf] ;DkÚf{lhDd]jf/ :jod\n]vs g}xg\'5g\.

# सम्पादकीय

● कविता (गजल, मुक्तक, काव्य, खण्डकाव्य, महाकाव्य आदि), आख्यान (उपन्यास, कथा, लघुकथा), नाटक (एकाङ्की, पूर्णाङ्की आदि) समालोचना अनि निबन्ध (प्रबन्ध, यात्रा, नियात्रा, संस्मरण, जीवनी आदि) पाँच मूल विषय र तिनका पनि अनेक उपविधामा नेपाली साहित्य फाँट दिनानुदिन हराभरा बन्दै गइरहेको छ।

● यसै विधा उपविधाको केन्द्रमा रहेर वैजयन्तीले आफ्नो एघार वर्ष प्रवेश गरिसकेको छ। हालसम्म कविता विधाअन्तर्गत २० अङ्क, आख्यान विधाअन्तर्गत ९ अङ्क, समालोचना विधाअन्तर्गत ८ अङ्क, निबन्ध विधाअन्तर्गत २२ अङ्क र नाटक विधाअन्तर्गत १ अङ्क वैजयन्तीले प्रकाशित गरिसकेको छ। यी विधा उपविधाका आरम्भ अङ्कबाटै विधा समालोचनाका सैद्धान्तिक अवधारणा 'पुछारको पातो' स्थायी स्तम्भ पनि आइरहेकै छ।

● निबन्ध मनका कुरालाई छोटो छरितो रूपमा अभिव्यक्त गरिने गद्यविधा हो। यसमा कतिपय अवस्थामा निबन्धकार तटस्थ देखापर्छ भने कतिपय अवस्थामा विषयसँग मिसिन पुग्छ। निबन्ध जुनसुकै विषयमा पनि लेखिन सकिन्छ।

● निबन्ध, प्रबन्ध, जीवनी, संस्मरण, यात्रा, नियात्रा, आत्मकथा, आत्मवृत्तान्त, आत्मसंस्मरण, दैनिकी, पत्रसाहित्य, लेख, रचना, आलेख आदि पनि निबन्धकै उपविधा हुन्। यस विधा अन्तर्गत पनि वैजयन्तीले पाठकको जिब्रोमा एकै स्वाद परोस् भनेर एक विधा एक अङ्क अवधारणा भित्रै रहेर निबन्धका उपविधाअनुसार एक अङ्कमा एक उपविधा प्रकाशित गर्दै आइरहेको छ।

● यस पटक पनि पहिले पहिले जस्तै निबन्ध विधाको उपविधा नियात्रालाई वैजयन्तीले समेटेको छ।

● **वैजयन्ती**लाई माया गरेर आफ्ना रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ। यसका साथै आगामी समयमा पनि सम्पूर्ण लेखक साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौँ।

**संस्कृति-१, एकाङ्की-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, लघुकथा-३, मुक्तक-२, विदेशयात्रा-२, गजल-३, राष्ट्रिय-व्यक्तित्व-३, स्वदेशयात्रा-४, गद्यकविता-६, कथा-५, निबन्ध-७, संस्मरण-५, समीक्षा-६,**
छन्दकविता-९ ओटा अङ्कहरू निकालिसकेको
साहित्यिक पत्रिका **वैजयन्ती**को
६१ अङ्क **नाटक** हुनेछ।

● **शब्दार्थ प्रकाशन**को **वेब साइड**मा **वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन्।





## यस अङ्कमा


| क्रम निबन्ध | निबन्धकार | पृष्ठ |
|---|---|---|
| १. मुक्तिनाथ एक संस्मरण | अम्बिका अर्याल | ५ |
| २. खुम्जुङको यात्रा खुम्विला.. | एलबी चाम्लिङ | १२ |
| ३. यात्रा र मृत्यु | कमला नेपाल | १६ |
| ४. मेरो आइफल-भिउप्वाइण्ट | कलानिधि दाहाल | २३ |
| ५. बुकिङ् र धनकुटा | खनाल मेघनाथ 'बन्धु' | ३० |
| ६. मृत्युको छायाँमा खुसी ... | दामोदर पुडासैनी 'किशोर' | ३४ |
| ७. यात्रा लिस्तीको | नरेन्द्रराज पौडेल | ४० |
| ८. आँखाको दुरविनबाट मधेश.. | प्रदीप सापकोटा | ४७ |
| ९. सौराहाको मेनेजर | बिनोद खड्का | ५५ |
| १०. सम्झनामा रूम्जाटार..... | माधव पोखरेल 'गोज्याङ्ग्रे' | ६१ |
| ११. धर्मात्माको मात्रै हो ... | रामकुमार पण्डित क्षत्री | ६७ |
| १२. शाश्वत धाम ... | रामहरि पौड्याल | ७५ |
| १३. चित्लाङ सुपर एक्सप्रेस | लीलाराज दाहाल | ७९ |
| १४. अनायासै तिङ्ला ! | विनोद नेपाल | ८६ |
| १५. हिमालपारीको मुक्तिनाथ | डा. विश्वदीप अधिकारी | ९२ |
| १६. दहचोक यानी कालु पाण्डे.. | शीतल गिरी | ९७ |
| १७. फेरि माइतीघर पुग्दा | सुशीला देउजा | १०३ |
| १८. मनको बाघले मात्र खाने रहेछ.... | हरिप्रसाद अधिकारी | १०९ |


## स्थायी स्तम्भ


पुछारको पातो :
नियात्रा : एक चर्चा — डा. विष्णु केसी — ११६
नेपालका केही पुस्तक पसलहरू : — १२१
शब्दार्थ प्रकाशनका पुस्तकहरू : — १२५


**अब हाम्रो पालो**

नाटक, कथा, समालोचना, मुक्तक, छन्दकविता, अङ्कहरू।

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा.कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्दुप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत'मातृदास'(गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालीसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा 'पण्डित'(संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा.राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाईं (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (संस्मरण) | अङ्क ५०. डा.लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भाष्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |

## के तपाईंलाई थाहा छ ?

**हामी २०७४ र २०७५ वर्ष पुस्तकमा जुटिसकेका छौं । प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं । त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र**

चाबेल, काठमाडौं





# मुक्तिनाथ एक स्मरण

**अम्बिका अर्याल**

यात्राकै लागि समय छुट्याउने प्रवृत्ति नेपाली समाजमा त्यति कहाँ वृद्धि भइसकेको छ र ? जहिल्यै कामको चाप । शहरी जीवन होस् या ग्रामीण जीवन । कुवाको भ्यागुता बनेर जुनी बिताउनेको सङ्ख्या नै अधिक छ हाम्रो मुलुकमा । आज भने भ्रमणकै लागि भनेर हिंडिएकोले होला अरू चिन्ता मनमा उब्जिएको थिएन । त्यसैले पनि यसरी रमाउन सकिएको होला प्राकृतिक सौन्दर्यलाई । दिदीले भने बारम्बार पहाडमा रूखले दिएको सौन्दर्यतिर मलाई ध्यान केन्द्रित बनाइरहनुहुन्थ्यो । पोखरा पुग्ने बेलामा छर्लङ्ग भएको आकाशमा देखिएका हिमालका दृश्यले हामीलाई मन्त्रमुग्ध नपारिरहन सकेन । सबैको ध्यान त्यतै खिचियो । कसैले हिमालमा बनेका आकृतिको अडकल गर्ने त कसैले यो कसरी बन्यो भन्ने विषयमा चर्चा गर्ने गर्‍यौं । हात्तीका सुँड देखिएको, कान देखिएको, हुँदाहुँदै बसिरहेको गणेश देखिएको, घोडाको पुच्छर देखिएकोजस्ता अनुमान लगाउँदै अगाडि बढ्यौं ।

पर्वत जिल्लाले हार्दिक स्वागत गर्दछ भन्ने लेखिएको रहेछ सानो गेट बनाएर । त्यसमा सबैको आँखा पुगे । अब कास्की छाडिएको र पर्वत सुरु भएको सन्दर्भमा चर्चा चल्न थाले । सँगै जानुभएका दाइले हाम्री बहिनीलाई जिस्काउँदै भन्नुभयो : तिमीले यहाँ टेक्ने कल्पना गरेकी थियौ कुनै दिन ? नाम त सुनेकी थियौ होला नि । उहाँको यस कथनमा टाउको मात्र हल्लाइन् उनले नाम सुनेको समर्थनमा । घुम्न आउँला भन्नेमा भने कल्पनासमेत नभएको बताइन् । माछापुच्छ्रे हिमालको सौन्दर्यसँग उनलाई तुलना गर्दै जिस्काएका कारण अलिक प्रतिक्रिया दिन सक्ने बनेकी थिइन् उनी । त्यहाँभन्दा अगाडि त केही पनि कुरै गर्दिनथिन् । डुम्रेको बजारमा नयाँ वर्षको किनमेलका लागि गाडीबाट झरेकै थिइनन् । हामीले नै उनलाई केही चिनो थमाएका थियौं । दोहोरो भएन । दाइले खै के दिन खोज्दै हुनुहुन्थ्यो, अस्वीकार गरिन् । यसरी दुई विवाहित जोडी र दुई जना अविवाहित नै गरी छ जनाको हाम्रो यात्रा रमाइलैसँग बितेको थियो ।

मैले उषालाई बारम्बार सन्ध्या बनेको भन्दै गाली गरें, फकाएँ । केही गरेर भए पनि उसको अनुहारको मलिनतालाई हटाउने जमर्को थियो मेरो । उसले करै गरेपछि कसैलाई नभनिदिने वाचामा मनका कुरा खोली । उसमा त्यति धेरै निराशा छाउनुपर्ने कारण त सामान्य पो रहेछ । के के नै पर्‍यो होला

भनेको त ? यति सानो कुरामा पनि ऊ यति धेरै मलिन भएकी भन्ने लागेर म नै असामञ्जस्यमा परेँ ।

उसको समस्या आम नारीले भोग्नुपर्ने नै रहेछ । गाउँमै हुर्किएर गाउँकै कलेजमा स्नातक पढ्दै गरेकी भएर पनि उसमा धर्म र संस्कृतिप्रतिको गलत परम्पराले विकास गरेको अन्धविश्वासको जरो रहेछ । बाटोमा आउँदा आउँदै महिनावारी भएको थाहा भए पछि ऊ निराश बनेकी रहिछ । हुन त उसले हिजै आनेकानी गरिरहेकी थिई । नारीलाई यस्ता भिना मसिना कुरामा अल्भ्फाउने र रमाउन नदिने रुढिवादी संस्कार सम्भेर मलाई असाध्यै रिस उठ्छ । मैले लुम्बिनी भ्रमणमा जाँदा आफूलाई आइपरेको यही समस्या उसलाई सुनाएँ, अनि बुद्ध धर्म मान्ने नारी भिक्षुणीहरू लाम लगाएर बौद्ध ग्रन्थको पाठ पढिरहेको देखेपछि यी नारीहरूमध्ये कुनै न कुनै नारीहरू रजस्वला भइरहेका पनि त होलान् । उनीहरूले खै त त्यसो भनेर बारेका ? भन्ने मनमा आएपछि निर्धक्कले धार्मिक स्थलहरू भ्रमण गरेको सुनाएँ । त्यसपछि उसले अभ्फै आफू मन्दिर नजाने, यतै कतै हामीलाई कुरेर बसिरहने जनाई । मेरो कुराले उसलाई कन्भिन्स गर्नै नसकेको बुभ्फेर मैले नारीको शरीरमा हुने परिवर्तन र प्रजननका लागि आवश्यक प्रक्रियाका रूपमा बुभ्फाउन उसलाई हरसम्भव कोसिस गरेँ । पछि केही असर पक्कै परेछ । हाम्रो खुसीका लागि भए पनि उसले अब रमाउनुपर्ने बाध्यता ठानेर हो कि नारीको शारीरिक वृद्धिका बारेमा बुभ्फेर हो रमाउने कोसिस गरेको अनुहारमा भाव भ्फल्कन्थ्यो ।

हामी खाजा खाने ठाउँमा आइपुग्दा उसको अनुहार तथा व्यवहारमा देखिएको परिवर्तनले कुश्मा आएपछि मात्र उषा खुसी भई त भन्दै जिस्काए सबैले । यसमा केही न केही रहस्य पक्कै पनि छ भन्दै थप्नुभयो दाइले तर ऊ पनि स्वाभाविक हुने प्रयत्न गर्दै जवाफ दिन्थी । अब यात्रामा थप रमाइलो हुन थालेको थियो । दाइ र उषाको जिस्किने सभ्य तरिकाले हामीमा समेत रोमाञ्चकता थप्दै थियो । दिदीले भने प्रेमको मृत्यु त विवाहमा हुन्छ भन्छन् । तिमीलाई के लाग्छ ? भन्दै मलाई नै प्रश्न गर्नुभएको थियो । हामी दुवैका श्रीमान्हरू लजालु र कम बोल्ने भएका हुनाले प्राकृतिक सौन्दर्यका कुनै पनि कुराहरू नारी र पुरुषको प्रेमसँग जोडेर बयान गर्नमा पछाडि नै थिए । बरू हामी नै बेलाबेलामा उनीहरूसँग ठट्टा गरिरहन्थ्यौँ । विवाह अगि पनि दाइले जस्तो कहिल्यै हाम्रो प्रशंसा गर्न जानेको भए पो ? यिनीहरूलाई व्यावहारिकताभन्दा अरू केही थाहा छैन भन्ने निष्कर्ष हामीले निकालेका थियौँ । दाइले भने केटीहरूले के चाहन्छन् भन्ने कुरा म सिकाइदिउँला तपाईंहरूलाई भन्दै जिस्काइरहनुभएको थियो । उहाँको व्यवहारमा त्यो प्रस्टै थियो पनि । दाइले उषालाई मुक्तिनाथको यात्रा त्यो पनि तिमीसँग जुरेको रहेछ भन्दै जिस्काइरहनु भएको थियो । त्यसलाई उषाले कसरी लिइरहेकी थिई कुन्नि ? भर्खरै भेटेको केटोप्रति पूरै लालायित भइहाल्नु पनि त ठीक थिएन । त्यसैले उसले एउटा





साथीका रूपमा मात्रै हेर्ने बताइरहेकी भने सुनिन्थ्यो ।

हामी कालीगण्डकीको पानीको छालसँगै बगिरहेका थियौँ यात्रामा । मनभरिका उत्सुकतालाई बढाएर कालीको तीरमा शिला भेटिने आशामा हेरिरहेका हुन्थ्यौ घरिघरि । जब गाडी कालीको तीरमा पुग्थ्यो सबैका आँखा वगरका ढुङ्गामा हुन्थे । जब गाडीले कालीको तिर छाडेर पहराको पेटको बाटो लिन्थ्यो त्यतिबेला सबैको ध्यान पहराका चट्टानमा गएर अडिएको हुन्थ्यो । पहरामा कुँदिएका बुट्टेदार चट्टान । प्रकृतिको कलात्मक सौन्दर्यको उपज देखिन्थे । सडकका दुवै भित्तामा नजिकै नियाल्न सकिने नदीमा बगेका पानीका छालजस्तै देखिने चट्टानका दृश्यमा नजर गाडिन्थे । ताजमहल निर्माण गर्ने कलाकारका हात गिढिँए भ्फैं कतै यी सर्जकका हात त काटिएनन् ? यस्ता सर्जक को होलान् ? हामीले विभिन्न प्रश्न गर्दै तर्क गर्न थाल्यौं । यो यात्रालाई रोमाञ्चक बनाउने दृश्यहरूलाई नियालिरहनुभएको दाइले उषालाई घरिघरि बाहिर हेर्न लगाइरहनु हुन्थ्यो- हेर त तिम्रो प्रतिलिपि भन्दै । उषाले म चट्टान हृदयकी छैन भन्दै दिएको उत्तरले सबैलाई हँसायो । दाइले सौन्दर्य पो भनेको कहाँ म तिम्रो हृदय छाम्न सफल भएको छु र अहिल्यै भन्दै जिस्काउनुभयो । नदी बहने सिलसिलामा यही कालीगण्डकीले सिर्जिएको कला हो यो लाखौं वर्ष लगाएर कुँदेको भन्दै मेरा श्रीमान्ले अर्थ्याउनुभयो । भिनाजुले यसैको पुष्टि गर्ने तर्क वितर्क गर्न थाल्नुभयो ।

पर्वत पार गरेर पारिपट्टिको बेनीको बजारमा पुगेपछि हामीले गौर गरेर नियाल्यौं त्यहाँको बजार र वरिपरिको पहाडी सौन्दर्यलाई । कालीगण्डकीको किनारमा तेर्सिएको बेनीको बजार धेरै फराकिलो क्षेत्रफल नलिएरै पनि प्रकृतिकै सुन्दर नमुना थियो । गहिरो खोँचमा रहेर पनि पहाडले घेरिएको बजारले प्रकृतिको बीचमा कृत्रिमताले दिन खोजेको सौन्दर्यको सानो भिल्को थियो । मुक्तिनाथको यात्राका लागि जाने जो कोही पर्यटकले बसेर सुस्ताउने ठाउँ रहेछ यो ।

रात पर्न आँटिसकेको थियो । उकालो बाटो, भर्खर खनेको ठाउँमा भासिएर कालीगण्डकीमा खसिने हो कि भन्ने डर । साह्रै साँघुरो बाटो भएकाले दोहोरो गाडी पास गर्न साह्रै मुस्किल । अनेकौं घुम्ती, खाल्टाखुल्टी, बाटोमा गोहीले मुख बाउँदा देखिएभ्फैं दाह्रे ढुङ्गाहरू, ठाडै उकालो फेरि साँभ्फ पर्न थालिसकेको । घरहरू निकै पर पर कतै कतै मात्रै देखिन थाले बेनी जत्रो बजार त अब कल्पना नै नगरे भयो जस्तो लाग्दै थियो । त्यस्तो बाटोमा हिँडिरहेका थियौं हामी जुन सपनाजस्तै लाग्दथ्यो । यो बाटोका अवस्था देखेर साँच्चै नेपाल गरिब र अविकसित हुनुका पछाडि कारक को को छन् भन्ने विषयमा छलफल गर्न थाल्यौं । मलाई लाग्छ सबैले ती भ्रष्टचारी तथा आफ्ना लागि मात्र सोच्ने देश सेवक भनाउँदालाई गाली गर्न बिर्सेनौं ।

अप्ठ्यारा बाटाहरूलाई छिचोल्दै तातोपानी पुग्यौं । त्यहाँ प्रकृतिले दिएको तातोपानीमा नुहाउनेको भीड देखिन्थ्यो । सानासाना होटल तथा लजहरू पनि

थिए । यहाँ फर्कँदा नुहाउने निर्णय गरेर हामी सरासर अगि बढिरह्यौँ । बाटोमा भेटिएका गाडी चालक तथा प्यासेन्जरको नजर हामीतिरै केन्द्रित हुन्थ्यो । गाडी माथि जाँदैन, बाटो गाह्रो छ भन्ने नै धेरै थिए । अब मुक्तिनाथ जाने गाडी पाउने सम्भावना पनि थिएन । फर्किनेको मात्र भीड थियो तर धेरै अप्ठ्यारो बाटोमा हामी ओर्लन्थ्यौँ अनि धकेल्नुपर्ने जस्तोमा धकेल्थ्यौँ पनि । धकेल्नुपर्दा उनीहरूले दिएको अर्ती नलिएकोमा पछुतो पनि नहुने होइन । हिम्मत गर्ने निर्णयले नै जित्थ्यो । फेरि एक्लै भए आँट आउन्नथ्यो कि भन्ने हो । समूहमा बल पुगिहाल्थ्यो अनि जत्रोसुकै समस्यालाई पनि पार गर्ने हिम्मत पलाउँथ्यो । कालापानी सबैभन्दा गाह्रो बाटो भन्ने सुनिएको थियो । त्यसलाई पार गर्न पनि महाभारतै पऱ्यो पर्न त । अँध्यारो र हिलो अनि उकालो बाटोमा झरेर ठेल्नु पनि पर्ने र उकालोमा गाडी रोकिएपछि ढुङ्गाले अगाडि जान नदिने हुँदा बरू हामी झरेका जति हिँड्ने भनेर हिँड्न थाल्यौँ । अन्धकार भइसकेको छ । अर्नाको भीड देखियो बाटोमा । त्यसलाई छिचोलेर जाने साहस कमै थियो । गाडी कटिसकेको थियो हामी भने भागौँ ओरालो जानुपर्ने । किनारामा भीर, ठाउँ नै छैन । त्यो ओरालो बल्ल चढिएको छ के फर्कनु ? एकछिन टक्क उभियौँ । कसो कसो ती अर्नाहरूले अलिकति छेउतिरको बाटो छोडेको बेलामा बेतोडले सास दबाएर कट्यौँ । केही त गरेन खासै तर मन डराएको मात्र रहेछ भन्ने भयो कटेपछि ।

राती नौ बजेपछि आजको यात्रालाई विश्राम गर्ने निधो गरेर घाँसामा पुगेपछि बास बस्ने लजको खोजीमा जुट्यौँ । भनेजस्तै पायौँ पनि । छिटै खाना तयारी पनि भयो । खानेबित्तिकै ढल्केका हामी कति छिटो निदायौँ थाहै भएन । थकानले मान्छेलाई यसरी गलाउँदो रहेछ भन्ने अनुभूति पहिलोपटक गरियो । त्यहीँ बसेका अरू पर्यटकका गाडीहरूको बिहानै मुक्तिनाथ जाने तयारीका क्रममा सुनिएका आवाजले हामी ब्युँझियौँ । हिजो सँगै खाना खाएका पर्यटकहरू निस्किसकेका रहेछन् । ढोका खोलेर बाहिर हेर्दा देखिएको दृश्यले हामीलाई ठूलो सरप्राइज दियो । हामी बसेको लजसँगै जोडिएको पहाड त हिजो कस्तो थियो अँध्यारोमा थाहा थिएन । एकाबिहानै हेर्दा देखिएको दृश्यमा हिउँको टल्काइको अद्भुत आनन्द लियौँ हामीले । सबैको औँला त्यतै तेर्सिए । यो दृश्य जीवनमा पहिलोपटक यति नजिकबाट हिमाल नियाल्न पाइएको चरम आनन्दको अवर्णनीय स्मरण बनेर छाइरहनेछ जीवनभरि भन्ने पनि लाग्यो । त्यसपछि फोटो खिच्नमा व्यस्त भयौँ सबैजना । खिचिदिने पनि नचाहिने आजकल । सेल्फीको राम्रै उपयोग भयो । त्यति सुन्दर दृश्यलाई कैद गर्ने सामर्थ्य क्यामेरामा नरहेको गुनासो बढ्यो । बिहानै चियाका कप धुँदै गरेकी बहिनीले हामीलाई नियालेर अनौठोसँग हेरिरहेकी देखेँ । त्यसपछि हिमालको त्यो सौन्दर्यमा लीन भएर अवर्णनीय रूपमा रोमाञ्चित भएको मन एक्कासी बिथोलियो । मुख धुन त्यतातिर लम्किँदा छोइ नसक्नु चिसो पानीले औँलाहरू नै कठ्याङ्ग्रिए । उनको अवस्था देखेर साह्रै दया लाग्यो । यति चिसो पानीले सधैँ भाँडामाझ्दा





उनका हात कति फुटेका होलान् भन्ने लागेर नियालेँ । साँच्चै विजोग नै थियो । अनि त्यो पानी कहाँदेखि आएको भनी सोध्यौँ । उनले त्यही हिमाललाई देखाउँदै उहाँ माथिबाट ल्याएको भन्ने जानकारी गराइन् । हिमाली सौन्दर्यमात्र होइन हिँउसँगै बगेका पानीको स्पर्श गर्न पाउँदा झन् मन आह्लादित भयो ।

त्यहाँबाट हामी गन्तव्यतिर लाग्यौँ । जोमसोम आइपुग्ने बेला हुन लागिसकेको सङ्केत विभिन्न पिलरहरूमा जनाइएका दूरीले बताइरहेको हुन्थ्यो । सडकका छेउमा देखिएका त्रिकोणधारी जङ्गलले दिने सौन्दर्यले हामीलाई उतैतिर नजानिँदो पाराले तानिरहेको थियो । स्याउका बगैँचामा फुलेका फूलसँग फोटो खिच्न नपाउँदा दिदीमा देखापरेको खल्लोपनको अनुभूति मुहारमा सजिलै देख्न पाइन्थ्यो । त्यसपछि ती सुन्दर फूलसँग प्रकृतिका सुन्दर उपमा नारीहरूको तस्वीर खिचिदिएँ भन्ने दाइको प्रशंसाले यात्राको आधाघन्टाको समय राम्रै लियो । हामी दिदीबहिनीले भने उषाप्रति लक्षित प्रशंसा हो भन्ने राम्रै बुझेका थियौँ । उहाँहरूले के बुझ्नुभयो कुन्नि । बाटामा दुई युवक पूरै हिमाली भेषमा पछाडि झोला, हातमा लठ्ठी बोकेका देखिए । सडकको बीचबाट हिँडेकाले गाडी रोकियो । दायाँपटिको हिमाली सौन्दर्यलाई नियालिरहेको मेरो नजर पाखा भित्तामा परिरहेका थिए । कालाम्मै थुम्काथुम्कीजस्ता तर चलायमान । त्यो दृश्यलाई नियाल्दा ती त चौँरी गाई पो रहेछन् । ती युवकहरू त्यसका गोठाला । हामी गाडी रोकेर चौँरी गाईलाई नजिकैबाट हेर्ने निर्णय गरी ओल्यौँ र क्यामेरामा कालीगण्डकीको तिर, कोणधारी जङ्गल र धवलागिरी हिमाललाई ब्याकग्राउन्डको सिन बनाएर चौँरी गाई र तिनका बाच्छासँग रहर पुगुञ्जेल फोटो तथा भिडियो खिच्यौँ । यी सौन्दर्यले साँच्चै नेपालमा हीरा, मोती र जुहारको कमी छैन । नेपाल गरीब हुँदै होइन । यतिधेरै सुन्दरताले भरिएको देश के गरीब भन्न मिल्छ ? भन्ने विषयमा लामै वहस चल्यो । नेपालको सौन्दर्य हेर्ने नजर तथा यसलाई बिर्सेर विदेशमा रमाउने प्रवृत्तिप्रति व्यङ्ग्य गर्ने विभिन्न चुट्किला सुनाउँदै अगाडि बढ्यौँ ।

नीलगिरी र धवलागिरीको सौन्दर्यले बारम्बार ध्यान खिच्न छाडेको त थिएन । त्यसमा पनि हिमालको काखमा फुलेका लालीगुँरास र फेदीमा फुलेका स्याउका फूले थपेको सौन्दर्यलाई सदाका लागि आँखाभित्रै कैद गर्ने रहर जाग्थ्यो । यहाँको कलात्मकताका वयानमा माधव घिमिरेका जस्ता शब्द पनि अपुग लागे मलाई । यसको वर्णन गर्न सक्ने शब्दकै कमी थियो सायद शब्दकोषमा । जोमसोमको बजारमा देखिएका सुन्दर र एकै खाले घरहरू र घर माथि मिलाएर राखिएका दाउराले हिमाली सौन्दर्यलाई नै बहार थप्ने काम गरेको थियो । त्यसमाथि जोमसोममा ल्यान्ड गर्न तम्सिएका हेलिकप्टरले यहाँ थप आकर्षण बढाएको थियो । चौँरी गाई दुहुदैँ गरेकी शेर्पिनी दिदी, केही बेर पछिको चौँरी गाईको दूधको मीठो स्वाद, च्याङ्ग्रा बथानलाई लिएर हिँड्ने गोठाले दाइको सुसेली तथा कालीगण्डकीको सुसावटले साँच्चै रमणीय बनाएको

थियो जोमसोमलाई । जोमसोम बजार काटेपछि देखिएका दृश्य कुनै मरुभूमिको यादभन्दा कम थिएन तर बालुवाविहीन मरुभूमि । तहतह परेका देखिने चिरिएका माटाका धारहरू, शिल्पीकारले कुँदेका कलाभन्दा घटि पक्कै थिएनन् । ती दृश्यसँगै कागवेनीमा देखिएको पुरानो दरबार र मन्दिरको सौन्दर्यले हाम्रो मन नतानिरहन सकेन । दिनमै कागवेनीमा चलेको ढुङ्गै उडाउने हावाको वयान सुनेकी थिएँ । त्यो हावाको अनुभूति गर्न पाइयो त्यसमाथि पनि च्याङ्ग्राका बथानसँगै । यी हरेक दृश्यलाई मुटुभरि सजाउने ठाउँ रिक्त गर्न तँछाडमछाड गर्दै थियो मेरो मन भने । अरूको चेहरामा पनि मैले त्यो प्रस्टै देख्थेँ । आजको यात्रामा जानेहरूलाई फर्कनेहरूले भन्दै थिए : यस्तो मौसममा यहाँ आउन पाउने पो भाग्यमानी । हामी त पहिले आउँदा हिमालै नदेखी फर्कियौं अहिले बल्ल देख्न पाइयो । कोही भन्थे : हामी धर्मात्म रहेछौं । हामी आउँदा सर्लक्क सबै बादलहरू हटेर आकाश नीलो बनेको छ । धवलागिरि र निलगिरिको सुन्दरता हेर्ने मौका कहाँ जो कोहीलाई यसरी मिलोस् ?

हामी पनि आफूलाई भाग्यमानी र धर्मात्मा ठान्थ्यौं मनमनै । कागवेनीको दृश्यलाई आँखाबाट ओझेल पार्ने रहर नभए पनि यात्रा अगाडि बढाउनैपर्ने । हामी मुक्तिनाथ मन्दिर छेउ पुग्यौं । बल्ल गन्तव्यमा आइपुगियो भन्ने रमाइलो लाग्यो । झोक्राउँदै गरेकी उषालाई हेरेर सबैले लेक लागेको हो कि भनेर जिस्काएँ तर उसको आन्तरिक कुरा मैले मात्र थाहा पाएकीले त्यसो नगर्ने सङ्केत गरें । घोडा चढ्ने रमाइलो अनुभूति बोकेर मन्दिर पुग्यौं । एक सय आठ धारामा नुहाउने, भगवान्सँग के के माग्ने क्रम धेरैबेरै चल्यो । फोटो खिच्न त कसले नै भुल्थ्यो र ? सबैले आआफ्ना लागि के के मागे कुन्नि ? दाइले भने म उषालाई मागौं भन्दै जिस्कनुभयो । उषाले मुन्टो निहुराई । भिनाजुले अरूलाई नसुनाइ मागे पो पाइन्छ त भन्दै जिस्काउनुभयो । ताप नै शमन भएको अनुभूति भयो भगवान्को काखमा । नियालेर हेरिरहें मूर्तिलाई । त्यति माथि हिमालमा पनि स्वच्छ पानीको कलकल बग्ने ती धाराहरू, पोखरी, उच्च स्थानमा भगवान्को वास, शान्त र रमणीय स्थान, हिमाली हीराजडित सौन्दर्य हेरेर रोमाञ्चित भएँ । भगवानले यस्तो ठाउँ कसरी पहिल्याउन सक्दा रहेछन् भन्ने पनि लाग्यो । पहिलेका मानिसहरू कति दिन लगाएर हिंडेर आउँथे । अहिले त बाटो पनि सहज भएर होला भक्तजनको पनि भीड नै थियो । बूढेसकालमा तीर्थ जाने ठाउँ भन्थे हामी त उमेरमै आयौं भगवान् भनेर ढोगिदिएँ । जेहोस् मुक्तिनाथ पुग्ने धोको पूरा भएकोमा बडो आनन्दको अनुभूति भयो । त्यसपछि मन्दिरमा घुम्ने, रमाउने, भाकल गर्ने सबै कुरा पूरा गरेपछि हामी फर्क्यौं । फर्कँदा स्वर्गमा बस्न पाइने रे भन्दै सबैले ढुङ्गाका घरहरू बनाउने प्रचलन रहेछ । बाटोभरि त्यस्तै थुप्राथुप्री देखिन्थे ढुङ्गाका । हामीले पनि आआफ्नो जोडी मिलेर बलिया र राम्रा घर बनायौं । उषा भने टोलाइरही । दाइले तिम्रो र मेरा लागि घर मैले नै बनाएँ तिमी नबनाऊ है भन्दै जिस्काउनुभयो । साँच्चै नागवेली परेका हिमालको





हँसिलो चेहराले हाम्रै स्वागत गरेझैं ठान्यौं हामीले । त्यो स्याउको मीठो सुकुटी मात्र होइन छुर्पीको स्वादलाई जिब्रोमा खिचेर मनभरि मुक्तिनाथ बाबाको स्मरण र हिमाली सौन्दर्यलाई हृदय ताजा राख्दै फर्कियौं ।

धुवाँकोट, गोरखा ।

≋

## साहित्य संवर्द्धन केन्द्र, नेपाल

**'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**

२०७० प्रा.डा.केशवप्रसाद उपाध्याय ।
२०७१ प्रा.शिवगोपाल रिसाल
२०७२ प्रा.मोहनराज शर्मा
२०७३ प्रा.ठाकुर पराजुली
२०७४ प्रा.दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी

**'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**

२०७० प्रा. डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी

**'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**

२०७१ श्री सत्य साई केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ

**'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**

२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी

**'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**

२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा.वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा.विष्णुराज आत्रेय

**'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान'बाट सम्मानित**

२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक

**'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**

२०७४ रोहिणीविलास लुईटेल
२०७५ बालकृष्ण उपाध्याय

**'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**

२०७४ नेपाल बाल साहित्य समाज
२०७५ प्रमोद प्रधान

# खुम्जुङको यात्रा खुम्बिलाको दर्शन

**एलबी चाम्लिङ**

मेरो सोलुखुम्बुमा महिला तथा बालिका कार्यालयमा जागिर सुरु भएको तीन महिना पुगेर भर्खर चौथो महिना सुरु हुँदै थियो । सोलुखुम्बु संसारभरिको मान्छेले भ्रमण गर्ने जिल्ला हो । मलाई पनि यो जिल्लामा फनफनी घुम्ने रहर मनमा थियो नै । म जब सोलुमा सहलेखापालको रूपमा पोष्टिङ भएँ, साथीहरूसँग कुरा भएको थियो नाम्चेसम्मको यात्रा गर्ने भनेर तर साथीहरूको यात्रा सम्भव भयो या भएन, मेरो यात्रा २०७४ वैसाख १९ बाट सुरु भयो ।

म नयाँ वर्षपछि खोटाङ दिक्तेल गएको थिएँ । कार्यालयबाट ना.सु खड्ग थापाको फोन आयो 'कहिले आउनुहुन्छ ? नाम्चेसम्म जाने कुरा छ ।' मैले पनि सहमति जनाएँ । मोटरसाईकल गुडाउँदै म १८ गते नै सल्लेरी आइपुगें । हतारमा भ्रमणको तयारी गरें । वैसाख १९ गते भ्रमणमा जाने भने तापनि फ्लाईटको केही टुङ्गो थिएन । हिंडेर जान निकै गाह्रो थियो । त्यसैले सबैजनालाई तयारीमा रहन भन्दै थियौं तर अकस्मात सल्लेरीको फाप्लु एअरपोर्टतर्फ जहाज आएको खबर आयो । यो खबरले हामी सबै अतालियौं फ्लाईट छुट्ने आशङ्काले । हतार हतार गाडी मगायौं र दौडियौं एअरपोर्टतर्फ । बाटोभरि जहाजले नपर्खने भन्दै अर्को दिन जानु भन्ने खबर आइरह्यो तर जब गाडीबाट ओर्लेर हेऱ्यौं अनि देख्यौं तारा एअरको जहाज बसिरहेकै रहेछ । हतारमा सबैजनाबाट पाँच हजार को दरले रकम सङ्कलन गऱ्यौं अनि सुरु भएको हो लुक्ला-नाम्चे-खुम्जु-मोङडाँडासम्मको यात्रा ।

जहाज फाप्लु एअरपोर्टबाट लुक्ला एअरपोर्टतर्फ अगाडि बढ्यो । बाटोमा हामीले प्लेनबाट हिमाल नै हिमाल देखिन्छ भन्ने कल्पना गरेको थियौं तर कल्पना गरेजस्तो हिमालको दृश्य देखिएन । लगभग सात मिनेट पश्चात् लुक्ला एअरपोर्टमा जहाज अवतरण गऱ्यो । हामी सबैजना खुसी भयौं । फोटो खिच्यौं । खाजा खायौं अनि खुम्बु क्षेत्रको यात्रा सुरु भयो । हामी पासाङल्हामु गेटबाट नाम्चेतर्फ अगाडि बढ्यौं । हाम्रो साथमा कार्यालय प्रमुख रश्मि श्रेष्ठ, महिला विकास निरीक्षक विमला बजगाई, स.म.वि.निहरू सुशीला घिमिरे, अम्बा आचार्य, हीरा अधिकारी, तीर्थकुमारी भुजेल, ना.सु. खड्गबहादुर थापा, सिनिअर गेम स्काउट गङ्गा खनाल दिदी, जिल्ला प्रसासन सोलुका ना.सु यादव धमला र संयोग धमला (७ वर्ष लगभग) थियौं ।





बाटोमा हिमालको दृश्यावलोकन गर्दै अगाडि बढ्यौं । सबै फोटो खिच्दै उकालो ओरालो बाटो लाग्न थाल्यौं । खुम्बु क्षेत्रको बाटो राम्रो रहेछ । रामाइलो पक्षचाँहि बाटोमा ढुङ्गा र माटोबाट बनेको र जस्ताको छाना भएको सानो घर डस्टविनको रूपमा बनाइएको पाएँ । त्यो डस्टविनमा पनि एकापट्टि धातुबाट बनेको फोहोर फाल्ने र अर्कोपट्टि सड्ने गल्ने फोहोर फाल्ने ठाउँ रहेछ ।

बाटोमा हाम्रो समूहको भेट हुने र छुट्टिने क्रम भइरह्यो । कोही हिंड्न नसक्ने र कोही बढी हिंड्ने हुँदा यस्तो हुन पुगेको थियो । बाटोमा सोलु जिल्ला बुङ ३ निवासी जितेन्द्र कुलुङ राईले जापानी ग्रुप लिएर बेसक्याम्पतर्फ जाँदै हुनुहुँदो रहेछ । निकैवेर भलाकुसारी गरियो । मैले ट्रेकिङ पेशाको सुख र दुःखका कुरा सोधें । उहाँले पनि खुलेर बताउनुभयो । एकजना जापानी नेपाल धेरै बसेको परेछ । नेपाली भाषामा कुरा गर्दा म दङ्ग परें । सुरुमा त सोलुकै शेर्पा होला भनें तर पछि थाहा भो कि जापानी नै रहेछ नेपाल धेरै मन पराउने ।

मलाई अचम्ममा पारेको कुराचाहिं ठूलो ढुङ्गामा पुरै सम्भोटा (?) लिपिमा लेखिएको अक्षर लाग्यो । भीरमा र अप्ठेरो लाग्ने ढुङ्गामा कसरी यो सम्भव भयो होलाभन्ने मलाई लागिरह्यो । यसरी हामी त्यो दिनको वास चौरीखर्क गाविसमा पर्ने जोरसल्लेको सुखीमाया माया तामाङको नेपाली होटल एण्ड लजमा बस्ने भयौं । म.बि.नि रिता बजगाईं, कार्यालय प्रमुख रश्मी श्रेष्ठ र ना.सु. खड्ग थापाचाहिं अलिक ढीला गरी वासमा आउनुभयो भने हामी अरू टोली अलिक अगाडि नै वासमा पुगिसकेका थियौं ।

भोलिपल्ट बिहान जोरसल्लेबाट बाटो लाग्यौं । नाम्चेको उकालोमा फोटो खिच्दै गयौं । विदेशीहरूले बाटो पूरै ढाकिएको थियो । लाग्थ्यो यो नेपाल नभएर कुनै विदेशी भूमि हो । उकालोमा एक ठाउँबाट सगरमाथा देखिने रहेछ । यो ठाउँमा त सानो तिनो बजारजस्तै विदेशीको भीड लागेको रहेछ । सबैको क्यामेरा सगरमाथातिर नै थियो । रमाइरहेका थिए सबै । हामी २० गते बिहान १० बजेतिर नाम्चे बजार पुग्यौं । सगरमाथाको प्रवेशद्वारको रूपमा रहेको नाम्चे प्रख्यात वस्तीमध्ये एक हो । यो वस्तीमा पुग्ने धेरैको रहर हुन्छ तर पर्यटकको सिजनको वेलामा यहाँ वास बस्न र खानाको लागि समस्या हुँदो रहेछ । सबै विदेशीको अडरले गर्दा भट्ट पुग्ने आन्तरिक पर्यटकलाई खाना र वासमा समस्या पर्ने रहेछ । धेरै वेरको प्रयासपछि एउटा सानो होटलमा खाना खान पाइयो । यसमा पनि युद्ध नै जितेजस्तो लाग्यो । खाना खान पाएपछि भने उकालो चढ्ने आँट बढ्यो र स्याङबोचे एअरपोर्टतर्फ लागियो । लगभग एक घन्टा जतिको उकालो हिँडाइपछि स्याङबोचे एअरपोर्ट पुगियो । यो एअरपोर्ट संसारको अग्लो ठाउँमा र हेको एअरपोर्ट हो । यहाँ निकैवेर रमायौं । खुसी लाग्यो संसारको अग्लो एअर पोर्टमा रमाउने सौभाग्य मिलेकोमा ।

एअरपोर्टबाट उकालो चढेपछि बाटोमा डाँफे देखियो । जीवनमै पहिलो

पटक डाँफे देखें । चिडियाखानामा मात्र देखेको डाँफे प्राकृतिक वासस्थानमा देख्दा निकै आनन्द आयो । यसरी हामी उकालो चढ्दै गयौं । निकै माथि पुगेपछि बाटो तेर्सो खालको आयो । यो बाटोबाट होटल एभरेष्ट भ्यु (संसारको अग्लो स्थानमा भएको होटल) पुगिन्छ । बाटो भीरको बीचमा भएकोले उँभो र उँधो हेर्दा निकै रिँगटा लाग्ने खालको थियो । बाटो भने ढुङ्गा बिछ्याएर राम्रो र फराकिलो पारिएको थियो । यही बाटो पार गर्दै हामी होटल एभरेष्ट भ्यू ३८८० मिटरमा हामी पुग्यौं । लोकसेवा आयोगको तयारी गर्दा पढेको होटलमा पुग्दा निकै रमायौं । फोटो खिच्यौं । होटलको परिसर घुमेर हेर्‍यौं । त्यसपछि हामी ग्रीनभ्यालीको नामले परिचित खुम्जुङ भ्यालीतर्फ लाग्यौं ।

एभरेष्ट भ्यु होटलबाट देब्रेपट्टिबाट केहीवेर जङ्गलको तेर्सो बाटो हिँडेपछि ओरालो बाटो आयो । हामी उही पाराले फोटो खिच्दै र रमाउँदै ओरालो झर्‍यौं । अलिक तल झरेपछि खुम्जुङ भ्याली देखियो । फाँटमा पूरै हरियो छाना भएको निकै व्यवस्थित लाग्ने वस्ती, रमणीय उस्तै । छेउमै उभिएको खुम्बिला हिमाल । निकैवेर उभिएर वस्ती र भ्यालीको अवलोकन गर्‍यौं । चारैतिर हिमाल नै हिमालले घेरिएको र यही हिमालको बीचमा रहेको भ्याली । यतिको अद्‌भुत शहर मैले कुनै पनि ठाउँमा देखेको थिइनँ । नाम्चे बजारभन्दा कता हो कता राम्रो लाग्यो मलाई । मनमनै कल्पना गरें 'कुनै समय यही ठाउँमा बस्ने अवसर मिलोस् ।' फेरि सम्झें 'ठाउँ पो रमाइलो छ त ? यहाँको वातावरण त हामी अनुकूल सेवा सुविधाको छैन । आफन्तहरूसँग भेटघाट हुन सजिलो छैन । बिरामी परियो भने भरपर्दो हस्पिटल छैन । यातायातको सुविधा भनेको यही हेलिकप्टर मात्र हो । त्यो पनि समय अनुकूल हुँदा र पैसा धेरै हुँदा मात्र आउने ।'

यति सुन्दर वस्ती र ठाउँ पनि हुँदो रहेछ भन्ने कल्पना गर्दै हामी ग्रीन भ्यालीमा प्रवेश गर्‍यौं । ङवाङकर्स्याङ शेर्पा भेटिनुभयो । खुम्जुङ गाविस हुँदा वडा नं. २ र नयाँ संरचनाअनुसार पासाङल्हामु गाउँपालिका वडा नं. ४ मा रहेछ उहाँको घर । उहाँबाट थाहा भयो वरिपरि देखिने हिमालको नाम । थामसेर्कु, कुसुम्खाङ, खाङतेका, खाङतरी, आमादब्लम, खुम्बिला, स्यार्चे, नामको हिमाल रहेछ ग्रीन भ्यालीको वरिपरि । कुसुम्खाङमा तीनवटा देउता बसेको, खाङतेका घोडाजस्तो, खाङतरी बन्चरोजस्तो, आमादब्लम आमाको देउता र खुम्बिला हिमाल शेर्पाहरूको देउता हो भनी ङवाङकर्स्याङ शेर्पाले नै जानकारी दिनुभयो । हामी त्यहीं होटलमा वास बस्यौं । भोलिपल्ट खुम्जुङ स्कुलमा हेलिकप्टर आउने हल्ला थियो । विहानै खुम्जुङ माविको प्राङगणमा हामी पुग्यौं । हेलिकप्टर सिमेन्ट बोकेर आयो । हामीले क्याप्टेनसँग कुरा गर्‍यौं । प्रतिव्यक्ति तीन हजारमा लुक्ला एअरपोर्टमा लाने भयो । जम्मा सात जना हेलिकप्टरमा अट्ने भयो । यादव धमला, खड्गबहादुर थापा र म अटेनौं । हिँडेर ओरालो झर्न पनि मन थिएन । दिनभर डुल्यौं ग्रीनभ्याली । खुम्जुङ माविको हेडसर हुनुहुँदो रहेछ





शम्भु वाँस्तोला । उहाँ खोटाङ बाक्सिला गाविस ५ निवासी हुनुहुँदो रहेछ । उहाँबाट जानकारी प्राप्त भयो स्कुल एडमण्ड हिलारीले बनाइदिएको रहेछ । आफैं श्रमदानसमेत गर्नुभएको थियो रे ! प्रत्येक वर्ष यो स्कुलमा हिलारी आउनुहुन्थ्यो रे ! हिलारी कै देशमा हिलारी भेट्न नपाउनेहरू खुम्जुङमा हिलारी आउने भनेपछि यहाँ आएर भेट्थे रे ! हिलारीले खुन्दे हस्पिटलसमेत निर्माण गरिदिएका रहेछन् । हस्पिटलले यहाँको वासिन्दालाई ठूलो राहत मिलेको रहेछ ।

खुम्जुङ भ्यालीभन्दा दश मिनेटको पैदल दूरीमा पासाङ थर्के शेर्पा बस्नुहुँदो रहेछ । उहाँलाई सबैजनाले लामाशेरू भनेर चिन्ने रहेछ । नागरिक नायक घोषित हुनुभएको उहाँले सगरमाथा वेसक्याम्प जाने बाटो निर्माण गर्नुभएको रहेछ । दिनभरि बाटो निर्माणमा व्यस्त उहाँ बेलुकी बाटो निर्माण गर्ने औजार बोकेर घरमा आउनुहुँदो रहेछ । लगभग ८० वर्ष जति पुग्नुभएजस्तो लाग्ने उहाँको साहस गर्व गर्न लायक रहेछ । उहाँ ४१ वर्षदेखि निरन्तर बाटो निर्माणमा सक्रिय रहेको बताउनुभयो । यो कुराले मलाई निकै अचम्मित बनायो । यतिको लामो समयदेखि एउटै अभियानमा लाग्नु त्यो शारीरिक श्रमको काममा लाग्नु चानचुने कुरा थिएन । सरकारी सहयोगविना व्यक्तिगत प्रयासले यतिका लामो बाटो निर्माण हुनु निकै गर्विलो कुरा हो । हामीले बाटो पनि हेर्‍यौं । निकै स्तरीय र फराकिलो रहेछ । उहाँका सहयोगी रामकुमार राई र डम्बरबहादुर राई रहेछन् । उहाँहरूले २०६५ साल तिरबाट नै लामाशेरूको सहयोगीको रूपमा काम गर्दै आउनुभएको रहेछ । काम गर्ने ठाउँमा चन्दा बाकस राख्ने र उहाँको कामको प्रशंसासहित बाटो हिँड्ने मानिसले दिने चन्दा नै उहाँको र सहयोगीहरूको गुजरा रहेछ । यो बाटो हिँड्ने जो कोहीले लामाशेरूलाई नसम्झी रहन सक्दैन किनकि अप्ठेरो लेकाली बाटो हुँदै त्यहाँ पुग्दा यति स्तरीय बाटो देखेर मानिस अचम्म परेर सोधिहाल्छन् । यो कामले लामाशेरू युगौंयुग अमर हुनुभएको छ ।

हामी हेलिकप्टरमा नअटेको टोली मोङला डाँडासम्म पुग्यौं । बेलुकी फर्केर सगरमाथा आरोही आङनोरू शेर्पाको घरमा बस्यौं । सगरमाथासम्बन्धी जिज्ञासा राख्यौं । भोलिपल्ट बिहान उही खुम्जुङ माविको प्राङ्गणमा सिमेन्ट बोकेर हेलिकप्टर आयो । टाक्सिन्दु गाविसमा जाने भए प्रतिव्यक्ति ५००० लाग्ने रहेछ, हामीले तिर्‍यौं । यो उडानमाचाहिँ हिमाल नै हिमाल देखियो । हिमाल यति नजिकबाट मैले देखेको पहिलो पटक हो । हातले नै छोइएलाजस्तो निकै रमणीय । हामी टाक्सिन्दुबाट हिँडेर पाँच घन्टापछि सल्लेरी आइपुग्यौं । यसरी हामीले २०७३ वैसाख २२ गते खुम्जुङको यात्रा खुम्बिला हिमाल (जसलाई स्थानीयहरूले देउता मान्ने रहेछन्) को दर्शन गर्‍यौं । यो यात्रा मेरो जीवनको लागि निकै अविष्मरणीय र रमाइलो अनुभूति बोकेर मन मष्तिष्कमा बसेको छ ।

हाल : सल्लेरी, सोलुखुम्बु ।

≋

# यात्रा र मृत्यु

**कमला नेपाल**

मानिसले आफ्नो जीवनलाई आफै देख्छ र आफै भोग्छ र ऊ आफै चिन्ताको भुमरीमा पर्दछ । ती अनुभव पछि सन्तुष्ट हुन समय र परिवर्तनले सिकाउँछ । हरेक मानिसको जीवन शरीरसँग आत्मा जोडिएको यात्रा हो । यो यात्रामा दुःख, सुख, शान्ति, अशान्ति सबै कुरा पाइन्छन् । मानिसको जीवनयात्रासँग मन र आत्माको पनि बराबर साथ रहेको हुन्छ । आत्मा भएन भने शरीर भावानात्मक रूपले मृत्युतुल्य हुन्छ । शरीर दृश्य छ तर मन वा आत्मा अदृश्य । यो अदृश्य आत्मा हुन्न भने मान्छेको शरीर पशुसरह नै हुने थियो । मन वा आत्मजन्य भाव, सोच, ज्ञान, बुद्धि, विवेकको कारण नै मान्छे यस ब्रह्माण्डका अन्य जीवभन्दा फरक देखिएको छ । मानव लगायत यस सृष्टिका प्रत्येक वस्तुको मरण निश्चित छ । जन्मदेखि मृत्युसम्मको यात्रा सबैभन्दा महत्त्वपूर्ण यात्रा हो तर यो यात्राले मात्र हामी सन्तुष्ट रहन सक्दैनौ र रहेनौ ।

२०६९ साल असार १ गते तीर्थ भनौं कि घुम्न भनौं जाने कार्यक्रम बन्यो र हामी परिवारका केही सदस्य र अन्य साथीहरूसहित पैंतीस जनाको टोली तैयार भयौं । जाने निश्चित भएपछि म जाने अघिल्लो दिन माइतीघर पुगें । त्यहाँ मेरा आमा, भाइ, भाइ बुहारी, भदाभदै थिए । दिदी बहिनी सबैको विवाह भइसकेको र मेरो पिताजीको स्वर्गवास भइसकेको थियो ।

म आमालाई भेट्न वानेश्वरको घरमा गएकी थिएँ । आमालाई अलि सन्चो रहेनछ, रूघा, खोकी र ज्वरो पनि आएकोले सुतिराख्नु भएको रहेछ । उहाँलाई बोलाएँ, आमा उठनुभयो र भन्नुभयो, 'ए नानी ! तिमी आइछौ । मलाई तीन चार दिनदेखि ज्वरो, रूघा र खोकीले दुःख दिइरहेको छ ।'

मैले म केही दिनको लागि घरपरिवार र अन्य साहित्यिक साथीहरूका साथ स्वर्गद्धारी र मुक्तिनाथ जान लागेको कुरा बताएँ । आमाले कहिले जान लागेको भनी सोध्नुभयो । मैले भोलि १ गते बिहानै जाने कुरा भने । आमाले घरबाट को को जाने भनी सोध्नुभयो । मैले घरभित्रैबाट पनि छ-सात जना र काकी, फुपू, आमाजूहरू समेत पन्ध्रजना नै पुग्छन् भनें । आमाले भन्नुभयो 'म बिरामी नभएको भए तिमीहरूसँगै जान्थे, धेरै रहर लागेको थियो तर के गर्नु सन्चो छैन ।'

मैले पछि आमालाई सन्चो भएपछि आफैले लिएर जाने कुरा गरें । उहाँ सन्तुष्ट हुनुभयो र दराज खोलेर मलाई पाँचहजार जति झिकेर दिनुभयो अनि भन्नुभयो 'जहाँ जहाँ जुन जुन मन्दिरमा पुगे पनि भेटी दक्षिणा जति यहीबाट





चढाइदिनु ।' मैले मसँग पैसाको खाँचो नभएको बताए पनि उहाँले मान्नुभएन । सायद यही नै उहाँको हामीसँगको यात्रा थियो कि ? उहाँले फेरि म पुग्ने ठाउँहरूको बेलीबिस्तार सोध्नुभयो । मैले भने 'भैरहवा, दाङ हुँदै स्वर्गद्वारी पुगेर पाल्पा, पोखरा, वाग्लुङ, वेनी, जोमसोम हुँदै मुक्तिनाथसम्म पुगिने कुरा बताएँ । र घुमेर आएपछि तत्काल भेट्न आउने वाचा गरें । आमाले भन्नुभयो- 'पाल्पा घुम्दा ढाकाको सारी पनि ल्याऊ है ।' 'हवस्' भनी म बिदा भई घर आएँ ।

यात्रामा साहित्यकार ठाकुर शर्मा भण्डारीसमेत नरमशोभा भण्डारी, भास्कर भण्डारी, सुनिता भण्डारी, दीपक भण्डारी, गीता भण्डारी र सत्र महिनाकी नातिनी शाम्भवी भण्डारीसमेत ७ जना, साहित्यकार खगेन्द्र खोल्साघरेसमेत उहाँकी आमा, पत्नी उमा निरौला र बहिनी उर्मिला निरौलासमेत ४ जना, अनोज अधिकारीकी पत्नी अजिता र सासूसमेत ३ जना, मेरोसाथ मेरा पति विनयकुमार शर्मा नेपाल र उहाँकी ८५ वर्षीय आमा राधादेवी शर्मा, छोरी आभा शर्मा, छोरा विभव नेपाल, भाउजू ज्ञानेश्वरी पाण्डे, भाइ बुहारी गीता शर्मा, भाइकी छोरी दिवा शर्मा, दिदीहरू वीणा शर्मा, सुस्मिता सुवेदी, भान्जाको छोरा सजग, फुपू जयन्ती शर्मा, काकी सुमित्रा नेपाल, भान्जा भाइ सुजन घिमिरे, मेरी बहिनी मिथिला र बहिनी जुवाइँ अनोज ढकालसमेत घरपरिवारका १६ जना थिए । धन खड्का, साहित्यकार रामप्रसाद पन्त अनि साहित्यकार उर्मिला लामिछाने दाङबाट थपिनुभएको थियो, चालक राम र सहयोगीसमेत जम्मा ३५ जना थियौं ।

असार १ गते शुक्रबार परेको थियो । बिहान पाँचबजेतिर हामी परिवार र अरू साथीहरू जम्मा भई काठमाडौंबाट निस्क्यौं । मैले झल्यासँ सम्झे भाइलाई र फोन गरें 'बाबु म केही दिनको लागि घुम्न जाँदै छु आमाको विचार अलि राम्ररी गर है' भनें तर बाटोमा मलाई आमाको अदृश्य पीर-चिन्ताले बेलाबेलामा सताई नै रह्यो । आमालाई सामान्य रूघा, ज्वरो मात्र नभई सुगर र ब्लडप्रेसरले गर्दा नसा ब्लक भई बेलाबेलामा होससमेत हराउने समस्या थियो ।

बाटोमा धादिङको एक होटलमा खाजा खायौं र फेरि बस चढ्यौं मलाई सानैदेखि यात्रा गर्दा वान्ता हुन्थ्यो बस जति गुड्यो उति मलाई वान्ता हुन थाल्यो मलेखु पुगुन्जेलसम्म भइ नै रह्यो अनि हामी त्रिशूली नदीको किनारमा रहेको मलेखुको एक रेष्टुरेण्टमा हामी सबै ओल्र्यौं । मेरा पतिको योजनामा हामी सबै जुटेका थियौं । सबै कुराको चिठ्ठा सिष्टम गरेका थियौं । चिठ्ठामा लेखिए बमोजिम कसैलाई के काम कसैलाई के काम पर्दथ्यो त्यसमध्ये कोही तरकारी केलाउने, कोही चिया बनाउने कोही खाना बनाउने कोही रमाइला गफ चुटकिला भन्नतिर लागे, मेरो कामचाहिँ तरकारी केलाउनेमा पऱ्यो ।

खाना पनि पाक्यो सबै मिली खाना खाइयो त्यही नजिक धारा रहेछ । भाँडा पनि चिट्ठामा परेअनुसारको पालो परेका साथीहरू मिलेर माझे । सबै सरसामान गाडीमा थन्काएर हामी फेरि बस चढी यात्रामा लाग्यौं । नारायणघाटबाट अनोज अधिकारीकी सासू चढ्नुभयो । उहाँले फर्सीको साग ल्याउनुभएको

रहेछ । हामी सबै त्यही साग केलाउँदै रमायौं बेलुकी फर्सीको साग पकाउने कल्पनामा । र जाँदाजाँदा नवलपरासीको प्रगतिनगर भन्ने ठाउँमा हाम्रो गाडी पङ्चर भयो । केही बेर बसबाट ओल्यौं । बस मर्मतपछि बस हामी फेरि बस चढी बाटो लाग्यौं ।

रातको बाह्रबजेतिर दाङ पुगियो । साहित्यकार बहिनी बुनू लामिछाने र उहाँको बुबा पनि साहित्यकार नै हुनुहुन्छ, उहाँहरू हामी सबैयात्रुहरूको स्वागत गर्न पर्खी रहनुभएकोरहेछ । उहाँहरूले हामी सबैलाई धेरै सम्मानको साथ मीठो मीठो परिकार खुवाउनुभयो । खाना सकेर आगँनको वरिपरि कुर्सीमा बसेर मीठा मीठा गफ गरियो । रातको १ बजिसकेको थियो, सबै सुत्ने तरखरमा लागियो । भोलिपल्ट बिहान हामी सबै खाजा नास्ता खाइवरी हामी त्यहाँबाट बिदा भयौं ।

हामीलाई त्यस दिन स्वर्गद्वारी पुग्नु थियो । हामी दाङको घोराही र रोल्पाको लिवाङ हुदै अघि बढ्यौं । पहाडको बाटो जोखिम त हुने नै भयो । त्यहीं बीचमा स्वर्गद्वारी नपुग्दै बतासे डाँडाको मान्छे नै उडाउलाजस्तो बतासमा ओर्लिएर फोटो खिचेर रमाइलो गर्दै हामी बेलुका छ बजेतिर स्वर्गद्वारी पुग्यौं तर मन्दिर पुग्न प्रन्ध्र-बीस मिनेट जतिको उकालो पैदल हिंड्नै पर्ने रहेछ । भर्खर यौवन चढेका र बुढ्यौली छुनै आँटेकाहरूलाई खासै फरक नपरे पनि बूढाबूढीलाई उकालो हुनाले कठिन हुँदो रहेछ । बूढाबूढीलाई घोडामा र हामीहरू हिंडेर रमाइलो साथ थकाइलाई बिर्सेर स्वर्गद्वारी मन्दिर परिसर पुग्यौं ।

मन्दिर परिसरमा हजारौ गाईहरू रहेछन् तर पानीको धेरै समस्या रहेछ मन्दिरभन्दा एक किलोमिटर जति तल एउटा कुवा रहेछ । पानीको लागि एक किलोमिटर जति तल गएर आउनै पर्ने । त्यत्रो नाम चलेको तीर्थस्थलमा पानीको हाहाकार देखेर दिक्क लाग्यो । खानसम्म त मिनरल वाटरको बोतलले काम चले पनि बिहान शौचालयको लागि के गर्ने ? पानीको समस्याले गर्दा गह्नाएर शौचालय जान सकिने अवस्था थिएन ।

धर्मशालामा वास र खानाको व्यवस्था पनि राम्रै रहेछ । पण्डितहरूले बनाएको खाना खाइवरी हामीले मन्दिर परिसर घुमेर दुई तीन घन्टा बितायौं । मन्दिरको साँझको आरतीमा सहभागी भयौं र तत्पश्चात् राती सुत्ने तरखरमा थियौं तर मलाई भनेआमाको सम्झनाले सताइ नै रह्यो । मैले त्यहींबाट भाइलाई फोन गरें । भाइले आमा ठीक रहेको र चिन्ता नगर्न भन्यो ।

भोलिपल्ट बिहान चारै बजे हामी सबैले अन्धकारमै उठेर हिंड्ने तरखर गऱ्यौं- पानीको समस्याले गर्दा । मुखसमेत पनि मिनरल वाटरले धुन हामी बाध्य थियौ । राम्ररी धुन पाइएन । मनलाई सन्तोष नभए पनि हामी सबै मन्दिर गयौं त्यहाँ होम, रुद्री, पूजा, पाठ र तर्पण हुँदो रहेछ । मैले आफ्नो पिताजीको नाममा सङ्कल्प गरेर तर्पण, होम, रुद्री, गरिदिन भनी मन्दिरका पण्डितलाई जिम्मा दिएँ ।

जति जति बिहान हुँदै जान्थ्यो त्यति त्यति शौचालयको समस्या आउने हुनाले सबै हतार हतार ओर्लियौ भालुवाङतिर निस्कने बाटो । बाटो घुमाउरो र





साँघुरो रहेछ । यो बाटोले हामी धेरैको सातो खायो । धेरै जोखिम मोल्दै हामी प्यूठान र रोल्पाको सदर मुकाम छुट्टिने ठाउँको बजारमा केही बेर शौचालय र खाजाका लागि बस्यौं । भालुवाङ पुग्नु केही वरै रापती खोलाको किनारमा सबै मिली चिठ्ठा अनुसारको आ-आफनो कोही तरकारी केलाउने कोही भात पकाउने काम गरियो र बिहानको खाना तयार भयो अनि सबैजना खाना खाइवरी रमाइलो गर्दै हामी त्यहाँबाट वेनी पुग्ने उद्देश्यले हिंड्यौ ।

वुटवल, पाल्पा, पोखरा हुँदै वाग्लुङ वेनी छुट्टिने माल ढुङ्गा काटेपछि बेनी पुग्नुभन्द १० मात्र किलोमिटर वरै बसैमा बस्न हामी बाध्य भयौं । गाडीको गुरुजी धेरै नै थाकेकोले हाम्रो बास बाटैमा हुनपुग्यो । बेनीमा सिङ्गै होटल बुक गरिसकेको भएर पनि सुत्न जान सकिएन । बिहान ४ बजेतिर बेनी पुगियो त्यहाँ केही समय आराम गरेर । खाना तयार गरी खाएर बिहान ८ बजेतिर जोमसोमतिर हिंडियो ।

लोकल गाडी व्यापारी र सरकारको लाचरी स्पष्ट देखियो । बेनीबाट मुक्तिनाथसम्म कुनै बाहिरी गाडी जान दिने चलन रहेनछ । बाटोका गाडी व्यापारीहरूका गुण्डा शैलीका कारण आआफ्नो एरियामा आआफ्नै एरियाको गाडी मात्र चल्ने गरेको रहेछ । हाम्रो रिर्जभ गाडी त्यही वेनी बसपार्कमा छोडेर हामी जीपमा भीरकाटेसम्म गयौं । भीरकाटेबाट दानासम्म, दानाबाट घाँसासम्म, घाँसाबाट जोमसोमसम्म ४ वटा बस जीप फेरेर हामी ५ बजेतिर मात्र जोमसोम पुग्यौं । एउटै गाडीमा यात्रा गर्न पाएको भए बेनी–जोमसोमको जम्मा पैसट्ठी किलोमिटर बाटो सायद हामी त्यहाँको खराब बाटोमै पनि दिनको १ बजेतिर नै पुगिन्थ्यो होला कि भन्ने मैले अनुमान लगाएँ ।

घाँसा नीलगिरी र धवलागिरी हिमालको बीच अवस्थित थियो । त्यही खोंच नै संसारको सबैभन्दा गहिरो खोंच हो भन्ने थाहा पाएपछि मन पुलकित भएको थियो । बटोमा पर्ने तातोपानी र रूपसे छहरालाई फर्कंदा अवलोकन गर्ने भनेर हामीले गुड्दागुड्दै मात्र हेरेका थियौं । घाँसादेखि जोमसोमसम्मको ओरालो ओरालो समथर बाटो काली गण्डकीको तीर देख्दै मलाई स्वर्ग पुगेजस्तै अनुभव भयो यद्यपि म लगभग २ वर्ष पहिले पनि मुक्तिनाथ यात्रामा कतै हिंड्दै कतै गुड्दै आइसकेको थिएँ ।

पुल नहुनाले काली गण्डकीवारि नै गाडीबाट ओर्लिएर काठको पुल तरेर हामी जोमसोमको एउटा होटलको जोरजाम गरेर होटलतिर लाग्यौं तर खाना भने हामी आफैले बनाएर खायौं ।

भोलिपल्ट बिहान मुक्तिनाथ जाने तयारी गरी हामी जोमसोमबाट जीपमा चढेर कागवेनी पुग्यौं । त्यहाँ कोही साथीहरू कालीगण्डकीमा नुहाउने, कोही श्राद्ध तर्पण दिने कार्यक्रममा व्यस्त रहे भने कोही फोटो खिच्ने र दृश्यावलोकनमै रमाए । मैले पनि पिताजीको नाममा तर्पण दिएँ ।

त्यहाँ दुई घन्टाजति अलमलिएर हामी फेरि मुक्तिनाथ जान जीप चढ्यौं र

बाटो लाग्यौं । हामीले ३ वटा जीप रिर्जव गरेका थियौं । अघिल्लो हामी चढेको दुई जीप राम्रै परेछ । पछिल्लो जीप चाहिँ बिग्रेर त्यसमा बसेका १० जना निक्कै समस्यामा पर्नुभएछ । मेरी सासू र खगेन्द्र खोल्साघरेकी ८० नाघेका दुवै आमाहरू त्यसमा परेकाले बीचको जीपमा यात्रा गरेका मेरा श्रीमान् र खगेन्द्र सरलाई निक्कै चिन्ताले सताएछ । मुक्तिनाथबाट फेरि अर्को जीप लिएर आधा बाटो फर्केर तेस्रो जीपमा रहेका परिवारहरूलाई ल्याउँदा उहाँहरू निक्कै पछि आएकोले यो कुरा हामी पहिलो र दोस्रो जीपमा आएकालाई थाहा हुन गयो । हुन पनि घर परिवार र साथीहरू ३६ जनाको नायक बनेका मेरा श्रीमान् र काठमाडौंदेखि स्वर्गद्वारी पुगेर वेनीसम्मको यात्रा गरेको र अझै वेनीदेखि काठमाडौंसम्म यात्रा गर्नुपर्ने गाडीका मालिक खगेन्द्र दाइलाई यसको ज्यादा चिन्ता हुनु स्वाभाविक पनि थियो ।

हामी मन्दिर पुगेर थकाइ मारेर नुहाउने तरखर गर्दैगर्दा बल्ल सबै जम्मा हुन पुगेका थियौं । बसस्टपबाट आधा घन्टाजति  लाग्दो रहेछ मुक्तिनाथ मन्दिर । बाटो तेर्सो जाँदा थोरै उकालो तर फर्कदा आरोलो । मन्दिर पुगियो त्यहाँ एक सय आठ धारा रहेछन् धारामा नुहाई मन्दिर दर्शन गर्‍यौं ।

फर्कंदा बाटोमा मलाई थाहा नै नदिई बेइमान लेक लगेछ । बाटोमा धेरै थरी फूलका लटरम्म फुलेका बुट्यानहरू थिए । फूलका बुट्यानहरूले होला अक्सिजनको कमी हुँदो रहेछ । मेरो बानी फूलका बोट छुने र सुँघ्ने भएकोले लेक लागेछ र म बेहोस हुन पुगेँछु । मलाई त्यहींको धर्मशालामा सुताएर राखी त्यहीं नजिक रहेको स्वास्थ्य चौकीमा खबर गरिएछ । केही औषधी उपचारपछि म ठीक भएँ छु । त्यही धर्मशालामा खानाको व्यवस्था पनि गरिएको रहेछ । सबैले खाना खाइ दिउँसो ३ बजेतिर जोमसोम फर्कन हामीले जीप चढ्यौ र जोमसोम पुग्यौ ।

बाटोमा पछिल्लो जीप जसमा मेरा श्रीमान्, सासूसहित १० जना सबार थिए, त्यसको ब्रेक फेल भएछ धन्न जीपको गुरुले भित्तातिर ठोसेछन् । फोर ह्वीलर चलाएर कछुवा गतिमा गुडेर हामी जोमसोम पुगेको घन्टौंपछि उहाँहरू आएपछि पो यो कुरा हामीलाई ज्ञात हुन गयो ।

बेलुका हामी अघिल्लो रात बास बसेकै होटलमा बास बस्यौं । त्यहीं हामीले हाम्रो सबै सरसामानहरू छाडेर मुक्तिनाथ गएका थियौं । भोलिपल्ट हामी सबै त्यहींको लोकल बस चढेर घाँसासम्म आयौं फेरि अर्को गाडी फेरेर हामी दाना पुग्यौं । घाँसा र दानाको बीचमा पर्ने रूप्से छहरामा ओर्लिएर रमाइलो गर्‍यौं । दानाबाट हिंडेपछि तातोपानीमा केहीबेर अलमलिएर बेनीको गलेश्वर घुमेर २ बजेतिर वेनी आइपुग्यौं । जाँदा ४ वटा गाडी फेरेर ८ बजे वेनीबाट हिंडेर ५ बजेतिर जोमसोम पुगेका हामी फर्कंदा ३ वटा गाडी फेरेर रूप्से, तातोपानी, गलेश्वर घुमेरसमेत २ बजे नै वेनी आइपुगेका थियौं । बाटो खासै लामो थिएन तर सरकार र त्यहाँको जनताको मपाईंले यात्रुले दिन खेर फाल्नु परेकोमा





नमज्जा लागिरह्यो । वेनी बसपार्कमा हाम्रो रिर्जभ गाडी थियो । त्यही गाडी चढेर हामी राती पोखरा आइपुग्यौं र रात पोखराको सिर्जना चोकमा रहेको एउटा होटलमा बस्यौं ।

भोलिपल्ट बिहानै उठेर पोखराको फेवाताल, महेन्द्र गुफा, गुप्तेश्वर गुफा, पातले छाँगो घुमेर १२ बजे होटल फर्केर खाना खएर वेगनास ताल घुमेर, दमौलीको व्यास गुफा हेरेर दमौलीकै र भानुभक्तको घाँसी कुँवा भन्ने ठाउँमा गाडी रोकी चउरमै रातको खाना पकाएर गाडीमा बोकेर राती गोर्खा पुगेर मात्र खान खायौं । बिहान गोरखा घुमेर फर्कंदा मनकामना भएर काठमाडौ जाने सल्लाह भयो र गोरखा दरबार हेरी गोरखकालीको दर्शन गरेर हामी मनकामना जान बाटो लाग्यौं । भर्खर ट्र्याक खनेको बाटो रहेछ । मनकामना पुग्न गाडीमा भए पन्ध्र मिनेटको बाटो होला तर हाम्रो गाडी अगाडि बढ्न सकेन । गाडीलाई कुरिनटार गएर बस्न भनेर हामी सबै लगभग चालीस मिनेट पैदल हिंडेर मनकामना पुग्यौं ।

त्यस दिन भीड पनि अति नै रहेछ, निक्कै बेर लाम लागेर दर्शन पनि सबैले गरे । हाम्रो गाडी कुरिनटार पुगेर हामीलाइ कुरेर बसिरहेको थियो । केवुलकारबाट फर्केर हामी सबै गाडीमा चढ्यौं काठमाडौं फिर्तीका लागि । मलेखु पुग्दा नपुग्दै मलाई भाइले फोन गर्‍यो 'दिदी कहाँ आइपुग्नुभयो ?' भनेर । आमाको खबर पाएर सन्तुष्ट बनें म ।

साँझतिर मलेखुको एक होटलमा गाडी रोकेर आज घर फर्कने हुनाले आ-आफ्नो इच्छा अनुसारको मन लागे जति पैसाको मन लागेको खाजा खान सबैलाई स्वतन्त्रता दिए आयोजकले । हुन पनि धेरै जनालाई सँगै लिएर हिंड्दा समयमा पुग्नुपर्ने समयको बाध्यता, स्वास्थ्यको ध्यान राख्ने काम कम चुनौतीको हुन्न । त्यसैले त होला आयोजक बनेका मेरा श्रीमान्ले यात्रा अवधिभर चाहिने ओढ्ने, ओछ्याउने, पानी, ग्यास, भाँडाकुँडा, खाजाका विभिन्न सरदाम, चामल, दाल, हरेक वस्तु काठमाडौंबाटै गाडीमा राख्नुभएको थियो । आठ दिनको यात्रामा जम्मा दुई छाक मात्र हामीले होटलबालाले बनाएको खाएका थियौ । यसैको कारण होला पन्ध्र महिनादेखि पचासी वर्षसम्मका उमेरका कसैलाई कुनै पनि रौं बराबर पनि समस्या आएन ।

हरेक दिन यात्राको आरम्भमा आफैले चिट्ठास्वरूप सिटको टिकट लिनुपर्ने र बस्नुपर्ने नियम चलाएका थिए आयोजकले । यसले गर्दा सिटमा कहिल्यै कुनै विवाद रहेन । जसले अगाडिका सिटको नम्बर झिक्थे ती पनि गमक्क परेर हाँस्थे र जसले पछाडिका झिक्थे ती पनि गमक्क परेर हाँस्थे । अर्कोतिर आयोजकले १,२,३,४,५,६ लेखेर सुरुकै दिन ६ समूह बनाए चिट्ठैबाट र प्रत्येक समूहले पकाउने, केलाउने, भाँडा माझ्ने काम बरबर पालो लगाए । कोही सबै काम जान्ने कोही केही नजान्ने तर सबैले गरे पालो अनुसारको काम कत्ति रमाइलो । जाने रमाइलै रमाइलो रहेछ जीवन र नजाने नरमाइलो ।

राती बाह्रबजेतिर काठमाडौं (आ-आफनो घर) आइपुगियो । भोलिपल्ट शनिबार परेको हुनाले घुमेर आएका लुगा कपडा धुनतिर लागें म । आमा कहाँ फूल प्रसाद लिएर जान त्यस दिन पटक्कै होस आएन मलाई । भोलि जाउँला भन्ने सोच भयो तर उता आमा छोरी आउँछे प्रसाद ल्याउँछे भनी कुरेर प्रतीक्षा गरेर दिनको दुई, तीन बजेसम्म कुर्नुभएछ । आज त्यो दिन सम्झेर पछुतो लाग्छ मलाई । कुरेर बस्दा बस्दा दिक्क भएर आमाले घरमा बुहारीलाई भन्नुभएछ । 'छोरीहरू आएनन् म यसो बानेश्वरतिर घुमेर आउँछु' भनी आमा घरबाट घुम्न निस्कन लाग्नुभएछ । बुहारीको भाइले 'आमा म घुम्न लान्छु तपाईंलाई भनेर घुम्न लगेर घन्टाभरमै फर्काएछ । घर फर्केर बुहारीसँग भोक लाग्यो खाजा बनाऊ भनेर खाज पनि खानुभएछ ।

रातको पनि खाना खाई अबेरसम्म नातिनीहरूसँग रमाइलो गरी आफ्नो कोठामा गई सुत्नुभएछ अनि भोलि पल्ट बिहान पाँच बजेतिर उठी नित्य कर्म गरी हात मुख धोई पानी खानुभएछ र पानी परिरहेको छ मलाई नउठाउनु है भनेर ओछ्यानमै पल्टनुभएछ ।

घरका सबै जना आ-आफनो कामतिर लागे । केही समयपछि आमालाई औषधी खुवाउन भनी भाइ कोठामा गई उठाउन खोज्दा आमा बोल्नुभएन न त हातगोडा नै चलाउनुभयो रे ! भाइले आत्तिएर मेरो श्रीमान्‌लाई 'आमा बोल्नु पनि हुन्न चल्नु पनि हुन्न' भने पछि उहाँले 'तिमी तुरुन्त अस्पताल लैजाउ म त्यतै आएँ' भन्नुभएछ । म अस्पताल पुग्दा डाक्टरहरूले उपचार गर्दै थिए । हामी अस्पताल पुगेको समय नै आमा (गायत्री बाँस्कोटा ) को २०६९ असर १० गते ७२ लागेकै महिना अन्तिम घडी रहेछ । आज पनि मलाई स्वर्गद्वारी, मुक्तिनाथको प्रसाद लिएर अघिल्लो दिन आमकोमा जान न सकेकेमा पश्चात्ताप छ । त्यसैले मलाई आज पनि लाग्छ मान्छेको जीवन नै एउटा यात्रा हो र मृत्यु यात्राको अन्त ।

≋

**शब्दार्थ प्रकाशन**ले
**२१** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ
र
अझै अरू प्रकाशन गर्दै छ ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

**के तपाईं ले हाम्रा साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**





# मेरो आइफल-भिउप्वाइण्ट

**कलानिधि दाहाल**

हिँड्दै/डुल्दै/बस्दै/उठ्दै/खाँदै/खेल्दै जिन्दगीका सपना निखेर विपनाको दृश्यजगत्‌बाट सुदूरको यात्रा र सुदूरबाट निकट्‌को परिभ्रमण पनि एक किसिमको आनन्ददायक नै हुँदो रहेछ । सपनाका खेतहरू बाँझै छन्, बारीहरू पट्पटी फुटेर चिरा परेका छन् । न वली लगाउने हतार, न ब्याडमा बिउ छरेर रुड्नुको तड्पडाहट्, न केही पाउनुको मनोतृष्णा, न केही गुम्ला कि को भय । निश्चिन्तको यो मानसपटल जसमा चाक्षुस विम्ब सजावटसँगै सामु जे देखिन्छ जसरी झुल्कन्छ त्यो नै सर्वस्व । विश्वव्यापार हिँड्नेहरू रोगी छन्, विश्वचेतनाको धाकमा रवाफको कवाफ खोज्नेहरू-अहङ्कारी छन् । चिप्लाइको डरसँग महङ्गाइका पाङ्ग्रा जोडेर छतका छहारीमा चश्मादार इर्ष्यालु आँखा तेर्स्याउनेले त्यहाँ केही देखेन र नै मैले पढ्नबाट वञ्चित हुनुपरेको छ । कवितात्मक गायनले एकछिन रमाए-लेखनाथ, मुकुन्दशरण, तीर्थ श्रेष्ठहरू, नाट्यशिल्पीका जगल्टा एकछिन हल्लाएर बौलाए हुन्-सरूभक्तहरू । महाकाव्यका पानामा सतही छन्दका मात्रा, तर्कुले खोज्दै भौतारिँदै होलान्-माधव वियोगीहरू । त्यो सौन्दर्यको अतल गहिराइ जहाँ प्राकृतिक मानव व्यक्तित्वका अन्तरउछ्वलनहरू समग्र झुल्कन्छन् तिनलाई अम्खोरामा अटाउनेले तिर्खाको एक प्यालामै घुड्काउँछन् । विना तिर्खा विनाछट्पटी, विनावर्तन एउटा कुनामा एक्लै रमाउने अन्तरआकाङ्क्षा बोकेर मात्र श्रीमती-कल्पना दाहालका साथ म बल्खुको टाटासुमो चढी म पोखरा पुगें ।

उता पोखराको तालचोकमा ज्वाइँ दीपक लामिछानेका दाजु प्रकाश र भाइ विकास लामिछाने दुईवटा मोटरसाइकिलमा प्रतीक्षारत थिए । हामी पुग्यौं । एक एक जना थपिएर दुई दुई बन्दै कोलाहल पार गरी सम्धीसम्धिनी-भीमप्रसाद र राधा लामिछानेका घरमा आरामको सास फेर्न पुगें । यो स्थल विकट उकालो उक्लेर गएपछि घना जङ्गल, सुनसान निस्तब्ध सन्नाटाले छाएको अवस्थामा लामास्वारा नामले परिचित रहेछ ।

शहरको रम्झमबाट गएका हामीलाई सच्चाइको गहिराइमा पुग्दा सास फेर्न गाहारो हुनु स्वाभाविकै रह्यो-केही क्षणका लागि । घरमुली-राधा लामिछाने र उनकै प्रकृतिपुत्री-शान्ता लामिछानेसँग जो तत्काल नयाँ रहे, गफगाफको क्रमसँगै दूरी घटेपछि सहज भइयो । विकट उकालो/ओरालो/भिरालो पाखो प्राकृतिक सौन्दर्यका अतुलनीय खानी पोखराको लामास्वाराबाट दुई स्वरूप-

कृत्रिम मानववस्तीको चिच्याहट्लाग्दो शहर पोखरा आँखामा किरिङ्मिरिङ् भरेर ओरालोमा फैलिएको छ । सहज अतीतको आद्य परम्परा जहाँ सहजता छ-भाषिक उच्छ्वलनको सहजता, व्यावहारिक अगाध परम्परित आस्थाको सहजता, जहाँ मन्दिरमा घन्टौं उभिनुको आदतले देशभक्ति आत्मस्थ भएको अनुभव गर्छन्-ग्रामवासीहरू, घन्टौं हिडेर उम्रेको जलतरङ्गकै कल्कलाउँदो धारोमा गाग्रीभरि पानी भर्दै घर पुग्नुको आनन्दले रमाउँछन्-नारीसंस्कारहरू । गोठभरि, घरको तल्लो तला र मतानभरि गाईभैंसी, बाख्राखसी पाल्नुको आनन्दमा आ-आफै रमाउनुको मजा शहरका शौकिन गाडीको हर्न बजाएर बेपत्तो मान्छेका भीडभित्र यमदूतको खेती गनेहरूलाई के थाहा ? पीठमा डोका बोकेर बारीका कान्लामा, वनका भिराला पाखामा झरझप्प हरियो घाँस काट्दै प्रकृतिसँग खेल्नुको अज्ञात आनन्द यी उत्ताल हिंसाका यमवस्ती खडा गर्ने ताता मस्तिष्कलाई के पत्तो ? आफ्नै बारीमा फलेका अन्नका परिकार आफैले बनाएर दुदेराभरि, बाल्टीभरि, गबुवाभरि बाफ उड्दै गरेको तात्तातो दूध गाईभैंसीका फाँचाबाट दुहेर कुँडेमा उमाल्दै अँगेना वरिपरि पलेंटी कसी खाँदाको अर्गानिक आहारको अचम्म आनन्द यी भट्टीका बेसुरे मादक पदार्थ पिउँदै उन्मत्त नाङ्गा नाँचमा रमाएका उपभोक्तावादी क्षणभङ्गुरे आदमहरूलाई के थाहा ?

घन्टौं मोटरसाइकल चढेर हुइँकिदा पनि गन्तव्यमा पुग्न धौ धौ परिरहेका/पर्ने कालिका मन्दिर जसको विशाल परिधि नै यसै नामले परिचित छ । प्रकाशको मोटरसाइकिलमा म र विकासको मोटरसाइकिलमा पत्नी-कल्पना बसेर उकालिएको यो यात्रा नीलआमर्स्टनको चन्द्रलोक यात्राभन्दा कम थिएन । पछिल्तिर फर्केर हेर्दा किरिङ्मिरिङ् बर्खायामको हिलोभित्र नजिकबाट देखिने गड्यौला आकारमा पोखरा सिलिङ्मिलिङ् गर्दै सर्न खोजेझैं लाग्छ । अझ बेलुकी पखको सुदूर झिल्झिलाहटले अँधेरो कहिल्यै न हुने र आरामको सास फेर्ने अवकाशको समयपित्को स्रष्टाले न निकालेझैं पोखरा एकतमास आक्रामक उजेलोमा युध्द लडिरहेझैं देखिन्छ । निशानाको सिधा आँखा उचालेर दायाँबायाँ र सामुन्ने दृष्टिगोचर गर्नासाथ सुनसान पाखाहरू हरिया सारी पहिरेर सारीकै सप्काको घुम्टोभित्र वेहुली लुकेझैं टड्कारो झल्मलाउँछ । छैनन् होइन, मानववस्ती त्यतातिर पनि छन् छैनन् झैं छन् । बत्तीको निशाना ताक्दै थाहा हुन्छ कतै वन्यजन्तुले एक घरमा अचानक आक्रमण गऱ्यो भने अर्कोले थाहा न पाउँदै जे हुने हो भइसक्छ । जहाँ जस्तो प्रकृति छ । त्यसै किसिमको मनोबल विकसित हुनुको प्राकृतिक न्यायले मान्छेमा निरन्तर काम गर्छ नै । कैयौं अवस्था त जसको घरमा आक्रमण हुन्छ त्यसै घरपरिवारले एकमुष्ट प्रत्याक्रमणबाट आफ्ना विजय पताका फहराएका घटना पनि यहाँ यथेष्ट देख्न/सुन्न पाइन्छन् ।

यसै स्थानको अग्लो उचाइँ जहाबाट पोखरा अतीतको अदृश्यमा हराउँछ । अन्नपूर्णको अझ अग्लो सानसान्निध्य बनेर हामीलाई जिस्काउँछ ।





हामी उसलाई शिरको मणि ठानेर नतमस्तक हुन्छौं र सौन्दर्यको शिखर मानेर घन्टौं उभिन्छौं, हेर्छौं । शहरी आतसबाले तातेका-खरोआगोमा कराइको तेल तातेझैं ताता बनेका मस्तिष्कका तारहरू शीतल बन्छन् । सञ्जीवनीले शरीर नुहाएझैं दिव्य आभाको आभास अन्तरमनको कुनै कुनाबाट जन्मन्छ-जीवन बाँच्नुको अर्थ लुछाचुडी हो ? अभावसँग, अस्वस्थ्य प्रतिस्पर्धासँग, अर्कोजस्तै आफू बनौंसँग, अर्कोलाई कलछलबलले खुट्टा तानौं होस् वा हात सके शरीर जम्मैलाई समातेर पछिल्तिर हुत्याउँदै आफू अगाडि बढौंको दुःस्वभावमा । एउटै प्रश्नका गर्तमा जन्मने असङ्ख्य किरिङ्मिरिङ् अतीत मानव स्वभावहरू, विज्ञानले जन्माएका आतसवाजका अनगिन्ती समस्याहरू मस्तिष्कभरि नाँच्न लाग्छन् ।

यहाँ पनि जीवन छ-अझ सुन्दर जीवन । यहाँ पनि जगत् छ-अझ आकर्षक जगत् । तन तिनै हुन्, मन यिनै हुन् । भोक लाग्छ, के खाने ? बारीमा खुत्रुक्क झरेर मौसम अनुसार मकै भाँचे भयो, काँक्रा टिपेर चिरा बनाउँदै टिम्मुर मिसेको नुनखुर्सानीसँग कऱ्यामकऱ्याम मर्काए भयो । के चाहिन्छ ? भकारीभरि छन्- सुकाए, पिसे, कुटे, पकाए भयो । न किन्न जानुको झञ्झट, न खल्ती छाम्नुको लण्ठा । आफ्नै श्रमबाट अर्जित आफ्नै पाखुरीका पसिनाले सिञ्चित यस पौष्टिक आहारको सेवनले हर्कुलस किन न बन्ने ? गर्गन्स हेडहरू एक्लैको कुस्तीले किन न छप्काउने ? आयो चेतनाको कुरा-सबलीभूत चेतना जहाँ ऋषिकुञ्जनको समष्टि सौन्दर्य छ । छलकपटविनाको, अभाव/आर्तनादविनाको, असमञ्जस/असन्तुष्टिविनाको । कलम छन्, कापी छन्, पुस्तकका ठेलीका ठेलीहरू पाखापाखाका वृक्षशाखासँग लियोनार्दो दा भिञ्ची बनेर फिजिएका छन्, चार्ल्स डार्विन बनेर रूखका फेददेखि झर्दै गरेका झर्नाका थोपाथोपामा विकासवादका पाना पल्टेका छन् । हरेक वृक्षका र भुइँमै विच्छिएका लहराका दानामा गुरुत्वाकर्षण, गोल/चेप्ट्याइका आइन्स्टाइन, ग्यालिलियो बनेर जन्मिएका छन् ।

सिङ्गो कालिका परिधि जसलाई न आँखाका चाक्षुस विम्बले नाप्न सकिन्छ न त मस्तिष्कका ताता चेतनाका चकाचौध भौतिक मर्करी तर्कले जम्मै एथेन्स एकेडेमी बनेको छ । त्यहीं छन् सुकरातका जाप्निज विशाल पुस्तकालय । अमेरिकी चहलपहलका विज्ञान प्रयोगशालाहरू । चाइनिज खाद्यपदार्थ अङ्कित सर्वभक्षी आहारका अविच्छिन्न एकेडेमी । त्यही छन् छद्म भेषमा संसार हिम्साका मुख बाएर दाउ हेरिरहेका उत्तर कोरियन किम जोन ऊनहरू, क्रुज्कोभहरू । ल्पेटोका दिव्य उन्माद अङ्कुरणले देश निकाला गरेका शेक्स्पियरहरू, बाइरन र मिल्टनहरू अनि दाँते र देवकोटाहरू तल पोखराका धुवाँ, धुलाका कणभित्र कतै छोपिएका होलान् तर फेरि पनि फूलमाला हातमा बोकेर स्वागतका आतुर हात फैलाउँदै स्वागत द्वारमा त्यहीं प्रतीक्षारत छन्-अरस्तु ।

जीवनको भीख माग्न वस्तीबाट बेसोमत युवाहरू खाडीको घाम ताप्न

बथानका बथान पोखराको बस चढेर सिँहदरबारको ढोकामा पासपोर्टको झोली थापून् वा उतै कतैबाट सोहोरून् । एक आङ शृङ्गारको सोखले मेरा हिमनारीहरू, फेवा युवतीहरू लर्को लागेर अष्ट्रेलिया/इजरायल छिर्दै विश्ववेश्यालय स्थापना गरून् । चाउरेका अनुहारमा प्लाष्टिक सर्जरी गर्न मेरा अर्धवयस्क युवा अनुहारहरू बारूदका छर्राको चासो न गरी, बम/एटमको वास्ता न गरी कुवेत पसून् ती भौतिक विलासिताका लालपूर्जा अङ्कित मनलाई केही भन्नु छैन । कालिकाका पाखामा एक पित्को पसिना चुहाउन न सक्ने तर गोराको चर्पी सोर्नुमै स्वर्गको इन्द्रासन देख्नेहरू आफ्नै अमरापुरीको आँखामा टल्केका मोतीका महक कहाँ टिप्न सक्छन् ? पेरिसको भट्टीशालामा सयौं लफङ्गाका गोप्याङ्ग बटुलेर एकै पटक उन्मादका आँखामा जिब्रोस्वाद पाउने मेरा सगर माथा नानीहरू, फेवापरीहरू, रारायुवतीहरू लामा दारीमा कालिकाका कल्पवृक्षमुनि तपस्यामग्न विश्वामित्र न चिनून्-मलाई केही भन्नु छैन । अतीत अन्तर्मनको मनबाटै अनन्त आँक्न सक्ने यस विशाल पाठशालाको प्राकृत गुरुलाई जानी वा न जानी लात हानेर मरुभूमिको अग्निशालामा व्हिस्की र ब्राण्डीसेवनले नेटको हवामा विश्व तैरेको सपना देखून् ती लठभुत्ते बुभ्रुक जसले जीवनवृत्तको सानो घेरोसम्म देख्न सकेका छैनन्, तिनलाई के थाहा ? यस घनीभूत पाखाको स्पर्श मात्रले पनि जीवनको समग्रता आँकलन गर्न सक्छ भन्ने ?

पोखरा पुगेर लेकसाइडको मन न उचालिने नेपाली कमै होलान् तर भिउप्वाइण्टमा उभिएर जीवनको खोज गर्ने नेपाली मात्र न भई विश्वकै पर्यटक औंलामा गन्नसमेत पुग्छन् पुग्दैनन् भन्न सकिन्न । पोखरालाई पाइताला बनाएर निकै उचाइमा अग्लिएको भिउप्वाण्टसम्म हिँडेर नै जाने हो भने त मुटु झिकेर वेगनास मैयाँका पोल्टामा नासोका रूपमै राखिदिएर विनामुटु उक्लनुपर्दछ । सौभाग्य हामी यस अवस्थामा थिएनौं । कठिन उकालोको अग्लो शिखरसम्म नै वासस्थान बनाएर एक पुत्र, पत्नी प्रतिमा र आफूसमेत रातको वास बस्न नित्य निरन्तर त्यही नाके डाँडोको टुप्पो जसबाट अन्नपूर्णको प्रत्यक्ष सान्निध्यमा आँखा रमाउँछन्, हृदय खुसीको मारे मख्ख पर्छ, मनमा जाँगरको ज्योति झल्मलाउँछ, मस्तिष्क त्यसै त्यसै ऊर्जाशील बन्न पुग्छ कालिकाकै विपिन छहारीभित्र पुग्ने प्रकाश लामिछाने र विकास लामिछानेका होण्डासवारमा पुगिसकेका थियौं । त्यहाँबाट केही उकालो उक्लिएर तेर्सिएपछि फेरि दम्स्याइलो उकालोको टुप्पोमा हामी पुग्छौं ।

फर्कन र त्यहाँबाट ओर्लन मन न मान्ने त्यसका काँधमा उभिन्छु-म । लाग्छ, अलकापुरीले कसैलाई थाहै न दिई सुटुक्क बसाइँ सरेछ । अझ लाग्छ-कल्पित स्वर्गको एक टुक्रो चोइटिएर अचानक एक स्थानमा झरेको हो । अन्य व्यक्तिहरू आ-आफ्नै मनोजगत्को इच्छानुसार बाहिरी आँखा विस्फारित गर्छन् । म अजीव प्रकृतिको जीवन्त रूप देखेर एक्लै एक्लै मनोलोकको महभित्र मौरीझैं





हराउँछु । कालिका एक काँध र वेगनासतिरको व्यापकता अँगालेर उर्वर हरियालीमा मुस्कुराइरहेको सदावहार प्रकृतिको पाखो अर्को काँधका स्वरूपमा सजिएर भिउप्वाइण्ट जसरी एउटा सुरिलो विरूवा आकाश ताकेर उभिन्छ, लाग्छ यो त्यस्तै छ । सामुद्री सतहबाट कति उचाइँमा पर्छ त्यो भूगर्भविद्ले नै जानुन्, नापून् । कहाँ कहाँबाट त्यहाँ कति किलोमिटरको दूरी पार गरेपछि पुगिन्छ, यो पनि तिनै गोबरगणेश मस्तिष्कका पारखीहरूले लेखाजोखा राखून् । म त मनको हरियालीबाट देखिने त्यस सुदूरसम्म पुग्न चाहन्छु जहाँ सब कोहीको हिम्मतको हंस हुदैन ।

भिउप्वाइण्टको हरित वक्षमा उभिएर म इर्ष्यालु आँखाले उसलाई चियाइरहेछु । यो हिडम्बापुत्रझैं गजक्क परेर उभिएको छ । यसका दायाँबायाँ दुई सुन्दरीहरू दुई पत्नीका रूपमा खडा छन् चौबीसै प्रहर । जेष्ठ पत्नी हुनाका नातामा वेगनास चौडा छात्ती र फराक जङ्घा फैलाएर निश्छल/निश्चल पल्टिदिएकी छे । अर्कापट्टि प्यारी कोमली लजालु उन्मत्त वैंस अङ्कुरणकी पानीझार झैं टिमिक्क कस्सिएर रानीताल भिउप्वाइण्टकी भर्खरकी रानीजस्तै टल्पलाएकी छे । पति हुनाको दायित्व वहन गरेको छ भिउप्वाइण्टले तर अन्ध आँखामा उभिएको गोज्याङ्ग्रे मान्छेजस्तो छैन ऊ । दुई पत्नीलाई जजस्ले जताजताबाट आएर चुमून्, पौडिइन्, अन्तरगहिराइसम्म छोऊन्, छामून् उसलाई चासो गर्नु छैन र अवरोधको तगारो तेर्सिनु पनि छैन । मूकदर्शक ऊ हेर्छ-हेरिरहन्छ-अनन्तसम्म, आदिदेखि अन्त्यसम्म ।

थुइक्क मान्छे ! लाखौंलाख डलरको लगानी गरेर तिमी आकाशमाथि उक्लँदै आइफल हेर्न पेरिस पुग्छौ । ह्वाइट हाउस हेर्न अमेरिका । मेसीन घुमाइमा जीवनलाई पेलेर फालेको छोक्रा उखुजस्तै बनाउन खाडी छिर्छौ । तिम्रो बुद्धिको बिर्को र मनको सुकेको बाँसको तगारो देख्दा म अचम्मित छु । मृगको कस्तुरीजस्तै आफ्नै नाइटामा रहेको वास्ना दिलका आँखा न खोली, न हेरी हरेक पाइलाका यात्राले यमलोकको सयर गरिरहेका छन्, जसमा बयर होइन-बगर छ, लक्ष्यको स्वर्ग होइन-विनाखोजको नर्क छ । मलाई बयरको लोभमा बगरमा सेकिनु छैन । स्वर्गको खोजमा नर्कको टिकट काट्नु पनि छैन । तिम्रो आइफलले मनको बाँध बाँधेर तनको चिहान खनिरहेछ । मेरा भिउप्वाइन्टको आइफल यसभन्दा कैयौं गुना अग्लेर तनका चिहानमाथि मनका गुलाफ फक्रिरहेछ । तिम्रो आइफल भन, ह्वाइट हाउस भन, र्बर्लिन भन, चाइनिज बाल भन वा उत्तर कोरियन भौतिक सौन्दर्य भन सबैभन्दा अगणित तनका डुङ्डुङ्ती गनाएका तनका चिहानहरू छन् तर मेरो आइफल वारपरि कतै कुनै कुल्चिएका आँखाले हेऱ्यो भने पनि त्यहाँ हरित मनको मिठास म पाउँछु । अन्यत्रका अग्लाइहरू कृत्रिम छन्- विल्कुल वनावटी । मेरो आइफल निर्माण कृत्रिमताको गन्ध छैन । स्वस्फूर्त प्रकृति निर्मित यस आइफलमा यस वर्लिनमा, यस चाइनिज

बालमा कुनै जीवको एक थोपो रगत पनि चुहेको छैन ।

हो, यहाँ पनि गतिला आणविक भट्टीहरू छन् तर तिनले मृत्युको बम बनाउँदैनन्, बनाउँछन् त जीवनका सञ्जीवनी बुटी जसलाई भोक लाग्छ - इच्छानुसार भात खाऊ, ढिँडो खाऊ , गुन्द्रुकको झोल पिऊ वा जिब्रोको स्वाद छामेर आहार ग्रहण गर। कृत्रिमता पैसामा बिक्छ। टिकटको लाममा मान्छेलाई जाम बनाएर आँखाको झिलिमिली रफ्फूचक्करमा तिम्रा ह्वाइट हाउसले सहस्रौं मृत्युको क्षेप्यास्त्र ताक्छ, कोलाहलको बारूद विच्छयाउँछ तर मेरो ह्वाइट हाउस पैसाको होइन सौन्दर्यको लाम लगाउँछ। टिकट काट्नुपर्दैन र आकाशमा उड्ने यमराजका वाहन-भैंसीयानको यात्रा पनि गर्नुपर्दैन । हिँड वा गुड थोरै जोखिममा तिमी तिमीले कल्पना गरेभन्दा कैयौं गुना बढी मूल्य पर्ने जीवन पाउँछौ । यहाँ पुग्न कुनै पास पोर्टका किताब खोज्नुपर्दैन र कसैका भिसा छापको प्रतीक्षामा समयका पल खर्चनु पनि पर्दैन। निर्वाध हिँड-चेतनाका ऊर्जा बोकेर काठमाडौँबाट हिँड वा अनजान अज्ञानताका आँखा उचालेर मेची/कालीबाट हिँड अझ कठाङ्ग्रिएको चर्म तन्काएर सालु/सल्लेरीबाट ओर्ल वा तातेका दिमाख सन्काएर सूर्यको तेजले अझडढ्दै गरेका श्यामल चर्म चुस्दै तराईका फाँटबाट निस्क निर्बिघ्न तिमी यात्रामा अग्रसर रहन सक्छौ। प्राप्तिमा खुसीका पताका फहराउँदै तिमी खाडी यात्राका टिकट बिर्सन्छौ। यस यात्रामा कतै वर्लिन खडा भएको छैन, चाइनिज बालको भयले तिमी काँप्नुपर्दैन। वेइजिङ्का बख्खु बोलमा तिम्रो जिब्रो लड्खडाउँदैन। प्याङयोङ मने बङ्गुर तिम्रो सामु कतै खडा हुँदैन।

कोमल पातका हातले तिमीलाई निरन्तर स्वागत गरिरहन्छन्। सतर्क आँखामा तिमी सहजताका गर्भबाट जन्मेका असङ्ख्य सौन्दर्यका खात अँगाला भरी भरी बोकेर तिमी आफै सगरमाथा हुनेछौ, तिमी आफै ह्वाइट हुनेछौ, तिमी आफै त्यो कञ्चन आइफल हुनेछौ जहाँ अस्वस्थ्य प्रतिस्पर्धाको स्वर सुनेर भित्तो छाम्दै सुरक्षाको बटम दबाउनुपर्दैन।

स्वतन्त्र स्वच्छ सांसारिक विचरणको मन मान्छे मान्छे हो । निर्बाध, निरवच्छिन्न, निरन्तर तिम्रो पाइतालाका पञ्जा बनेर मेरो आइफल भिउप्वाइण्टले लामास्वारा फैलाइदिएको छ । पवित्र मनको उतुङ्ग जादू अन्नपूर्ण मुटुमा उभ्याइदिएको छ। तेर्सो शीतल तेर्सोको जहाँ वरिपरि दुवाका पातपात र टुप्पामा समेत शीतका थोपाहरू टल्पलाउँछन्, जसका दायाँ किनारामा फाट्टफुट्ट यात्रु बेञ्चहरू लमतन्न ओच्छिएका छन् जसमा बसेर फैलिएका विस्फारित नयनले सिङ्गो पोखरा आफ्नै क्यान्भासमा अटाउँछ, अन्नपूर्णको अग्लाइ चुम्छ, कालिकाको मुटु छँदै छ, भिउप्वाइण्ट नायक बनेर उभिएको छ- विनाफाइट, विनाहल्ला, विनाचिच्याहट, विनाहिंसा, विनाभिलेन दुई नायिकालाई विनाछलछाम पत्नीकै रूपमा वरण गरेर निश्चिन्त अवस्थित यस नायकलाई तिर्खा लागे जेष्ठ





नायिका वा पत्नी वेगनासले आफै झारी बनेर जलसिञ्चन गर्छे, प्यास मिटाउन कान्छी नायिका वा पत्नी रानी आफै आद्य परम्पराको तामाको गाग्री बनेर पियाउँछे। सन्तान भोकाएको चिन्तामा नायक- भिउप्वाइण्ट इसार्छ। दुवै पत्नीलाई मृत्तिकाको गर्तभित्र पसेर पत्थर भिजाउन जसको उर्वरतामा अन्नपूर्ण अग्लन्छ, लामा स्वारा हरिया सारी पैरन्छे, सिङ्गो पोखरा अभिसिञ्चित हुन्छ- विउ उम्रन, बाली झुल्न जसका उमाइ र झुलाइले मान्छेका बन्द ढोकाहरू खुल्छन्, बन्द व्यापार फैलन्छन् सिङ्गै पोखरा जुर्मुराउँछ- स्वतन्त्रता, पताकामा, उन्मुतिका अनुहारमा तर त्यता कहिल्यै वनावटी आइफल अग्लन्न, हिंसाको यमराज बनेर ह्वाइट हाउस फैलन्न, रोकावटका डरलाग्दा तगारा बनेर वर्लिन ठडिन्न, चाइनिज बालको आवरण बनेर भूमिगत नरसंहारको होली खेलिन्न, आँखाको झिलिमिली बनेर प्याङयोङ्का वङ्गूरहरू पेट हल्लाउँदै तीखा दाह्रा तेर्स्याएर सामु देखिन्नन्। घुँडासम्म जलतरङ्गको उछाल टेकेर अभावका आँखामा भाव र निराशाका ओठमा उल्लासको मधुमुस्कान छम्कदै मेरो आइफल एक्लै कालिकाको काखमा उभिएको छ-अनन्त अग्लेर, अन्तसम्म न होचिने गरी।

रातोपुल, काठमाडौं।

≋


**नेपाल-साहित्य समाज**

**'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

१. २०६८ डिल्लीरमण शर्मा अज्याल
२. २०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
३. २०७० बुनू लामिछाने
४. २०७१ भुवनहरि सिग्देल
५. २०७२ लक्ष्मीकुमार कोइराला
६. २०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
७. २०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
८. २०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने

**'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

१. २०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी
२. २०६९ चिसाखोला आश्रम, पोखरा
३. २०७० भागवत् सन्न्यास आश्रम, पशुपति
४. २०७१ पवित्र समाज सेवा नेपाल, धापासी
५. २०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
६. २०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
७. २०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी
८. २०७५ द ओरफान होम, बाजुरा

**के तपाईंले हाम्रा साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**

# बुकिङ्ग र धनकुटा

**खनाल मेघनाथ 'बन्धु'**

पढेर भन्दा हेरेर, हेरेर भन्दा गरेर जानिन्छ भन्ने शिक्षाको मान्यताअनुसार हामी श्री बुद्ध आदर्श माध्यमिक विद्यालय बुधवारे झापामा कक्षा ९ मा अध्ययन गर्ने साथीहरू धनकुटा (तत्कालीन पूर्वाञ्चल विकास केन्द्र) शैक्षिक भ्रमण जाने निधो गर्‍यौं । हाम्रा साथमा हाम्रो सुरक्षा तथा निर्देशनका लागि गुरु नेपाल सो भ्रमणमा सहभागी हुनुहुन्थ्यो । यो भ्रमण वि.सं. २०३४ वैशाख महिनामा हामी ३० जना विद्यार्थीहरू सहभागी हुने भयौं । कतिपय साथीहरू र गुरुले मलाई नजाने भनी अनुरोध गर्नुभयो किनभने धनकुटा पहाड भएकाले उकालो हिंड्न नसक्ने फेरि म सबैभन्दा सानो भएकोले पनि साथीहरूले त्यसो भनेको हुन सक्छ । एकजना मित्र (चन्दन श्रेष्ठ) ले त 'यो फुच्चे हिंड्न नसके बुकिङ्ग गरेर फिर्ता पठाइदिन्छु । यसलाई मात्र होइन सबैलाई बुकिङ्ग गरिदिन्छु' भने तर मलाई विश्वास थियो म जान सक्छु किनकि म इलाममा हुर्केको हुँ ।

हामी ट्याक्सी चढेर बिर्तामोड आयौं । बिर्तामोडबाट धरानको बस समात्यौं । करिब १ बजे धरान बसपार्क पुगियो । धरान नगर पुरानो र लाहुरेको शहर भनेर कतिपयले हामीलाई सुनाएका थिए । एक जना साथी छुटेको हुँदा फुस्रे पुगेर पर्खने वा बजारमै डुल्ने भन्ने बारे छलफल हुँदा फुस्रेमै पुगेर पर्खने निधो गर्‍यौं । हामी फुस्रे पुग्दानपुग्दा छुटेका मित्र पनि आइपुगी हाले । हामी खुसी भयौं । हामीले कारमा चढेको देखेर सोध्यौं 'तपाईंलाई कारमा कस्तो अनुभव भयो ?' साथीले उत्तर दिनुभयो 'बस चढेपछि कारमा चढ्नु भनेको घोडा चढेपछि सुँगुरमा चढ्नुजस्तै हुँदो रहेछ ।' हामी सबै हाँस्यौं ।

समय बचत भएपछि हामी चिउरीबासतर्फ लाग्ने निधो गर्‍यौं । चिउरीबास जान उकालो चढ्नुपर्ने भयो । उकालो चढ्दै, वरपरको दृश्य हेर्दै, गफ गर्दै, कही चौतारामा बस्दै, सुस्ताउँदै हाम्रो यात्रा बढ्दै गयो । हामी यात्रामा ४/५ समूह भयौं । राम्ररी उकालो चढ्ने साथी निकै माथि माथि घुम्तीमा देखिन्थे । कोही अलि तलतिर हामी बीचमा हिंड्न नसक्ने र गाह्रो मान्ने निकै तल देखिन्थे । यही रूपले अगाडि बढ्दा अगाडिका साथीहरू ५ बजे चिउरीबास पुगे, हामी करिब ६ बजे पुग्यौं र हिंड्न नसक्ने साथीहरू ७:३० बजे पुगे । सबै भेला भएपछि बेलुकाको खाना खाएर करिब १० बजे निद्रादेवीको शरणमा लीन भयौं ।

बिहानको नित्यकर्म सकेर हामी उकालो लाग्यौ । केहीबेरको उकालो चढेपछि हामी साँगुरी भन्ज्याङ पुग्यौं । यस ठाउँबाट दक्षिणतर्फ हेर्दा सम्म मधेश धरान बजार देखिन्थ्यो भने उत्तरतर्फ लेउती खोला र वरिपरिको पहाडी दृश्य





देखिन्थ्यो । यस्ता पहाडी दृश्यबाट मन मुग्ध हुन्थ्यो । मलाईभन्दा बढी अझ तराईका साथीहरूलाई लोभ्याउँथ्यो । साँगुरीबाट हामी ओरालो लाग्यौं । बाटामा पहाडै भए पनि पसिना चुहिएका परिश्रमी भरिया दाइहरू भेटिन्थे । उनीहरूले धरानदेखि धनकुटाका लागि नून, मट्टितेल, कपडा, मरमसाला ढाकरमा बोकेका हुन्थे । आफ्नो दैनिकी चलाउन र परिवारका आवश्यकता पूरा गर्नु उनीहरूको बाध्यता थियो । हामी भारी नभए पनि हिंड्न नसक्ने तर उनीहरू भने ६०/७० के.जी.को भारी बोकेर हिंडिरहेको देख्दा साथीहरूलाई खिन्नता पनि जाग्थ्यो ।

बाटोको दृश्यावलोकान हेर्दै लेउती खोलालाई कहिले दायाँ कहिले बायाँ कहिले किनारै किनार पार्दै हाम्रो यात्रा अगाडि बढ्थ्यो लेउतीखोला उत्तरतर्फ बग्ने धेरै खोलाहरूमध्ये एउटा हो भनी गुरुले बताउनुभयो । निकै बेर को यात्रा पछि हामी लेउतीलाई छोडेर मूलघाट पुग्यौं । मूलघाटमा पुग्न तमोर खोला तर्नुपर्थ्यो । खोलामा झोलुङ्गे पुल भए पनि पुल पार गर्न कर (Tax) तिर्नुपर्दो रहेछ । मानिसको प्रतिव्यक्ति १० पैसा, हाँसकुखुराको ५ पैसा, गाईगोरुको १५ पैसा, भैंसी, राँगा, घोडाको ५० पैसा तिर्नुपर्दो रहेछ । हामी विद्यार्थी भएकाले हाम्रो जम्मा रकममा २ रूपैया छुट भएको जानकारी गुरुले दिनुभयो । मूलघाटमा हामीले बिहानको खाना खायौं । मूलघाटबाट फेरि उकालो चढ्नुपर्ने थियो । बाटामा कुनै बस्ती देखिएन र पानी पनि पाइएन । निकै बेरको उकालो चढेपछि हाम्रो मुख सुकेर शिथिल भएको अनुभव भयो तर पनि हाम्रो यात्रामा हामी थाकेर हुँदैनथ्यो । केही अगाडि बढेपछि एउटा रमितेडाँडा भन्ने ठाउँ आइपुग्यौं । यो ठाउँमा पानी बिक्री गर्ने रहेछन् । पानी बिक्री गर्नुहुँदैन भनेर एक चिया गिलासमा १/२ बिर्को सुन्तला कागतीको रस मिलाएर १ रूपैयामा बिक्री गरिंदो रहेछ । हाम्रो पानीको सन्तुष्टि लिने मौका भएकाले हामीले हाम्रो गच्छेअनुसार पानी पियौं र वरिपरिको दृश्यावलोकन गर्दै उकालो लाग्यौं । साँझ करिब ६ बजे हामी धनकुटा पुग्यौं । हाम्रो अपेक्षाको शहर पूर्वाञ्चलको केन्द्र देखेर आनन्दित भयौं । एकातिर चिन्ता पनि थपियो, कहाँ बस्ने भनेर ? गुरुले एउटा विद्यालय ( गोकुण्डेश्वर नि.मा.वि.) को कोठा बन्दोबस्त गर्नुभएछ । साँझ ९ बजे खाना खाएपछि भोलिपल्टको योजना बनाउँदै थकित भएकाले छिटै निन्द्रादेवीका काखमा पल्टिन पुग्यौं ।

अर्को दिन बिहान ८ बजे गोकुण्डेश्वर प्रा.वि. अवलोकन गर्न गयौं र खाना खाएपछि २ बजे गोकुण्डेश्वर व्यावसायिक माध्यमिक विद्यालयको अवलोकन गर्न पुग्यौं । यो विद्यालयमा व्यवसायिक विषय ३ वटा (शिक्षा, वस्त्र सिलाइ बुनाइ र सायद कुखुरापालन) ४०० पूर्णाङ्कको पढाइ हुँदो रहेछ । विद्यार्थीहरू सबै विषयमा निकै चाप रहेको पायौं । यो जिल्लाको मात्र नभएर अञ्चलकै उत्कृष्ट विद्यालय रहेको भनी त्यहाँका गुरुहरूले बताउनुभयो । एउटै नामका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालय छुट्टाछुट्टै ठाउँमा पढाइ हुने विद्यालय योभन्दा पहिले हामी कसैले पनि देखेका थिएनौं । त्यसैले पनि यो

विद्यालयलाई एउटा नमूनाका रूपमा लियौँ । प्राथमिक विद्यालय टुँडिखेलभन्दा केही तल, निम्नमाध्यमिक विद्यालय टुँडिखेलको केही उत्तर र माध्यमिक विद्यालय रहेको ठाउँ बजारको बीच रहेछ । यसरी अलग ठाउँ रहेर एउटै नामले चलेको सायद विद्यार्थी चाप भएर नै होला ।

अर्को दिन हामी वीरेन्द्र पार्क, सल्लेरी वन र केही कार्यालयहरू क्षे.शि.नि., जि.शि.का. आदि घुमफिर गर्‍यौं । सल्लेरी वनको सुरक्षाका लागि वरिपरि गहिरो खावा थियो । त्यो खाबालाई अग्निरेखा भनिँदो रहेछ । यसले बाहिरबाट आगलागी बढ्दै आएमा सल्लेरी वनभित्र जान रोक लगाउँछ भनी त्यहाँका सुरक्षाकर्मीले बताए । अर्को दिन खाना खाएर हाम्रो टोली कृषि अध्ययन अनुसन्धान केन्द्र पाखीबास जाने भयो । धनकुटाबाट केही उकालो चढेपछि सानो बजार हिले पुगियो । हिलेबजारबाट पाखिबास जान देब्रेतर्फ ओरालो लाग्नुपर्दो रहेछ । करिब ११ बजे हामी पाखिबास पुग्यौँ । सम्पर्क कक्षबाट अनुमति लिएर गेटमा प्रवेश गर्‍यौं । गेटमा निकै चुना पोखिएको थियो । गेट किपरले सबैको खुट्टामा हेर्दै चुना कुल्चेर मात्र भित्र प्रवेश गर्ने अनुमति दिए । बुझ्दाखेरि बाहिरका मानिस भित्र प्रवेश गर्दा गोडाबाट प्रशस्त जीवाणु (परजीवी) जाने रहेछन् । जसले भित्रका जीवजन्तु र कीटलाई असर पार्दो रहेछ ।

कम्पाउण्डभित्र पसेपछि निकै रमाइलो अनुभव भयो । त्यहाँ एकातर्फ मौरीका घारहरू, माहुरीहरू रस लिन जाने र ल्याउनेका भुनभुन गुञ्जन अर्कातिर वरिपरिको पहाडी हरियाली । हामीले सबभन्दा पहिले मौरीको अवलोकन गर्‍यौं । त्यहाँ विभिन्न जातका मौरीहरू थिए । त्यसपछि बाख्रा पालन कक्षतिर लाग्यौं । यहाँ पनि विभिन्न जातका बाख्राहरू रहेछन् । यहाँबाट बाख्राहरू धेरैतिर बिक्री गरिदाँ रहेछ । टाढा टाढाबाट बाख्रा किन्न यहाँ आइपुग्दा रहेछन् । त्यसैगरी गाईपालन कक्षतिर लाग्यौं । गाईका पनि विभिन्न जात दुधालु रहेछन् । गाईहरूले उग्राउँदै घाँटी तन्काएर हामीलाई स्वागत गरिरहेका थिए । यसले हामीलाई के दिलायो भने कृषि व्यवसायबाट प्रशस्त फाइदा लिन सकिन्छ ।

यी जीवजनावरका अवलोकनका साथ साथै हामीले वरिपरिको हरियाली शृङ्खला, पहाडको सुरम्यता अवलोकन गर्ने मौका पायौं । यहाँका मित्रहरूले हामीलाई वरिपरिको ठाउँबारे पनि बताउनुभयो । यो अवलोकनपछि हामीले पुनः धनकुटा फर्किने निधो गर्‍यौं । केही साथीले तेह्रथुम म्याङ्लुङ जाने भनी कर गर्नुभयो तर गुरुले हामीसँग समय नभएको बताउनुभयो र हामी धनकुटा नै लाग्यौं । केही साथी आँखा छलेर म्याङ्लुङ जानुभएछ, यो कुरा बेलुका मात्र थाहा भयो । अर्को दिन साथीहरू नभएपछि हामी बजार घुम्यौं । साँझ साथीहरू पनि आइपुग्नु भयो । हाम्रो सरसल्लाह भएपछि हामी अब धरान तर्फ लाग्ने भयौं । बाटोमा पहिले झैँ साथीहरूको समूह फरक फरक भयो । अगाडिको समूह ५ बजे नै चिउरीबास पुग्यो । म सामेल भएको समूह करिब ६ बजे पुग्यो भने अर्को समूह ९ बजे मात्र पुग्यो । सबै जम्मा भएपछि साथीहरू बीच झन्डै





कुटाकुटको स्थिति सिर्जना भयो । कारण के हो भने हिँड्न नसक्ने मध्ये एकजना मित्र (चन्दन श्रेष्ठ) को समूह थियो । उनको आरोप थियो कि सबै सँगै नहिडेर किन अघिपछि ? सरलाई किन छोडेको ? नसक्ने भनेर साथीको साथ छोडिदिने ? के विद्यार्थीको अनुशासन यही हो ? भन्थे । छिटो हिँड्ने साथी पहिले त केही बोलनन् तर जब अघि सर्दै ठूलो स्वरले बोलेपछि उत्तर दिए, 'ढिलो हिडे बुकिङ्‌ गरिदिने भनेपछि हामी के चुप लागेर बस्ने ? किन पछाडि बस्ने ? केही गर्दा पनि हामीलाई सुख नदिने ।' भनेपछि पाखुरा सुर्कासुर्की भयो । गुरुले र साथीहरूले दुवै पक्षलाई सम्झाएपछि शान्त भयो र साँझको खाना करिब १२ बजे मात्र खाइयो ।

अर्को दिन बिहानको नित्यकर्म सकेर हामी धरानतर्फ ओरालो लाग्यौं । फुस्रे पुगेपछि बेलायत सरकारले धनकुटा जानेबाटो एकदमै राम्रो बनाएको सुनेकाले हेर्न गयौं । पहाडको कटाई देखेर बाटोको स्तरीयता थाहा भयो यो एकदमै राम्रो रहेछ । यसपछि हामी धरानको प्रसिद्ध तीर्थस्थल दन्तकाली र बूढासुब्बा मन्दिर हेर्न गयौं । यी मन्दिरहरूको दृश्यले हाम्रो मनले आनन्द तुल्यायो । बूढासुब्बामा एउटा अनौठो दृश्य पनि देखियो । कस्तो भने यहाँको बाँसको टुप्पो हुँदो रहेनछ । यो अचम्म दृश्यले हामीलाई कौतूहलता जागृत गरायो । कारण के रहेछ भने बूढासुब्बा तराईतिर घुम्न आएछन् । राती यस ठाउँमा बास बसेछन् । आफू राती नै परमधाम पुगेछन् भने छेउमा उनले गुलेली गाडेछन् । त्यो गुलेलीले जरा लगाएछ र हाँगा हालेछ । पछि यही झाँगिदै गएर टुप्पो नभएको बाँसको झाँग बनेछ । यसै ठाउँमा हामी अर्को ठाउँ पिण्डेश्वर क्याम्पस घुम्न गयौं । वरिपरिका रुद्राक्षका बोटहरूको दृश्यले सबैलाई लोभ्यायो । यसपछि हाम्रो भ्रमणदल बस चढेर कृषि अध्ययन केन्द्र तरहरा पुग्यो । तरहरा एउटा कृषि केन्द्र रहेछ । यहाँ बङ्गुर, सुँगुर, भैंसीपालन गरिँदो रहेछ । यहाँका सुँगुर र बङ्गुर यति ठूला थिए कि उठेर पनि हिँड्न पनि नसक्ने अवस्थाका । यति मोटा बङ्गुर सुँगुर कही कसैले देखेका थिएनौं । त्यहाँका विशेषज्ञले व्यावसायिक रूपमा पाल्नेले यसै गरी पाल्नुपर्छ तब मात्र फाइदा लिन सकिन्छ भनी बताउनुभयो । यसबाट हामीलाई के ज्ञान भयो भने पशुपालन व्यवसायबाट पनि प्रशस्त फाइदा लिन सकिने रहेछ ।

हाम्रो भ्रमण दलको यो अध्ययनपछि सम्पूर्ण घुम्नुपर्ने ठाउँ सकिएको जानकारी गुरुले दिनुभयो । हामी इटहरी आएर बिर्तामोडको गाडीमा चढ्यौं । बेलुका साँझ करिब ४/५ बजे विद्यालय पुग्यौं । सबैजना सकुशल पुगेकोमा गुरुले हामीलाई धन्यवाद दिनुभयो र हामी आ-आफ्ना घरतर्फ लाग्यौं । यो भ्रमणबाट अहिले पनि मलाई बुकिङ्‌को कुरा सुन्दा त्यसै बेलाको याद आउँछ भने धनकुटा पनि पहिलेको गाडी नपुगेकै बाटो हिड्नुपर्ने हो कि भन्ने सम्झना आउँछ ।

जितपुर ५ इलाम, हाल : धनगढी ।

# मृत्युको छायाँमा खुशी मनाइरहेछ जिन्दगी

दामोदर पुडासैनी 'किशोर'

अनिश्चय छ र पो आनन्द बन्छ जिन्दगी ।

लाङ्दुक, तिमी र म उस्तै उस्तै रूपमा ब्युँझियौं सखारै । पाँडको एक खण्डमा हामी चार भाइ लहरै सुतेका थियौं, अर्को खण्डमा दुई बहिनीहरू चरा जसरी चाँईचाँई चुँईचुँई गरिरहेथे । तिमी रातभरिको पानीले नुहाएर ताजा र जोसिली बनेकी थियौ । म अघिल्लो दिनको थकाई तिमीलाई नै सुम्पेर हल्का र जाँगरिलो बनेको थिएँ । तिमी पानी र हिउँका भुल्लाहरूले शीतल बनेकी थियौ, म अघिल्लो साँझ भिजेका कपडाहरू पहिरेर लुगलुग काम्दै थिएँ ।

तिमीसँगै म उठ्दा हामी दुवैलाई उमङ्गित पारेथ्यो अपी, शैपाल र अरू हिमालका हँसिलो मुहार र त्यतैबाट आएका मगमगाउँदो हावाका झोक्काहरूले । अझ दक्षिणपूर्वकी मारूगोर हिमाल त मुसुमुसु मुस्कुराइरहिन् हामीलाई देखेर ।

'लु...हाउ...हि...छुम्' त्यस्तै त्यस्तै आवाज आइरहेछ छिरिङ दाइको घर मुन्तिरको बाटोबाट । भ्या.....भ्या....पनि गर्दै छन् । उठेर हेरें । सयौं भेडाका हुल पो रहेछन् । प्रायः सबै भेडाका पिठ्यौंमा दुई पोकाहरू बोकाइएका छन् । पछि पचास जति खच्चरहरू पनि भारी बोकेरै उकालो लगिरहेछन् । भेडा होस् वा खच्चर, ढिलो हिंड्नेलाई सिम्केनाले सुईठ्याउँन छोडेका छैनन् गोठालाहरूले । अघिल्लो दिन पानीले भिजेका बाटोमा भेडा र खच्चरका खुरले अमूर्त चित्र बनाइरहेछन् । उनीहरूको बँडकौला र लितीले रङ्को काम गरिरहेछ चित्रहरूमा ।

'गाडी हुन् यिनीहरू हुम्लाका, यिनीहरूले भारी नबोके नून नभेटेरै मर्नुपर्छ गाउँ गाउँमा । भोटतिरबाट पनि ल्याइन्छ, सिमकोटबाट पनि ओसारिन्छ'- छिरिङ्दाइ बताउनुहुन्छ ।

'ए त्यसो भए हुम्लाका ट्रक पो रहेछन् यिनीहरू त । खच्चर ट्रक, भेडा मिनिट्रक होइन त ?'- म र दाइ दुवै हाँस्छौं । मान्छेको खुशीको लागि मरिमेटेका छन् भेडा र खच्चरहरू पनि । सकुञ्जेल भारि बोक्यो, नसकेपछि कसैको अँगेनामा उसिनियो, कसैको थाल र बटुकाबाट वाफ निकाल्यो र मल बनेर माटोमा मिसियो । लेकभरिको यार्सागुम्भाका मुहुनाहरू टोके पनि के अर्थ, खर्क भरिका पाँचऔंले, कुट्की र पाखनवेद कोपरे पनि के अर्थ । बाँच्नुनै मर्नका लागि, एउटा सूत्र सल्वलाइरहेछ तिनका ताँतीहरूमा ।

चिया पाकेको खरूर आउँछ । एक काठे लिस्नुबाट झर्छौं हामी । भाउज्यूले चौरीको घ्यू र सिन्धे नून हालेको भोटेचिया तयार गरिसक्नुभएको रहेछ । कायोल नामको ग्लाँसजस्तै काठको भाँडोमा चिया पिउन सुरु भयो ।





कायोल खाली भयो कि भाउज्यूले चिया थपिहाल्ने । अँगेना वरिपरि बसेर घन्टौंसम्म चिया थपीथपी खाने भोटे संस्कृतिको विशेषता नै रहेछ । विष्णुजी र मैलेबाहेक अरू साथीहरूले त चियासँगै उवाको छ्याङ् पनि खानुभयो ।

'बिहानै छ्याङ् ?'- मैले सोधें ।

'चिसो मेटाउन चिया, थकाइ मेटाउन छ्याङ् राम्रो हो नि'-स्पष्टीकरण भाउज्यूको । अन्न अभावको अत्यासमत्यास उग्र छ तिमीमा तर लेकभरि लटरम्म झुलिरहेका यी चियाहरूलाई किन आफू र अरूको तृप्तिको लागि आत्मोत्सर्ग गराउँदिनौ । आफ्नै आङ्मा गाई हुँदाहुँदै किन मूसा खोज्न भौंतारिइरहिछ्यौ । म चकित छु, तिमीलाई देखेर ।

सङ्कटको साँझ बास पाइयो । अब त हिंड्नु नै छ । हामी बिदा माग्ने तर्खरमा छौं । कुन क्षणमा कोसँग भेटहुन्छ, कहिले कहाँ पुगेर बस्नुपर्छ कस्लाई थाहा छ र ? अघिल्लो दिन लाङ्दुकमै बासपर्छ भन्ने पनि कहाँ सोचेका थियौं र हामीले । भेट नभएको भए कहाँ चिनजान हुन्थ्यो र छिरिङदाइको परिवारसँग ।

छिरिङ दाइकोमा बसे पनि लाङदुकका दश बाह्र घर नै त्यस्तै आत्मीय त्यस्तै मायालु होलान् भन्ने अड्कल छ मेरो मनमा । मलाई तिमी पनि राम्ररी मन पऱ्यौ है लाङ्दुक । सिमकोट आउँदा यता पनि आउँदै गर्नुहोला । म पनि काठमाडौं आउँदा भेटौंला । छिरिङ कान्छो लोग्ने हो मेरो । जेठो र माइलो लोग्ने त उतै बौद्धतिर बस्छन्'- बहुपति प्रथाको सामान्यीकरण देखिन्छ भाउज्यूबाट ।

'छोराछोरी कति छन् नि ?'- विष्णुजी कोट्याउनुहुन्छ ।

'तीन लोग्नेबाट तीन छोरा, योचाहिं माहिलाको हो । जेठो र कान्छोतिरको लामा पढ्न इण्डिया गए'- बारीका स्याउझैं हँसिली छन् । पत्नीले जुन लोग्नेको भनेर चिनाइन उसैको सन्तान मान्ने चलन रहेछ बहुपति प्रथामा ।

छवटै टाउकामा चौरीको घ्यू दलिदिनुभयो आमाले । शरीर स्वस्थ्य होस्, रामो सोच्न आओस्, आँटेको काम पूरा होस्, इज्जत टाढा टाढासम्म फैलियोस्- त्यस्तै त्यस्तै आशिर्वाद दिनुभयो आमाले । बोतलबाट उवाको छ्याङ खन्याउँदै टाउको भरि दलिदिनुभयो भाउज्यूले । पाहुना बिदाइ गर्ने भोटिया संस्कार रहेछ त्यो । 'सर र म्यामले अघि मुखले छ्याङ नखानु भएको होइन, अहिले टाउकाले खाइहाल्यो'- जिस्काउनुभयो सुमन र विशालले ।

'एबुदुत'[१]- साथीहरूले भन्नुभयो । 'एबुसोङ'[२]-आमा र भाउज्यूले भन्नुभयो । हामी हिंड्यौं । छिरिङ दाइको आँगनबाट ओर्लदा बिहानको आठ अङ्कित थियो घडीमा । पहिरेका कपडाहरू नसुकेकाले हिंड्न अप्ठेरो छ हामीलाई । तै घामले सुमसुम्याइरहेकोले आनन्द आइरहेछ । तिम्रो शिरमा ताजजस्तै सजिएको पञ्चमुखी हिमालको सेताम्य संसार देख्दा मन त्यसै त्यसै खुशीले कुतकुतिएको छ । तल बाँयातिर सिमकोट बजारले घरिघरि तिमी हामीलाई नियाल्छ । अझ तल दक्षिणतिर खोंचमा खार्पुनाथ छ जहाँ दोज्याम र हुम्ला कर्णाली मिलिरहेछन् । पूर्वतिर ठेहे र पश्चिम उत्तरतिर हिल्दूम गाउँहरू गुचुमुच्च बसेका देख्दा तिनीहरूसँग पनि

मितेरी लगाउन पाए हुन्थ्यो भन्छ मनले । तिम्रै आँगनमा स्वदेशी र विदेशी मित्रहरूलाई कयौं रात बास बसाउन पाए, तिम्रै खोंच, खोल्सी र पानीढलोमा उम्रेका जरा बूटाको महत्त्व दर्शाउँदै सुप र तेलको स्वाद चखाउँन पाए, हिउँभन्दा धेरै बर्सन्थ्यो स्वदेशी र विदेशी पैसा । आफूसँगैको श्रीखण्ड फ्याँकेर अरूसँग उत्तिसको स्याउला माग्नु कत्रो दुर्भाग्य ।

बाटाहरू जिन्दगी जस्तै छन्- उकाला, ओराला, घुमाउरा र सम्म । एकै किसिमका मात्र बाटाहरू हुने हो भने कति निरस हुन्थ्यो होला यात्रा ? हिल्दूमको ओरालोमा मैले टेकेको ढुङ्गा खस्कियो । घुसमुटिएर दुई बल्ड्याङ खाएँ मैले । जङ्जीले च्याप्प समातिहाल्नुभयो र मात्र, नत्र थडथिलो हुन्थे होलान् मेरा हाडखोडहरू । लड्नुको बेग्लै मजा हुन्छ उठेपछि । त्योभन्दा अप्ठेरा भीरहरूमा केबलकार जोडेर संसारभरका मान्छेहरूसँग पैसा असुलीरहेको देखेथें मैले युरोपको मँ ब्लँ हिमाल र जापानको ओसाका वरिपरि । अप्ठेरोलाई आश्चर्य दर्शाउन सके पो सोहोरिन्छन् सबैतिरका मान्छे । सरसफाइ र लवाइ खवाइले नसजाइ आमालाई खुन्द्रीबूढीको रूपमा मात्र राख्ने हो भने कहाँ उज्यालिन्छन् र कसैका पनि दिनहरू । ढुङ्गा, माटो, उकालो, ओरालो, वनस्पती, जीव जे भने पनि आश्चर्यपूर्ण छन् तिमीसँग । त्यतिका गहना बगर बनेर गुल्टिरहेका देख्दा उकुसमुकुस बनेको छु म ।

घोडा, चौरी र भेडाहरू जतासुकै चरिरहेछन् । शान्त पाखाहरूमा वस्तुभाउको सल्बलाहटले एउटा तरङ्ग फैलिरहेछ । 'छ्याग्भुलो'[३]- मैले अलिअलि जानेको हुम्ली शब्दमा अभिवादन गरे । एक दाइ र एक दिदी ढुङ्गा चिनेर बाटो बनाइर हनुभएको रहेछ । दाइले पनि हात जोरेर बोल्नुभयो- 'छ रिङ छ्याग्लामा कोञ्ज्याग्ला फूल ।'[४]

'यबु होता ?'[५]- मैले के के न हुम्ली भाषा जानेझैं फेरि बोलें । त्यसपछि मसँग हुम्ली भाषाका कुनै शब्द थिएनन् । दाइ दिदीलाई भने मैले राम्रैसँग हुम्ली बोल्न आउँदोरहेछ भन्ने लाग्यो क्यार । 'यवु'[६]- त्यसपछि उहाँहरूले बोल्नुभएको केही बुझिनँ । गाउँ छेउमै त्यस्तरी बाटो बिग्रिएको छ । गाउँले कसैले बाटो बनाएनन् । बाटो बनाउनु र बाटो देखाउनु जस्तो ठूलो धर्म अरू केही छैन । अस्तिमात्र पनि एक गोरखाली यहींबाट चिप्लेर घाइते भए, झुमा र झोपा त कति मरिसके, द्यौता पुज्नुभन्दा बाटो खन्दिएको बेस । त्यसैभएर हामी बूढाबूढीनै यो काममा लागेको । तिमीहरूको धर्म पनि अलिकति चोर्छौं होला हगि हामीले ?' दाइ हाँस्न थालेपछि सबै अर्थ्याउनुभयो साथीहरूले ।

'जिन्दगीमा कसले देखाएको बाटोमा हिंड्नुपर्छ, कसलाई बाटो देखाउनु पर्छ, टुङ्गो कहाँ छ र'- सोचें मैले । अरूले देखाएको बाटोमा हिंड्नुभन्दा आफैंले नयाँ बाटो बनाएर अरूलाई डोऱ्याउन सक्नु कत्रो सफलता- थप सोच सङग्रालियो । 'आम्मै कति राम्री'- आँखै सामुन्ने तस्बिरझैं उभिएकी बुराउँसे देखेपछि लोभिएँ म । 'अघिसम्म लाङ्दुक राम्री, अहिले बुराउँसे ।'





'सर पनि, 'घामदेखे घाम राम्रो, जूनदेखे जून राम्रो', हिमाल देखे हिमाल राम्रो, नदी देखे नदी राम्रो, बादल, अँध्यारो, उज्यालो सबै राम्रो । यत्तिको सँगै हिंडियो कुनै बेला केही नमीठो र नराम्रो मान्नुभएको देखिन'- मेरो बारेमा आँकलन विष्णुजीको ।

'जिन्दगीका हरेक भेटमा खुशी हुन सक्नुपर्छ विष्णुजी, नत्र त दुःख बढिहाल्छ नि । प्रकृतिका हरेक कित्तामा रमाउन नसक्नेहरूको भागमा परिरहन्छ पीडा । म अप्ठ्याराहरू माझमा खोज्न चाहन्छु खुसी'- दर्शनको एक झोंक्का निकालें मैले । छोर्तेनका लहर छन् बाटाहरूमा । बौद्ध मन्त्रहरू कोरिएका छन् तिब्बती भाषामा । भोकले पिल्सिरहेका ती बस्तीहरूमा; ढुङ्गामा छोर्तेन कुँद्नुको औचित्य पुष्टि हुन्छ हुँदैन, अलमलमा छु म । संस्कारको झीरमा उनिएपछि मुस्किल नै पर्छ निस्कन जो कोहीलाई पनि । छ्वाङछ्वाङती खोलाहरू खसिर हेछन्, पाइला पाइलामा । खै, तिनको सदुपयोग ? सदुपयोग नगर्ने हो भने कहाँ चपाउन मिल्छ र सुनलाई पनि ?

बुराउँसे गाउँको माझमा पुग्दा अंशुझैं खुलेको छु म पनि । भिरालोमा अडिएका थेप्चा घरहरू । घर वरिपरि फापर र चोतीले ढाकेका बारिका पाटाहरू । घर अघिल्तिर लटरमम्म फलेका स्याउका रूखहरू । मान्छेहरू पाँडबाट हेरिरहेछन्, बाटा बाटा कुदिरहेछन् । भित्रको व्यथा नबुझ्दासम्म असाध्यै सुन्दर देखिन्छ गाउँ । 'हामीलाई स्याउ बेच्ने हो, बहिनी ?', उकालो र भोक दुवैलाई शान्त पार्ने जमर्को मेरो ।

'बेच्ने छैन, खान्या भए दिन्छौं'- कति सरल छ बहिनीको जवाफ ।

'हम आँटो खान्या, फाटो लाउन्या' ले दिएको के खान्या हौ र गोर खालीले'[७]- अर्की बहिनी स्याउको स्याउलाले मुख छेक्दै हाँसिन् ।

'आऊ पो गाला मारूँ', क्यान टिप्दो हौ स्याउ'[८]- अलि छेडखान छ जङ्जीको बोलीमा ।

स्याउ टिप्दै छन् एकै बोटबाट पाँच छोट्रीहरू । उनीहरूले बाह्र दाना स्याउ दिए । हामीले डिलमा बसेर चपायौं । पैसा दिन खोज्यौं । लिन मानेनन् ।

'खाना खायौ ?'- मैले सोधें ।

'स्याउ पाएपछि के को खाना खानु, बरु यही पनि सकिन आँट्यो र पो । घरमा आँटो छैन, स्याउ सकिएपछि के पो खाने हो'- बहिनीहरूका छातीका वेदनाहरू फुत्रुक्क ओर्लिए हाम्रा कान र मनामा । उनीहरूको छाक धान्ने मेलो पो लुटेछौं हामीले । थक्क थक्क लाग्यो मलाई । घरमा खाने खानेकुरा छैन । बारीमा फलेको फलफूल बेच्नु वेइज्जती ठान्ने कस्तो चलन । आङ ढाक्ने धराहरू जीर्ण छन् पाँच छोट्रीहरूको । एउटीले झुत्रो पोते पहिरेकी छिन्, दुईवटीले 'अठुर्नी'[९], 'सुकी'[१०] र 'पाँचनी'[११] को माला लगाएका छन् । सबैले नाम मात्रको चोली लगाएका छन् । कम्मरमा 'ठेटुवा'[१२] पेटीकोटजस्तो फरिया लगाएका छन् । झ्याङ प्वाल छन् सबै कपडा । लाज ढाक्नका लागि लगाएका हुन् परिधान

तर प्वाल प्वालबाट निस्केका छन् लाजका गहनाहरू । लाज ढाक्न स्याउका सेउलाको आड लागेका स्पष्ट बुझ्यौं विष्णुजी र मैले । विकसित मुलकुमा खात नै खात कपडाले थिचिएर निसास्सिएका मान्छेहरू 'नो प्यान्ट्स सबवे राइड'[१३] अभियान चलाइरहेछन् । उनीहरू नाङ्गा तिघ्रा प्रदर्शन गर्छन् । छोटा र फरक ढङ्का कपडामा सजिने मान्छेहरूको होडबाजी चलिरहेछ । भड्किलो कपडाको कारण नारीहरू बलात्कारको शिकार हुने पुरुष टिप्पणीको रूिरोधमा उत्रनेको सङ्ख्या पनि बढेकै छ संसारभरि । उनीहरूले अनुमतिविना महिला शरीरको खुला भाग छुन नपाइने उद्घोषमा अर्धनग्न शरीर देखाउँदै 'स्लट वाक' अभियान चलाइरहेछन् । खान अन्न छैन, जाडो थेग्न वस्त्र छैन, लाज ढाक्ने कुरा अझ पर छ हुम्लामा । उता गायिका वियोन्सेको कपालको स्टाइल र प्वाइन्टेड हिल जुत्ता, नायिका क्रिस्टन स्टुवअर्टको अफेयर, स्टार आर्नोल्ड र स्टालोनजस्ता एक्सन हिरोहरूको कपालको स्टाइल, केट विन्सलेट र स्याम मेन्डिस, हेली बेरी र एरिक बेनेट, जुलिया रोबर्टस् र बेञ्जामिन ब्रटका प्रेमिल क्षणहरूलाई ठूला ठूला अक्षर र तस्वीरमा माला उन्छन् संसारभरका सञ्चार माध्यमहरूले । गोल्ड, प्लेटिनम, सिल्भर र कपरका क्रिम र लोसनले फेसियल गराउन ब्युटिपार्लर र स्पामा धाउनेहरूको भीड छिचोलिनसक्नु छ हाम्रै शहर बजारमा । शहरियाहरूले एक पटक फेशियल गर्ने खर्चले हुम्ली दिदी-बहिनीहरूको कयौं छाक खाना टर्छ । जाडो र लाज ढाक्ने कयौं जोर कपडाको जोहो हुन्छ । यसलाई न सरकारले नै हेरेको छ न अरू क्षेत्रका जनताहरूले नै ।

कतै खानै नपाएर र कतै खाना नै नपचेर मर्ने अवस्था रहेसम्म के काँचुली फेरोस् देशले । उमेरले दिएका गहनाहरूलाई अलिकति छोपछाप नपारी असरल्ल छाड्ने बाध्यताको अगाडि गाँस, बास र कपासका अभियानभन्दा बाहेकले के अर्थ राख्न सक्छ र यो दुनियाँमा ।

तोर्पा होउ वा लाङ्दुक, हिल्दुम होउ वा बुराउँसे तिम्रो विपन्नतामा भित्रभित्रै भुटभुटिएको छु म । यति सुन्दर शरीर छ तिमीहरूको, डाँडाकाँडालाई जीवन दिनसक्ने यति उत्साही आँट छ तिमीहरूको तैपनि तिमीहरू केही नभएझैं उजाड बनिरहेछौ, कोही नभएझैं उदास देखिइरहेछौ । पचास वर्ष अघि तिमीभन्दा गएगुज्रेको थिइन् भन्थे जापानकी आन्नाका, मैले भेट्दा संवृद्धिका गहनाले गजधम्म थिइन् मोरी । तीस वर्ष अघि दाल चामल भेट्नु दन्त्यकथाको राजकुमार भेटेझैं मान्थिन् रे दुबहीले, मैले भेट्दा उड्ने, गुड्ने र पौडने महलहरूमा संसारको स्वाद चाख्दै रहिछन् । सय वर्ष अघिसम्म एक्लो संसारमा उकुसमुकुस बनिरहेकी न्युयोर्क नानी आँसुको ओसले टाक्सिरहिथिइन् भन्थे बुझ्नेहरू, मैले भेट्दा घाम, पानी, हावा, हिउँ जतासुकै खुशी छरिरहिथिन् । तिमी चाहिं नचुलिने कारण के छ र नचम्कने कुरा के छ र ? अरूको मुख ताकेर हुँदैन तिमी आफैं आफ्नो लागि उठ्नुपर्छ अब, हुम्ला ।

उदास मनमा उकालो चढ्नुजस्तो नमजा अरू केही हुँदैन, हामी केहीबेर





उकालो चढेर तलतिर झर्‍यौं । फेरि भेटियो हुमाने खोला । फेरि हिंडियो डालेचुकको जङ्गल नै जङ्गल । हुमाने एउटाबाट मात्र बिजुली झिक्ने हो भने कति छिट्टै हराउँथे तिम्रा दुःखका दिनहरू । डालेचुकको मात्र सर्वत, वाइन र सोमरस व्यवस्थित रूपमा बनाउने हो भने कत्ति छिट्टै फालहालेर आउँथे होलान् सुखका क्षणहरू । आफ्नै नाइटोमा वीना बोकेर सुगन्ध खोज्न हिडिरहेकी तिमीलाई छाम्दा म हिल्दूम खोलाभन्दा दुःखी बनेर तलतल झरिरहेछु ।

'सरको अनुहार र ब्यवहारमा दाइ भेटिरहेछु मैले । दाइको स्नेहमा उज्यालो लाग्दैछ संसार'- मेरो मौनतामा रङ्ग दिन खोज्नुभयो विष्णु बहिनीले ।

दाइ बन्नुको खुसी हिउँ जसरी फैलियो । 'बहिनी पाउनु मायाको खानी भेट्नु हो, संसारमा आड भेट्नु हो उत्साहको, हिमालमा बहिनी भेट्नु हिमदेवी भेट्नु भैरहेछ'- बहिनीको मायाले फैलियो उमङ्ग मेरो शरीरभरि । मास्तिरबाट एकहूल चौरीहरू आँखै नहेरी फालहाले । हामीलाई बाटोमै कुल्चिमिल्ची पार्लान् जस्तो भयो । हाम्रा अङ्ग अङ्गमा सिङले दूलो पार्लान् भन्ने डर लाग्यो । धन्न डालेचुकको रूख रूखमा छेकियौं र पो बाँचियो बाबै । तिनीहरू तलतिर झरेपछि भुतभुताउनु भयो विशालीले –

'गाईको दूध गाईकै गोबर/गाईकै छाला चाल्नु
माया गरी घरमा पाल्नु/मौका परे फाल्नु'

'अघि गाईले झन्डै सुप्लीठ्याङ बनाएको थियो, अहिले कविता भट्टयाउँछ'- हाँस्नुभयो सुमनभाइ ।

'बाँचेपछि त हो नि कसैले केही गर्ने मरेपछि लम्पसार बाहेक के हुन्छ र'- सरल जीवन-दर्शन छ, विशालजीको । हामी सिमकोट बजारनेर पुग्दा प्रहरीको एक डफ्फा उकालो चढिरहेको भेटियो । 'रल्लिङ हिमालमा औषधि खोज्न गएका दुईजना लेक लागेर मरे भन्ने खबर आयो, उद्धारको लागि हिंडेका'- डफ्फाका नाइके बोले ।

'लौ हामीलाई हिजो बोलाउनेहरू अस्ताएछन् क्यार, कहिल्यै नफर्कने गरी'- एकाएक बादलले ढाक्यो निमाको अनुहारमा ।

'औषधी जोहो गरेर जिन्दगीलाई हिउँजस्तो उज्यालो पार्न त चढे नि त्यहाँ, मर्ने थाहा पाएको भए किन जान्थे होलान् त्यो अनकन्टार हिमालमा'- हामी सबैको अनुहारमा फैलियो कालो कुहिरो । मृतसञ्जीवनी बुटीहरू बटुलेर संसारलाई चखाउन खोज्नेहरूनै भोक र ठण्डीले मरेका छन् हिमालमा । आफ्नो विरुद्ध उचाई चढिरहनेलाई सहेको छैन मृत्युले पनि । मृत्युको छायाँमा खुसी मनाइरहेछ जिन्दगीले । भरभराएको आगोलाई यस क्षणसम्म नै छलिरहेछ मृत्युले ।

सिमकोट, हुम्ला ।

≋

नोट :

[१] राम्रोसँग बस्नुहोस् । [२] राम्रोसँग जानुहोस् । [३] नमस्कार । [४] तपाईंको नमस्कार । भगवान्सम्म पुगोस् । [५] सञ्चै छ ? [६] सञ्चै । [७] हामी पीठो खाने, फाटेको लाउनेले दिएको सरकारी कर्मचारीले के खान्थ्यौ र ? [८] आऊ कुरा गरौं, किन स्याउ टिप्छ्यौ ? [९] ५० पैसे सिक्का । [१०] पच्चीस पैसे सिक्का । [११] बीस पैसे सिक्का । [१२] प्याण्ट नलगाइ सडकमा हिंड्ने

# यात्रा लिस्तीको

**नरेन्द्रराज पौडेल**

०७२ वैशाखमा गएको विनाशकारी भैँचालो । मङसिरमा राहत लिएर सिन्धुपाल्चोकको लिस्ती जाँदै थियौँ हामी । 'नेपालीको सल्ला खरानीको डल्ला ।' अझ यसो भनौँ 'पोहोर मरिन् सासु अहिले आए आँसु !' यस्तै थियो यस्तै छ हाम्रो चाला । अप्ठेरो बाटो । टाढाको यात्रा । बिहानै तातो दालभात घरमै खाएर जाउँभन्दा घनश्याम दाइले मान्नुभएन । चाँडै हिँडिहाल्ने फोम्रो हतार लगाउनुभयो । हाम्रो गन्तव्य थियो सिन्धुपाल्चोक जिल्लाको उत्तरी हिमाली गाउँ लिस्तीको । उद्देश्य थियो भूकम्पले क्षति पुऱ्याएको लिस्ती गाविसका स्कुले छात्रछात्राहरूलाई कम्बल वितरण गर्ने । बिहान ७ बजे ठीक परिरहनू भन्ने घनश्याम दाइको उर्दी भएकाले हल्का नास्ता लिएर पर्खेँ । दाइ आउनुपर्ने विशाल नगरबाट । म प्रतीक्षारत बसेको छु नयाँ बानेश्वर आफ्नै घरमा । दाइकी छोरी शुभेच्छाले इटालियन गैर सरकारी संस्थाबाट भूकम्प पीडित छात्रछात्रालाई वितरण गर्न १५ सय थान कम्बल जुटाएकी रहिछन् । लेकाली दुर्गम गाउँ-लिस्ती छानेर मैले नै त्यो सामान वितरण गर्ने सुझाव दिएको थिएँ ।

मेरो दुइघन्टे व्यग्र प्रतीक्षापछि बल्लतल्ल ९ बजे घनश्याम दाइ र भतिजी आए । अलि दिन अघिमात्र चौतारा गएर शिक्षा कार्यालय र जिल्ला प्रशासनको स्वीकृति पनि लिएका थियौँ । जसअनुसार स्कूल र विद्यार्थी सङ्ख्याको अनुपातमा यतिबेर ट्रकभरि न्याना कम्बल लिएर जाँदै थियौँ । हाम्रो बोलेरो जीप अघि लाग्यो ट्रकलाई पछाडि पारेर । कोटेश्वरको जाम छिचोल्दै कोदारी राजमार्गतिर अगाडि बढ्यो राहत टोली । अगाडि सिटमा बसेकी भतिजी शुभेच्छा चुपचाप केही बोल्दिनन् । उनको साटो पनि हामी दुई भाइ गफिँदै आकाशपातल जोड्न लागिपरेका छौँ । कुरा देशबाहिरकै हुन्छन्– कहिले जापान, कहिले इटाली, कोरिया, सिङ्गापुर अनि धेरैजसो अमेरिकाकै अनुभव शेयर हुन्छ हाम्रो बीचमा । बेलाबेला नेपालमा घटेका समसामायिक घटना, फोहोर, बेरोजगारी नेताहरूको निकम्मापन यस्तै यस्तै प्रसङ्ग उठ्छन् । स-साना भङ्गला फाटेर बगरभरि फैलिएको हिँउँदमासको इन्द्रावतीझैँ हाम्रा कुराको पनि कुनै थर ठेगान र सङ्गति हुँदैन । कतकता छरिन्छन् पोखिन्छन् र हराउँछन् बाटामै ।

विभिन्न थरी घुम्ती मोड र फाँट पखेरा पार गर्दै जाँदा बल्ल पो दोलालघाट आइपुगेछ । भूकम्प र वर्षा, बाढीले पहिरा भँङ्खारा परेर बिग्रिएको बाटो पार गर्नु





सकसपूर्ण थियो । बिग्रेको बाटो, जीपले हामीलाई बेलाबेलामा उचाल्दै र पछार्दै गर्दा भोक र थकाइले लखतरान पारिसकेको थियो । खाना खाने सल्लाहअनुसार दोलालघाट पुलवारिको ठूलो साइन बोर्डधारी होटेलको कम्पाउण्डभित्र गाडी रोक्यौँ ।

तुरुन्तै तयार हुन्छ भनेको खाना डेढघन्टा बित्दा पनि नपाकेपछि साहुसँग ठट्टा पनि गर्‍यौँ, 'नहतारिनु अलि दिन लागे पनि कुर्छौँ' भनेर । साँच्चै खाना तयार हुन लामै समय लाग्यो । त्यो पनि आलुप्याज, प्याजमूला, नभिजेको चनाको तर्कारी रहेछ । सडेका माछाको रसदार करी ! हुँदाहुँदै भातमा समेत सिङजुरा पलाएको भेट्दा अघिल्लै दिनको बासी बक्यौता मिसावट गरेको बुझिन्थ्यो । काँचो दाल र छुनै नहुने पीरो तर्कारीका छुट्टै विशेषता थिए । दाइले सुइँसुइँ गर्दै तातो पानीले पखाल्दै खाँदै गरेको हेर्दै थिएँ । 'खुच्चिङ् बङ्ढा घरमा खाएर जाऔँ भन्दा मानेनौ नि ! बल्ल भेट्यौ राजमार्गे भोजनको स्वाद !' भन्दै थियो मेरो मन । नानीले त पटक्कै खान सकिनन् जस्तो लाग्यो । मेरो पनि हालत गतिलो थिएन । दही भए दुईचार गाँस जान्थ्यो भन्ने आग्रह गर्दा साहूले सुनेझैँ त गरे तर कतकता पुगेर एकैछिनपछि रित्तो हात पो फर्किए । जसोतसो थोर बहुत अन्न पानी उदरस्थ गरेर साहूलाई जनही चानचुन हजारको दरले तिरेर निस्कियौँ । होटेल थापेर चाँदी कटाइ त यसरी पो हुँदो रहेछ ! आपसमै भँडास पोखेर बात मार्दै पनि थियौँ । पुल तरेपछि साँच्चिकै कोदारी राजमार्ग त बल्ल पो सुरु भएजस्तो लाग्यो । आफ्नो जीवनजस्तै बेढङ्गी तालले अगाडि बढिरहेको जर्जर बाटो इन्द्रावतीको किनार छाडेर सुनकोशीतिर लाग्यो । हाम्रो गाडी एकाध घन्टा उफ्रीपाफ्री गर्दै अगाडि बढ्दै गएर जुरेको पहिरोमा डरलाग्दो डङ्गङ्ग आवाजसहित विश्राम लिन्छ । २०७१ साउन १७ गतेको राती त्यो क्षेत्रमा महाप्रलय भएको सुनेथ्यौँ । रेडियो टीभीले बताएअनुसार मध्यरातको बेला जुरेक्षेत्रको धर्ती नै प्रलयको क्रीडास्थल बनेर पहिरो चलेथ्यो । तीनचार गाउँका १४५ नरनारी ९७ घरगोठ गाइबाख्रा, हाँसकुखुरा पहिरोमा परेर बेपत्ता भएथे । माथिको चुचुरादेखि डाँडै बगेर आएको हजारौँ फिट लामो पहिरो हेरिनसक्नु भयावह रहेछ । पहिरो पन्छाएर बीचबाट सेनाले ट्याक खोलेको बाटो गैँगर चट्टानका टुक्रा छरिएर यति दिनपछि पनि हिँडिसक्नु थिएन । पहिरामा दबिएर अकालमा दिवङ्गत भएका अभागी प्राणीको कङ्कालमा टेक्दै हिँड्दै छुजस्तो लाग्यो मलाई । अचम्म लाग्दो कुरा त बाटैमुनि फन्फनी घुमेको सुनकोशीको नीलो घुमाउने दहको बीचैमा रङरोगनसहितको शानदार देखिने तीनतले पक्की बिल्डिङ टसमस नगरी उभिएको दखियो । दुई वर्षदेखि लगातार कोशीको बर्खेभेलका थप्पड खाँदै अनि महाभूकम्प र परकम्पको बारम्बारको धक्कालेसमेत भत्काउन नसकेको त्यो जलशायी घर उही ठूलो पहिरोले बगाउँदै लगेर सुनकोशीको बीच भागमा थुपुक्क राखिदिएको रहेछ । कसोकसो घर

मालिक भने परिवारसहित बाँच्न सफल भए छन् । डोजर लगाएर थुनिएको कोशी खोल्दासमेत भेलले नबगाउनु, नबिगार्नु कस्तो अचम्म ! टसमस नगरी जस्तातस्तै ठडिएको त्यो जब्बर घर आफ्नै अस्तित्वमा अडिग बनेर उभिइरहेको थियो । गाडीबाट उत्रिएर घरसँग सेल्फी लियौँ । यताउति डुल्यौँ अनि कोशी किनारमा बसेर हातमुख धोयौँ । मृतात्माको नाममा एक एक अञ्जुली पानी दिएर मन शान्त गरायौँ । जुरे पहिरो नाघेर हामी अगाडि बढ्दै थियौँ, दुब्ला पातला भुत्राभाम्रा देखिने नरनारीले हात उठाएर रोक्न खोजे । गाडीबाट उत्रिएर सोधखोज गर्दा भन्दै थिए– 'पहिरोमा परेर जानेहरू त गई गए, हामी बाँचेकाहरूलाई सुरुका दुईचार दिन छाप्रो हाल्ने प्लाष्टिक भाँडाकुँडा लत्ताकपडा र एकाध बोरा दालचामल दिएका थिए सरकार र दाताले । अलि दिन त एनजीओ व्यापारी आएर पनि थोरबहुत सहायता गरेकै हुन् तर महिना दिनपछि नै सरकारले वास्ता गर्न छाड्यो । न बसोबासका लागि घडेरी छ, न रोजगारी, न त खाने सामल । झन् विनाशकारी भूकम्पपछि त सबै उतैको सहायतामा लागे । बूढाबूढी बच्चाबच्ची सब भोकभोकै र बिरामी छन् । कोही दाता मिलिहाले मुखमा एक दुई छाक माड पनि लागिहाल्ने । हैन भने भोकभोकै प्लाष्टिकमुनिको बास कति दिन सहने ? कति दिन बाँच्ने ?' उनीहरूको कुराले हामीलाई साच्चिकै भावुक बनायो तर गर्न सक्ने सहायता केही थिएन । फुस्रो अनुहार पारेर विवशताको फुक्का मुस्कान पैँचो दिएर बाटो लाग्यौँ ।

पहिरो पीडित समुदायबाट बल्लबल्ल छुटेर अघि बढ्दै थियौँ– पहिरामुनि दबिएका मृतात्माको चित्कार अझै कानमा गुञ्जिरहेझैँ रन्का छुट्यो । बाटामुनि बग्दै गरेको सुनकोशीको सुसेलीमा पनि त्यही आर्तनाद प्रतिध्वनित भइरहेझै लाग्थ्यो । पहिरो लड्दैखेरीका नानाथरी हल्ला पनि यतिवेर स्मृतिपटलमा सलबलाए । हल्ला थियो पहिरो क्षेत्रकै सिमसारमा परापूर्वकालदेखि नै देखापर्दै आएको कालो सर्पलाई त्यसै दिन गाउँका ठेट्नाहरूले मिलेर लठ्ठीले कुटीकुटी मारेका थिए । कालीनाग मार्न हुन्न, अलच्छिन लाग्छ भन्दै बूढाबूढीले भरमग्दुर रोक्ने प्रयास गर्दा पनि केही लागेन रे ! जुरेकै आसपासका बासिन्दाले चौबाटामा गाई काटेर भाग लगाएको हल्ला पनि वल्लोपल्लो गाउँका वनपाखा गर्ने आइमाई, गाउँले, गोठालाहरूबाट फिँजिएर बुइँबुइँती थियो । एक कान दुई कान मैदान हुँदै त्यो हल्ला वारिपारि गाउँ र राजमार्गका होटेल बजार हुँदै काठमाडौँका चोक बजारसम्म फैलिएको थियो, बाख्रा हराउँनु र स्याल कराउँनु एकैचोटी भएझैँ । त्यसै दिन मध्यरातमा सबै नेपालीलाई चुनौती दिने गरी त्यो महाविनासकारी पहिरो लडेर त्यस क्षेत्रकै बरबादी गराएको रहेछ । अकल्पनीय विशाल पहिरोसँग आसपासका थुप्रै गाउँ खसेर १४ घन्टासम्म बर्खे कोशीको उर्लिदो प्रवाह नै रोकिएको थियो । जहाँ घरवास, श्रीसम्पत्तिका साथै १४५ जनाले ज्यान गुमाएका थिए । कतिका त परिवार नै सखाप भए । नेपाली सेनाले डोजर र विस्फोटक





पदार्थ प्रयोग गरेर भगीरथ प्रयासपछि नदीप्रवाहको निकास गराएको थियो । त्यतिबेर चिनियाँ बोर्डर तातोपानीदेखि जुरेसम्मको थुप्रै घरबार सुनकोशीका उन्मत्त प्रवाहमा समाहित भएका थिए । सुनकोशी जलविद्युत् केन्द्र डुवानमा परेर पचास प्रतिशतभन्दा बढी क्षतिग्रस्त भएको थियो । कोदारी राजमार्ग पूरै क्षतविक्षत भएर हिमालपारिको व्यापारसमेत पूरै चौपट भयो । यस्तैयस्तै कुरा मनमा खेल्दै थिए । आँखा भने वारिपारिको गगनचुम्बी डाँडाकाँडा र तिनका काखमा देखिने चिरा पहिराका दृश्यमा केन्द्रित थिए । हुँदाहुँदै पूर्वी पहाडबाट झरेको सुनकोशीलाई छाडेर अघि बढ्दै गयौँ हामी भोटेकोशिको किनारै किनार खुर्सानीबारीतिर ।

बाह्रबिसे बजारमा अप्रत्यासित रूपमा खाइलाग्दा मान्छेको बाक्लै भीडभाड देखियो । सुनसान बाटोमा गुड्दै आएका हामी एक्कासी सुकिलामुकिला मान्छेको भीड देख्दा एकछिन त कहाँ आइयो भनेर जिल्लाराम पनि पर्‍यौँ । शृङ्गारपटारसहितका सुकिलामुकिला युवायुवतीहरू निक्कै चमक देखाएर चलायमान थिए । कतै भने ससाना समूहमा भुत्तिएर सल्लाह सलमत गरेझैँ देखिन्थे । घरका कौशी बार्दली बाटाका पोल पर्खाल चारैतिर कांग्रेसको चारतारे झन्डा टाँगेका र माइकमा वीपी. कोइराला लक्षित गीतहरू बजिरहेका थिए । तूल व्यानरले थाहा दिएअनुसार कांग्रेस पार्टीको क्षेत्रीय भेला चल्दै रहेछ । भीड छिचोलेर अगाडि बढ्दैमा भूकम्पले थर्काएर सातो गएको वाह्रबिसे बजार अझै बौरिन नसकेको भान पर्थ्यो । कतिपय घाइते र आफन्त गुमाएका नरनारीहरू निन्याउरो अनुहारले हामीतिर हेरिरहेका थिए । आधासरो पसल खुले पनि ग्राहक नाउँको चरोमुसो देखिएन । पल्लो छेउमा पर्ने प्रहरी कार्यालयमा गाडी रोकेर इन्चार्जसँग आफू जाने ठाउँ र कामको विवरण दियौँ । उनले ठाउँको दुर्गमता र समयको ख्याल राखेर बिस्तारै सावधानी पूर्वक जानु भनेथे । हामी त्यताबाट सुनसान लाग्ने जर्जर बाटो अघि बढ्दै गयौँ । राजमार्गको वारिपारि गरेर पैंतलीस पचासजति घर रहेको चाकुबजार तातोपानीपछिको दोस्रो चिनियाँ नाका भनेर चिनिन्थ्यो । बोर्डरको सरकारी भन्सारसँग बेसरोकारी कुम्ले झोले दुई नम्बरी व्यवसायीहरूको निकै घुइँचो लाग्ने गरेको थियो त्यो ठाउँमा । अहिले त आधाभन्दा बढी घर ध्वस्त भएका र बाँकी पनि धाँजा चिरा परेर जर्जर बनेका रहेछन् । एउटा भग्नावशेष घरको ढिक खोलर तीस पैंतीसका युवती चिया पसल चलाउँदै गरेको देखेर हामी टक्क अडियौँ । 'अब उता चिया पाइन्न सर ! यतै खाएर जाऊँ ।' पछाडि ट्रकमा सामान हेरचाह गर्ने भाइले भने । हामीले त्यसै पसलमा आठदश कप चिया अर्डर गर्‍यौँ र विस्कुट मागेर चपाउन थाल्यौँ । चियाबाली नानीको नाम, थर र घरबारे सोध्दा थाहा भयो– त्यही बजारभन्दा अलि माथि गाउँमा जन्मिएकी ती पसल्नीका घरबार भूकम्पमा परेपछि बाह्रबिसे छेउको शिविरमा बस्दै आएकी र उतैबाटै दिनदिनै आवतजावत गर्दै होटल

चलाएकी रहिछन् । बिस्कुट चिया खाँदै गर्दा साहुनी टासीसँग लामै कुरा भए । चिया, छ्याङ, अण्डा, तीनपाने बेचेर परिवार पालेकी छु भनिथिन् । भूकम्पले तातोपानी नाका बेमाख बनाएपछि त्यस भेगका गाउँबस्ती, बासिन्दा सब एकाएक कङगाल र वेरोजगार बन्न पुगेको दुर्दान्त अवस्था पनि मार्मिक ढङ्गले प्रस्तुत गरेकी थिइन् शेर्पिनी नानीले । चाकु बजारकै छेउबाट भोटेकोशी तरेर पारिको बाटो लाग्नुपर्ने रहेछ । हिसाब बुझाएर हिँड्ने तर्खर गर्दैमा अलि पर हाम्रो कुरा सुन्दै गरेकी बीसबाइसे युवतीले नजिक परेर भनिन्– 'गाडीमा ठाउँ पाइन्छ कि सर, म पनि पारि जाने हो ।'

उनको आग्रहको प्रतिक्रियामा मैले हुन्छ भनिदिएँ । उनी गाडीको पछाडि सीटमा थुपुक्क बसिन् । हामी कोदारी राजमार्ग छोडेर भोटेकोशी तर्‍यौं र सानो घुम्ती कुइँक्क मोडिँदै फेरि अर्को अनकण्टार खोंचभित्र पस्यौं । लिस्ती गाउँबाटै झरेका खोला खोल्साहरू एकत्रित भएर साँगुरो खोल्सो अनकन्टार लाग्ने डण्डूर बनेको रहेछ । निकै उफारेर नागवेली परेको कच्ची बाटामा गाडी गुड्दै गयो । ठिक्क चार चक्कामात्र अटाउने त्यो बाटो उकालो लाग्दै जाँदा झन् झन् भयावह बन्दै थियो । तल माथिबाट गाइबस्तु, मान्छे आए पनि टेक्ने ठाउँ बाँकी थिएन । पाखा लागेर मात्र बाटो छोड्नुपर्ने रहेछ । मन अन्त मोड्न पछाडि बसेकी नानीको नाउँ, गाउँ र पेशाबारे सोधखोज गरें । उनी परिचय दिँदै आन्तरिक वेदना पनि बताउँदै गइन् । लिस्तीकै हाई स्कूलबाट तीन वर्ष अघि प्रवेशिका पास गरेर गाउँकै प्रावि स्कूलमा पढाउँदै गरेकी सङ्लो हिमनदीजस्तै देखिने यी सरिता लामा बेलीविस्तार लगाउँदै गइन्– जसअनुसार गाउँका सबै छिमेकी, दाजुभाइ गाउँ छोडेर लाखापाखा लागि सकेछन् । कोही विदेश त कोही काठमाडौंतिर भास्सिए छन् । उनका बाबुले पनि दुगुनाकी शेर्पीनी केटी टिपेर हिँडेपछि अत्तोपत्तो नभएको बताइथिन् । बुझ्दा भाइबहिनी र आमासमेतको पालन पोषणको दायित्व उनैको काँधमा आएको रहेछ । उनी तीन जना नाबालक भाइबहिनी र आमासमेतको लालनपालन शिक्षादीक्षाले गर्दा घर छोडेर बाहिर जान नपाएको र उच्च शिक्षा पनि अध्ययन गर्न नपाएको गुनासो बिसाउँदै थिइन् । देशविदेश डुल्ने, राम्रो रोजगारी गरेर पैसा कमाउने, मनपर्दो ठीटो रोजेर बिहे गर्ने साना नानी जन्माउने हुर्काउने अनेक थिए होलान् त्यो मनभित्र अभिलाषा ! तर ती सबै चाहनाहरूलाई विवशताको वर्षादीले मारेर टीठलाग्दो अनुहारले मतिर हेरिरहेकी थिइन्, सायद ममा अभिभावकत्वको लक्षण देखेर होला, केही भरोशा भेटेर होला । लाग्थ्यो यी नानीलाई छोरी बनाएर काठमाडौं लगूँ, उच्च शिक्षा दिलाऊँ तर के गर्नु ! भाइबहिनी, आमाको जीविकाको धरोहर ती नानीलाई परिवारबाट छुटाउनु सम्भव थिएन । 'म मान्छे थिएँ जिन्दगीले सामान बनायो ।'

तिनको अनुहारतिर हेर्दा यही गीत बारम्बार मेरा मनमा आवृत्त भइरहन थाल्यो । जति माथि गयो बाटो उति नै भयावह बनिरहेको थियो र सिधै तल



वैजयन्ती ६० स्वदेशयात्रा अङ्क ४

छङछङ बगिरहेको भोटेकोशी नीलो धर्को आकृतिमा देखिँदै थियो । सरिता नानीको घर आइपुगेछ क्यारे ! बाटाछेउ चौडिल्लामा उनले गाडी रोक्न लगाइन् र भोलिपल्ट विद्यार्थी लिएर राहत लिन आउँछु भन्दै बिदा भइन् । अब भने बाटाको तलमाथि भीरको साटो बारीका कान्ला सुर्का र घरगोठ बस्ती देखा पर्न थाले । कुनै नेवारगाउँ, कुनै कामीगाउँ, कुनै के गाउँ यस्तै थिए गाउँका नाउँ पनि । ठडिएका सद्दे घर कतै पनि देखिएनन् । लिस्तीकोटको थलीमा उक्लिँदा गोधूली बेला भइसकेछ । चर्न गएका गाइभैंसी भेडाबाख्रा आआफ्ना गोठघर फर्किँदै रहेछन् । वरिपरि भिरालो बस्ती अनि माथितिर लेकाली जङ्गलको बीच थली परेको ठूलो टार रहेछ लिस्तीकोट । अनि ठाउँठाउँमा छरिएका प्लाष्टिक र जस्ताले छाइएका अनिकालका महलरूपी खाली टहराहरू । पहिला नै सल्लाह भएकाले मुके शेर्पाको घरमा घरमा पुगेर हाम्रो त्यस दिनको यात्रा टुङ्गियो ।

घर ठाउँ हेरी घरमात्र थिएन सानोतिनो दरवार नै रहेछ । माथि बैठकमा खानपिन गफगाफ चल्यो बेलुकी निकै वेरसम्म । भूकम्पको बेला भएको उद्धारका गतिविधि, प्रशासन गुहारेर मोटर बाटो खुलाएको, सख्त विरामीलाई हेलिकोप्टर मगाएर अस्पताल पठाएको, पूर्वमन्त्री तथा सांसद मोहन बस्नेत, प्रधानमन्त्री सुशील कोइराला आएर निरीक्षण र राहत सामग्रीको व्यवस्था गरेको जस्ता कुराले लामै समय बितेछ । पहिला गाउँ अध्यक्ष रही आएका मुके शेर्पा त्यो क्षेत्रका एक राजनीतिक हस्ती रहेछन् । उनीधागाको हिमालपार व्यापार उनको अर्को प्रमुख व्यवसाय रहेछ । बेलुकी त्यसै घरमा बस्ने हेड सर कृष्ण तिमिल्सिना शिक्षिका र डेरा बस्ने विद्यार्थी केटीहरूले निकैथरी सरसामान जोडजाड गरेर औधी मीठो खाना तयार गरेछन् । हामीले बिहानको दोलालघाटे खानालाई समेत मेख मारेर खानपीन गर्‍यौं । कोठैकोठा भएको धौले घरमा मान्छे पिच्छेका लागि मनग्य बेडबिस्तार मिलाएका रहेछन् । बिस्तरामा पल्टिएर यसो झ्यालबाहिर आँखा लगाएको त टाउकै छेउमा बसेर टहटह जूनमा टल्किएको जुगल हिमालले साउती गर्न खोजेझैं लाग्यो । दायाँपट्टि अलि परै उभिएको गौरीशङ्कर हिमालले पनि भूकम्पकालका कुरा सम्झाइरहेझैं लाग्यो । 'मान्छे हिमाल हिमाल मान्छे भइदिंदो रहेछ ।'

गायक तेजप्रकाश मल्लको हिमाली गाथाको गीत लामो लय तानेर रून्झुन बजिरह्यो कानमा । बिहानी नित्यकर्म र चिया चमेना सकेर तीन किलोमिटर पर गुम्बागाउँको पौगुम्बा हेर्न गयौं । नीलो त्रिपाल र जस्ता टल्किएका गाउँ अनि भर्खर खनजोत गरेर गहुँ आलु लगाएको मड्सिरे हरियो बारी बालसूर्यको कलिलो प्रकाशमा चमचम गरीरहेको देखिन्थ्यो । पौगुम्बामै पुगेर हेर्दा जर्जर कलेवरमा सिँगरपटारसहितको सुन्दर गुम्बा जसोतसो ठडिएकै देखिन्थ्यो । पाँच करोड खर्चमा अगिल्लो वर्षमात्र तयार भएको त्यो गुम्बा भूकम्पले जताततै चर्किएको, भित्री तला खसेको, छानो लर्किएर भयावह देखिने बनेछ । अलि

माथि धर्ती फाटेर तीन मिटर तल खस्किँदा नयाँ राजमार्ग बनेजस्तो देखिन्थ्यो । मुनिका थुप्रै गाउँबस्ती देख्नै निरीह लागे । कुनै ठूलो विपदाबाट अझै पार पाउन नसकेझैं त्रास र सन्तापले विदीर्ण बनेको देखिन्थ्यो गुम्बागाउँ । कतिबेर धाँजा परेको धर्ती पहिरो चलेर तलका गाउँबस्ती सखाप हुने हुन् भन्ने चिन्ता लागिरह्यो । धेरैबेर बसिरहन पनि डरडर पो लागेर आयो हामीलाई त ! अधिकांश गाउँले पर लिस्तीकोटमा चल्दै गरेको घेवामा जम्मा भएकाले होला, सुनसानजस्तै थियो पौगुम्बाको गाउँ ।

गुम्बाबाट फर्किएको केही बेरपछि नै खानपीन सकेर उग्रचण्डी माइको मन्दिरतिर लाग्यौं । भोटसँग युद्ध पर्दा पटकपटक पराजयको स्थिति व्यहोर्नु परेकोले प्रथम राणा प्रधानमन्त्री श्री ३ जङ्गबहादुरले आफ्नी इष्टदेवी उग्रचण्डी माताको प्यागोडा शैलीको सुन्दर मन्दिर निर्माण गर्न लगाएर प्राण प्रतिष्ठासहित मूर्ति स्थापना गरी पूजाआजा र पञ्चवलि चढाएपछि नजिक आएका तिब्बती फौजलाई परास्त गरी भोटबाट ठूलो मात्रामा जिन्सी र नगद प्राप्त गरेका थिए भन्ने इतिहास पनि यतिबेर सत्य लागिरहेको थियो । करिब पौने दुई सय वर्ष पुरानो त्यो मन्दिर कतै केही धाँजा चिरासम्म नपरी १९९०, २०७२ का दुई महाभूकम्प पार भएको रहेछ । गजुर र छाना भने पछि मर्मत गरेको भन्ने बुझियो ! भित्री थाम, निदाल, टुँडाल, मुठल, जल्लू, मुसी, र झ्यालढोका, चौकोसहरू आआफ्नै ठाउँमा तन्दुरुस्त देखिन्थे । देशीविदेशी पोख्त कालीगढद्वारा निर्माण सम्पन्न भएको त्यो मन्दिर नेपाली वास्तुकलामा आधारित प्यागोडा शैलीको अनुपम उदाहरण लाग्दथ्यो । पैदलमात्र यातायातको साधन भएको त्यो समयमा अग्राखका बडे बडे निदाल र झ्यालढोका टुँडाल कुँदेर त्यति राम्रो मन्दिर बनाउनु महामाया देवी उग्रचण्डीप्रति भक्तिभावको अनन्यतम उदाहरण लाग्दथ्यो । लिस्तीमाइको नामलेसमेत प्रसिद्ध यिनै भगवतीको दर्शन गरेर सिँढी ओर्लिंदै उग्रचण्डी माध्यामिक विद्यालयको प्राङ्गणमा उत्रिएका थियौं र कम्बल वितरण सुरु गरेका थियौं ।

लिस्ती गाविसभरिका स्कूले बालबालिकालाई बाँड्दै जाँदा थाहा भयो - पन्ध्र सय कम्बल चाहिने ठाउँमा तेह्र सयमात्र लगेका रहेछौं । त्यहाँ आए जति कोही खाली हात त गएन तर टाढाका चारओटा विद्यालयका दुई सय विद्यार्थीलाई पछि पठाउने निधो दिएर वितरणको काम फत्ते गरेथ्यौं अनि दिन ढल्किँदा अघिल्लो दिन आएकै डरलाग्दो मोटरबाटो काठमाडौंतिर फर्किएका थियौं । भोटेकोशी तरेर चाकु बजार नपुगेसम्म होस नै ठेगानमा थिएन भिरालो साँगुरो बाटाको डरले, बस !

≈

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher . com/





# आँखाको दुरबीनबाट मधेशको एक कुना

**प्रदीप सापकोटा**

माइक्रोबसको लामो दूरीको यात्रा, बाटो पनि पहिरोले कहिले अवरुद्ध हुन्थ्यो । कहिले खुल्थ्यो । यसैले पोखराबाट काठमाडौं आउँदा जाममा परेर पाँच घन्टाको यात्रा अरू तीन घन्टा लम्बिएको थियो । उसो त गर्मी उत्तिकै । थाकेर आलश्य भएको थियो शरीर । नुहाउन बाथरुममा के छिरेको थिए मोबाइलले फोन आएको सङ्केत गऱ्यो । नेपाली महिलाहरूको आवाज संस्थाकी अध्यक्ष सुमित्रा थापाको रहेछ फोन । उहाँले भोलि बिहानै महोत्तरी जिल्लाको रामगोपालपुर जानुपर्ने भएकोले एउटा गाडी खोज्न आग्रह गर्नुभयो । त्यहाँ केही बाढी पिडित परिवारहरूको निम्ती संस्थाको तर्फबाट सकेको राहत सामग्री वितरण गर्ने कार्यक्रम थियो । मलाई जाने हो भनेर सोध्नुभयो । मेरो पनि अफिसमा खासै व्यस्तता थिएन । फेरि तराई मधेशको जनजीवनसँग म अभ्यस्त पनि त थिइन र मैले सजिलै हुन्छ भने । गाडीको निम्ति चिनजानको साथीलाई फोन गरें । उसले सजिलै र सस्तो दरमा गाडी मिलाइदियो । सुमित्रालाई फोन गरें । बिहान साँढे छ बजे नयाँ वानेश्वरमा भेला भएर जाने कुरा भयो । भोलि बिहान चाँडै प्रस्थान गर्नुपर्ने भएकोले आफ्नो तयारीतिर लागें म अनि मसँग भएका कपडाहरूलाई राहतको लागि एउटा बोरामा प्याक गरें । छिट्टै खाना खाएर पल्टिएँ म ।

रातमा मनमा धेरै कुराहरूले तर्क, वितर्क र कुतर्क गर्ने अवसर मज्जैले पाए । कस्तो होला त्यहाँको अवस्था, पहाडिया र मधिशे बीचको विभेद, राजनीतिक दलहरूको अवस्था, स्थानीय चुनावको सन्निकटको समयको वातावरण आदि आदि । यस्तै कुराहरूमा मन विचरण गर्दागर्दै निन्द्रादेवीले बोलाएको पत्तै पाइन ।

बिहानै चालक सागर भाइको फोन आयो । उनको फोनपछि तत्कालै मैले बिहानको नित्यकर्म सकाए र निस्किए एउटा एकजोर आफ्ना फेरफारे लुगा भएको सानो झोला पिठ्यूँमा भिरेर र त्यो जम्मा गरेको कपडाको बोरा बोकेर । गाडी हिंडेको कुरा सुमित्राजीलाई जानकारी गराएँ । तोकिएको स्थानमा उहाँ कुरिरहनुभएको थियो अनि अर्को साथी मीन भवनको बसस्टपबाट चढ्नुभयो । फेरि कोटेश्वरबाट सावित्री बोगटी चढ्नुभयो । केही बोरा कपडा सूर्यविनायकबाट लिइयो । पीडितको लागि वितरण गर्ने चामल, दाल लगायतका

खाद्य सामग्री भक्तपुरको जगातेमा तयारी अवस्थामा राखिएको थियो । त्यो पनि गाडीमा राख्ने काम सबै मिलेर सकियो ।

हाम्रो यात्रा अगाडि बढ्यो । वनेपामा दुई जना भाइहरू हाम्रो आगमनको प्रतीक्षामा हुनुहुन्थ्यो अनि त्यहाँको एउटा मेडिकलमा केही जीवनजल खरिद गरेपछि हामी वनेपाबाट अगाडि वढ्यौं । धूलिखेलको काभ्रे भन्ज्याङमा पुगेर धराने खाजा घरमा चिया खाजाको लागि गाडीलाई बिसायौं । खाजापछि हाम्रो गन्तव्य अगाडि गयो । जापानले बनाइदिएको बडो रमाइलो घुम्ती र तेर्सो विपी राजमार्गमा सडकमा हामी हुइकिँदै गयौं । नमोबुद्ध नगरपालिकाको भकुण्डेवेशी हुँदै मङ्गलटार पुगियो । ओह सब ठाउँ चुपचाप चुपचाप बसेझैं लाग्यो मलाई । शहरको कोलाहलबाट हाम्रो मनले मुक्ति पाएको केही घन्टा भइसकेको थियो । रोशी खोलाको तिरैतिर लम्मेतान परेको बाटो । खोला रोशी पनि एकनास सुसाउँदै उसको गन्तव्यतिर प्रस्थान गरिरहेको भान हुन्छ मलाई । ऊ हामीबाट नजिकै भएर पनि हाम्रो आवागमनमा लाग्छ बेखबर छ । उसलाई अरूको यात्राको के चासो ? चासो छ त केवल आफ्नो लक्ष्यको कसरी सगरमा पुगेर फिँजिनु । हामी पनि माइक्रोबाट देखिएका सुन्दर प्राकृतिक दृश्यपान गर्दै आफ्नै तालमा गफिँदै छौं ।

भीमखोरीको कालढुङ्गा पुगियो । देखिन्छन् वारिपारि चुलिँदै गरेका पहाडहरू कतै भत्किएको छ चोटैचोटले जसरी गरीबका सपनाहरू भत्किन्छन् । कतै उजाड र उराठ पहाड छन् गरीबीको चपेटामा परेका आम मान्छेका जिन्दगी जस्ता तर पनि विचलित छैनन् यिनीहरू उभिएकै छन् एकनास खपेर हिउँद बर्खा जसरी सहन्छन् अभावको कारूणिक व्यथा बोकेर जीवन जिइरहेका सामान्य मान्छेहरू ।

काभ्रे जिल्लाको सिमाना सकिएको जानकारी दिन्छ होर्डिङ बोर्डले । नेपालथोकबाट सिन्धुली जिल्लाको सीमा प्रारम्भ हुन्छ । मसहित सहकर्मी सुमित्रा थापा, सुमित्रा बोगटी आदिलगायत जम्मा सात जनाको टोली छ माइक्रोमा । थापाजी बाहेक सबै यो बाटोको निम्ती नयाँ अनुहार पो रहेछन् । म आफूले जाने बुझेसम्मको यहाँको बारेमा जानकारी पनि दिँदै जान्छु । यात्रा अविराम जारी छ । रामेछाप र काभ्रेको सीमाबीचबाट उन्मुक्त भएर सुनकोशी निस्किएको छ बेफिक्री । उसले पनि हाम्रो यात्रामा खासै चासो राखेको छैन । उसको मनभित्र पनि हरबखत अर्न्तद्वन्द्व चलिरहेको छ झै भान पर्छ मलाई । मात्र हो हाम्रो मन चेतन छ, उसको अवचेतन । वर्षात्को वेला ऊ आफ्ना पीडाहरू गडगडाएर व्यक्त गर्छ । मानिसलाई के पत्तो उसको मनको पीडा । त्यसैले त ऊ रिसाँउछ हामी मान्छेसँग । सजाय दिन्छ मान्छेलाई, बाढी बनेर । ऊ पीरले भक्कानिएर आँसुको भेल बर्साउछ त बाढी बन्छ ।

हामी आफ्नो गन्तव्यलाई अगाडि बढाउँदै छौं । हाम्रो यात्राको क्रममा





अनगिन्ती मानिस, यात्रुहरू बोकेका गाडीहरू, मालवाहक गाडीहरू भेटिन्थे । कतै घाँसको भारी बोकेका एक हुल आमाहरू देखिन्थे त कतै खेतमा काम गरिरहेका बाहरू । सबै व्यस्त , जिन्दगी छोट्याउने लाममा लामवद्ध छन् सबै । आहा ! कस्तो पहराको निर्जन स्थानबाट झरेको मनोरम झरना । सबैको मनै त्यतातिर मोडियो एकछिन ।

सडकका दाँयाबाँया जताजतै विज्ञापनका बोर्डहरू झुण्याइएका छन् । कतै हामी देशलाई बनाउँछौ भनेर लेखिएका सिमेन्टका विज्ञापन छन् । कतै जनचेतनाको लागि सरकारका विभिन्न निकायहरूका सूचना छन् । कतै चाउचाउ र विस्कुटका अनि विभिन्न होटलहरूका होर्डिङ बोर्डहरू पनि बल्ग्रेन्ती टाँगिएका छन् । कतै कतै रक्सीका पनि भेटिन्छन् ।

मूलकोट पुगेको पत्तै भएन । आह कति रमाइलो लाग्दै छ यो हाइवे । यहाँ प्रयुक्त भएको प्रविधि उत्तिक्कै आधुनिक पनि । लाग्छ विदेशीलाई नै कनाउन दिनुपर्छ । यसोभन्दा राष्ट्रियताको कुरा नउठ्लान भन्न सकिन्न फेरि । खुर्कोट पुगियो । हाम्रो यात्रा दाहिने मोडियो सिन्धुलीको उकालोतिर । सिन्धुलीगढी पुगियो । सबैलाई त्यो ऐतिहासिक स्थल हेर्ने उत्कण्ठ अभिलाषा थियो । कार्यक्रम सकेर फर्कदा हेर्ने समझदारी बनायौं । त्यहाँबाट करिब १४ किमि झरेपछि सिन्धुलीमाडी पुगिन्छ । फेरि डाँडाबाट ओरालो लागियो । अहा ! वरिपरि साना ठूला पहाडहरू हामीलाई हेरेर मुस्कुराँउदै छन् । घामपानी, झरीवर्षा, दिनरात नभनी बाटोमा आउने यात्रुहरू मूर्तिवत् हेर्नु तिनको नियति हो ।

खनियाखर्क सिन्धुलीगढी, ढुङ्ग्रेवास, बुद्धनगर गडौली पुल्चोक, हुँदै कमलाखोलाको पुल तरेपछि करकरे आयो । भोक र गर्मीले सबैजना गलेका देखिन्छन् । नलागोस् भोक पनि किन दिनको एक बजिसकेको छ । अब उपयुक्त स्थान हेरेर गाडी रोक्न चालक भाइलाई अनुरोध गरें मैले । ढुङ्ग्रेवास, बुद्धनगर, गडौली पुल्चोक हुँदै कमलाखोलाको पुल तरेर करकरे पुग्छौ हामी । सिन्धुलीमाडीमा खाना खान केहीवेर रोकिन्छौ हामी । त्यसपछि हामी भिमान पुग्छौं । त्यहाँपुगेपछि मैले साथीहरूलाई एकजना अत्यन्तै आदरणीय नेपाली आमाको वीर सपुतको बारेमा संक्षिप्तमा दृष्टान्त बताँउछु । कमरेड ऋषिराज देवकोटा आजाद जो निरङ्कुश पञ्चायती व्यवस्थाको विरुद्ध जनाधिकारको पक्षमा नेतृत्व गर्दा पञ्चायती शासकहरूबाट निर्मम र कायरतापूर्वक मारिनुभएको थियो । उहाँको वीरगति र योगदान सम्झेर श्रद्धाले शिर नत हुन्छ । म भावुक हुन्छु उहाँलाई सम्झेर । मन आन्दोलित हुन्छ र घृणा लाग्छ उहाँका हत्याराप्रति । उहाँको सुपुत्र सुवास देवकोटा मेरो आत्मीय दाजु हुनुहुन्छ । आजादको सम्मानमा स्मृति भवन पनि बनेको रहेछ । उहाँप्रति सम्मानभाव प्रकट गरेर हामी अगाडि हुइँकिन्छौं ।

कमलामाई नगरपालिका चूरेबाट सिन्धुलीको सिमाना सकिन्छ । निष्फिक्री

छ घाम रापिएर । पसिनाका बूँदहरूले शरीर भिजेको छ तर हामी एकनास रफ्तारमा छौं । पर्वाह छैन गर्मीको । बादलै देखिएको थिएन आकाशमा । सायद हाम्रो शरीरबाट तपतप बहेको पसिना देखेर प्रकृतिलाई पनि माया लागेछ क्यारे ! घनघोर वर्षा पो भयो । आह ! कति शीतल भयो । आकाशले आफ्नो खोकिलामा लुकाइराखेको बादलबाट पानी बर्साउँदा बिछट्टै शीतलताको अनुभूति भयो । एकैछिनमा खोलाहरूमा पानीको वहाव बढ्यो । हामी भने वेपर्वाह गन्तव्यतिर बढ्दै गयौं ।

बाहुनमारा (कति नराम्रो ठाउँको नाम, कसरी रह्यो होला यो नाम ? कसैसग सोध्न पनि पाइएन) कुनै पनि मानेमा मार्ने र मारा स्विकार्न सकिन्न । बाहुनमारा, कमलपानी, पाटु हुँदै हामी वर्दिवास बजार पुग्छौं । चोकमा पुगेपछि अडिन्छौं हामी । हामी जानु छ रामगोपालपुर नगरपालिका । जाने बाटोको बारेमा जानकारी लिन्छौं अनि चोकबाट दक्षिणतिर मोडिन्छौ हामी । औरही रोड, हाथिलेट हुँदै करिब २१ किलोमिटर सडक नापेपछि हामी रामगोपालपुर नगरपालिकाको मुख्य केन्द्रमा पुग्छौं । नेपाली महिलाहरूको आवाजकी अध्यक्ष सुमित्राजीले वेलावेलामा स्थानीय केही व्यक्तिहरूसँग फोनवार्ता गरिरहनुभएको थियो । त्यहाँका पहिले सम्पर्क गरेका व्यक्तिहरू हामीलाई कुरिरहनुभएको थियो । हामीले उहाँहरूलाई दिएको समयभन्दा करिब दुई घन्टा ढिलो भएको थियो । हामीले माइक्रोबसबाट झर्नासाथ आत्मीय सत्कार पायौं । करिब एक दर्जन पुराना जननिर्वाचित जनप्रतिनिधिहरू, समाजसेवीहरू र उद्योग व्यवसायीहरू हाम्रो स्वागतमा बसिरहनुभएको थियो । चिसो पानी पिएसँगै चिनापर्ची गरियो । ततपश्चात् त्यहाँबाट करिब दुई किमी दूरीको बाढी पीडित चमार र मुसहर वस्तीको अवस्थाको निरिक्षण गरी लगिएका खाद्य पदार्थ कसरी बाँड्ने भन्ने निष्कर्षमा पुग्न सकिने देखियो । ती बस्तीमा स्थानीय समाजका अगुवाहरूले हामीलाई उहाँहरूको मोटरसाइकलमा राखेर लैजानुभयो ।

मौसम निर्मल थियो तर त्यहाँको बस्ती ज्यादै नै मलिन र उदास देखिन्थ्यो । उफ् त्यहाँको परिवेश सम्झँदा मात्र पनि मन भक्कानिएर आँउछ । गर्मीको हावापानीमा जन्मेहुर्केका र दिनचर्या बिताइरहेका मान्छेको छाला उसै त कालो हुन्छ । झन् बस्ने वास बाढीले बगाएर, वासमा बाढी छिरेर, अन्नपात, भाँडावर्तन र चूलोसमेत बगाँउदा विरक्तिलो जीवन बाँचेरै होला झन् काला र उदासी मुहार बोकेर बसेका । आँखाहरू रूझेका परेलाहरू बोकेर केही आशावादी नजर हामीमा परेजस्तो भान पऱ्यो मलाई । अशान्त र सपनाहरू भाँचिएका मन बोकेका मान्छेहरूका मनहरू पढे मेरो मनोविज्ञानले सरसरती । ठूला मान्छेहरूको भीडभित्र साना साना नानीहरू जो मधेशका मात्र नभएर नेपालका भविष्य हुन् घुम्रिरहेका देखिन्थे । ठाउँ ठाउँमा देखिएका पानीका चौडिल्ला र पोखरीहरूमा नाङ्गो पौडिरहेका बालबालिका देखिन्थे । मेरा नजरहरू उनीहरूतिर खिचिएका





थिए । कतै नाङ्गा शरीर सहितका बालबालिका भैसीमाथि चढेर चरनतिर भेटिएका थिए । मलाई सौराहामा हात्ती चढेको याद आयो । तिनको अवस्था देखेर सुमित्राजीको त अनायास आँखा रसाएका देखिन्थे । हामीलाई अगुवाहरूले जताजता लानुभयो उतै गयौं हामी । ती जिज्ञासु नजरहरू हाम्रो पछि पछि लागे । नाङ्गो आँगका बालबालिकाहरू हाम्रोतिर जिज्ञासु नजर लगाइरहेका थिए । त्यो वस्तीमा खासै ठूलो पसल थिएन । सुमित्राजीले पसलमा पाइएको चकलेट किनेर सबै बालबालिकाहरूलाई बाँडिदिनुभयो ।

एउटा करिब २५/२६ कि महिलालाई मैले सोधें तपाईंको घरमा बाढीले के कति क्षति भएको छ ? अश्रुमिश्रित स्वरमा उनले घरतिर देखाउँदै भनिन् के पो बाँकी छ र ? ल जाई जानुस् मेरो घरको भित्र र हेरिहाल्नुस् । म र सुमित्रा बोगटी गयौं । बाढी पसेर छाप्रो पूरै जलमग्न देखिन्थ्यो । लुगाफाटा ढुसीले गन्हाउने थिए । सामान केही थिएन् । मैले उनको श्रीमान्लाई सोधें के काम गर्नुहुन्छ भनेर ज्यालाबुनी गरेर परिवार पालेको बताए उनले । उनको परिवारमा चार बच्चाबच्ची रहेछन् अनि यति धेरै सन्तान किन जन्माएको भन्दा भगवान्ले दिएको कुरा गरे । त्यहाँ प्रायजसोका तीन चार सन्तान हुनु सामान्य देखियो ।

सुमित्रा थापा बच्चाहरू च्यापेर यताउता गरिरहिन् । उनलाई बच्चाहरूको अत्यन्तै नाजुक अवस्था देखेर भावविह्वल बनाएको थियो । हामीसँग जाने दुई जना भाइहरू यस्तो दुर्दशा देख्दा दुखी देखिन्थे । मेरो मन अत्यन्तै धमिलो भएको थियो । परेला चिसिएका थिए । मुटु विदीर्ण बन्दै थियो मेरो । शब्दमा मैले वर्णन गर्न नसकिने त्यहाँको परिवेश देखें । आँखाको डिल ओभाउन सकेनन् हाम्रो टिमका सदस्यहरूको । हामीले धेरै केही गर्न त सक्ने परिस्थिति थिएन उनीहरूको दुःखमा दुखी हुन मात्र सक्यौं हामीले । आखिर तिनीहरूको यो हविगत हुनुमा के दोष थियो र ? विचरा बालबालिका किन यस्तो सजाय पाइरहेछन् विना कुनै अपराध ? मनमा तुवाँलो उड्यो मेरो । सँगै हामी बाँचेको समाज, राज्यप्रणाली र मधेशका राजनीतिकर्मीहरूप्रति रोश व्यक्त गर्न चाह्यो मनले । निर्दोष बालबालिकाको भविष्यको चिन्ता मधेशका मसिहा ठान्ने दल र तिनका नेतागणहरूको जति नै आलोचना गरे पनि कम हुने ठान्यो मेरो मनले ।

हामीसँग त्यहाँ जाने अगुवामध्ये एक थिए तत्कालीन सहसौला गाविसका २०५४ सालमा निर्वाचित गाविस अध्यक्ष राम नरेश यादव । उनलाई मैले राज्यले के गऱ्यो भनेर सोधनी गरेको थिएँ । उनका अनुसार हेलिकप्टरमा सरकारी मान्छे आए केही दिएझैं गरे तर खासै उपलब्धि भएन । जनताको दुःखको कसैलाई मतलव भएन । भर्खरै बीस जनालाई पल्ली बाँडेको बताए । उनी त्यो समुदायमा मुखियाजी भनेर सम्मानित रहेछन् । अब के पाइन्छ मुखियाजी यस्तै प्रश्नहरू सोधिरहेका थिए मुसहर बस्तीका जनहरू उनलाई । मुखिया ढाडस मात्र दिन्थे हातले । मुसहर बस्तीका मानिसहरू उनीप्रति पनि आशावादी देखिन्थे ।

स्थानीय बस्तीको भीडमा बढोत्तरी हुँदै गयो । सबैको ध्यान हामीतिर खिचिएको थियो । के बालबालिका, के युवा युवती, के वृद्धवृद्धा हामी जता जान्थ्यौं उतैतिर मोडिन्थ्यो । झन्डै असी प्रतिशत केटाकेटीको शरीरमा लुगा पनि थिएन ।

मुसहर बस्तीमा पचास जति घरधुरी रहेछन् । स्थानीय बैजुकुमार शाहका अनुसार वडा नं ९ मा झण्डै पचपन्न सय जति जनसङ्ख्या छ । मण्डलहरूको बहुलता रहेको सो गाउँको मुख्य पेशा नै कृषि रहेछ । त्यहाँ बीस परिवारजति सुकुम्बासी छन् पासवानहरू । ज्याला मजदुरी गरेर बिहान बेलुकाको जोहो गर्छन् तिनीहरू । कारुणिक लाग्दो छ तिनको जीवन । पढाइ लेखाइ प्रायः छैन । अर्को बस्ती छ चमार बस्ती । जहाँ करिब असी परिवार वसोवास गर्दछन् । बेकारीको ठूलो समस्या छ यहाँ पनि । ज्यालावुनी गरेरै जिविकोपार्जन गर्छन् सबै ।

नाम सोध्दासमेत लजाइन् सहसौलाकी वर्ष ४५ की अमृतीदेवी यादव । उनको घर बाढीले लडाएको छ । दुई बाख्रा पुरिएको र दुई बाख्रा बगाएको थियो । घरका सामान सबै पुरिएर नष्ट भएको थियो । विपत्तिले आहात बनाएको तर कसैले केही नदिएको दुखेसो थियो उनको ।

सरसफाइको कतै वास्ता छैन । जतातते बच्चाहरूले फोहोर गरेका छन् । घर त छैन् चर्पीको के कुरा गर्नु ? बच्चाहरू भैंसीसँगै आहालमा पौडिरहेका उत्तिकै भेटिए । ठूला मान्छेहरू पनि खुला ठाउँ र झाडीहरू चर्पीको रूपमा प्रयोग गर्छन् । सबै मुसहर बस्तीमा शौचालय छैन ।

राजनीतिक दल आउँछन्, भोट माग्छन् तर पैसा दिँदैनन् । चुनाव आयो रे नि भन्दा मेरो त नागरिकतै छैन् कसरी भोट हाल्नु भन्छन् । गोठवनाउनीका वर्ष २५ का मनोज सदा ।

धेरै जसोको नागरिकता पनि छैन् । उनीहरूलाई बनाउन जरुरी पनि लागेको छैन । मैले एक अधवैंशेलाई सोधेँ किन नबनाउनु भएको त नागरिकता ? उनको उत्तर थियो कसलाई फुर्सद बनाउन । दिन माया मारेर जानुपर्छ । ज्यालामुरी गर्न पाइएन भने के खानु ? उनको यो अभिव्यक्ति मर्मस्पर्शी थियो । मेरो मनले सोध्यो आफैसँग नेता पुज्नु र ढुङ्गा पुज्नुमा फरक के ? जनताको सुखसुविस्तासँग चासो नराख्नेहरूको दिमाग पनि कति विध्न विकृत काइपरेको छि ! नागरिकताको महत्त्वसमेत आफ्ना नागरिकहरूलाई प्रष्ट्याउन नसक्नु असफल राज्य व्यवस्थाको उपज त हैन ? त्यहाँका मुसहरहरूको अभिव्यक्ति देखेर घाइते भयो मेरो मन । जन्मदर्ता पनि कसैले गराएका छैनन् यहाँ नागरिकता त परको कुरा । जबसम्म सरकारले यहाँ नै टोली खटाएर नागरिकताको महत्त्व बुझाएर सेवा दिन सक्दैनन् तबसम्म यहाँका जनताले नागरिकताको लागि सदरमुकाम धाउन सम्भव छैन भन्छन् एमालेका नेता





सरोज यादव ।

त्यहीं नजिकबाट एमाओवादी केन्द्रबाट समानुपातिक सभासद बनेका छन् लालेन्द्र मण्डल अनि नेकाबाट समानुपातिक सभासद बनेकी छन् सङ्गीता मण्डल तर उनीहरूको उपस्थिति न्यून छ । बेखबर छन् त्यहाँको अवस्थाप्रति ती । साना किसान सहकारी संस्थाका अध्यक्ष राम इकबाल राउत कुर्मी र ाजनीतिक दलहरू स्थानीय समस्याप्रति अलि बढी संवेदनशील हुन नसकेकोमा दुःखी छन् । यावत समस्याको समाधान राजनीतिबाट मात्र सम्भव हुने कुरामा उनको जोड छ । म जे जस्तो सोचेर आएको थिएँ मधेस त्यस्तो होइन रहेछ । एकाध घन्टाको बसाइ नै मेरो निम्ति मधेश बुझ्न काफी भयो । निमेषभरमै म गलें । कोही चौबीसै घन्टा दिनभर मरिमरि काम गर्दा पनि खाना खान धौ भएर बसेका छन्, कोही मस्तीको दिनचर्यामा छन् । कसैलाई सुखको सपना देख्ने अधिकार पनि छैन् जस्तो लाग्छ त्यहाँ अनि कोही विलासी वैभवपूर्ण जीवन व्यतीत गरिरहेका छन् । गरीब र निमुखा मुसहर र चमारहरू सधैं दुःखका पहाडहरू चढ्न अभ्यस्त भइसके जस्तो भान पर्छ मलाई । अभावका जङ्घार र छालहरूसँग बाध्यताले जुधिरहेकै थिए उनीहरू सधैं सधैं । आज फेरि बाढीसँग जुध्न विवश छन् । प्रकृति पनि गरीब र निमुखासँगै रिसाउँछ सधैं किन ? उफ् कस्तो समय भोग्न बाध्य छौ है तिमीहरू ।

सरकार के रमिता हेरिबसेको छ ? मजाक गरिबसेको छ ? हामी गरीबको खाने धान उम्रिएर जमरा भइसक्यो । तपाईंहरू पनि हाम्रो घाउमा नुन दल्न आउनुभएको छ ? आक्रोश थियो रामदेव राय यादवको । उनको बाढी पीडितमा नाम छैन भन्ने दुखेसो थियो । उनले डल्लो पारेर राखेको रसिद देखाएर बाबु यो हेर्नुस् के हो भने आफ्नो स्थानीय ठेची मैथिली भाषामा । त्यो त उनको नातिको स्कुलमा तिरेको फिसको पर्ची पो रहेछ । विचरा रामदेव राय बा ।

धेरैजसो मुसहर र चमारहरू लेखपढ गर्न जान्दैनन् तर यहाँ राजनीतिक दलहरूको उपस्थिति नभएको होइन । लामै समय माओवादीको झन्डा बोकेर हिंडेका स्थानीय नरेश वैठालाई अहिले पश्चात्ताप लागेको छ । माओवादीले उनीहरूको पीडामा मलम लगाउन नसक्ने उनको ठम्याइ छ । भन्छन् अब मधेशी र हामीजस्ता गरीबको आवाज बोक्ने पार्टीमा लाग्छु । कुन राजनीतिक दलले बोक्छ तपाईंहरूका कुरा भन्ने प्रश्नमा उनले प्रतिक्रिया दिन मानेनन् । स्थानीय गोठ बनौलीका वर्ष ६० का महन्त यादवलाई बाढी पीडितलाई सरकारले केही नगरेकोमा दुखेसो छ । चुनावको प्रसङ्ग कोट्याउँदा मधेशीका समस्या धेरै भएकोले समाधान गर्नेलाई भोट दिने मन छ उनको तर सबै दल उस्तै हुन् राती राती नेताहरू मिल्छन् यहाँ हामीलाई भिडाउँछन् भन्छन् उनी । मधेशीहरूलाई विहारीको आरोप लाग्ने गरेकोमा उनको चित्त दुखेको छ । एमालेको तर्फबाट मेयरको चर्चा चलेका गौरी मण्डल काठमाडौंमा मधेशमा एमाले नभएको भ्रम

फैलाइएकोमा दुःखी छन् । मधेशका समस्या एमालेले मात्र समाधान गर्नसक्छ भन्ने दावी गर्छन् उनी । उनले आउदो स्थानीय निर्वाचनमा मेयर उपमेयरसहित सबै वडा जितेर मधेशमा एमाले बलियो भएको प्रमाणित गरिदिने बताए ।

हामी भारी मन लिएर रामगोपालपुरको मुख्य बजार फर्कियौं । हामीले लगेको खाद्य सामग्री अलिक कम भो भन्ने भो । सोही बजारमा केही दाल, चामल र नुन खरिद गर्‍यौं र प्याकिङ पनि गर्‍यौं । बेलुकाको खाना खानको लागि एक भोजनालयमा मित्र सरोज यादवले लानुभयो । खाना खाएपछि उहाँसँग छुट्टिएर हामी स्थानीय उद्यमी एवं समाजसेवी विनोदकुमार चौधरीको घरमा लाग्यौं जहाँ हाम्रा निम्ति वासको व्यवस्था गरिएको थियो । त्यहाँ गएर बाँकी प्याकिङको काम सक्यौं रातको करिब ११.३० बजे अनि सुत्न पल्ट्यौं वेडमा सबै । अहँ निद छैन आँखामा । गर्मी पनि बिछट्टै छ, पङ्खा चलाएर सुत्न बाध्य छौं हामी । म मोवाइल चलाएर बसें निक्कैवेर । कति कष्टकर गर्मिलो रात । अरू साथीहरू बिस्तारै निदाए तर म अहँ किञ्चित निदाउन सकिनँ ।

रात खस्यो बिस्तारै र भयो बिहानी । झिसमिसेमै उठें म । मसँगै सुत्नुभएको साथी पनि उठ्नुभयो । हामी नुहाएर बाहिरतिर डुल्न निस्केका थियौं । वातावरण सन्नाटापूर्ण लाग्थ्यो । सब आफ्नो ओछ्यानमै छन् । परपरसम्म घुमेर आयौं हामी । सुमित्राजीहरू पनि तयार भइसक्नुभएछ । हामीलाई हिजो गाउँबस्ती लैजाने महानुभावहरू पनि आउनुभयो । सबै मिलेर एउटा ट्याक्टरमा खाद्यान्न सहितका राहत सामाग्री हालेर हामी स्थानीय साथीहरूको मोटरसाइकलमा हुइँकियौं बाढी पीडित मुसहर र चमार बस्तीमा ।

ती बस्तीहरूमा देखिएको मानिसहरूको जीवनशैली देखेर मेरो मन अमिलो भयो । टाठाबाठाहरूले सामान्य गरीबहरूको मानवमूल्यको शोषण गरेको ठहर गर्‍यो मनले । त्यहाँका मानिसको जीवनका रूग्णता र उनीहरूले भोगेको पीडामय जीवनसँग अभ्यस्त भयो मेरो मन अनि यही मनले उनीहरूसँगै जीवनको लय खोज्ने प्रयास पनि भयो । उनीहरूका अभाव, दुःख र पीडाका बाछिटाहरूले हान्यो मलाई । निराश मुद्रामा यताउति डुल्दै छन् हाम्रो टोलीका आँखाहरू । मधेशको प्रतिनिधि गाँउको यो दर्दनाक जनजीवन देखेर मेरो भावुक मन संवेदनाले स्पर्शित भयो । अशान्त मनमा पीडाका तलाउहरू बनेर तिनमा दुःखका असङ्ख्य छालहरू उर्लिएर आए तर हामीले गर्न सक्ने धेरै थिएन, सबैलाई केही छाक जोहो गर्ने सातुसामल वितरणबाहेक हामीबाट के पो हुन्थ्यो र ? जो कोही कठोर मनका धनी पनि त्यहाँको पीडा र अभाव देखेर कठै भन्थे होलान् ।

लगेका खाद्य सामग्री र कपडा वितरण गरेर उनीहरूबाट ओझेल पर्‍यौं हामी । बाटोभरि ती निर्दोष नानीहरूका चेहरा याद आए । मेरो मनले आफैंसँग संवाद गर्‍यो पहाडको भन्दा धेरै विकराल रहेछ समस्या मधेशमा । मलाई मधेशले तानिरह्यो तानिरह्यो ।

≋





# सौराहाको मेनेजर

**बिनोद खड्का**

सन २०१२ को अप्रिल महिनाको एउटा बिहानी पोखराको तीन दिने भ्रमणलाई बिट मारेर हामीहरू सौराहातिर हानिएका थियौं । पोखराबाट मुगलिङ् पुग्दासम्म त खासै केही नौलो महसुस भएन । हामीहरू त्यही सडक हुँदै फर्केका थियौं जुन सडक र परिवेश भएर हामीले धेरै पटक पोखरा आवत जावत गरिसकेका थियौं । सायद त्यही कारणले होला नौलो अनुभूति केही थिएन । मैले हाम्रो गाडीका गुरु दिपकजीलाई पहिले नै भनेको थिएँ कि मुगलिङमा खाना खानुपर्छ तर हामीले खाने खाना त्यस्तो नहोस् कि खाए लगत्तै पेट बिरामी परोस् । दिपकजीले सायद हाम्रो कुरा बुझेर नै होला मुग्लिङमा उनको जान पहिचान राम्रो भएको एउटा थकाली भोजनालयका अगाडि लगेर गाडी रोके । त्यो भोजनालय खासगरी शहर र सडकवाट अलि छुट्टै अलि भित्र विराजमान भए जस्तो देखिन्थ्यो । अरू भोजनालयहरू जस्तो सडककै छेउमा उभिएको थिएन र त्यहा ग्राहकलाई आकर्षण गर्ने हावभावका कुनै दृश्यहरू पनि मञ्चन भएको देखिदैनथ्यो ।

'लौ खानुहोस् खाना सर । यो भोजनालयमा खाने खानाले केही बिगार गर्दैन । म जिम्मेवार भए त्यसका लागि ।' दिपकजीले आफ्नो विश्वासको पटुको खोले । हामीले त्यो थकाली भोजनालयमा आफ्नो पेट भर्‍यौं । खाना असाध्यै मीठो थियो । खानाभन्दा पनि मीठो थियो थकाली आतिथ्य । खाना खाए लगत्तै हामीहरू लाग्यौ दक्षिणतिरको यात्रामा । मुगलिङदेखि दक्षिणतिरको यात्रा मेरा लागी एक प्रकारले नयाँ खालको यात्रा थियो । मैले उज्यालो आकाशको मुनी त्यो सडक भएर यात्रा गर्ने अवसर त्यति सारो पाएको छैन । दायाँ पनि पहाड बायाँ पनि पहाड, एउटी सुन्दरीको कम्मरको पटुकीजस्तो पहाडको कोखमा कोरिएको सडक रेखा, र त्यही सडकमा हामीहरू हुँईकिरहेका थियौ सौराहातिर को यात्रामा । हामीसंगै यात्रामा निक्लेको थियो त्रिशुली नदी । जान खोज्दै थिए हामीसँगै यात्रामा हामीदेखि दाँयातिरको पहाडका काखमा टुपुक्क बसेका साना साना बस्ती र घरहरू पनि ।

त्यो लमतन्न कालो कार्पेटमा अगाडितिर दौड्दा दौड्दै कतिखेर त्रिशुलीले आफूलाई सेती गण्डकीमा समाहित गरिसकेछ थाहै भएन । एकैचोटी दिपकजीले भने त्यो त सेती गण्डकी पो हो त । आँपटारी भन्ने ठाँउमा पुगेपछि हामी देब्रेतिर लाग्यौं । त्यसपछि शुरू भयो समथर भूभाग र जङ्गलहरू । त्यसैबीच बाईपास हुँदै बसपार्कमा पुगेपछि यात्रामा जोडिन आइपुग्यो पूर्व पश्चिम राजमार्ग । पूर्व

पश्चिम राजमार्गमा केही बेर अगाडि बढेर टाँडी बजारको सौराहा चोकबाट गाडी दायाँतिर लाग्यो र अर्को दश मिनेटजतिमा हामी पुग्यौं हाम्रो गन्तव्य, सौराहा।

हामीहरू सौराहाको गाउँ क्षेत्रमा प्रवेश गरिसकेका थियौं। एकातिर खेतबारीमा काम गरिरहेका स्थानीय किसानहरू देखिन्थे भने अर्कोतिर पर्यटकहरूको चहलपहल र पर्यटकीय संरचनाहरूको बाक्लो उपस्थिति। हामी सवार गाडी एउटा ठूलो कम्पाउण्डको मुलद्वार अगाडि गएर रोकियो। हामी बास बस्ने होटेल रहेछ त्यो। पहिलो नजरमा हेर्दा आफूले सोचेभन्दा फरक थियो सौराहा, तर रमाइलो थियो। गर्मी अलि बाक्लै भएको अनुभूति भयो।

कसैले त्यो होटेलको रिसेप्सन देखाइदियो। एउटा सानो कटेजमा बसेको रहेछ रिसेप्सन। रिसेप्सनका कर्मचारीले हामीलाई चेकईन गरिसकेपछि दिउँसोको खाना खाने प्रबन्ध मिलाइयो। एउटा ठूलो हलमा रहेछ खाना खाने ठाउँ। खाना खानुभन्दा पनि हलभित्रको गर्मीले हामीलाई नै खाइरहेझैं महसुस भयो। त्यो हलको सिलिङमा झुण्डिएका ठूला ठूला पखेटा भएका पङ्खाहरूले न त हामीलाई चिसो दिन सकिरहेका थिए न त हामीले भोगिरहेको गर्मीलाई नै छेक्न सकेका थिए। लाग्थ्यो तिनीहरू विनाअर्थ यो पृथ्वीमा चक्कर मारिरहेका थिए।

मैले त्यो रिसोर्ट टाइपको संरचनाको सर्सर्ती अवलोकन गरें भान्छाघर जाँदा र आउँदा। एउटा फराकिलो क्षेत्रफलमा फैलिएको त्यो संरचनाको कम्पाउण्डभित्र साना ठूला कटेजहरू देखिन्थे। ठाउँ ठाउँमा रूखहरू उभिएका थिए। फूलबारी र साना बाटोहरूले नभेटे जतिको भूमिमा हरिया घाँसहरू हुर्किरहेका थिए। त्यो संरचनाको बाहिर पल्लोपट्टि खेतहरू देखिन्थे, जहाँ स्थानीय किसानहरू पसिना रोपिरहेका थिए। मलाई लागेको थियो कि हामीहरूलाई त्यही कम्पाउण्डभित्रको एउटा कटेजमा नै वास बस्ने गरी दुईवटा कोठाहरू उपलब्ध गराइनेछ। मैले सोचेको थिएँ हाम्रो आगामी दुई रात तीन दिन सौराहामा रमाइलोसँग बित्नेछ तर त्यसो भएन। हामीलाई चेकईन गर्ने कर्मचारीले हामीलाई बाहिरतिर लिएर जाने भयो किनकि भित्रका सबै कटेजहरू भरिएका छन् रे ! म छक्क परें, दुई हप्ताभन्दा पहिले नै बुक गरेको होटेलमा आफू पुगिसकेपछि होटेलले सबै कोठाहरू भरिएका छन् भनेर वासको अन्यत्र व्यवस्था गर्न लागेको सुन्दा।

अगाडि अगाडि होटेलको स्थानीय कर्मचारी र पछाडि पछाडि हामीहरू होटेलको मूलद्वारबाट बाहिरतिर निक्लियौं र सडकदेखि पारिको घरतिर लाग्यौं। सडकको पारिपट्टि कम्पाउण्ड सहित एउटा दूईतले कटेज देखियो। हरिया लहरे वनस्पतिहरूले ढपक्कै ढाकिएको त्यो कटेज बाहिरबाट हेर्दा साह्रै राम्रो देखिन्थ्यो। हामीहरू कम्पाउण्डभित्र प्रवेश गर्‍यौं। त्यो चहलपहल शून्य भूतघरजस्तो कटेजमा हाम्रो कोठा माथिल्लो तलामा रहेछ। बाहिरपट्टि रहेको भरेङ चढेर माथितिर उक्लियौ। होटेलका कर्मचारीले हाम्रा लागि दुई कोठा खोलिदिए।

जसै ढोका खोलेर भित्र पस्यौं कोठाको हुलिया निकै अनौठो देखियो।



वैजयन्ती ६० स्वदेशयात्रा अङ्क ४

मानौं त्यो कसैले बर्षौं अघि छोडेर गएको घर थियो। धुलैधुलो भरिएको थियो कोठाभरि। हामीले होटेलका दुवै रूमहरूको निरीक्षण गर्‍यौं। दुवै कोठाहरू हप्तौं वा महिनौंदेखि सफा नगरिएको प्रष्ट देखिन्थ्यो। कोठाका हरेक सामानहरू धुलोले पुरिएका थिए। मैले धुलोको सिकायत गर्ने बित्तिकै हामीसँगै आएको होटेलको कर्मचारीले सफाई गर्ने प्रबन्ध मिलाउन थाल्यो। यदि सिकायत नगरेको भए सफाइ गरिदैन थियो भन्ने पक्का थियो। सफाइ गर्ने मान्छेहरू आएर सफाई गर्न थाले। कुनै नाटकमा झै क्षणभरमा नै त्यहाँ एउटा नयाँ दृश्यको सिर्जना भयो। 'कोठामा टिभी त छैन नि।' कान्छो छोरोले सिकायत गर्‍यो।

'जम्मा दुई रात बास बस्ने हो, किन चाहियो टिभी। त्यसमाथि हामीसँग कहाँ नै समय छ र टिभी हेरेर बस्नका लागि।' मैले सम्झाउन खोजें। विना-सिकायत शान्तिपूर्ण रूपमा वास बस्नु मेरो पहिलो प्राथमिकता थियो। छोराहरूले मेरो राय पचाएनन्। मेरो कुरो मेरा छोराहरूले नमान्ने अवस्था सृजना भएको सम्भवतः मेरो जीवन कालमा त्यो नै पहिलो थियो। उनीहरूका अनुसार सवाल टिभी हेर्नु नहेर्नुको होइन, सवाल हो ब्रोसरमा टिभी पनि देखाइएको हुनाले कोठामा टिभी हुनुपर्छ भन्ने मान्यताको। कसरी ढाँट्न पाउँछ होटेलले, उनीहरूको तर्क थियो। यदि मैले यस विषयमा होटल व्यवस्थापनसंग सिकायत गर्न चाहिन भने उनीहरू आफै सिकायत गर्न कस्सिए। कोठाभित्र छिर्दा बित्तिकै देखिएको धुलोले क्रुद्ध भइरहेका उनीहरूलाई कोठामा टिभी नहुनुले अझै बेखुसी थपेको थियो तर म भने काम चलाउँ, द्वन्द्वमा नपसौ भन्ने सोचमा थिएँ। सायद उनीहरूले हामी घरेलु पर्यटक भएका नाताले होटेलले विभेद गर्‍यो भन्ने सोचे कि क्या हो, उनीहरू रोकिनेवाला देखिएनन्। त्यसो त कान्छी स्वास्नी ल्याएको लोग्नेले गोठतिर लखेटेको जेठी स्वास्नीकै हालत भएको थियो हाम्रो, त्यो भूतघरमा। त्यहाँ केही चहलपहल पनि थिएन जस्तो त्यो होटेलको मेन कम्पाउण्डमा हामीले देखेका थियौं। सौराहामा निकै रमाइलो गरौंला भनेर निक्लेका थियौं तर पहिलो गाँसमै दाँतले ढुङ्गाको सामना गर्नुपर्‍यो।

सिकायत नै गर्ने भैसकेपछि म आफै सिकायत गर्नका लागि होटेलको रिसेप्सनमा पुगे। झगडा पो पर्ने हो कि भनेर हाम्रो समूहका महिला सदस्यहरू डराइरहेका थिए। उनीहरू चाहन्थे कि मैले होटेल प्रशासनसँग शान्तिपूर्वक वार्ता गरौं। होटेलका स्थानीय कर्मचारीहरूले तत्कालै स्वीकार गरे कि त्यो कटेज अर्कै मान्छेको स्वामित्वको हो जुन संस्था बन्द भइसकेको छ। जब यो होटेलमा ठाँउ पुग्दैन तब पाहुनाहरूलाई त्यहाँ त्यो कटेजमा पठाइन्छ। त्यहा पठाइएका कुनै पनि पाहुनाहरू खुसी भएको भन्ने नै थाहा छैन रे ! उनीहरूलाई। आफ्नो संलग्नता नदेखाइदिने शर्तमा उनीहरू पनि हाम्रो सिकायतको पक्षमा आए। हाम्रो अनुरोधमा उनीहरूले फोनवाट मेनेजरलाई बोलाइदिए।

उनीहरूले फोन गरेको केही समय पश्चात् एउटा हेर्दै फटाहा खालको मान्छे हाम्रो अगाडि देखा पर्‍यो। उसका पहिरनका आधारमा ऊ मेनेजर हो भन्ने

बुझ्नका लागि मलाई समय लागेन । मैले सिकायत गरें धुलोको अनि त्यसपछि कोठामा टिभी नभएको सवालको । हाम्रो बहस सुरु भयो । उसले हाम्रो सिकायत स्वीकार गर्न मानेन । बरु आफ्नो होटेलले प्रदान गरेको सुविधाको बखान गरिरह्यो । उसका झारपात तर्क र बनावटी कुराहरूले समस्यालाई अझै जटिल बनाउँदै लग्यो । मैले लगातार प्रश्नहरूको वर्षा गरें । 'के तपाईंले तपाईंको होटेलमा आउने सबै पाहुनाहरूलाई उनीहरूले तिरेको पैसा अनुसार नै गुणस्तरिय सेवा प्रदान गर्नु हुन्छ ? के तपाईले आफ्नो होटेलमा प्रचार गरिएअनुसार नै सुविधाहरू प्रदान गर्नु हुन्छ ?', 'के तपाईले हामी नेपाली हौ भनेर धुलाम्मे कोठामा पठाउनुभएको हो ? या तपाईंको यस प्रकारको व्यवहारको विदेशी पाहुनाहरू पनि शिकार हुने गर्छन् ?'

त्यो छट्टु फटाहा मेनेजर एक छेउ पनि गलेन । भन्यो त्यो होटेलमा सबै एउटै प्रकारका कोठाहरू हुन्नन् सेवा र गुणस्तरका हिसाबले पनि कुनै पनि पाहुनाहरूलाई भेदभाव हुँदैन चाहे ती विदेशी हुन् वा स्वदेशी आन्तरिक पर्यटकहरू रे ! त्यो बाहिरको कटेज पनि यसै होटेलको विस्तारित भाग हो रे ! फरक होइन । त्यहा पनि एउटै स्तरको गुणस्तरीय सेवा प्रदान गरिन्छ रे ! तब मैले उसलाई भने 'तपाईंको होटेलमा पर्यटक स्तरीय सेवा प्रदान गरिंदो रहेनछ । नियमित अनुगमन गर्नुपर्ने सरकारी निकायहरूको निकम्मापनको फाइदा उठाएर तपाईंले पाहुनाहरूलाई प्रचार प्रसार गरे अनुसारको सेवा सुविधा प्रदान गर्नुहुँदो रहेनछ । तपाईंले पर्यटकहरूको शोषण गरिरहनुभएको रहेछ' तर पनि मेनेजर गलेन । ऊ अझै मलाई पर्यटन सेवाका बारेमा सिकाउन थाल्यो, मनाउने प्रयास गर्न थाल्यो । उसको टीठ लाग्दो व्याख्या अति भएपछि मैले आफूलाई कडा रूपमा नै प्रस्तुत गर्नु पर्ने महसुस गरें ।

'म पनि पर्यटन क्षेत्रसँग सम्बद्ध व्यक्ति हुँ । म पर्यटनको विद्यार्थीमात्रै होईन शिक्षक र प्रशिक्षक पनि हुँ, त्यसैले मलाई पर्यटन सेवा कस्तो हुनुपर्छ भनेर सिकाउने प्रयास नगर्नु होला । मैले आफैले पढाएका विद्यार्थीहरू तपाई जस्तै मेनेजर भैसकेका छन् पदका हिसाबले तर गुणस्तरीयताका हिसाबले उनीहरूको सोचाइ र व्यवहार तपाईंको सोच र व्यवहारभन्दा धेरै माथि छ । त्यसदेखि बाहेक म स्वंयले पनि देशदेखि विदेशसम्मका अनेक होटेलहरूको सेवा ग्रहण गरिसकेको छु त्यसैले तपाईंले आफ्नो गलत सेवा वा कमजोरीको बचाउ गरेर तर्क दिइरहनु जरुरी छैन ।' मैले एकदम कडा शब्दहरूमा उसको तर्कहरूलाई खण्डन गर्नुपऱ्यो ।

मेरो लामो वक्तव्य सुनिसकेपछि भने ऊ चुप भयो । प्रतिवादको प्रयास नै गरेन । मोबाईल फोन उठाएर कसैसँग फोनमा कुरा गऱ्यो । क्षणभरमै दुईवटा कोठाको बन्दोबस्त गऱ्यो । आफ्नो होटेलमा कोठाहरू खाली नभएकाले अर्को होटेलमा सार्नुपरेको यथार्थ बतायो । आफैले गाडी चलाएर हामीलाई त्यो होटेलबाट बाहिर लिएर गयो । हामीलाई नयाँ होटेलमा चेकईन गराइसकेपछि आफ्नो





कोठा जाँच गर्नका लागि पनि भन्यो । मेरा छोराहरूले कोठा जाँच गरेर ओके भनेपछि उसले मसग माफी माग्यो र त्यहाँबाट निक्लियो ।

हामी जुन होटेलमा स्थानान्तरण भयौं त्यसको माथिको कौसी तथा वरण्डाहरूबाट राप्ती नदी, त्यसको किनारा, पारिपट्टिको जङ्गल र सौराहाको सानो वस्तीको सुन्दरता स्पष्ट रूपमा अवलोकन गर्न सकिन्थ्यो । खुला थियो त्यो स्थान र रमाइलो पनि उत्तिकै थियो । पर्यटक र स्थानीयहरूको चहलपहल त्यत्तिकै थियो । बताइएका र प्रचार गरिएका सबै सुविधाहरू उपलब्ध थिए ।

त्यसपछिका सबै कार्यक्रमहरूमा त्यो मेनेजरले हाम्रो लागि यातायातको व्यवस्था उसले आफैले चलाउने गाडीमा गऱ्यो चाहे त्यो थारु नाचमा जाँदा होस् वा जङ्गल सफारीमा । उसले सुरुमा हामीले भोग्नु परेको असुविधाका लागि बारम्बार क्षमायाचना पनि गरिरह्यो । किन उसले त्यसो गऱ्यो, किन उसले आफ्नो चेहरा परिवर्तन गऱ्यो, त्यो मैले बुझ्न सकिनँ । कतै उसले म देशको ठूलै नेता वा प्रशासकको पहिचानको एउटा भाग्यमानी मान्छे पो ठान्यो कि । वास्तवमा म त अरू धेरै मान्छेहरू जस्तै एउटा सामान्य मान्छे नै थिएँ, भुइँमान्छे ।

जसै मैले साइटमा भोगेको अवस्थाको जानकारी गराएको थिएँ तब जसले राजधानीबाट मेरो तर्फबाट होटेल बुक गरिदिएको थियो उसले मलाई फोनमा प्रष्ट रूपमा जानकारी गराएको थियो कि मैले त्यो होटेलको सेवामा कुनै त्रुटि देखाए वा म उनीहरूको सेवाले सन्तुष्ट हुन सकिनँ भने मैले एक पैसा पनि तिर्नु पर्दैन । बस् त्यत्ति थियो मेरो आधार, एउटा विश्वास तर म निशुल्क वास बस्नका लागि गएको थिइनँ र निशुल्क बास बस्ने रहर पनि थिएन, सिर्फ चाहन्थे शुल्क अनुसारको सुविधा मिलोस् ।

म एउटा सामान्य नागरिकभन्दा केही पनि होइन । मलाई एउटा व्यावसायी वा उसको कर्मचारीले गरेको अन्यायको सुनुवाइ त्यति सजिलै कहाँ होला र यो देशमा । यदि सम्बद्ध निकायहरूको नियमित अनुगमनको प्रकृया हुँदो हो त सुनुवाइको संस्कार पनि स्वभाविक रूपमा जन्मिन्थ्यो होला । सवाल उसले मेरो परिचयका आधारमा वा अन्य कुनै दवावका आधारमा क्षमायाचना गऱ्यो वा गरेन भन्दा पनि उसको संस्थाले दिने सेवाको गुणस्तरको सवाल थियो । देशमा ढिलै गरेर भए पनि सुरु भएको आन्तरिक पर्यटन प्रवर्द्धनका बहसहरू चलिरहँदा मलाई त्यो मैले कहिल्यै बिर्सन नसकेको नमीठो सम्झनाले झस्काइरहन्छ ।

फेरि एकपल्ट सौराहा जाने विचार छ । एक रातको बुकिङ त्यसै होटेलमा गर्ने पनि सोच छ । हेरौं अवस्था कस्तो छ, उही पुरानै छ कि वा व्यावसायगत धर्म निर्वाह गर्ने खालको भाको छ । आशा गरौ राम्रै होला । हाम्रो पर्यटन क्षेत्रको दुर्भाग्य भनौं वा तीतो यथार्थ, हामीले कहिले पनि पर्यटन क्षेत्रका लगानीकर्ता र व्यवसाय सञ्चालनकर्ताहरूलाई पर्यटन शिक्षा दिनु पर्ने महसुस गरेनौं । हाम्रा तालिम कार्यक्रमहरू केवल त्यहाँ काम गर्ने सामान्य कर्मचारीहरूमा मात्रै लक्षित भयो । पर्यटन क्षेत्रसँग संबद्ध संस्थाहरूमा काम गर्ने सामान्य कर्मचारीहरू मात्रै

होइन मेनेजरहरू पनि पर्यटन शिक्षा वा तालिमप्राप्त व्यक्ति हुनु पर्ने बाध्यताकारी नियम बनाएको भए पर्यटन क्षेत्रका धेरै विद्यार्थीहरूले विदेसिनु पर्ने अवस्था आउने थिएन र पर्यटन शिक्षाको पनि समयानुकूल विकास हुन्नथ्यो होला र नेपालको पर्यटन उद्योगले पनि गुणस्तर बढाउन सक्थ्यो होला।

पैसावालले पर्यटन व्यावसाय सुरु गर्ने अनि उसका भाई भतिजा काका मामाले रोजगारी ग्रहण गर्ने संस्कारले सेवाको गुणस्तर र व्यावसायिक इमानदारिताको आवश्यकतालाई ओझेलमा पारिरहेको हुन सक्छ भन्ने कुरामा दुई मत नहोला। यदि त्यसो होइन भने, पन्ध्र बीश दिन पहिले नै बुक गरेको त्यो होटेलले किन मलाई रूम दिन सकेन ? उसले रूम दिन नसक्ने भएपछि उतिखेरै बुकिङ लिनु नपर्ने होइन र ? यिल्ड म्यानेजमेण्टको ज्ञान भएका व्यस्थापकहरूलाई विभिन्न समयावधिमा सेवा बुक गर्ने ग्राहकहरूले तिर्ने सेवा शुल्क समान नहुन सक्छ तर सेवाप्रदायक संस्थाले प्रदान गर्ने सेवाको स्तर भने त्यो लेभल (स्टायण्डर्ड, डिलक्स आदि) मा सबै ग्राहकहरूलाई एउटै हुनुपर्छ भन्ने जानकारी हुँदैन र ? कुनै ग्राहकसँग बढी पैसा असुल्ने अवसर आयो भने अर्को ग्राहकको बुकिङलाई उचित सेवा नदिनु के व्यावसायिक धर्मभित्र पर्ला र ?

त्यो मेनेजरले उसको होटेलमा रूम दिन सकेन त एउटा कुरो तर किन उसले हामीलाई एउटा धुलाम्मै कोठामा प्रवेश गरायो ? के उसले पाहुनालाई कोठामा प्रवेश गराउनु पहिले नै सफाई गर्न सक्दैन थियो र ? किन ब्रोसरमा टिभी देखायो तर रूममा टिभी प्रदान गर्न सकेन ? के यी सबै कुराहरूलाई ठगीको एउटा प्रकारको रूपमा व्याख्या गर्न सकिन्न र ? के पर्यटनसँग सम्बद्ध निकायहरू र स्थानिय सरकारले आफ्नो क्षेत्रका पर्यटन व्यावसायीहरूले प्रदान गर्ने सेवाको गुणस्तरको परिक्षण गर्ने गरेका छन त ? कि ठग व्यावसायीले तिनलाई प्रदान गर्ने हण्डीको कालो चश्माका कारण तिनीहरू व्यावसायीका विकृतिहरू देख्नै नसक्ने भएका छन् ? सवालहरू अनेक छन्।

कसैको नुन खानेले नुनको सोझो गर्नै पर्छ र त्यो मेनेजरले पनि लगानीकर्ता वा व्यावसायीले खुवाएको नुनको सोझो गरेको मात्रै हो। जिम्मेवारी बहन नगर्ने त ती सरकारी र सम्बद्ध निकायहरू हुन जसले ती व्यावसायीहरूले प्रदान गर्ने सेवा र सुविधाको नियमित अनुगमन गरेनन् वा गर्दैनन् र तीनलाई आफूखुसी तिनका व्यावसायमा मडारिन दिन्छन्, लुट्न दिन्छन्। सायद तिनीहरूलाई देशमा पर्यटन व्यावसायको विकासका लागि आन्तरिक पर्यटकहरूको योगदान महत्त्वपूर्ण हुन्छ भन्ने तथ्यको जानकारी नै पो छैन कि जसका कारण उनीहरू सताब्दियौ पुरानो सोचका साथ पर्यटन विकासको एजेण्डाहरू बोकेर हिँड्ने गर्छन् तर कहिलेसम्म ?

हाल : दोहा कतार।

≈





# सम्झनामा रूम्जाटारको सिटी सेन्टर

**माधव पोखरेल 'गोज्याङ्ग्रे'**

पूर्वी नेपालको नाम चलेको पहाडी गाउँ रूम्जाटार हेर्ने र घुम्ने मलाई ठूलो रहर थियो। त्यो रहर प्रेस काउन्सिल नेपालले र नेपाल साहित्यिक पत्रकार सङ्घ केन्द्रीय समितिले २०७४ साल चैत्रमा पूरा गरिदियो। नेपाल साहित्यिक पत्रकार सङ्घका उपमहासचिव तथा प्रेस काउन्सिल नेपालका साहित्यिक पत्रकारिता उपसमितिका सदस्य एवम् कौशिकी द्वैमासिकका सम्पादक चेतनाथ धमलाको निम्तोले मेरो रहर पूरा गरिदिएको थियो। धमलाजीले करिब पन्द्र दिन अघिदेखि नै मलाई ओखलढुङ्गामा हुने कार्यक्रमका लागि निम्तो दिएर रूम्जाटार पुग्ने अवसर जुटाउनुभएको थियो।

रूम्जाटारका बारेमा एउटा उखान प्रायः सबैका मुखबाट सुनिन्थ्यो। 'घुमिफिरी रूम्जाटार' भन्ने उखान धेरैको मुखबाट सुनेको थिएँ। यतिमात्र होइन लोक गायक कुमार बस्नेतले 'रूम्जाटारे गुरुङनी, थाक खोलाकी थकाल्नी, हेलम्बुकी शेर्पिनी राम्रा भन्छन् सबैले' भन्ने गीत पनि धेरै पटक सुनेको थिएँ।

घुमिफिरी रूम्जाटार भनेर के भनेको होला भनिन्थ्यो सानामा उखान सुन्दा। भनौं २०७४ चैत्र ३ गते भने मैले उक्त उखानको अर्थ स्थानीय समाजसेवी, राजनीति कर्मी भनौ वा साहित्यकर्मी भनौ हाम्रो यात्राको सहयोगी सीताराम गुरुङले सबैका सामु छर्लङ्ग पारिदिनुभयो।

मनको धोको पूरा गर्न भनौ वा निम्तो मान्न २०७४ चैत्र २ गते बिहान पाँच बजे म घरबाट निस्कें ओखलढुङ्गाको यात्राका लागि। गाईघाटबाट बिहान ५.१५ मा कटारीको बस समातें र ९.३० बजे कटारी पुगें। कटारी बस पार्कमा ओखलढुङ्गा जाने टाटा सुमो तयारी अवस्थामा रहेछ। टिकट काटेर चढें ठीक १० बजे टाटा सुमो उकालो लाग्यो। कटारीदेखि घुर्मीसम्मको बाटो ओटासिल गरेको भए पनि कालोपत्रे उप्किएर खाल्डाखुल्डी भएको, धुलोले शरीर विरूप, ज्यान जोखिममा राखेर सवारी चालकहरूले गाडी चलाउँदा रहेछन् भन्ने कुराको पुष्टि भयो। कहाली लाग्दो साँघुरो बाटो र भीर, पहरा हुँदै यात्रा गर्नुपर्ने अवस्था देखेर मेरो शरीर जिरिङ, जिरिङ भइरह्यो। दोहोरो सवारी साधन आवत जावत गर्न समस्या थियो। अर्कोतर्फ ठूला सवारी साधन जो मालबाहक ट्रकहरू गुड्ने गरेका कारण पनि बाटो क्षतविक्षत हुनुका साथै अन्य सवारी साधनहरूलाई अवरोध हुने साइड नपाउने समस्या देखिएको थियो। ती सबै

बिघ्न बाधाहरू झेल्दै कटारीबाट हिंडेको करिब अढाई घन्टापछि सुनकोशी किनारको सानो बजार घुर्मी पुगेर खाना खाइयो ।

खाना खाएको ठाउँ घुर्मी उदयपुर जिल्लामा पर्दो रहेछ, सुनकोशी नदी पारि ओखलढुङ्गा रहेछ र भनौं उदयपुर र ओखलढुङ्गालाई सुनकोशी नदीले छुट्याएको रहेछ । खाना खाएर हाम्रो गाडी सुनकोशी नदीको पुल तरेर ओखलढुङ्गा जिल्ला प्रवेश गरेपछि बाटो सफा थियो । कटारीबाट घुर्मी पुगे जस्तो थिएन । कालोपत्रे सडक चिल्लो थियो । त्यसैले घुर्मीबाट हिंडेको करिब डेढघन्टामा ओखलढुङ्गा पुगेको थिएँ । ओखलढुङ्गाको हर्कपुर, हिलेपानी, थाक्ले, मानेभञ्ज्याङ, जेरूङ, कोल्टार, बेलाथान, केतुके हुँदै ओखलढुङ्गा पुग्दा दिउँसोको अढाई बजेको थियो ।

नयाँ ठाउँ, नयाँ मान्छे । टाटासुमोले रमाइलो डाँडामा लगेर उतार्‍यो । म न यता न उता भएर एउटा पसलका अगाडि उभिएँ । वरपर गाडीहरू लागेका थिए । मानिसहरूको चहल पहल निकै थियो । कुन ठाउँमा कहाँ कार्यक्रम हुने हो मलाई केही जानकारी थिएन । कार्यक्रम स्थलका बारेमा जानकारी लिन मैले चेतनाथजीलाई फोन गरें । चेतनाथजीले रूम्जाटारमा कार्यक्रम हुने जानकारी दिनुभयो र मैले रूम्जाटार भन्ने ठाउँका बारेमा त्यहीका स्थानीयलाई सोधें । बस चढेर रूम्जाटार पुग्नुपर्ने र बस आफू उभिएको ठाउँ नजिकै लागिरहेको जानकारी पाएँ । म बसतिर गएँ । नभन्दै बस लागेको रहेछ र बसका स्टाफहरूसँग सोधखोज गर्दा एकघन्टा पछि जाने कुरो गरे । सिटमा झोला राखेर आफ्नो ठाउँ सुरक्षित गरेर भोक मार्ने नास्ता खान हिंडें ।

नास्ता खाएर आएपछि भने बसका गुरुजीले बस स्टार्ट गरे । रमाइलो डाँडाबाट करिब एक घन्टाको बसको यात्रापछि रूम्जाटार पुगें तर अरू साथीहरू भने काठमाडौबाट आउने भएकोले म मात्र थिएँ रूम्जाटार पुग्नेमा । त्यहाँ पुगेर चिया खाएँ र चैत्र ३ गतेको कार्यक्रमका बारेमा स्थानीय पसलेहरूसँग सोधखोज गरें तर साहित्यिक कार्यक्रमका बारेमा जानकारी नभएको बताए । रूम्जाटारमा कार्यक्रम हुँदा पद्मा मेडिकलमा हुने गरेको जानकारी भने दिए । म चिया खाएर रूम्जाटार बजार घुम्न निस्कें । बजार घुम्दा साँझ परेकोले वासको व्यवस्था गर्नुपर्ने भएकोले फेरि अर्को पसलमा गएर सोधें । त्यहाँ पनि पद्मा मेडिकल नै देखाए । म पद्मा मेडिकलतिर नै लागें । पद्मा मेडिकलमा पुगेर सोधखोज गर्दा साहित्यिक कार्यक्रम त्यहीं हुने र आयोजकहरू काठमाडौबाट आउँदै गरेको जानकारी पाएँ । मैले फेरि चेतनाथजीलाई फोन गरें । चेतनाथजीले आइपुग्न लागेको जानकारी दिनुभयो र मेरो मन ढुक्क भएको थियो ।

केही बेरपछि काठमाडौंबाट आउने टोली बसमा र सरकारी जीपमा आए । काठमाडौबाट नेपाल साहित्यिक पत्रकार सङ्घको र प्रेस काउन्सिल नेपालको टोली आएको थियो । टोलीमा नेपाल साहित्यिक पत्रकार सङ्घका





अध्यक्ष नगेन्द्रराज शर्मा, पूर्व अध्यक्ष रोचक घिमिरे, वरिष्ठ उपाध्यक्ष एवम् प्राज्ञ मातृका पोखरेल, उपाध्यक्ष एवम् प्राज्ञ वियोगी बुढाथोकी, उपाध्यक्ष रामप्रसाद पन्त, नवराज पुडासैनी 'ज्योत्स्ना' थिए । यस्तै सो टोलीमा लक्ष्मी भट्टराई 'परिधि', लक्ष्मी उप्रेती, प्रसिद्धा शर्मा, विष्णु भण्डारी, युवराज नयाँघरे, निनु चापागाई, अशोक सुवेदी, कला अनुरागी, ज्ञानुवाकर पौडेल, श्रीओम श्रेष्ठ 'रोदन', जयदेव भट्टराई, तुलसीहरि कोइराला, नारद गौतम, केदार बाँस्कोटा, होमशङ्कर बास्तोला, लक्ष्मी रूम्वा, अर्जुन तामाङ, श्याम राई, सुमन पुडासैनी, चेतनाथ धमला लगायतका रहेका थिए । जसमध्ये चेतनाथ धमला, तुलसीहरि कोइराला, नारद गौतम, होमशङ्कर बास्तोला, केदार बाँस्कोटा ओखलढुङ्गाकै थिए । यसैगरी प्रेस काउन्सिल नेपालका तर्फबाट मुख्य अधिकृत घनेन्द्र भुषाल, सदस्यहरू ईश्वरी ओझा, गोविन्द चौलागाई, शाखा अधिकृत रामप्रसाद पोखरेल लगायतका कर्मचारीहरूसमेत रहेका थिए ।

सबै साथीहरू आएपछि हामीले पद्मा मेडिकल अर्थात् सिटी सेन्टरमा खाना खायौं र सुत्नका लागि पनि त्यहीं व्यवस्था गरिएको थियो । पहाडी गाउँको कार्यक्रम स्थल भए पनि शहरको सम्झना गराउने उक्त सिटी सेन्टरमा स्वास्थ्य उपचारसहितको मेडिकलको सुविधा, बैंकिङ सेवा, महिला सहकारी सेवा, आँखा उपचार सेवा, रेष्टुरेन्ट सेवा, होटल तथा लज, किराना सामान, कार्यक्रम हल लगायतका सेवाहरू सञ्चालनमा रहेछ ।

विराटनगरबाट जागिरका सिलसिलामा रूम्जाटार पुगेका डा. मोहम्मद रसुलले त्यही एक गुरुङनीसँग विवाह गरी उक्त सिटी सेन्टर सञ्चालन गरेका रहेछन् । आपत्कालीन परिस्थितिका लागि टाटा सुमो गाडी, मोटरसाइकलसमेत तयारी अवस्थामा राखिएको थियो । तीन जिल्लाको कार्यक्रम स्थलका रूपमा रहेको उक्त सिटी सेन्टरमा सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ जिल्लाका सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले कार्यक्रम गर्ने गरेको र प्रायः कार्यक्रम भइरहने गरेकोले सिटी सेन्टर सञ्चालनमा सहजता भएको डा. रसुलको भनाइ थियो । छ रोपनी जग्गा किनेर ट्रष्ट हालेर बनाइएको भुइँ घरमा सञ्चालित उक्त सिटी सैन्टरमा एकै पटक तीसदेखि पचास जनासम्म मानिस खान बस्न सक्ने क्षमता रहेको छ । शहर बजारको कार्यक्रम स्थलभन्दा राम्रो सेवा सुविधा भएको सो भवनको कम्पाउण्डमा गमलामा फूलहरू अत्यन्त आकर्षक ढङ्गले सजाइएको छ । जहाँ चैत्र ३ गते भव्यताका साथ साहित्यिक पत्रकारिताको अवस्थाका बारेमा अन्तरक्रिया र कवि गोष्ठी सम्पन्न भएको थियो ।

३ गते बिहान हामी चिया खाएर रूम्जाटार गाउँ घुम्नका लागि निस्कियौं । हाम्रा साथमा स्थानीय समाजसेवी, राजनीति कर्मी वा भनौं साहित्यप्रेमीका रूपमा चिनिएका हाम्रा सहयोगी भनौं वा पथ प्रदर्शकका रूपमा सीताराम गुरुङ अगाडि हिंड्नुभएको थियो । सर्वप्रथम हामीलाई गुरुङहरूको कुल देवताको मन्दिर

घुमाउँदै रूम्जाटारमा गुरुङहरूको बसोवास हुनुको कारण जानकारी गराउनुभयो । उहाँका अनुसार आजभन्दा करिब २ सय ५० वर्ष अघि पृथ्वी नारायण शाहका पालामा गुरुङहरू लमजुङबाट बसाइ सरेर आफ्ना कुलदेवीसमेत लिएर आएका थिए । पृथ्वी नारायण शाहले नेपाल एकीकरण गर्ने क्रममा सेनाका रूपमा आएका उनीहरू पछि यही स्थायी रूपले बसोबास गर्न थालेका रहेछन् । रूम्जाटार करिब पाँच किलोमिटर लम्बाइ र तीन किलोमिटर चौडाईमा फैलिएको फराकिलो टार भएकोले, घाँसपात प्रशस्त पाइने र भेडा पालनका लागि उपयुक्त ठाउँ भएकोले यहाँका गुरुङहरूले भेडा पालन व्यवसाय सुरु गरे । भेडा पालनबाट भेडाको उनले राडीपाखी बुनेर बिक्री गर्ने गर्दथे तर अहिले रूम्जाटारमा पहिलेजस्तो भेडा पालन व्यवसायभन्दा वैदेशिक रोजगारतिर आकर्षण बढेकोले अधिकांश गुरुङहरू विदेसतिरै रमाएर बसेको जानकारी पाइयो ।

रूम्जाटारमा पहिले पोखरेलहरूको बहुलता थियो । पछि गुरुङहरू आएर उनीहरूको बहुलता बढेको र ब्रिटिस कम्पनीमा काम गर्न जानेहरूको सङ्ख्या ठूलो भयो । अहिले पनि करिब डेढसय घर बेलायतमा, करिब पाँचसय घर काठमाडौँमा, कोही हङकङमा, कोही सिङ्गापुरमा, कोही स्वीटजरल्याण्डमा बस्छन् । रोजगारीका क्रममा बिभिन्न मुलुकमा छरिएर रहेका कारण रूम्जाटारको घरमा ताला लागेको अवस्था देखियो । रूम्जाटारमा बस्नेहरू पनि केही व्यवसाय गरेर बसेका छन् भने विपन्न परिवारका गुरुङहरू भने स्थानीय रूपमै रोजगारी गरेर बसेका रहेछन् । गाउँ घुम्नेक्रममा हामी गुरुङ जातिको कुलदेवीको मन्दिर हुँदै अस्पताल, निर्माणाधिन बौद्ध गुम्बा, गोरखा वेलफेयर, राल्फाली चौतारो, विमान स्थल ज्ञानदिलदास पार्क लगायतका रमाइला ठाउँहरू घुमेका थियौँ । ज्ञान दिलदास पार्कमा ज्ञानदिल दासको प्रतिमा बनाएर उनी बसेको घर अगाडि राखिएको रहेछ । हामीले आफ्नो संस्मरणका लागि त्यहाँ फोटो खिच्यौँ र बिहानको घुमघामपछि हामीले सिटी सेन्टर फर्केर खाना खायौँ र निर्धारित साहित्यिक कार्यक्रमका लागि तयार भयौँ ।

कार्यक्रम दुई सत्रमा भएको थियो । पहिलो सत्रमा 'साहित्यिक पत्रकारिताको अवस्था' विषयक विचार विमर्श थियो । नेपाल पत्रकार महासंघ ओखलढुङ्गाको संयोजन तथा प्रेस काउन्सिल नेपालको आयोजनामा भएको सो कार्यक्रम नेपाल साहित्यिक पत्रकार सङ्घका उपमहासचिव एवम् प्रेस काउन्सिल नेपालका विधागत पत्रकारिता क्षेत्रका सदस्य चेतनाथ धमलाको अध्यक्षतामा र रचना द्वैमासिकका प्रधानसम्पादक एवम् नेपाल साहित्यिक पत्रकार सङ्घका पूर्व अध्यक्ष रोचक घिमिरेको प्रमुख आतिथ्यमा भएको थियो । उक्त कार्यक्रममा गोरखापत्रकर्मी एवं ओखलढुङ्गा निवासी नारद गौतमले साहित्यिक पत्रकारिताको अनास्थाका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यपत्रमा ओखलढुङगामा जन्मिएर मुलुकका विभिन्न ठाउँमा छरिएर





रहेका साहित्य कला संस्कृतिका क्षेत्रमा उल्लेख्य योगदान गर्ने करिब तीन दर्जन व्यक्तित्वहरूको नामावली सुनाइएको थियो ।

आदिकवि भानुभक्त आचार्यभन्दा पहिले रामायणको सुन्दरकाण्ड ओखलढुङ्गाका छविलाल पोखरेलले लेखेको, ओखलढुङ्गाकै ज्ञानदिल दास पहिलो कवि भएको र उनले भक्तिभाव धाराका कविताहरू लेखेर लहरी काव्यमा सङ्ग्रहित गरेका थिए । नेपालकी प्रथम महिला गायिका मेलवादेवी रूम्जाटारकै थिइन भने उनी राज्यबाट पुरस्कृतसमेत भएको कुरा कार्यपत्र प्रस्तोताले चर्चा गरेका थिए । यसैगरी सिद्धिचरण श्रेष्ठ, विष्णुचरण श्रेष्ठ, व्याकुल माइला, घटराज भट्टराई, जयप्रसाद भट्टराई, भद्रकुमारी घले, लक्ष्मीप्रसाद पोखरेल, श्याम दाहाल, डि.आर.पोखरेल तथा राल्फाली आन्दोलन एवं प्रगतिशील गायनका अगुवाहरू रामेस र रायन पनि यसै जिल्लाका स्रष्टा भएको कार्यपत्रमा उल्लेख गरिएको थियो । यहाँ डा.कविताराम श्रेष्ठले घोषणा गरेरै साहित्यिक आन्दोलनको सुरुवात गरेका थिए । युगकवि सिद्धिचरण श्रेष्ठको जन्म ओखलढुङ्गामै भएको र मेरो प्यारो ओखलढुङ्गा कविताका कारण पनि उनी देशमै चर्चित हुन पुगेका थिए ।

२००८ सालमा प्रकाशित 'टाकुरा' पहिलो हस्तलिखित पत्रिका ओखलढुङ्गाबाटै प्रकाशित भएको र त्यसको सम्पादक मेखबहादुर श्रेष्ठ थिए भने 'जुनकिरी' नेपालकै पहिलो दर्ता भएको पत्रिका रहेको र नेपालको पहिलो महिला सम्पादक अनिता राजभण्डारी पनि ओखलढुङ्गाकै भएको दावी पनि सो कार्यक्रममा गरिएको थियो । यति मात्र होइन छापाखानाबाट प्रथम पटक प्रकाशित नेपालको पहिलो पत्रिका 'दैलो'समेत यसै जिल्लाबाट निस्किएको जानकारी पाइएको थियो भने सिद्धिचरण श्रेष्ठले नेपालकै पहिलो दैनिक पत्रिका 'आभास' प्रकाशन गरेको कुरा पनि उजागर गरिएको थियो ।

सो कार्यक्रममा आफ्नो मन्तव्य दिने क्रममा स्थानीय सिताराम गुरुङले रूम्जाटारमा भेडा पालन गर्ने क्रममा स्थानीयहरू धेरै टाढा टाढासम्म पुगेर भेडा चराउने गर्दथे । कोही कता कोही कता हुन्थे । यसरी भेडा चराउन भेडी गोठ बनाएर बस्नुपर्ने अवस्था आएपछि गाउँलेहरू बीचमा एकापसमा सम्पर्क हुन छाड्यो । चाडपर्व मनाउने क्रममा वर्षमा एक दुई पटकमात्र भेट हुने तर त्यो पनि कुन बेला हो ठेगान थिएन । आफ्नै दाजुभाइ तथा नाता कुटुम्बबीच भेटघाट हुन छाडेपछि दशैँका बेलामा भेडी गोठ लिएर बाहिर हिँडनेहरूसँग भेट हुन्थ्यो । त्यसरी भेट हुँदा सबै एकै ठाउँमा जम्मा भएर सल्लाह गरेकी अबदेखि हामी भेडी गोठ लिएर जहाँ पुगे पनि चैते दशै र बडा दशैंका बेलामा जतासुकै पुगे पनि घुमिफिरी रूम्जाटार नै आइपुग्ने र कुल देवताको सबै मिलेर पूजा गर्ने सहमति भएको हुँदा भेडी गोठ लिएर जानेहरू जुनसुकै ठाउँमा पुगेको भए पनि चाडपर्व मनाउन घुमिफिरी रूम्जाटार नै पुग्नुपर्ने कथन प्रचलनमा आएको र

यो कथन भेडी गोठालाहरूबाटै प्रचलनमा आएको सुनाएपछि मेरो खुल्दुली मेटियो ।

पहिलो सत्रको कार्यक्रम सकिएपछि चिया खाजा खाइयो र दोस्रो सत्रमा कवि गोष्ठीको आयोजना भएको थियो । स्थानीय कविहरू र काठमाडौंबाट गएका कविहरूले आआफ्नो कविता पाठ गरेपछि साँझ छ बजे कार्यक्रम सकिएको थियो ।

भोलिपल्ट चैत्र ४ गते बिहान सात बजे हामी ओखलढुङ्गातिर लाग्यौं । ओखलढुङ्गा सदरमुकाममा सिद्धिचरण नगरपालिकाका मेयर मोहनकुमार श्रेष्ठको निम्तो मान्दै त्यही खाना खायौं र नगरपालिका कार्यालयमा सामान्य परिचयात्मक कार्यक्रम भयो जनप्रतिनिधि र कर्मचारीहरूसँग । त्यतिकैमा १२ बजिसकेछ र हामी सबै साथीहरू बसमा चढेर बाटो लाग्दा दिउँसोको १ बजेको थियो । म पनि साथीहरू काठमाडौबाट चढेर आएको बसमै घुर्मी बजारसम्म आएँ र त्यहाँबाट कटारी जाने बस समातें । साँझ पाँच बजेतिर कटारी पुग्दा गाईघाट जाने बस पाइएन र त्यो रात कटारीमै बिताए । भोलिपल्ट बिहानै गाईघाटको बस समाते र नौ बजेतिर गाईघाट पुगें ।

मलाई अरूभन्दा पनि रूम्जाटारको सिटीसेन्टर खै किन हो मनभित्र डेरा जमाएर बसेको छ । अझै पनि उक्त ठाउँमा कुनै कार्यक्रमको निम्तो आयो भने म त्यहाँ जान समय कुरेर पर्खिरहेको छु र रमाइलो वातावरणमा घुम्न जान्छु ।

≈


**के तपाईंलाई थाहा छ ?**

**२०७३ को वर्ष पुस्तक आइसकेको छ ।**

**हामी २०७४ र २०७५ वर्ष पुस्तकमा जुटिसकेका छौं ।**

**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं ।**

**त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र**

**शब्दार्थ प्रकाशन**

चाबेल गणेशस्थान, काठमाडौं

४४९७३५१/९८४१४९६१०३






# धर्मात्माको मात्रै हो त गोसाइँकुण्ड ?

**रामकुमार पण्डित क्षत्री**

'पापीलाई गोसाइँथान" भनेर हामी कहाँ उखान प्रचलित छ । जहाँ पापीहरू जान सक्दैनन्, गइहाले पनि अप्रिय घटना भोग्नुपर्छ भन्ने आशय हो सायद यो उखानको । २०४५ भदौ ५ गते मेरा आमाबुबा गाउँका छिमेकीहरूसँग गोसाइँथान जानुभएको थियो । उनीहरू घरबाट हिँड्ने बेला काठमाडौंमा बिहानै ५ बजेतिर भुइँचालो गएको थियो । ६.९ रेक्टर स्केलको भूकम्पबाट काठमाडौं, धरानजस्ता क्षेत्रमा थुप्रै धनजनको क्षति भएको थियो । यात्रामा जाने तय भइसकेको कारण रोक्नुभएन । हजुरआमाको संरक्षणमा हामी पाँच जना छोराछोरी घरमै बस्यौं ।

त्यतिबेलादेखि नै मेरो मनभित्र गोसाइँथानको बारेमा जिज्ञासा पलाइरहन्थ्यो । कुनै दिन म पनि जानेछु त्यस ठाउँमा भनेर भन्दथ्यो । यो अभिलाषा पूरा हुन मैले त्यसपछिका २३ वर्षसम्म कुर्नुपर्‍यो । २०६८ जेठ १३ गते शुक्रबार हामी हिँड्यौं । मसँग साथी थिए, अमेरिकी नागरिक सुजन र अर्की थिइन् जर्मनी नागरिक इङ्गा । सुजन भने हाम्रो घरमा धेरै अघि बसेकी थिइन्, नेपाली भाषा र संस्कृति सिक्नको लागि पेइङगेष्टको रूपमा । त्यसैले उनीसँग दाजुबहिनीको नाता बनाइए पनि हामी मिलनसार साथी थियौं । इङ्गाचाहिँ सुजनको केटासाथीको साथी थिइन् । उनी र म एकअर्काको लागि अपरिचित । हाम्रो संयुक्त यात्राको संयोग जुर्‍यो त्यस दिन । लाङटाङ जाने कि गोसाइँकुण्ड जाने भन्ने निर्णय भएको थिएन । विदेशीहरू धेरैजसो लाङटाङ जाने भएकोले उनीहरू पनि लाङटाङकै योजना गर्दै थिए । मलाई गोसाइँकुण्डजस्तो पवित्र तीर्थस्थल जान मन भएकोले त्यसतर्फ जोड गरें । उनीहरूले मेरो प्रस्तावलाई सकारात्मक रूपमा लिए । एक थान नक्सा, केही औषधी र आवश्यक लुगा कपडा लिएर हाम्रो यात्रा तय भयो । काठमाडौंमा जेठको गर्मी थियो । सुजनले जाडोको लुगा चाहिन्छ भनेपछि मैले एउटा बाक्लो ज्याकेट, पातलो स्वेटर र दुई जोर जति सर्ट पाइन्ट झोलामा हालें । हामी तीनै जनाको झोला खासै गह्रौं थिएन ।

त्यस दिन घर (सिमलटार) बाट बिहान सबा छ बजे हिँड्न सुरु गर्‍यौं । नेपाल बन्द भनेकोले बिहानै दुईचार वटा गाडी तोडफोड भएको समाचारमा आइसकेको थियो । त्यसैले बालाजुसम्म जानको लागि सधैं जाने आरूबारीको ट्याक्सीले मानेन । हामी हिँडेरै बालाजु जान कस्सियौं । १५ मिनेटको हिँडाइपछि फैका जाने चोकमा एउटा ट्याक्सी भेटियो । त्यसले माछा पोखरीसम्म जानको लागि सात सय माग्यो । सायद यो भाडा सामान्यभन्दा डेढदेखि डबलसम्म बढी

थियो । हामी त्यसैमा गयौं ।

अघिल्लो दिनमै सुजनले बुक गरेको बसको टिकटले काम गरेन । बन्द भनेकोले उनीहरूले नचलाउने निर्णय गरेछन् । त्यसपछि सुजनले प्राइभेट गाडी कम्पनीलाई फोन गरिन् । तिनीहरूले पनि मानेनन् । उनले त्यसपछि सुन्दरीजलबाट जाने विचार व्यक्त गरिन् । बालाजुबाट सुन्दरीजलसम्म हिँड्नु सानो कुरो थिएन । मेरो मन आत्तिरहेको थियो । त्यति नै बेला एउटा केटा आएर हामीलाई माइक्रो रिजर्भ गर्नको लागि सुझाव दिदैं थियो । पैसाचाहिँ रिजर्भको लिएर बीचबीचमा दुईचार जना अरु यात्रु हाल्ने उसको प्रस्ताव थियो । दोमन दोमन भइरहेको बेलामा एउटा बस आएर धुञ्चेसम्मको लागि रु. ६०० भनेर कराउन थाल्यो । मैले सम्बन्धित मान्छेलाई भाडा सोधें । उसले ४१५ भन्यो । हामीले प्रति व्यक्ति ४०० तिरेर बस चढ्यौं । मान्छेहरूको भीड थियो । जाने गाडी थिएनन् । हामी उभिनेमा पर्‍यौं । मान्छेको भीड देखेर त्यस गाडीले अरूलाई रु. ५०० लिन थाल्यो । त्यही पनि तिरेर उभिएरै यात्रा गर्न तम्सिए मान्छेहरू । कोही छतमा चढ्न थाले । 'अलि माथि पुलिस चेकिङ्ग हुन्छ, त्यहाँपछि छतमा चढ्नू; अहिले नचढ्नु' भन्दै थियो खलाँसी । मान्छेहरूले त्यसै गरे । बसभित्र एकैछिनमा कोचाकोच मान्छे भए । बिहानको साँढे नौ बजेको हुँदो हो, बस गुड्न सुरु गर्दा । ककनीको बाटो हुँदै त्रिशूलीतिर बस हानियो । साँघुरो बाटो, डरलाग्दो भीर अनि घुम्ती, ओरालो त्यसमाथि कोचाकोच यात्रु बोकेको बस अनि गर्मी । कहीं कतै अप्रिय घटना भइहाल्यो भने ? मनमा भय उत्पन्न हुने विचार आउन थाल्यो । मान्छेहरू त्यति नै बेला वाकवाकी गर्न पनि थाले । कसैले झ्यालबाट बाहिर भमिट गर्न थाले भने कसैले प्लाष्टिकभित्र । खलाँसीलाई प्लाष्टिक बाँड्न भ्याइनभ्याइ भयो । त्यस दृश्यले मलाई पनि बान्ता आउलाआउला जस्तो हुन थाल्यो । हिंडेको बेला कहिल्यै बान्ता नआउने म, भित्रभित्रै आफूलाई बलियो बनाउनतिर लागें । केही सीप लागेन । त्यसपछि आँखा चिम्लिएर ओम् मन्त्रको ध्यान गरेर पेटको असरलाई बिर्सन थालें । साँच्चीकै यसले काम गर्‍यो । हुन खोजेको बान्ता, हरायो । करिब दुई घन्टापछि केही सिटमा बसेका मान्छे झरे र हामीले बस्ने मौका पायौं । यसपछि बान्ता नहुनेमा ढुक्क हुन सकें । केही बेरपछि बस त्रिशूलीको ढुङ्गे बजारमा पुगेर रोकियो । धेरैले त्यहाँ खाना खाए । हाम्रो ग्रुपले चाहिं बिस्कुट र लेज खान थाल्यौं । सरसफाइ र स्वास्थ्यमा बढी ध्यानदिने भएकोले हाम्रो लागि जुन पायो त्यो होटेलको खाना सहज थिएन । त्यहाँबाट ४८ कि.मी. पार गरेपछि बस धुञ्चे पुग्यो करिब साँढे तीनतिर । त्यसपछि एउटा राम्रो होटल छानेर बास बस्ने निधो हामीले गर्‍यौं । होटेलमा सामान राखेपछि म एक्लै बाहिरको दृश्य हेर्न गएँ । चारैतिर पहाडैपहाड भएको, बीचमा खोल्सी र समथर जमिन त नगण्यमात्रै । मलाई ठाडो पारेको थुञ्चेजस्तै लाग्यो त्यहाँको दृश्य र मनमनै भनें थुञ्चेजस्तै भएकोले यहाँको नाम धुञ्चे हुन गएको पो हो कि ? १९५० मी. को उचाइमा रहेको यो स्थल रसुवाअन्तर्गत





पर्दछ । खानासाना खाएर उनीहरू दुई जना आराम गर्न पल्टिए । म भने त्यति बेला गजल लेखिटोपल्थे । बिहानको बन्द, अप्ठ्यारो बाटोबाटै नदेखिने टाढाको भीरमा मान्छेहरूले बस्नको लागि बनाएको फाट्टफुट्ट कटेरो देखेर यस्तो गजल फुर्दै थियो – बन्द नै बन्द गरेर कैले खुल्छ नि नेपाल ?

खुलेन भने विकास कैले हुन्छ नि नेपाल ।

यो गजल पूरै लेखिसकेपछि उनीहरूलाई सुनाएँ । सुजन त नेपाली धेरै बुझ्थिन् तर इङ्गा बुझ्दिनथिन् । सुजनले अङ्ग्रेजीमा भाव अनुवाद गरेर सुनाइन् । दुवै गजलबाट खुसी भए । राम्रो छ भनेर मलाई हौसाए । हुन त उनीहरू लेखक थिएनन् तर अङ्ग्रेजी साहित्यका नियमित पाठक थिए । पेशाले सुजन वकिल त अर्की इन्जिनियर ।

जेठ १४ गते बिहान हामी पौने छमा उठ्यौं । अलग अलग तीनवटा वेड भएको एउटै कोठामा हामीले रात गुजार्‍यौं । चिया र नास्ता हामीले त्यही होटेलमा गर्‍यौं । त्यति बेला गोसाइँकुण्ड जाने मान्छेको भीड थिएन किनभने त्यति बेला मेला लागेको थिएन । वर्षमा चार पटकसम्म मेला लाग्दो रहेछ । सबैभन्दा ठूलो मेला जनैपूर्णिमाको बेला लाग्दो रहेछ । मेरो आमाबुबा पनि त्यही समय पारेर जानुभएको थियो । केही मान्छेले माथि पानी पर्छ भन्दै त्यहाँ प्लाष्टिक किनेको देखियो । हामीले पनि प्लाष्टिक किनेर ७:५० तिर हिड्यौं । पैदल मार्गबाट रूख भएको जङ्गलको बाटो छिचोल्दै हामी उकालो लाग्यौं । बिहानीको समय, शान्त स्थल, चराचुरूङ्गीको आवाज र कतै खोला झरनाको कलकल आवाजमा मन प्रफुल्ल हुँदै थियो । त्यति नै बेला मेरो मनमा डर उब्जियो । कुरा झिकिहालें । 'यो सुनसान ठाउँमा जङ्गलका बाघ भालु त आउँदैनन् ?' सुजन उत्साहित हुँदै भनिन् 'यो चिसो ठाउँमा यस्तो डरलाग्दो जनावर आउँदैन । यदि आयो भने हामी भाग्यमानी हौं, हेर्नको लागि ।' हुन त उनी पनि पहिलो पटक नै आउँदैछिन् तर पनि उनले गाइड बुकमा पढेकी हुनुपर्छ भन्ने मेरो ठम्याइ थियो । नेपाल भ्रमणको बारेमा उनीसँग अङ्ग्रेजी भाषामा लिखित मोटो पुस्तकै थियो । म केही ढुक्क भए पनि मनमा त्यस्तो भय आउँदा टाढाटाढा आँखाले भ्याउञ्जेल कुनै जनावर आक्रमण गर्ने तयारी गर्दै छ कि या कतै त्यो लुकेर बसेको पो छ कि भनी हेरिँदो रहेछ । आनन्दित तुल्याउने दृश्य र केही रमाइला केही ज्ञानवर्द्धक कुराकानी गर्दै हामी उक्लियौं । १०:५० बजे हामी देउराली (२६५० मी.अग्लाइ) भन्ने ठाउँमा पुग्यौं । देउराली भन्नासाथ मेरो मनमा 'देउरालीको चौतारीमा सँगिनीले आँखा ..'बोलको प्रसिद्ध गीत गुञ्जिन थाल्यो । हामी एक छेउमा बसेर झोलामा राखेको बिस्कुट र पानी खान थाल्यौं । खाँदैगर्दा मैले त्यो गीतको बारेमा कुरा गरें । त्यसपछि इङ्गाले गाउन कर गरिन् । मैले टुटेफुटेको स्वर र लयमा त्यो एक लाइन गीत सुनाएँ । उनीहरूले राम्रो लागेको भाव व्यक्त गरे । बोटलमा पानी सकिएकोले त्यतै बगिरहेको ढुङ्गे धारोमा पानी भर्‍यौं र एक दुई थोपा आयोडिन राख्यौं ।

आयोडिनको थोपाले पानी सफा र स्वस्थ्य पार्दछ तर पिउँदा स्वाद हुँदैन । हिँड्दै गर्दा बतास पनि चलिरहेको थियो । फेरि अर्को गीत आइहाल्यो 'देउरालीमा बतास चल्यो.....' गाएर सुनाएपछि उनीहरू दङ्ग परे । एक घन्टापछि हामी दिम्सा (२९५० मी.) पुग्यौ । लगातार हिँडेर हामी चन्दनबारी (३२५० मी.) मा एक बजे पुग्यौं । यस ठाउँलाई सिनगुम्बाको नामले पनि चिनिँदो रहेछ । त्यहाँ रेड पाण्डा होटेलमा हामीले खाना (चिया, सुप, मःमः र टोष्ट) खायौं । खाना खाइसकेपछि बाहिर पानी दर्किन थाल्यो । त्यसैले अब हामीले त्यहीँ बास बस्ने विचार गऱ्यौं । एउटा कोठा एक सय रुपियाँ मात्रैमा बैना गरेर बस्यौं । त्यहाँ तातोपानीको पनि व्यवस्था भएकाले उनीहरू दुईले नुहाए तर मैले नुहाउने आँट गरिनँ । बाहिर जाडो थियो । म बाहिर हेर्न गएँ । चन्दनबारी भनेपछि चन्दनको रूख बिरूवा हुनुपर्छ भन्ने मेरो अनुमान थियो । बाहिर लामोलामो पहेलो फूलका बोटहरू थिए । मैले होटेलवाल्नी सेर्पिनी दिदीलाई सोधेँ । जवाफमा त्यो चन्दनको रूख होइन भन्ने पाएँ ।

जतिजति उकालो उक्लियो उतिउति ठूला रूखको दर्शन हुन छाड्यो । सायद दिम्सादेखि नै रूखहरू नगण्य थिए । देउरालीदेखि चन्दनबारीको बीचमा नेपाल आर्मीको क्याम्प थियो । यो लाङटाङ राष्ट्रिय निकुञ्जभित्र पर्नेहुँदा त्यहाँ विदेशीहरूले अनुमति लिएर आए नआएको चेकजाँच गरिँदो रहेछ । अनुमतिचाहिँ काठमाडौंबाट दिइने रहेछ । यदि कोही विदेशीले अनुमति लिन बिर्सिएमा त्यस जाँचकेन्द्रबाट काठमाडौं फर्काइ दिंने रहेछन् । त्यहींबाट अनुमति दिने व्यवस्था थिएन । त्यही क्याम्पमा तीस चालीस हात पर उभिएका दुई जना आर्मीले हामीलाई हेर्दै आपसमा कुरा गरेको मैले सुनें -'...को छोराले दुई दुईटी कुइरिनी ल्याएछ ।' उनीहरूको आशय घृणित रूपमा यौनतिर थियो । मैले सुनेको नसुनै गरें । अपरिचित ठाउँमा नबोलेर समस्या ठूलो बन्दैन भने त्यसलाई सहने मेरो बानी थियो । १५ गते बिहान नास्ता गरी सवा सातबाट यात्रा सुरु गऱ्यौं । सिनगुम्बाबाट लौरीविनासम्म पुग्दा पनि एक दुई जना पुलिसको मुखबाट त्यस्तै अपवाच्य सुनियो । त्योचाहिँ अर्कैको सन्दर्भमा थियो । बिहानै तीर्थयात्रुहरूको आउ जाऊ बढिसकेको थियो । गोसाइँकुण्डबाट फर्कने एक जना महिला यात्रु भरियाको पिठ्यूँमा चढेर आएकी थिइन् । उनलाई लेक लागेर हिँड्न नसकेको प्रष्ट बुझिन्थ्यो । उनका आफन्त चिन्तित मुद्रामा अगिपछि गर्दै थिए । तिनलाई लक्षित गर्दै एउटा पुलिसले अर्कोलाई भन्यो -'धर्म पनि भयो, लोग्ने मान्छेको जिउमा चढेर क्या मजा पनि भयो ।'

साँढे नौतिर नै हामी लौरीविना (३९०० मी.) पुग्यौं । लौरीविनालाई कसैले लौरी विनायक गणेशको रूपमा पूजा गरेको देखियो भने कसैले लौरो नटेकी त्यहाँसम्म पुग्नेलाई धर्मात्मा भनिने चलन भएको सुनाए । वास्तविक अर्थ पछिल्लो हुन सक्छ । हामी पनि विना लौरो हिँडेरै पुग्यौं । केटा भएकोले होला मेरो खुट्टा अलि छिटो चल्थ्यो, त्यसपछि सुजनको अनि अर्कीको । आफ्नो





जीउले छिटो हिँड्न प्रेरित गरेको छ भने छिटै हिँड्दा आराम मिल्दो रहेछ । ढिलो हिँड्नेको सारमा हिँड्न थाल्यो भने अनावश्यक थकाइ उत्पन्न हुँदो रहेछ । त्यसैले ट्रेकिङका भरियाहरू पर्यटकलाई छोडेर छिटोछिटो हिँडी धेरै पर बसेर कुर्दा रहेछन् । इङ्गा अलि ढिलो हिँड्थिन् तर हामीले छोडेनौ, सँगसँगै लिएर हिड्यौं । हामीले लौरीविनामा रहेको होटेलमा भोटे रोटी, आलु फ्राइ र चीज खाएर हिँड्यौं । तीन घन्टा जति हिँड्यौं । बाटो कतै भीर, कतै साँगुरो, कतै खसियो भने लास भेट्न पनि तीन दिन लाग्लाजस्तो इनारजस्तै खोंच थियो । डर लाग्दा बाटामा केही डराउँदै, आश्चर्यजनक दृश्यमा आल्हादित हुँदै, पवित्र हावा र पानीले आफूलाई पवित्र बनाउँदै हिँडियो । बीचबीचमा सिमसिम पानी परेर प्लाष्टिक ओढाउँथ्यो, फेरि घाम लागेर केही न्यानो अनुभूति हुन्थ्यो । यस्तैमा पहिलो दृश्य नागकुण्ड देखियो । बाटोबाट सयौं मिटर पर रहेको त्यो कुण्ड देखिनासाथ मभित्र खुसी छायो । त्यो भित्र नाग छ या छैन थाहा छैन तर नागै बस्ने कुण्ड भन्ने जनविश्वासअनुसार मैले टाढैबाट नागकुण्डको दर्शन गरें । ठूलो पानी पर्लाजस्तो मेघ कालो भएर मडारिरहेको थियो, त्यस नागकुण्डकै माथि त झन् धेरै । एकैछिन हेरेर हामी बाटो लाग्यौं । केही बेरमै हामी गोसाइँकुण्ड (४३८० मी.) पुग्यौं । लगभग तीन बजेको हुँदो हो, हामी नमस्ते होटेलमा बस्यौं । हामी पुग्दा केही आर्मी तथा पुलिसहरू त्यहाँ आएका थिए । तीन दिनदेखि एउटी जापानी महिला हराएकी रहिछन् । उनको खोजीमा थिए धेरै मान्छे । कोही भन्थे गोसाइँकुण्डको छेउछेउ हिँडी होली र खसेर मरी होली । कोही भन्थे नागकुण्डको माथि पुगी होली र नागले तान्यो होला । कोही भन्थे, यो माथिमाथि पहाड चढेर कतै अलमलिई होली । खोई के भयो होला ? सुरक्षाकर्मीहरूले सक्दो प्रयास गरिरहेका थिए । सम्भावित ठाउँ सबैतिर हेर्न पुगेको थिए । ट्रेकिङ गाइड विना एक्लै आएकी रहिछन् तिनी । यस्तो ठाउँमा आउँदा पनि गाइड किन नलिई आएकी होला भनेर मान्छे कुरा गर्दथे ।

त्यहाँ दुईवटा मात्रै होटेल थिए । रात बस्ने यात्रुले लगभग भरिएको थिए । उनीहरू दुई जना होटेलमा आराम गरी बसे । म भने गोसाइँकुण्डलाई नजिकबाट हेर्न उत्कट लालसाले कुण्ड भएतिर गएँ । तीन चार बजेको समय भएकोले पानी सङ्गलो तर कालोकालो देखिन्थ्यो, अलि टाढाबाट हेर्दा । खुड्किलो ओर्लिएर कुण्डको पानीलाई स्पर्श गरें । पहिलो पटक देखेको १३.८ हे.मा फैलिएको कुण्डले मभित्र अनौठो उत्साह ल्याएको थियो । जसलाई अघाउञ्जेल हेरिरहें । हिउँ जम्ने पहाडको फेदीमा रहेको यो कुण्ड बिहान, दिउँसो र साँझमा फरक फरक आकृति र रङमा देखिन्थ्यो । टाढा र नजिकबाट हेर्दा पनि त्यसभित्र पर्ने छायाँले फरक फरक देखाउँथ्यो । मैले गएकै दिन दिउँसो र साँझको तथा भोलिपल्ट बिहान सो दृश्य हेर्ने अवसर पाएको थिएँ ।

हामीले सात बजे भात, आलु खायौं । चिसोको कारण पानी तात्न पनि धेरै समय लाग्थ्यो । मलाई तातो पानी पिउन मन लाग्ने हुँदा दुई चार कप पानी

किनेर खाइयो । अगेनामा दाउरा बालेर खाना पानी तयार गर्ने हुँदा अगेना वरिपरि मान्छे आगो ताप्न बस्थे । गस्तीमा हिंडेका सुरक्षाकर्मीलाई पनि त्यही आगोले लठ्याउँथ्यो । त्यहाँ वरिपरि बसेर पाप र धर्मको कुरा झिक्थे । एउटा अपाङ्ग बूढो पनि लठ्ठी टेकेर त्यहाँ आइपुगेको पाइयो । ऊ ठाडो भएर हिँड्न सक्दैन थियो । टुक्रुक्क बसी बसी हिंडेर त्यत्रो यात्रा गरेकको थियो । आम मान्छे त्यस्ता बूढोलाई धर्मात्मा र अर्काको जीउमा बोकिनु परेकी बिरामी महिलालाई पापी भन्थे । मलाई परिस्थितिले विवश बनाएको मान्छेलाई यही नै हो भनेर भन्न मन लाग्थेन र म चुपचाप सुनेर बस्थेँ । सुतेको बेलामा मनभित्र यस्तो कुरा चल्थ्यो - 'यदि ती महिला पापी भए; भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाएका मान्छे हेलिकप्टरबाट एकैदिनमा आउजाऊ गर्छन् । के ती धर्मात्मा हुन् त ?'

भोलिपल्ट बिहानै म गोसाइँकुण्डमा नुहाउन निस्किएँ । त्यति चिसो, हिउँ पग्लिएर आएको पानीमा त्यो पनि बिहानै नुहाउन निस्किएको देखेर इङ्गा छक्कै परी । ऊ फोटो खिच्न सक्छु भन्दै मेरो पछिपछि आई । मैले सक्छ्यौ भनेपछि खुसी भई । कपडा खोली कट्टुमात्रै लगाएर विशाल कुण्डको एक छेउमा बसेर डुबुल्की लगाई भगवान्को नाममा जल अर्पित गरें । केही पर अरू नेपाली महिला पुरुषले पनि त्यस्तै गरिरहेका थिए । उसले दुईचार क्लिक हानी । त्यो सबै गर्नेलाई 'पागल मान्छे" भनी किनकि त्यति चिसोमा धर्मको नाममा उनीहरू दुईले नुहाएनन् । ज्यान हत्केलामा राखेर नुहाउनु भनेको पागलपनको संज्ञा थियो तर हामीलाई त्यतिपर पुगेपछि ननुहाई चित्तै बुझ्थेन किनकि त्यहाँसम्म सधैंभरि पुग्न सकिने ठाउँ होइन । आठ बजेपछि त्यहाँबाट हामी हिंड्यौं । जुन बाटो हिंड्यो त्यही बाटो फर्कन मन नलाग्ने हुँदा हामी सुन्दरीजल निस्कने गरी पास विनायकको बाटो लाग्यौं । कलिलो घाम, कतैकतै बाटोमै नपग्लिएको हिंउ, घाँस, फूल हेर्दै उमङ्गका साथ हिड्यौं । भुइँका फूल राम्रो देखेर टिप्न मन थियो र टिपेर सुँघ्न पनि तर त्यसो गर्ने साहस ममा भएन किनकि सुनेको थिएँ गोसाइँकुण्डका बाटोमा विष फूल हुन्छन् र त्यो लाग्न सक्छ । नजिकबाट देखेको हिउँले रोमाञ्चित पारेको थियो तर ती दुईलाई थिएन किनकि आफ्नो देशको घरमा जमेको हिउँ पन्छाउँदा पन्छाउँदा वाक्क भएका थिए । त्यसरी उकालो लाग्दा कतैकतै ५२०० मी. सम्म उचाइ छ भन्ने लेखिएको पाइन्छ । बाटोको आसपास धेरै कुण्डहरू छन् । यस क्षेत्रमा मात्रै १०८ कुण्ड भएकोले कुण्डको मात्रै राम्रोसँग दर्शन गर्ने हो भने पूरा एक दिन पनि अपर्याप्त हुन्छ । पास विनायक कटेपछि बाटोमा ठूलो पानी पर्‍यो । प्लाष्टिकले जीउ छेके पनि हाम्रो जुत्ता, मोजा र पाइन्ट भिज्यो । एकछिन ढुङ्गाको ओडारमा ओत लाग्यौं, चित्त नबुझेपछि बाटो ततायौं । करिब एक घन्टा हिंडेपछि बाटोमा सानो होटेल भेटियो । हामीले चियासिया खायौं । एउटा डाँडोबाट अर्को डाडाँमा रहेका केही होटेल सानो आकारमा नजिकै देखिन्छ तर त्यहाँ पुग्न चार पाँच घन्टा लाग्दो रहेछ । त्यसै गरी हामी घोप्टे (३४४० मी.) पुग्यौं । घोप्टेमा २०४९ सालमा थाई





एयरको हवाइजहाज दुर्घटनामा परेर सबै यात्रुको मृत्यु भएको थियो । यसो नियाल्दा कतै भीरमा अझै पनि जहाजका अवशेष देखिन्थे । घोप्टेसम्म आइपुग्दा अब रूख झाडीहरूको उपस्थिति हुन थालेको थियो ।

१७ गते बिहान तीन घन्टाजति हिंडेपछि हामी थोरेपाटी आइपुग्यौं । त्यहाँ हल्का चियासिया लिएपछि हिंड्यौं करिब दुई घन्टा । यसपछि मङ्गेन गोठ आइपुग्यो । त्यहाँ मङ्गेन साग पाइँदो रहेछ, हामीले हिंडेदेखि साग खाएका थिएनौं । त्यहाँ नयाँ स्वाद लियौं । त्यति नै बेला कालो कौवा एकतमासले करायो । त्यसको आवाजले पानी पर्ने सङ्केत गरिरहेको थियो । मैले सो कुरा भनेको केही बेरमै पानी परेपछि फेरि रमाइलो महसुस भयो । तीन घन्टा लाग्छ भनिएको थियो कुटुमसाङ पुग्न । हामी लम्किरहेका छौं । बाटोमा याक देखिन्छ फोटो खिचिन्छ । छिनछिनमा परिवर्तन हुने मौसम, हिमाली र पहाडी लालीगुराँस, चराका सुमधुर स्वर, अर्किडहरू रूखको टुप्पैसम्म फुलेका दृश्यलाई मनभरि सङ्गाल्दा साँझको पाँच बजिसकेछ । बाक्लो रूखको मुनिमुनि बाटो । कतैकतै दोबाटो, त्रिबाटो भेटिन्छ, घर, होटेल देखिन्न । बाटो भुलेर अन्त पुगिएला भन्ने पीर । हामी साढे छ बजेकुटुमसाङ पुग्यौं र नमस्ते होटलमा बास बस्यौं ।

१८ गते बिहान नौ बजेतिर हामी गुल भञ्याङ आइपुग्यौं । गुल भञ्याङभन्दा माथि चिसापानी नआइपुग्दैको 'पाटी भञ्याङ' भने काठमाडौं उपत्यकाको चार भञ्याङमध्येको एक हो । यहाँ तामाङ जातिको बहुलता रहेको छ । त्यहाँ देखिएका ससाना घर, मान्छेहरूको अनुहार, बाटो घाटोमा भएको फोहोर र सफाइको अवस्थाले यसलाई थप पुष्टि गर्दथ्यो । गुल भञ्याङको एउटा राम्रो रेष्टुरेण्टमा नास्ता गरी हामी हिंडिरह्यौं, यद्यपि ठूलो पानीले बेलाबेलामा अवरोध गर्न खोजे पनि । फराकिलो बाटोको कारण चिप्लिङ जाने बाटो पहिल्याउन अप्ठ्यारो थियो । हामीले सोध्दै गयौं । ठाउँ ठाउँमा अर्काको आँगनबाट हिंड्नुपरेकोले बाटो ठम्याउन थप कठिनाइ थियो । चिप्लिङ नामअनुसार चिप्लो नभए पनि कतैकतै हिंड्दा चिप्लियौं पनि । चिप्लिङको एउटा होटेलमा खाना खाएर फेरि हिंड्दा हिंड्दा साँझ ५ बजेतिर हामी चिसापानी आइपुग्यौं । हामी लामा तेञ्जिङ होटेलमा बास बस्यौं । यस ठाउँको मौसम हल्का चिसो छ । वरिपरि दृश्य सफा देखिन्छ । गणेश हिमाल र लाङटाङ हिमाल पनि अत्यन्त स्पष्ट, मनमोहक देखिन्छ । १९ गते बिहान नास्ता गरेर हामी मुलखर्कतिर लाग्यौं । बीच बाटोमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज पर्दो रहेछ । त्यहाँ प्रवेश गर्ने बेलामा उनीहरूले प्रतिव्यक्ति रु. २५० तिरे भने मेरो रु. दश । त्यसपछि सुन्दर हरियाली हेर्दै हामी करिब तीन घन्टापछि मूलखर्क आइपुग्यौं । त्यसको एक डेढ घन्टापछि हामी सुन्दरीजल आइपुग्यौं । सुन्दरीजलको विद्युतीय पावरहाउस हेर्दै हामी गाडी चढेर घर आइपुग्यौं । घरमा मेरी जहान सुनिता र बालक छोराहरू सुराग र अनुराग मेरो आगमनको व्यग्र प्रतीक्षामा थिए ।

समग्रमा हिमाली भेगका शेर्पा समुदायले होटेल रेष्टुरेन्ट चलाएका

रहेछन् त्यहाँ । सेर्पाकै सिण्डिकेट चलेको रहेछ । ती समुदायबाहेकका अरूले त्यस्तो व्यवसाय अपनाउन चाहेमा भौतिक हमला गरेर लखेटिने कुरा त्यहाँका होटेलबालासँगको गफमा थाहा भयो । सरकारी रूख काटेर, स्थानीय ठूलाबडालाई खुसी पारेपछि लज खोल्ने गरिँदो रहेछ । केही ठूला होटेलमा सरसफाइमा ध्यान दिएको पाइयो भने धेरैजसो फोहोरै हुन्थ्यो । अशिक्षाको कारण त्यहाँका मान्छेहरू सोझा थिए । तराईमा जाँदा हामीलाई ठगिने डर हुन्छ भने त्यहाँ अलिकति धूर्त मान्छेले शेर्पाहरूलाई सजिलै छक्याउन सक्दो रहेछ । चन्दनबारीको होटेलमा बस्दा एउटा गाइडले मलाई गाइड हो भनेर सोध्यो, मैले हैन भनें । होटेलवाल्नीले पनि काठमाडौंको कुन एजेन्सीबाट आउनु भो भनेर सोधिन् । गाइडले मलाई बतायो कि- 'त्यहाँ पर्यटक लिएर आउने गाइडलाई फ्रिमा खानबस्न दिइन्छ' भनेर । मैले चाहेको भए सबै होटेलहरूमा म गाइड हुँ भन्दै निःशुल्क खानबस्न सक्ने थिएँ तर मैले त्यसो गरिनँ । अझ घोप्टेभीर आउने क्रममा बाटोमा एउटा ससानो रेष्टुरेन्ट थियो । त्यसको मालिक २२ वर्ष जतिको फरासिलो युवक थियो । उसले पाहुना भएर आउनुहोस्, साथी भएर जानुहोस् भन्थ्यो । मलाई निःशुल्क 'के खाने' भनेर सोध्यो । मैले 'जे खाए नि पैसा तिरेर खान्छु' भनें । उसले फेरि थप्यो -'ए अप्ठ्यारो मान्नुपर्दैन । अघि तीन जनाले एउटा कुइरे ल्याएछ । ती तीनै जनालाई मैले सित्तैमा ख्वायो ।' वास्तवमा ती तीन जनाले बाटोमा भेट भएको पर्यटकलाई सँगसँगै हिँडेर कुरा गर्दै गर्दै साथी बनाएर लिएर गएका थिए । मैले 'गाइड हो होइन भन्ने कुरा बुझेर मात्रै त्यसरी खुवाउनु नत्र घाटामा गइन्छ' भनेर उसलाई सम्झाएँ ।

यसरी हामीहरूले गोसाइँकुण्डलाई पवित्र तीर्थस्थलको रूपमा लिएका छौं । दुई तिहाइ मान्छे त धर्मै कमाउने चाहनामा जान्छन् । आफू भित्रको शारीरिक र मानसिक अवस्थाको ख्यालै नगरी लहडको भरमा हिँड्छन् । त्यहाँ केही अस्वाभाविक घटना भए पाप र धर्मसँग जोड्छन् । स्वस्थ मान्छे जुनसुकै अवस्थामा सचेत भएर गएमा केही व्यवधान पर्दैन । मुख्य कुरो धर्मलाई थाँती राखेर पवित्र क्षेत्रमा नयाँ स्वाद, नयाँ पन नयाँ उमङ्ग पाउने अभिलाषा लिएर जानुपर्दछ । जसले लामो समयसम्म कर्म गर्दा उर्जा दिन्छ ।

सिमलटार, काठमाडौं ।

≈

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher . com/

**अब हाम्रो पालो**
नाटक, कथा, समालोचना, मुक्तक, छन्दकविता, अङ्कहरू ।



वैजयन्ती ६० स्वदेशयात्रा अङ्क ४

# शाश्वत धाम एउटा धार्मिक पर्यटकीय गन्तव्य

**रामहरि पौड्याल**

लौ शाश्वत धाम घुम्न जाने तयार हुनुहोस् । बुवा आमालाई अत्यताउँछु म । यति ढिलो ! आमा पत्याउनु हुँदैन । साँझको आरती हेर्न जाने हो त्यो सबैभन्दा रमाइलो क्षण हो शाश्वत धामको । बुवा आमालाई फकाउँछु ।

काठमाडौं ओर्लने अघिल्लो केही दिनदेखि नै ठूलो पानी परेकाले मुग्लिङ्ग नारायणगढको बाटोमा पैरो गएको र हवाई यातायातसमेत अवरुद्ध भएकाले भरतपुरबाट कोही आउनसक्नु भएन मलाई काठमाडौं एरपोर्टमा लिन । मैले यसपाली आफै पहिले भरतपुर पुग्ने निर्णय गरे । धेरै वर्ष भएको थियो नेपालको भरतपुरस्थित आफ्नो घरमा लामो समय नबसेको । काठमाडौंमै घर । यहीं नै ससुराली । सधैं काठमाडौंमै हतारो हुने । चितवनको जन्म घरको बसाइ मात्र एक दुई रातको । यसपाला मैले आफ्नो कोर्स बदलें । काठमाडौंको अन्तरास्ट्रिय विमानस्थलबाट ओर्लिएर सोझै डोमेस्टिक प्लेन चढेर हानिएँ भरतपुर । भरतपुर विमानस्थलमा बुवामुवा र बहिनी ज्ञानु स्वागतमा फूल लिएर लाम लाग्नुभएको थियो । प्रचण्ड गर्मीले भरतपुर रन्किएको थियो त्यस दिन मेरो स्वागतमा । म खुसीले गदगद भएँ आफ्नो धर्ती आफ्नो आकाश र आफ्नो मातापिताका समीपमा पाउँदा । केही वर्षको अन्तरालमा भरतपुर कसरी बदलिएछ चिन्नै नसक्ने गरी । गाडीहरूको चाप ह्वात्तै बढेका, मान्छेका घरहरू ठूला ठूला, ट्राफिक नियम, धुलो धुवा, चर्कंदो गर्मी सबै सबैलाई हार्दिक रूपमा स्वीकार्दै आफ्नो गाउँ ठाउँमा रमाइरहें तीन हप्ताभन्दा बढी ।

हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योग पुगे आफ्नो पि.एच. डी.को केस स्टडीको लागि । दुवै ठाउँमा इनर्जी व्यवस्थापनबाट कसरी थोरै ऊर्जाले धेरै टन सिमेन्ट निकाल्ने र प्रदूषित धुवाँलाई कसरी नयाँ प्रविधिले कम गर्ने । कसरी खेर गइरहेको उर्जालाई पुनः जम्मा गरी त्यसलाई कोजेनेरेसनबाट बिजुली निकाल्न सकिन्छ भन्ने आफ्नो अनुसन्धानका बारेमा टक प्रोग्राम गरें । फर्किने दिन नजिकिँदै गर्दा बुवाआमालाई कतै लान नसकेकोमा ग्लानी भइरहेको थियो ।

त्यस दिन १७ जुन २०१८ आइतबारको दिन थियो । बेलायती 'फादर्स डे' परेको थियो र म सौभाग्यले नेपालमा थिएँ, आफ्ना पुज्य पिताजी र माताजीसँग । मेरा छोरीहरू प्रेरणा र प्रेमाले बेलायतबाट निस्कने बेला एउटा ठूलो खाम सुटकेशमा राखीदिंदै भनेका थिए १७ जुनमा मात्र खोल्नू भनेर । हजुरबुबालाई

एउटा र मलाई एउटा हेप्पी फादर्स डे को कार्ड रहेछ खोलेर हेरे पछि थाहा पाएँ। मेरा छोरीहरूको आफूप्रतिको प्रेमले वशीभूत भएको मैले त्यस दिन बुवा आमालाई के गर्ने भनेर सोचे, व्यस्त समयका बीच पनि साँझ पख शाश्वत् धाम जाने विचार भयो । त्यति नजिकै भएर पनि बुवा आमा पुग्नुभएको रहेन छ । 'नजिकको तीर्थ हेलाँ । 'जापान, बेलायत अमेरका र अस्ट्रेलियामा गरी तीन वर्ष जति बिताउनुभएका बुवाआमा शाश्वत धाम बारे बेखबर ।

फेसबुकका भित्ताभरि त्यो शाश्वत धामको राम्रा फोटाहरूले मलाई एक प्रकारको सम्मोहन पैदा गरिसकेका थिए बेलायतमै । नेपाल पुगेका बेला त्यो ठाउँ जसरी पनि पुग्ने विचार मनको एउटा कुनामा लुकिरहेको थियो ।

कुनै नयाँ ठाउमा घुमफिर गरेर आएको मानिसको कुरा सुन्दा हामी पनि जान पाए हुन्थ्यो भने झैं लाग्छ। समुन्द्र नदेखेकाहरूलाई समुन्द्र देख्ने मन हुन्छ भने पहाड, हिमाल र प्रकृतिले शृङ्गारिएका सम्पदा नदेखेकाहरूलाई ती क्षेत्रमा पुग्न मन लाग्दछ। बूढा बूढीहरूलाई उमेर ढल्केसगैं चारधाम जाने मन हुन्छ भगवान्सग एकाकार हुने रहर जाग्छ। श्रवणकुमारले आफ्ना वृद्ध बुवाआमालाई खर्पनमा बोकेर चारधाम गराएको हामीले सुनेका छौं । आफ्नै बल बुतामा धेरै पटक चारधाम गरिसक्नुभएका मेरा बुवाआमालाई नजिकैको सानो धाम पुऱ्याएर कृतार्थ हुन चाहें म । चौधरी फाउण्डेसनले नवलपरासीको देवचुली नगर पालिका वडा नं. २ दुम्कौली अवस्थित पूर्व पश्चिम राजमार्गसंगै जोडिएको ६५ बिघा क्षेत्रफलमा फैलिएको सिजी इन्डष्ट्रियल पार्क परिसरको दक्षिणतर्फ करिब ७ बिघा क्षेत्रफलमा फैलिएको 'शाश्वत धाम। १७ वर्षअघि शङ्कराचार्यले शाश्वत धामको शिलान्याश गरेको रहेछन् । शाश्वत धाम पर्यटन क्षेत्रको लागि नयाँ गन्तव्य बन्न सक्ने ठूलो सम्भावना बढ्दै गएको हामीले महसुस गऱ्यौं । निजी क्षेत्रको पहलमा आकर्षक र भव्य धार्मिक स्थल बनेकोमा खुसी भइरहें यात्राभरि। चौधरी ग्रुपले प्रवर्द्धन गरेको सामाजिक संस्था चौधरी फाउण्डेसनले सनातन धर्मप्रति आस्थावान् आम समुदायको चाहनालाई सम्मान गर्दै सीजी पार्क परिसरमा शाश्वत धाम निर्माण गरेको हो। नेपालकै मध्ये भागमा पर्ने यो खजुराहो शैलीमा निर्मित मन्दिरको कलाकारिताले जो कोहीलाई पहिलो पटकमै मोहित बनाउँछ।

'शङ्कराचार्य जयेन्द्र सरस्वतीज्यूको आशीर्वचन र श्रद्धेय गुरु रविशङ्करज्यूको मार्गदर्शनबाट शाश्वत धामको स्थापना सम्भव भएको' कुरा चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरी बताउँछन्।

'धर्मो रक्षति रक्षितः' अर्थात् धर्मको रक्षा गरे धर्मले हामीलाई रक्षा गर्छ भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै देवचुली र वर्चुली पहाडको काखमा अवस्थित नवलपरासीको सुन्दर तथा मनोरम क्षेत्र दुम्कौलीमा निर्मित शाश्वतधाम नेपालकै एक महत्त्वपूर्ण धार्मिक पर्यटकीय स्थलको रूपमा रहनेछ अनन्त कालसम्म ।

हामी पुग्दा साँझ पर्न थालिसकेको थियो । दिउँसोको प्रचण्ड गर्मीले मान्छेहरू यस्तै साझम घुम्ने समय रोजिरहेकाले होलान् निकै भीड थियो ।





गेटबाटै फोटाहरूको उपक्रम देखिन्थ्यो सर्वत्र । मैले पनि बुवाआमाको चारैतिरबाट फोटो खिचिदिएँ । आरतीको समय सकिएला भनेर कुदाएँ । एउटा दिव्य तीर्थातीत प्रतीत भइरह्यो त्यो क्षण हामीलाई शाश्वत धामको भव्यताले मन प्रसन्न भइरह्यो । चारैतिर हरियाली वास्तुकला र अध्यात्मिक शैलीका भव्य मन्दिर र रथले एउटा सिङ्गो गुरुकुल, कुरूक्षेत्र प्रतित भइरह्यो हामीलाई ।

पिताजीका मुखारविन्दबाट भागवत गीताका श्लोकहरू पोखिए गाण्डिव लिएर रथमा कृष्णका पछाडि बसेका अर्जुनको प्रतिमा अगाडि जब हामी पुग्यौं।

सनातन धर्मप्रति आस्थावान् सबैको भावनाको कदरस्वरूप निर्मित यो शाश्वतधाममा सबै मानिसले आध्यात्मिक ऊर्जा एवं शान्ति तथा प्राकृतिक उर्जायुक्त वातावरणमा मानसिक शान्ति र आत्मीय आनन्दको अनुभव गर्नसक्छन्।

शङ्कराचार्य जयेन्द्र सरस्वतीजीबाट चौधरी ग्रुपका संस्थापक स्व. लुनकरणदास चौधरीलाई मानिसहरूमा सकारात्मक धारणाको विकास गराउन शिवमन्दिर र ऋषिआश्रमको रूपमा गुरुकुलसहितको धाम निर्माण गर्न आशीर्वाद भए बमोजिम उनका छोरा विनोद चौधरीले शाश्वतधाम निर्माण मार्फत पिताको सपना पूरा गरेका रहेछन्। पूर्वीय सनातन धर्मको संरक्षण, प्रवर्द्धन तथा अध्ययन अनुसन्धानको लागि मुनाफा नकमाउने उद्देश्यका साथ यो धामको स्थापना गरिए पनि भित्र पस्न लिइएको टिकटको पैसाले भने मन कटक्क काट्ने रहेछ ।

करिब सात विघा क्षेत्रफलमा फैलिएको यस धामको मध्य भागमा विश्वमै प्रसिद्धि कमाएको खजुरावान् शैलीमा बनेको बुट्टेदार तथा अत्यन्तै मनमोहक एकम्बरेश्वर शिव मन्दिर रहेको छ । मन्दिरलाई चारैतिरबाट सर्वतीर्थ सरोवर तालले घेरेको छ, जहाँ बद्री, केदार, हरिद्वार, मुक्तिनाथ र पशुपतिनाथजस्ता प्रसिद्ध धार्मिक तीर्थस्थलबाट ल्याइएको जल मिसाइएको छ । मन्दिरको साथै यस धाममा गुरुकुल विद्याश्रम, अखण्ड अग्निकुण्ड, शक्तिघाट, धर्मशाला, यज्ञकुण्ड, हनुमान मन्दिर, धार्मिक प्रदर्शनी, धार्मिक सङ्ग्रहालय, डिजिटल धार्मिक पुस्तकालय, हेरिटेज बिल्डिङ हल, गौशाला, अर्ग्यानिक फार्म, ४५ जनाको लागि आवासीय सुविधा भएको योग तथा ध्यान केन्द्र, शाकाहारी अर्ग्यानिक भोजनालय, विश्रामस्थल लगायत वैदिक सनातन र हिन्दू धर्मसँग सम्बन्धित अन्य महत्त्वपूर्ण स्थलहरू रहेका छन्।

शाश्वतधामको अर्को विशेषताको रूपमा अत्याधुनिक अडियो भिडियो केन्द्र रहेको छ । यस केन्द्रमा धार्मिक पर्यटक तथा आगन्तुकहरूले नेपाल तथा भारतमा रहेका पशुपतिनाथ, मुक्तिनाथ, स्वर्गद्वारी, गोसाइँकुण्ड, बद्री, केदार, हरिद्वारजस्ता प्रमुख धार्मिक स्थलका पछिल्ला गतिविधि ठूलो पर्दामा हेर्न सक्ने छन्। त्यसै गरी ओझेलमा परेका नेपालका विभिन्न धार्मिक तीर्थस्थलहरूको पनि प्रचारप्रसार यहाँबाट गरिने व्यवस्था मिलाइएको छ । शाश्वतधाम भित्र धार्मिक सूचना केन्द्र पनि रहेको छ जसबाट देशभरका प्रमुख धार्मिक तीर्थस्थल, मठमन्दिर, शक्तिपीठ तथा वैदिक सनातन धर्मसम्बन्धी जानकारी पाइनेछ। धाम

परिसरमै एउटा सोभेनियर स्टोर रहेको छ जहाँ आगन्तुकहरूले वैदिक सनातन धर्मको प्रतिनिधित्व गर्ने विविध सामग्री खरिद गर्न सक्ने छन् । विनोद चौधरीको आत्मकथा राखिएको रहेछ । पुस्तक प्रेमी मैले त्यो नटिप्ने कुरै भएन । धाममा वर, पीपल, अशोकालगायत १२ राशी २७ नक्षत्रको प्रतिनिधित्व हुने गरी विभिन्न रूख विरूवाहरू लगाइएका छन् । धामलाई आकर्षक बनाउनको लागि मन्दिर वरिपरी मनमोहक पानीको फोहरा (वाटर फाउन्टेन) समेत निर्माण गरिएको छ । जसले उत्पात गर्मीका दिनहरूमा पर्यटकहरूलाई शीतलता दिँदै लोभ्यउँदो रहेछ ।

धार्मिक पर्यटक कति शक्तिशाली हुन्छ भन्ने एउटा नमुना बनिरहेको छ शाश्वत धाम यतिखेर । सनातन धर्म र संस्कृतिलाई चारै तिरबाट घेराबन्दी गरिँदै गर ेको वर्तमान परिप्रेक्षमा यस प्रकारको धार्मिक आध्यात्मिक क्षेत्रले कसरी मान्छेहरूलाई जोड्ने गर्छ भन्ने हेर्न पनि एकपटक सबैले यो धाममा पुग्नुपर्ने देखिन्छ । धर्म संस्कृति हाम्रा आधारशिला हुन् यिनलाई पुस्तान्तर गर्ने जिम्बेवारी हामी पछिको पुस्ताले कसरी गर्ने हो ? मेरो मनको कुनामा खेलिरहने एउटा यक्ष प्रश्न हो सधैं । बेलायतमा , अमेरिकामा , अस्ट्रेलियामा र जापानमा जन्मिएका मेरा बुवा आमाका १० जना नाती नातिनीका विदेशी पुस्ताले कसरी यो सभ्यताको महारथलाई गुडाउने हुन् पिताजीको सधैं भरिको पिरलो । संस्कार सिक्ने एउटा पाठ शाला भविष्यमा महाविद्यालय बन्ने लक्ष्यसहित अगि बढेको रहेछ ।

दिनभरी घुम्ने गरी आउनुपर्ने ठाउँ रहेछ । पिताजीको जिज्ञासा । झमक्क परेको रात । फर्कनुपर्ने लामो बाटो । घरमा असरल्ल पारिएका सामानहरू र निर्माणका मिस्त्रीहरू सम्झेर आमा आत्तिनु भो । छिटो छिटो फन्को मारियो सबैतिर एकै छिन भए पनि मन प्रसन्न भो । 'नजिकको तीर्थ हेंला' भनेको सुनेको मैले यो निर्णय गरें नजिकको धाम शाश्वत धाम पुग्नैपर्ने र सम्मान गर्नैं पर्ने एउटा ऐतिहासिक धरोहर रहेछ । जसको रमाइलो परिक्रमा सकेर घर फर्कियो हाम्रो टोली फेरि फेरि जाने बाचासहित । केटा केटीहरूलाई पुऱ्याउनु पर्ने ठाउँ सम्झिँदै । अन्त्यमा पिताजीले केटा केटीमा हामीले दुःख दिँदा सुनाउनु हुने यो पङ्क्तिसहित अहिलेलाई बिदा !

पालि पोषी बढाएर हुर्क्याउन तिमीलाई
कति गाह्रो भयो होला पितालाई तिमी भन ?

भरतपुर, चितवन ।

≋

http://www.nepalipublisher.com

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**





# चित्लाङ सुपर एक्सप्रेस

**लीलाराज दाहाल**

केही प्रकृतिप्रेमी स्रष्टाहरू २०७३ सालको मङ्सिर ३ गते लाँकुरी भन्ज्याङ पुगेर स्रष्टा पदयात्राको घोषणा गरेसँगै काठमाडौंमा रहे, बसेका स्रष्टाहरूको आत्मीय समूह बनेको थियो- स्रष्टा पदयात्रा, २०७३ । नयाँ जोश र जाँगरका साथ थालिएको प्रत्येक महिनाको पहिलो शुक्रबार काठमाडौं उपत्यका वरिपरिका रमणीय डाँडाकाँडा उक्लने ओर्लने पदयात्राको एघारौं शृङ्खला मणिचूड पहाड उक्लेर सम्पन्न भएको थियो ।

स्रष्टा पदयात्राको बाह्रौं शृङ्खलाको लागि मकवानपुरको प्राचीन नेवारी बस्ती चित्लाङ चयन भएसँगै पदयात्रीहरूको मनमा उमङ्गको लहर उठेको थियो । चित्लाङ काठमाडौंदेखि खासै टाढा नरहेको र सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक तथा भौगोलिक हिसाबले पनि महत्त्वपूर्ण स्थान रहेकाले हामीहरूको छनौटमा परेको थियो । मैले चित्लाङको नामसम्म सुनेको, आफू स्वयं नपुगेको हुँदा मनमा चित्लाङ कहिले पुगिएला भन्ने रहरको हुरी चलिरहेको थियो । सुरम्य स्थान चित्लाङले बाख्राको दूधबाट बन्ने चीज उत्पादनबाट प्रसिद्धी कमाइरहेको थियो । केही वर्ष अघिदेखि सञ्चालनमा रहेका होम स्टेहरूका कारण पनि मलाई चित्लाङको भूमि टेकौं टेकौं लागिरहेको थियो ।

२०७४ साल कार्तिक ३ गते शुक्रबारको पदयात्रामा चित्लाङ जाने तय भएपछि विवाहको कुरा छिनिएकी युवतीले आफ्नो भावी पतिका बारे मनमा विभिन्न कुरा खेलाएझैं मैले पनि चित्लाङका बारे मनमा अनेकौं कुरा सोचिरहेको थिएँ । बाटो कस्तो होला ? कति समयमा पुगिएला ? भोलिपल्ट तिहारको भाइटीका छ, फर्केर आउन भ्याइएला कि नभ्याइएला ? तिहार परेकाले मेरो मनमा यस्तै यस्तै कुरा खेलिरहेको थियो ।

पदयात्राको दिन बिहान । काठमाडौंको महत्त्वपूर्ण कलङ्की नाका तिहारमा घर जान तम्सिएका तमाम यात्रुहरूलाई घर पठाउने नित्य कर्ममा संलग्न भइसकेको थियो । यात्रुहरूको कल्याङमल्याङसँगै कलङ्कीले आफूलाई जागा गराउँदाको दृश्य रमाइलो थियो । अरू समय यात्रु नभेटेर निराश हुँदै यात्रीहरूको हातै समाउन आइपुग्ने बस र माइक्रोबसको टिकट काट्ने एजेन्टहरू आज कतै देखिएका थिएनन । बरू घर जान बसको टिकट नपाएका यात्रुहरू नै उनीहरूलाई खोजिरहेका थिए ।

स्रष्टा पदयात्रा अङ्कित एकै किसिमका पोशाकमा सजिएका केही

यात्रुहरू भने अनुहारमा साहसको मुस्कान सजाउँदै कसैलाई पर्खिरहेका थिए। उनीहरूको उद्देश्य र गन्तव्य फरक थियो। नत्र चाडवाडको मुखमा घर छोडेर को हिँड्छ अज्ञात स्थानतिर ? उनीहरूको मनलाई उमङ्गको हावाले शीतलता प्रदान गरिरहेको थियो।

डाक्टरद्वय भक्त राई र धनप्रसाद सुवेदी अन्य सदस्यको प्रतीक्षा गर्दा गर्दा थाकिसकेका थिए। पदयात्री मन्दिरा मधुश्री र शान्ति सापकोटाको आगमनसँगै उनीहरूको थकित अनुहारमा एक्कासी उज्यालोको लहर प्रकट भएको थियो। एक जना पदयात्री सदस्य कलङ्की आइपुगे पनि पारिवारिक उल्झनका कारण हामीलाई साथ दिन सक्नुभएन। अब कलङ्कीमा अरू पदयात्री थपिने सम्भावनाको ढोका बन्द भइसकेको थियो। शशी थापा पण्डितले आउँछु भनेकीले आइपुग्न सक्ने झिनो आशा भने बाँकी नै थियो। कलङ्कीमा जम्मा भएका पदयात्रीहरू एक अर्काको अनुहार नियाल्छौँ। धन सरको अनुहारमा तिहारको महत्त्वपूर्ण दिन परेकाले पारिवारिक जमघटमा रमाउन पाउने अवसर गुमेकोमा अलि अलि खिन्नताको लहर सलबलाई रहेको थियो। मन्दिरा र शान्ति पनि भोलिपल्टको भाइटीकाको तयारी गर्नुपर्ने दिन पदयात्रा परेकाले पश्चात्तापको झोला बोकेर उभिरहेका थिए। आफूले ल्याएका साथी पदयात्रामा जान नपाएको बेखुशी भक्तको अनुहारमा देखिइरहेको थियो। पदयात्राबाट समयमै फर्कन पाए हुन्थ्यो भन्ने चाहनाको बतासले मलाई पनि त स्पर्श गरिरहेकै थियो।

अब ढीला नगरीकन हामी पाँच जनाको समूह थानकोट जाने कोचामकोच जीर्ण मिनिबस भित्र कोचिन्छौँ। तिहारको समय खाली बस भेट्नु सम्भव थिएन। खाली गाडीकै प्रतीक्षामा हामीले निकै समय कलङ्कीम बितइसकेका थियौँ। चाडवाड पनि नभनी यायावरी कर्ममा निस्कने हामीजस्ता यात्रुलाई कसले ठिक्क पारिदेओस् खाली गाडी !

थानकोट चेक पोस्ट अधैर्य भएर पर्खिरहेको थियो। आठ बजे बिहानको उज्ज्वल थानकोटले अङ्कमाल गर्न थाल्छ हामीलाई। मानौँ कयौँ वर्षदेखि थानकोटले हामीलाई नै पर्खिरहेको थियो। हामी केहीबेर सुम्सुम्याउँछौँ, थानकोटलाई र यताउता नियाल्छौँ। त्यही थपिन्छन् हाम्रा दुई सहयात्री। के.बी. सिम्पल भनिने कालीबहादुर शाही र प्रवीण राईको उपस्थितिले हाम्रो टोलीलाई सात सदस्यीय बनाइसकेको थियो। पूर्व अपरिचित के.बी. सिम्पल र प्रवीण राईसँग परिचय साटासाट गर्न थाल्छु म। नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य के.बी. सिम्पलको अनुहारमा समयले अलि छिटो बुढ्यौलीको चाया उमारिदिएको छ। प्रवीणलाई भने समयले प्रशस्तै यौवन उपहार दिएको आभास हुन्छ मलाई। प्रवीण राईको मोटरसाईकल हामीलाई बाटो देखाउँदै अगाडि हुइँकिसकेको थियो। हामी पनि गफमा मग्न हुँदै बिस्तारै पाइला चाल्छौँ अगाडि।

स्रष्टा पदयात्राका सुरुवातकालीन सदस्यहरू शीतल गिरी, जय छाङ्छा राई, नारायण तिवारी, श्रीओम श्रेष्ठ रोदन, डिल्लीराज अर्याल, डिल्लीरमण





सुवेदी र जसध्वज गुरुङलगायतको अनुपस्थितिले आजको पदयात्रालाई निस्तो भातजस्तो खल्लो बनाइरहेको थियो।

थानकोट गोदामचौरको सानो बस स्टप। बस स्टप भनिए पनि बसको नामो निसान थिएन। एकाध ट्रीपर र ट्रकले उक्त ठाउँको इज्जत जोगाइरहेका थिए। नजिकै उभिएर मधुर मुस्कान ओठभरि सजाउँदै डा.नेत्र एटम हामीलाई नै स्वागत गरिरहेका थिए। नमस्कारको आदानप्रदानपछि सबै जना नेत्र एटमकै वरिपरि झुमिन्छौँ। 'केबलकारको बस चढेर आएकाले म छिटो आइपुगेको हुँ कि तपाईंहरू ढीलो आइपुग्नुभएको हो। मैले त केही बुझ्न सकिरहेको छैन।' नेत्रको अनुहारमा सलबलाइरहेको भद्रताको रङ्गमा आक्रोश पनि मिसिएको पाउँछु।

'हामी नै ढीला आएका हौँ। निकैबेर कुराएकोमा सरी है।' धन र भक्तको संयुक्त जवाफ आउँछ। नेत्र एटमको समीपताले हाम्रो टोलीलाई आजको लागि पूर्ण बनाइसकेको थियो। बिहानको नौ बज्न लागिसकेको छ। हाम्रो गन्तव्य चित्लाङ। सवारी साधनका नाउँमा एकाध ट्रक र ट्रीपर हाम्रो अघि उभिएका छन्। जाने पो कसरी हो। सबैको अनुहारमा आशङ्काका साझा धर्सो कोरिएका छन्।

'यो उकालो ग्राभेल बाटोमा ट्रक वा ट्रीपरमा जान कसरी सकिएला र। कि यहीँदेखि सुरु गर्ने त पदयात्रा ? तीन घन्टामा पक्कै पुगिएला।' मैले प्रस्ताव टेबल गरेँ।

'उताबाट जीप आएपछि चढेरै जान पाइन्छ। फर्कँदा पदयात्रा गर्दै आउनु राम्रो होला।' नेत्र एटमबाट अर्को प्रस्ताव टेबल हुन्छ। तिहारको समय भएकाले बेलुका फर्कनै पर्ने बाध्यताको डोरीले बाँधिएका थियौँ हामी। त्यसैले हिंडेरै जानु, हिंडेरै फर्कनु आजको लागि उपयुक्त थिएन।

चित्लाङतिरबाट दुई ओटा जीप आइपुगे। जीप आइपुगेका मात्रै के थिए, गोदामचौरको वातावरण एक्कासी चलायमान भएको थियो। भोकको आक्रमणले आक्रान्त प्राणीले खानेकुरा भेट्टाएझैं उक्त जीपहरू प्रतीक्षारत यात्रीहरूको झम्टामा परिसकेका थिए। जीपको नजिकै भएकाले पछाडिको सिट मन्दिरा र शान्तिले हाम्रो लागि समेत आरक्षित गराइसकेका थिए। निकै लामो दौड जितेझैं हामी पनि जीपको पछाडिको भागमा उक्लन सफल भयौँ। विकासे कुखुरा ओसार्न प्रयोग हुने खालको जीपको पछाडिको सिटमा आसन जमाएसँगै हाम्रो यात्राले एउटा गति भेट्टाएको थियो।

उकालोको साँघुरो ग्राभेल बाटो कस्तो होस् ? क्षयरोगले ग्रस्त बिमारीझैं हामी चढेको जीप कन्दै र खोक्दै चन्द्रागिरिको डाँडो उक्लिरहेको थियो। घरि दुई चार यात्रु ओराल्छ र घुम्ती पार गरेर फेरि चढाउँछ। करिब एक घन्टाको शिथिल गुडाइपछि जीपले चन्द्रागिरि भन्ज्याङ उक्लेर विजयको झन्डा फहराइरहेको थियो। चन्द्रागिरि केबलकार जाने बाटो यहींबाट छुट्टिएको छ पूर्वतिर।

केही बेरको विश्रामपछि ओरालै ओरालो । एक छिन अघिसम्मको आलश्यता फालेर अब जीप आफ्नो गुमेको यौवन फर्केझैं चित्लाङको फाँटमा पुग्नलाई दौडिरहेको थियो । अलि तल पुगेर गाडी रोकियो । भाडा उठाउन रहेछ । थानकोटदेखि चित्लाङसम्मको भाडा प्रतिव्यक्ति एक सय पचास रूपैंयाँ । दूरी त खासै धेरै होइन तर भाडा त कसीकसाऊ नै रहेछ । ग्राभेल बाटो भएर होला । म मनमनै सोचेर चित्त बुझाउँछु । 'सँगै खाने, आफ्नो तिर्ने' भन्ने पश्चिमी सिद्दान्त पालना गर्दै हामीले भाडा बुझाउनासाथ गुरुजीको अनुहारमा खुसीका असङ्ख्य लहरहरू दौडिए । भाडा उठाइसकेर गुरुजी बाटा छेउको ढुङ्गामाथि बसेर प्रसन्न मुद्रामा खैनी मोल्न थालेपछि हामी पनि यताउता टहलिन र माथिबाट देखिने चित्लाङको मनोरम दृश्य अवलोकन गर्न थाल्यौं । जङ्गलको हरियालीले निकै लोभ्यायो हामीलाई ।

गाडीमा बस्नुहोस् सबैजना । जाने अब ।' केहीबेर मै गुरुजीको बोली हावामा फैलिन्छ र हामी आआफ्नो सिटमा फर्कन्छौं । गाडी ओरालै ओरालो चित्लाङको फाँटतिर गुड्न थाल्यो । हामी गाडी भित्रैबाट वन र बुट्यानहरूको दृश्यपान गर्न थाल्यौं । 'यो पटकको यात्रा निबन्ध लेख्ने पालो तपाईंको हो नि । टिपोट पनि गर्दै गर्नुहोला ।' भक्त राईले धनप्रसादलाई लक्षित गरी बोलेको आवाज गाडीभरि फैलिन्छ । नेत्र, शान्ति र मन्दिरा गाडीको झ्यालबाट कतै टोलाइरहेका देखिन्छन् । भक्तको बोलीले उनीहरूलाई कुनै असर गरिरहेको थिएन । प्रवीण राईले बोकेको दहीको भाँडोले यात्रुहरूको गोडाको प्रहार खप्न सकेनछ । उसले आफूलाई गाडीभित्रै बिसर्जन गरिदियो । नजिकै बसेका यात्रुहरूका जुत्ता र झोला सेताम्मे भएका थिए दही लागेर । दही लाग्नेहरू झोला र जुत्ता फोहोर भयो भनेर भित्रभित्रै मुर्मुरिइरहेका थिए । कसैले भन्दै थियो 'मान्छेले खानुपर्ने दही गाडीले पो खायो आज ।'

गाडीभित्र तत्कालै हाँसोको बाढी पसेको थियो । हामीले नामाकरण गरेको चित्लाङ सुपर एक्सप्रेस चित्लाङको बजार नजिक पुग्नै लाग्दा पाङ्ग्राको हावा फुस्किएकाले हामीले अलि वरैबाट गाडीलाई बिदाईको हात हल्लाएर भुँइमा पाइला टेकेका थियौं ।

चित्लाङको समथर फाँट सुरु भइसकेको थियो । हामीले पदयात्रा पनि सुरु गरिसकेका थियौं । बाटाभरि देउसीभैलो खेल्ने परम्परागत पोशाकमा सजिएका युवा युवतीहरूले तिहारको झल्को दिइरहेका थिए । खेतभरि कोभीका फूल देख्दा चित्लाङ कृषीमा पनि आत्मनिर्भर रहेकोमा खुसी लाग्यो । खेतबारीमा किसानहरू कर्मको फूल फुलाइरहेका थिए । इन्टरनेटको सहायताबाट चित्लाङका बारे अलिअलि ज्ञान हासिल गरेको भए तापनि स्थलगत रूपमै केही जान्न चाहन्थ्यौं हामी । भक्त राई अनुसन्धाता, उनलाई पुरातात्विक अभिलेख र सांस्कृतिक विविधताको अध्ययन गर्नु पर्ने भएकाले हामी उनकै पछि डोरिन्छौं । नेत्र एटम एक पटक पहिल्यै चित्लाङ आइसकेकाले उनको अनुभवले हामीलाई





घुम्न सघाउँछ । चित्लाङको बीच बजारमा आइपुगेका छौं । स्थानीयवासीको नजर हामीतिरै सोझिएका छन् । हाम्रा एकै प्रकारका पोशाकले उनीहरूको ध्यान हामीतिर तानिएको थियो । गफ गर्दै जाँदा उनीहरूले निकै सहजताका साथ चित्लाङ बारे हामीलाई बताइरहेका थिए ।

चित्लाङको उत्तरमा थानकोट र नौबिसे, दक्षिणमा मार्खु, पूर्वमा फाखेल र मातातीर्थ तथा पश्चिममा बज्रवाराही पर्ने कुरा त नक्साको अध्ययनबाट पहिल्यै थाहा पाइसकेको थिएँ । चित्लाङ नेवारी संस्कृतिमा निकै धनी रैछ भन्ने कुरा त्यहाँ निर्मित पुराना घरहरूको अवलोकनबाट थाहा पाएको हुँ । नेपाल भाषाको प्रयोग पनि अझै जीवन्त रहेछ । चित्लाङको टौखेलमा अंशुवर्माले भेडा गोठालाहरूको बस्ती बसाएको अभिलेख पनि जीवितै रहेछ । मुख्य रूपमा नेवार, तामाङ र खसहरूको बसोबास रहेको यो ठाउँ जातीय सहिष्णुताको नमुना लाग्यो मलाई । चारैतिर थुम्काहरूद्वारा घेरिएर समुद्र सतहदेखि १९५० मिटरको उचाइमा अवस्थित चित्लाङको हावापानी न्यानो नै थियो हामी पुगेको बेलामा । एउटा पसलमा रहेका पाका व्यक्तिसँग जानकारी लिने हेतुले उनको अगाडि उभिएको छु । 'यो चित्लाङको मुख्य विशेषताचाहि के हो नि काका ?'

मेरो सबालबाट किन्चित हच्किएका उनले पहिले त मलाई तलदेखि माथिसम्म गढेर हेरेका थिए । पहिले उनले मलाई नै प्रतिप्रश्न गरे, 'तपाईंहरू को हो ? यति ठूलो हुल बाँधेर एकै प्रकारको पोशाकमा किन आउनुभएको हो ?'

अलिपर रहेका भक्त जवाफी अनुहारमा नजिक आइपुगे र भन्न थाले, 'हामी पत्रकार, साहित्यकार हौं दाजु । आज तपाईंहरूको ठाउँ घुम्न आएका हौं । हेर्न लायक स्थानहरू के के छन् ? बताइदिनुभए खुसी हुनेछौं ।'

यतिखेरसम्म हामी सबै जम्मा भइसकेका थियौं । ती पाका मानिस हामीप्रति विश्वस्त भइसकेका थिए । उनले भने 'यो चित्लाङ पुरानो बस्ती हो । यहाँको मुख्य पेशा व्यापार र कृषि हो । यसको नेवारी नाम चिलं हो । बाख्राको दूधबाट चीज उत्पादन गर्ने कारखाना र भेडा फार्मले चित्लाङको इज्जत बढाएका छन् । यहाँ कार्तिक पूर्णिमामा कार्तिक पुन्ही जात्रा लाग्ने गर्दछ ।'

उनको भनाइ सकिएको थिएन । नेत्र एटमको जिज्ञासामा उनी फेरि भन्दै गए- 'ऊ पर खोलाको छेउमा स्वछन्द भैरवको मूर्ति छ । ऊ पर सातधारा छ । वशन्त पञ्चमीमा ठूलो मेला लाग्छ । कटुसको जङ्गलले घेरिएको सातधारा ढुङ्गाबाट बनेको छ जहाँ गणेश, शिव, कृष्ण, सरस्वती लगायतका देवताहरूको मूर्तिले धाराहरूको शोभा बढाएका छन् । अलि माथि श्री ३ राजाहरू आवत जावत गर्दा बस्ने पुराना घरहरू छन् जहाँ अहिले विद्यालय सञ्चालनमा रहेको छ । ऊ उता दाहिनेपट्टि अशोक चैत्य रहेको छ । तपाईंहरू आफै गएर हेर्न सक्नुहुन्छ ।'

उनलाई 'धन्यवाद' भनेर हामी अगाडि बढ्यौं । हामी सबैको पेटमा भोकले आफ्नो शासन स्थापना गरिसकेको थियो । त्यसैले भक्तद्वारा वितरित

प्रेमिल स्याउ टोक्दै हामी अशोक चैत्य नजिकै पुग्यौं । गाउँको बीचमा कुदेको बाटो छोडेर चारूमतीद्वारा निर्मित अशोक चैत्यतिर लाग्दा भक्त र धनप्रसादले टिपोटको लागि नोटबुक निकालिसकेका थिए । अशोक चैत्यको फेदमा उभिएर सामुहिक फोटो लिएपछि हाम्रो टोली स्वच्छन्द भैरवको खोजीमा लाग्यो । खेतको आली आली निकै पर पुग्दा पनि भैरव नभेटेपछि फर्कियौं हामी । मन्दिराको ओठबाट मीठो व्यङ्ग बाण निस्कियो, 'भैरव कहाँ एकै ठाउँ बसिरहन्छन् त । स्वच्छन्द भएर घुम्न गए होलान् कतै ।'

त्यसपछि हामी बाख्राको दूधबाट बन्ने चीज कारखानामा दाखेल भएका थियौं । तिहार भएकाले कारखाना बन्द थियो । छेउकै पसलमा पाइने रहेछ चीज । होम स्टे पनि सञ्चालित उक्त पसलमा पुगेर नेत्र, भक्त र धन चीजको उत्पादन अवस्था, बिक्री वितरण, देशको अर्थतन्त्रमा यसको योगदान, होम स्टेको दर बुझ्न थालिसकेका थिए । बाख्राको दूधको चीजसँगै स्थानीय आलुबखडाबाट बनेको सोमरस उदरस्थ गरेपछि हामी मूलबाटोमा निस्कियौं । हाल विद्यालय रहेको पुराना घरहरू नियाल्यौं जुन घरहरू पहिले राणाजीहरू उपत्यका बाहिर जाँदा आउँदा बासको लागि प्रयोग हुने गरेका थिए ।

आहा ! चित्लाङ कति धेरै दर्शनीय स्थानहरू । हामी सबै पुलकित भएर घुमिरहेका थियौं । असाध्यै रमाइलो भइरहेको थियो । महाकवि देवकोटालाई यात्री कविता लेख्न उत्प्रेरित गर्ने चित्लाङ । नेपालको त्रिभुवन राजपथ खुल्नु अघिसम्म काठमाडौंलाई तराईसँग जोड्ने प्राचीन व्यापारिक नाका भएकाले पनि यो प्रमुख पदमार्ग थियो ।

कर्मठ युवा युवतीहरूलाई रोजगारीका लागि विदेश पठाएर छाती फुलाउन खोज्ने चित्लाङको बानी भने पटक्कै मन परेन मलाई । केही युवाहरू भने नयाँ अवधारणाका साथ होम स्टे चलाएर पर्यटन प्रवर्द्धन गरी देश विकास गर्न दृढ रहेका छन् । अरूहरूका लागि पनि अनुकरणीय बनेका यी स्वावलम्बी युवाहरूलाई सलाम गर्दै एक पटक फेरि नियालें चित्लाङलाई ।

गाउँको शिरमा आइपुगेका छौं । अव केही खाऊ भन्दै छ भित्री मन । नजिकै रहेको ढुङ्गेधाराको पानी पिउँदा शान्ति भन्दै छिन्, 'तिर्खा लागेर पिएको हुँ पानी । फेसबुकमा फोटो हाल्न पिएजस्तो गरेकी होइन है !'

भोकले पेट खोक्रिए पनि हाँसेरै हिँडिरहेका थियौं । ढुङ्गेधारो माथिको चौतारोलाई हामीले भोजनालयमा रूपान्तरण गरेका थियौं । आफूसँग रहेका खानेकुरा बाँडचुँड गरी सहभोजमा रमाएपछि निर्मोही प्रेमीले प्रेमिकालाई छाडेझैं हामीले पनि चित्लाङसँग बिदाइको हात हल्लाउने बेला भैसकेको थियो । चित्लाङ घुमेर मन अघाएकै थिएन । होम स्टेको अनुभव गर्न पाइएकै थिएन । भेडा फार्म अवलोकन गर्न बाँकी नै थियो । कसो कसो समयले नेटो काटिसकेको थियो । हाम्रो अघिल्तिर फर्कनुको विकल्प बाँकी थिएन । चन्द्रागिरि भन्ज्याङ पुऱ्याउने गोरेटो समाएर जङगलको बाटो फर्किरहेका थियौं ।





भन्ज्याङ आइपुग्दा दिउँसोको पौने तीन बजिसकेको थियो । भन्ज्याङमै साहित्यिक कार्यक्रम गर्ने भनेका थियौं । धनप्रसादको उद्घोषणमा रचना वाचन सुरु भयो । नेत्र एटमको अव्यक्त प्रेम कविताबाट सुरु भएको रचना वाचन भक्त राईको गीत, के.बी. सिम्पलको देउडा, प्रवीण राईको सांस्कृतिक मन्तव्य, शान्ति सापकोटाको छन्द कविता, मन्दिरा मधुश्रीको गजल, लीलाराज दाहालको गजल हुँदै धनप्रसाद सुवेदीको यात्रा कविताबाट समापन भएको थियो । अब समय बाँकी थिएन । फर्कनुपर्ने बाध्यताको लौरो टेकेर हामी थानकोटतिर ओर्लन थाल्यौं । जति हतार भए पनि मानिसलाई प्रकृतिले लोभ्याइहाल्ने रहेछ । तल झर्दाझर्दै खर्कजस्तो चौरमा बसेर सामूहिक फोटो खिचायौं । सबै पदयात्रीलाई एकै ठाउँ राखेर फोटो खिचिदिने प्रवीण राईको तत्परता साँच्चै प्रशंसनीय थियो ।

ओरालै ओरालो थानकोटतिर झरिरहेका थियौं । गाडी गुड्ने धुलौटे ग्राभेल बाटोको हामीलाई के मतलब ! गाउँका निश्चल मानिस हिँड्ने गोरेटो बाटो समातेर ओर्लिरहेका छौं खुरुखुरु । भिरालैभिरालो ! यात्रामा कठिनाइ छ र त मजा छ ! जोखिम छ र त रोमाञ्चकता छ ! जोखिम बाटोको आनन्द लिंदै तल तल झरिरहेका छौं । अग्लो ठाउँबाट ओर्लंदा कतै कतै पदयात्राको सट्टा हस्तयात्रा पनि भइरहेको थियो ।

फर्कंदाको हाम्रो यो यात्रामा जति उत्सुकता र आनन्द थियो त्यो आनन्द चित्लाङ सुपर एक्प्रेस भित्रको कोचामकोचमा कहाँ पाउनु !

वागमती ११, कमैया, सर्लाही ।

≋

http://www. nepalipublisher. com

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

**Shabdartha Prakashan**
Chabahil Ganeshthan
Kathmandu, Nepal
email : shabdarthaprakashan@gmail . com
nepal . vk@hotmail . com
nepal120@yahoo . com
web: http://nepalipublisher . com
http://shabdarthaprakashan . com

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

# अनायासै तिङ्ला !

**विनोद नेपाल**

काठमाडौबाट हिँड्दै ढिलो भएकाले ओखलढुङ्गा पुग्दा राति नौ बज्यो । भोक पनि लागिरहेको थियो । मित्र विष्णु अर्यालजीले खानपानको चाँजो मिलाउनुभएको रहेछ, यसैले पुग्दानपुग्दै खानातिर लागियो । थकान पनि उस्तै थियो । भोलि बिहानै सल्लेरीतर्फ लाग्ने योजना बनाइयो र मीठो निद्रा सुतियो ।

बिहान सधैंझैं समयमै उठी नित्यकर्म सकी पूर्व योजनाअनुसार ५.३० बजे नै सल्लेरीतर्फको यात्रा प्रारम्भ गरियो । मच्छेनारायण दाइ, अर्तिनाथ भाइ र म हामी तीनैजना उत्तिकै छिटो परेछौं, कोही ढीलोढालो छैन । कसैलाई पनि उठाउनुपर्दैन, गजबको टोली मिलेको छ हाम्रो, जुन अघिल्लो यात्रामै महसुस गरेका थियौं ।

हामी रमाइलो डाँडाबाट वरपरका दृश्य हेर्दै अगाडि बढ्छौं । ओखलढुङ्गाबाट सल्लेरी करिब ५० किलोमिटरको सडक दूरी हो । सडक पक्की नै छ । हामी तस्वीर लिँदै अगाडि बढ्छौं । यता पूर्वतर्फ रूम्जाटार देखिन्छ, उता पश्चिम रामपुरतर्फका डाँडाहरू बिहानी उज्यालोमा रमाउन थालिसकेका छन् । हरियाली र सुन्दर देखिन्छन् ओखलढुङ्गाका पाखा पखेरा । वरपरका दृश्य हाते फोनमा कैद गर्दै अगाडि बढ्छौं ।

विष्णुजी केही परसम्म हामीसँगै गएपछि प्रातः भ्रमण गर्दै फर्कने गरी हामीबाट विदा हुनुहुन्छ । हामी गन्तव्य भेट्न उत्तरतर्फ अघि बढ्छौं । परपरसम्म देखिने हरियाली, सुन्दर वस्ती, वन हेर्दै युगकवि सिद्धीचरण श्रेष्ठको कवितासँग साँच्चै मेल खाएको ठान्दै 'मेरो प्यारो ओखलढुङ्गा'मा वयान गरिएको चित्र वरपरका दृश्यमा अनुभूत गर्दै रोमाञ्चित हुँदै अघि बढ्छौं ।

तल्लो विप्लाँटे, माथिल्लो विप्लाँटे हुँदै चित्रेबजार पुग्दा दक्षिणतर्फ रूम्जाटार र लमतन्न फैलिएको विमानस्थल देखियो । 'घुम्दै फिर्दै रूम्जाटार' भन्ने भनाइका विभिन्न अर्थ लगाइने गरेका छन् तर हामीले पनि यसलाई आआफ्नै बुझाइमा अर्थ्यायौं र एक अर्कालाई त्यसमा सहमत गराउने प्रयास गऱ्यौं । यस बहुचर्चित भनाइको अर्थ कुनै कामका लागि घुमेको घुमै हुने अर्थात् जहाँको त्यहीं हुने वा जहाँ पुगे पनि फर्केर सोही स्थानमा आइपुग्ने अवस्था हो भन्नेजस्ता चर्चा गऱ्यौं । जे होस् रूम्जाटार सुन्दर रहेछ वरिपरि डाँडाका बीचको समथर भूखण्ड उचाईबाट हेर्दा साँच्चै आकर्षक देखियो ।

रेडियो नेपालबाट तत्कालीन 'शाही नेपाल वायुसेवा निगम'को दैनिक





उडान तालिकाको सूचना आउँथ्यो किशोरावस्थामा रेडियो सुन्दा, त्यतिखेरैदेखि यो नाम सम्झनामा थियो । पछि 'घुम्दैफिर्दै रूम्जाटार'का बारेमा अझ धेरै सुन्न थालेपछि यस स्थानलाई अवलोकन गर्ने ठूलो चाहना थियो जुन आज पूरा भयो ।

सुन्दर ओखलढुङ्गाको सेरोफेरो र त्यही चर्चित रूम्जाटार हेर्दै अगाडि बढ्दैछौं हामी, छ बजेको छ भर्खरै झुल्केको कलिलो विहानी घामसँगै ।

उकालो चढदै छौं हामी । देउराली आइपुग्छ, सल्लेरी ४४ किमीको सडक सङ्केत उभिएको छ सडक छेउ । फेरि उकालो । घुपी र सल्लाका बोटहरूले उचाइको सङ्केत गरे । तातो घाम अनुहारमा पर्छ । आस्थाका स्थल देखिन्छन् सडक छेउ ठाउँ ठाउँमा दानपात्रसहितका । आश्चर्य लाग्छ र प्रश्न तेर्सिन्छ आफैसँग कसरी जोगिएका होलान् यी ? टोड्के पुग्दा इलाम कन्यामको झल्को आउँछ । उस्तै चिसो, वरपर हरियाली, उहा चियाका वगान, यहा बन जङ्गल बुट्यान । बायाँतर्फ तल, परपर सुन्दर वस्ती । अझ परसम्म देखिएको हरियाली झन् सुन्दर देखिँदै छ ।

हामी उचाइ लिँदै छौं ठाउँठाउँमा मिलाएर सजाए जस्ता पोथ्रा देखिन्छन् चियाकै झल्को दिने खालका । आलु पो हो कि हामी अनुमान गर्छौं ।

आज आकाश खुलेको छ, नि....लो र सफा छ, शायद अगाडिबाट सगरमाथा प्रस्टै देखिन्छ । हामी रोमाञ्चित हुन्छौं, हिंजो दिनेशभाइले काठमाडौंमै जानकारी गराएका थिए यता अगाडिबाट सगरमाथासहितका हिमालको दृश्य देखिने सम्बन्धमा । यसैले हामी सोही दृश्यको अपेक्षामा उत्सुकतासाथ अघि बढरहेका छौं । पारि डाँडाका रूखतर्फ सङ्केत गर्दै मच्छेदाइ भन्छन् 'हेर्नुस् त सर ती दुईवटा रूख कुरा गरिरहेका' म त्यसतर्फ आँखा दौडाउँछु । साँच्चै, पर डाँडामा दुईवटा रूख साँच्चिकै कानेखुसी गरेजस्तै देखिए ।

मच्छेदाइबाट बेलाबेलामा यस्ता कुरा आइरहन्छन् । शायद मेरो मनोभाव बुझेका छन् उनले र यसो गर्छन्, म सोच्छु । यात्रालाई रोमाञ्चक बनाउँछ यसले । उकालो सकिएको छैन । गाडीको धुवाँले नाकलाई प्रभावित गर्छ । काठमाडौमा आकस्मिक प्रदूषण मापनमा 'फेल' भएर हिंडेका थियौं हिंजो कागजपत्र बुझाएर हामी, आज यहाँ आफ्नै नाकले महसुस गऱ्यो, थाहा पायो, हाम्रो गाडी प्रदूषण जाँचका दृष्टिले अनुत्तीर्ण नै रहेछ ।

उचाइ बढ्दै जाँदा फरक खालका वनस्पति देखिन थाल्छन् । बोटविरूवाका उचाइ फरक पर्न थाल्छन् । फरक खालका बुट्यान र झाडी देखिन्छन् । चीसो महसुस हुँदै जान्छ । जडिबुटी, वनस्पति, औषधीय गुणले युक्त कति होलान् यहाँ ? हामी कुरा गर्छौं । खेर गइरहेका अनुमान गर्छौं । उचाइका हरेक वनस्पतिमा विशेष गुण हुन्छ ।

ओखलढुङ्गा होचिन्छ, धेरै तल पुग्छ । रूम्जाटार त झन् कताकता लुक्छ ।

अघि उता देखिएका पोथ्रा त आलु नै पो रहेछन् । यहाँ नजिकैबाट

देखिएपछि कौतुहल मेटियो । फरक तरिकाले लगाइने रहेछ यता आलु । फरक ढङ्गले गरिँदो रहेछ आलु खेती यतातिर । ठाडे बजार आइपुग्यो । नीला, हरिया टिनका छाना भएका ढुङ्गाका घर, स्थानीय बजार नै रहेछ यो । अब ओखलढुङ्गा पनि छेकियो ।

हामी निकै उचाइमा आइपुगेका छौं । अलि तलैदेखि गुरास, उत्तीसका बोट पनि देखिएका छन् । आहा हिमाल ! बिहानी घाममा टलक्क टल्केको हिमाल देखियो आँखै अगाडि । सडक छेउ बुट्यानहरू छन्, चियाका पोथ्रा जस्ता लाग्ने । परपर हरिया डाँडा सुन्दर ।

हामी डाँडैडाँडा यात्रारत छौ । जिज्ञासु आँखाहरू के के पो देखिने हो भन्दै टाठा भएर परपरसम्म दौडँदैछन् । धाप बजार आयो । चाँगेस्थान आइपुग्यो । सोलुखुम्बु जिल्ला प्रवेश गर्दैछौं हामी अब । फाटफुट मानिसहरू देखिन थाल्छन् अब बल्ल । यतिन्जेल त कतै मानिस देखिएकै होइनन् सडक छेउ केही सोधूँ, कुनै जिज्ञासा मेटूँ भन्न पनि ।

सल्लेरीबाट काठमाडौ ताक्दै हानिएका यात्रुवाहक जीप, बस तथा मोटर साइकलहरू भेटिन थाले । हामी रोकियौं र थुप्रै तस्वीर लियौं, महालङ्गुर शृङ्खलालाई पृष्ठभूमिमा राखेर हाम्रा, हिमालकै मात्र र वरपरको दृश्य समेट्दै । नेपालको पहिचान, नेपालीको शिर सगरमाथा कुनचाहिं हो भन्ने खुट्याउन भने सकिएन ।

पत्ताले, सोलु आइपुग्यो । सडक छेउ घरहरू देखिए । पत्ताले बजार आयो । प्रहरी चौकी पत्तालेको सङ्केत पाटी देखियो । पारि सुन्दर हिमालको शृङ्खला, यता माथि डाँडामा टेलिकमको टावर देखियो । परपर वस्ती देखिए । अहा ! क्या रमाइलो ठाउँ ! सुन्दर मनमोहक दृश्य । आकर्षक प्राकृतिक छटा, हरियाली, अनि सल्ला धुपीसल्लाका बोट लामबद्ध उभिएका ।

सोलु एक्सप्रेसको यात्रुवाहक सुमो जीप, हुइँकिँदै आयो । फ्रेन्डसीप यातायातको अर्को जीप प्वाँ प्वाँ गर्दै आयो । दूधकुण्ड यातायातको जीप पनि के कम, लौ बाटो छोड, म आउँदै छु है भन्दै आयो । हामी हाम्रै बाटोमा हिँडिरह्यौ ।

पत्तालेपछि हामी ओरालो लाग्यौं । हरियाली परपरसम्म उस्तै छ । सल्लोसँगै अग्लिएका सुरिला उत्तिसका बोट छन् । वनभाडे, बाघखोर हुँदै बेलिडाँडा, तिङला पुग्यौं । बिहानी घाममा उज्याला देखिन्छन् घरहरू । मानिसहरू नित्यकर्ममा छन् । होटल, लज, फेन्सी पसल र अन्य दैनिक उपभोग्य सामग्रीका पसल छन् । बिहानीको त्यो चहलपहल हेर्दा यो स्थानीय बजारमा मानिसहरूको राम्रै चहलपहल हुने ठान्यौं हामीले । स्थानीयका आवश्यकता यिनै पसलले पूरा गर्दा हुन् भन्ने लाग्यो ।

परपरसम्म वस्तीहरू देखिन्छन् । विहानी घाममा हांसेको हिमाल यहाँबाट पनि देखिन्छ । एउटा चमेनागृहमा पसेर हामीले दूध चियाको आग्रह गर्‍यौं । चिया पियौं र रू. २० प्रति कपका दरले भुक्तानी गर्‍यौं । आलुको मूल्य सोध्यौ,





तर यहाँको नाप तौलको हिसावले आश्चर्यमा पार्‍यो । किलो त होइन नै, धार्नी पनि होइन, यहाँ त अझै सम्म 'पाथी' पो चल्दो रहेछ । स्थानीय आलू एक सयदेखि एक सय ३० रूपैयां पाथीसम्ममा बिक्री हुँदो रहेछ यहाँ यतिखेर यद्यपि यो यहाँको आलु स्याहार्ने याम होइन, तर पनि कसैले चाहे निकाल्ने, बिक्री गर्ने गरिदोरहेछ । त्यस्तो आलु कलिलै हुने हुनाले धेरै दिन नरहने र छिटो खानुपर्ने जानकारी पनि प्राप्त भयो ।

सोलु दूधकुण्ड नगरपालिका क्षेत्रमा छौं- हामी सोलुखुम्बु जिल्ला प्रवेश गरेदेखि नै । हाम्रो गन्तव्य सल्लेरी हो, सोलुखुम्बुको सदरमुकाम । त्यहाँ पुग्न अझै १९ किमी गुड्नुपर्छ । पेकनासा हुँदै ओरालो झर्दै छौं हामी । ठाडो खोला छ, काठेपुल मात्र भएको । सल्ला, उत्तीसको वन छ । पारि सुन्दर बस्तीहरू देखिन्छन् । यता सडक छेउ काठका छाना भएका घर उभिएका छन् । काठको छाना देखेको यही नै पहिलो हो । अन्यत्र ढुङ्गा, टिन, खर, स्याउला आदिका देखिन्थे । सडक छेउ टिनकै भित्तो र टिनकै छानो भएका घरमा होटल, पसल चलेका पनि देखिए ।

रमिते बजारनेर ट्राफिक प्रहरी हवलदार नेतृत्वको टोली, ट्राफिक जाँचमा खटेको रहेछ । हाम्रो सम्बन्धमा सोधपुछ भयो । 'सिट बेल्ट' लगाउन निर्देशन दिँदै हामीलाई अगाडि जाने अनुमति दिइयो । हामी यहाँ पनि ट्राफिक जाँच ? भन्दै आश्चर्य व्यक्त गर्दै तर ट्राफिकको यो प्रयासलाई धन्यवाद दिँदै अघि बढ्यौं । सोलु खोलामा निर्माणाधीन तल्लो सोलु जलविद्यूत आयोजना स्थल यही पर्दो रहेछ । मजदूरहरू काममा जुटिसकेका छन् । हामी सडक छेउ गुराँस, सल्ला, उत्तीस तथा ओखरका बाक्लै फल लागेका अग्ला बोट हेर्दै तल ओर्लंदैछौं । साँघुरो र केही अप्ठेरो सडक हुँदै हामी सोलु खोला पुग्छौं । खोला धमिलो देखिन्छ । सोलु खोला पुल तरी हामी साल्मे बजार पुग्यौं ।

यहाँबाट उकालो प्रारम्भ भयो । सल्लेरी ९ किलोमिटर मात्र छ अब, सडक छेउको मुडकोले सङ्केत गर्छ । अब पारि हामी आएको बाटोभन्दा माथि बस्ती देखिन्छ यता पनि वस्ती छ । सल्ला, उत्तिस आदिको वन । जिल्ला वन कार्यालयको वन संरक्षणसम्बन्धी सन्देशको पाटी देखिन्छ सडक छेउ । वारि र पारि दुवैतर्फ वस्ती, छरिएका तर अत्यन्त सुन्दर छन् । लाग्छ प्रदूषणको पहुँच वा भनौं अत्तोपत्तो छैन यहाँ, सडक छेउका बोटका चिल्ला हरिया गाढा हरिया पातले यस्तै सङ्केत गर्छन् । प्रदूषणको चालै नपाएका हरिया, सुन्दर बोट विरूवा, आहा ! कति सुन्दर !

जोरबुद्ध आइपुग्यो । जोडी बुद्ध स्तुप रहेछन् सडक छेउ सानो बस्तीमा । बोर्डिङका पोशाकमा विद्यालय जाँदै गरेका बालबालिका देखिन्छन् । भविष्यका कर्णधारहरू । यिनै दृश्य हेर्दै हामी ८.३० बजे सल्लेरी पुग्छौं । हामी आफ्नो काममा लाग्छौं । सम्पन्न गरी खाना खान्छौं । क्या मीठो स्वादिलो खाना । त्यसपछि बजारको अवलोकन गर्छौं । फाप्लु विमानस्थल पुग्छौं । त्यताबाट

बजारलाई पृष्ठभूमिमा राखी तस्वीरहरू लिन्छौं । हामीलाई आजै ओखलढुङ्गा फर्कनु छ । यसैले बजारको सरसरती अवलोकन गरी दिउँसो १ बजे सल्लेरी छाड्छौं ।

उनै दृश्य हेर्दै अगाडि बढेका छौं हामी केही समय अघिको बाटो हुँदै । दृश्यहरू सुन्दर छन् । हामी रमाएका छौं । दूधकोशी एफएम ९४.६ बजिरहेको छ । हामी सुन्दर दृश्यहरू हेर्दै उकालो उक्लँदै छौं । तिङला, बेलीडाँडा आइपुग्यो । हामी रोकियौं । जिज्ञासु आँखाले एकैपटक सबैतिर नियाल्न थाल्यौं । पारि सल्लेरी क्षेत्र देखियो, 'ए त्यही त रहेछ, अघि त मेसै भएन नि' हामीले भन्यौं ।

स्थानीय एक सामुदायिक वनका अध्यक्ष रामकाजी कार्की भेटिए । उनीसँग परिचय गरी सोधपुछ गर्दा त थाहा भयो, यो त त्यो त्यही 'तिङला' रहेछ जुन स्थानीय तह गठनका समय निकै चर्चामा थियो, जहाँ आफूहरूलाई अपायक स्थानतर्फ धकेलिएको भनेर आन्दोलन भएको थियो । त्यसैको विरोधमा स्थानीय तहको निर्वाचन मा 'नो भोट' अर्थात् निर्वाचन बहिष्कार गऱ्यो यो सिङ्गो गाउँले । प्रदेश सभा तथा संघीय संसदको निर्वाचनमा पनि तिङ्लाका कसैले मतदान गरेनन् । यस स्थानप्रतिको जिज्ञासा अझ बढेर आयो ।

कार्कीजीसँग बुझ्दा थाह भयो पहिले 'तिङला' नामको अलग्गै गाउँपालिका थियो र यो बेलिडाँडा त्यसको ९ नम्बर वडामा पर्दथ्यो । स्थानीय तहहरूको गठन तथा क्षेत्र विभाजन गर्दा यसलाई अपायक पर्ने 'नेचा सल्यान गाउँपालिका'को वाड नं ६ मा पारिएको रहेछ । स्थानीय त्यसको विरोधमा उत्रे । अपायक नेचातिर धकेल्ने होइन पायक पर्ने सोलु दूधकूण्ड नगरपालिकामा समावेश गरि नुपर्ने माग राखी वहिष्कार र आन्दोलनमा उत्रे । लामो आन्दोलन र मतदान वहिष्कारपछि हाल भने यो त्रुटी सच्याइ र स्थानीयको माग अनुरूप नै तिङलालाई सोलु दूधकुण्ड नपामा समावेश गरिएको रहेछ । हाल यो सोलु दूधकुण्ड नपाको वडा नं ११ मा पर्छ तर यस वडाबाट नगरपालिकामा प्रतिनिधित्व गर्ने कुनै जनप्रतिनिधि छैनन् ।

कार्कीजीबाट २०३१ सालको बहुचर्चित टिम्बुरबोटे काण्ड पनि भएको स्थान ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाको सीमाना पनि यसै क्षेत्रमा पर्छ भन्ने जानकारी पनि पाएपछि त हामी झन् दङ्ग पऱ्यौं । राजधानी काठमाडौंबाट धेरै टाढा, दुर्गम, यस्तो स्थानमा त्यस समयमा त्यस्तो घटना घटेको, यो त ऐतिहासिक स्थान पो रहेछ ! हामी आश्चर्यमा पऱ्यौं । हामीले त्यस घटनामा शहादत प्राप्त गर्ने शहीदहरूलाई सम्झियौं । उनीहरूको बलिदानप्रति सम्मानभाव प्रकट गऱ्यौं ।

केही समयको भलाकुसारीपछि बिहान जाँदा चिया पिएकै पसलमा केही आलु खरिद गरी भेटिएका अन्य स्थानीयहरूसँग परिचय साटासाट गरी हामी उकालो लाग्यौं । उकालोमा ट्राफिक प्रहरीको अर्को समूहद्वारा ट्राफिक जाँच भइरहेको थियो । सोलुखुम्बुमा ट्रफिक प्रहरीको यो सक्रियता देख्दा हामीलाई अत्यन्त खुसी लाग्यो ।





हामीले सल्लेरी छाड्ने समयमा पानी परेको थियो । तिङला आइपुग्दा घाम लागेको थियो । त्यहाँबाट उकालो लागि पत्ताले आइपुग्दा फेरि दायाँतर्फ पहाडलाई कुहिरोले ढपक्कै ढाक्यो । यहाँको मौसम देखेर हामी रोमाञ्चित भयौं । पात्तालेबजार आइपुग्यो । त्यहाँ स्थित एउटा सङ्केत पाटीले हामी २८५० मिटरको उचाइमा छौं भन्ने जानकारी गरायो । हेर्दाहेर्दै सबैतिर कुहिरोले ढाक्यो । बिहान जाँदा परपरसम्म सुन्दर दृश्य हेर्न पाएका हामी फर्कंदा भने, दिउँसोको समयमा पनि कुहिरोभित्रै बत्तीको उज्यालोमा हिँड्न बाध्य भयौं वा भनौं कतै केही मेसो नपाउने 'कुहिरोका काग' भयौं । कुहिरोले परसम्म हेर्न दिएन । फर्कंदा हेरौंला, तस्वीर लिउँला भन्दै गएका स्थानमा अब अडिनुको औचित्य रहेन । यसैले हामी ओखलढुङ्गा भेट्ने लक्ष्यका साथ अगाडि बढिरह्यौं ।

अपरान्ह ४ बजे रमाइलो डाँडा, अरिदमन गण ओखलढुङ्गा व्यारेक, ऐतिहासिक 'ओखल ढुङ्गा' तथा सिद्धिचरण पार्क एवं टिम्बुरबोटे काण्डमा मारिएका शहीदहरूको सम्झनामा बनाइएको स्तम्भको अवलोकन गरी ओखलढुङ्गा बजारको एक फन्को मारी दोस्रो रात पनि विष्णुजीकै आतिथ्यमा बितायौं । स्थानीय निर्वाचन तथा प्रदेश सभा र संघीय संसदको निर्वाचनका समयमा तिङला निकै चर्चामा थियो । यस स्थानले नौलो अभ्यास गरेको कारण यसो भएको हो । यस स्थानका बारेमा सञ्चारमाध्यमबाट जानकारी प्राप्त भए पनि सल्लेरी यात्राको क्रममा बाटोमा तिङला भेटिने कल्पना नै थिएन, यसैले तिङला अनायासै भेटिएको थियो र सोलुखुम्बु जिल्ला तथा सल्लेरीलगायत स्थान आफैमा आकर्षक भए पनि तिङला भेटिएकै कारण सल्लेरी यात्रा अविस्मरणीय बन्यो ।

≋

**शब्दार्थ प्रकाशनको वेबसाइटमा वैजयन्तीका**

**सबै अङ्क, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर,**

**फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् है !**

mail : shabdarthaprakashan@gmail.com
web : www.shabdarthaprakashan.com/
www.nepalipublisher.com

**पढ्नुहोस् !**

**वैजयन्ती**को साथमा

**रचना, अभिव्यक्ति, दायित्व, शब्दसंयोजन, सुलेख, नवप्रज्ञापन, हिमाली गुराँस, शब्दाङ्कुर ।**

# हिमालपारिको मुक्तिनाथ

**डा. विश्वदीप अधिकारी**

जे कुरा पनि सोच्दैमा पुग्ने रहेनछ । अरू मुक्तिनाथ गएर आएको सुन्दा आफूलाई पनि एकचोटी त जानैपर्ने हो जस्तो लाग्थ्यो । आस्थाले मन्दिरतर्फ आकर्षित हुनु स्वाभाविकै भए पनि प्रकृति र भौगोलिक अवस्था पनि भ्याएसम्म पाएसम्म हेर्ने नै विषय लागेको चाहिँ बैतडीदेखि इलामसम्म घुम्दा नै हो । काचो फलले न भोक मेट्छ न बीज दिन्छ भनेजस्तै समय पनि पाक्नुपर्ने रहेछ कुनै पनि कुराले मूर्तरूप लिन ।

भाइ नयन क्यानडाबाट आएर पनि फर्कने बेला हुन थालिसकेको थियो । ऊ सँग भेटमा कुरा हुँदा मुक्तिनाथ, गोसाइकुण्डजस्ता स्थान पनि पुग्नुपर्ने नै हो तर कहिल्यै साइत जुरेन भनेर कुरा हुन्थ्यो । यत्तिकैमा उसले ल जाऔँ आफन्तको समूह मिलाएर भनेकाले उसैको भरमा छाडियो । एक पटक गइसकेका मान्छेलाई फेरि जाने रुचि नहुने हुँदा नगएका आफन्तहरूसँग कुरा गरी १३ जनाको टोली बन्यो । सुनिएकै कुरा हो त्यहाँ त हिँडेर जान कठिन हुन्छ । हवाइजहाजले कुइरे पाएसम्म कन्फर्म टिकट भएका नेपालीलाई उडाउँदैन । यति हुदाहुँदै पनि मामाको छोरा भाइ सुनिलको आठ वर्षको छोरा योगदेखि ६७ वर्षकी कमला माइज्यूसमेतको टोली बनेको थियो हाम्रो ।

देशमा संविधानसभाको चुनावको तयारी । चुनाव हुन्छ हुँदैन भन्ने अडकलबाजी लगायतका अनेक तरङ्गले देश दर्शन कार्यक्रमको दिन तोक्न निकै गाह्रो परिरहेको थियो । बल्ल बल्ल आएको संविधानसभाको चुनावमा मतदान नगरी जाने कुरा पनि आएन । यसैले गर्दा चुनावको भोलिपल्ट २०६४ चैत्र २९ गते काठमाडौँबाट पोखरा बसमा र त्यहाँबाट हवाइजहाजमा जोमसोम जाने निधो भयो । यसको लागि प्रतिव्यक्ति दश हजार उठाएर नयन र सुनिललाई जिम्मा लगाइयो जसले गर्दा अरू सबै यात्रामा कसले कसरी खर्च गर्ने भन्ने कुरामा जोगिए । भाइ नयनले गोर्खा एयरलायन्सको टिकट लियो भने भाइ सुनिलले ग्रीन लाइन ट्राभलको बसको टिकट । चैत्र २९ गते बिहान ७ बजे बस जाने हुँदा छ घरका १३ जना बिहान साढे छ बजे त्रिदेवी मार्गको सो बस अखाडामा भेट्ने निधो भयो । मैतिदेवीबाट म र मेरी श्रीमती ज्योति बस अखाडा पुग्दा बानेश्वर बाट कान्छीमुमा उमा, भाइ नयन र उसकी नवदुलही मेरिना र भाइ सुजन पुगिसकेका रहेछन् । त्यसको केही छिनपछि कोपुण्डोलबाट कान्छीमाइज्यू शोभा र उहाँकी कान्छी बुहारी कल्याणी आइपुगे अनि केही क्षणपछि सुनिलको जेठीसासु चाँदनीलाई उनको श्रीमान् तथा मेरो साथी उमेशले बाइकमा ल्याए ।





सुनिल झण्डै सात बज्न लाग्दासम्म आइपुगेको थिएन । टिकट उसैसँग भएकोले बस काउण्टरमा टिकट देखाउन पाइएको थिएन । आइपुगेनन् के भएछ भनी कुरा गर्दागर्दै कुलेश्वरबाट ठूलीमाइज्यू कमला आफ्नो छोरा सुनिल बुहारी शैलिनी र नाति योगसँग आइपुग्नु भयो । योगलाई राती पखाला लागेर र सुनिलको सुसाङ्गमा अत्यावश्यक काम गर्नुपरेर ढीलो भएको रहेछ । हामीहरू आपसमा भेट्दा मर्यादाअनुसार एकले अर्कोलाई अभिवादन गर्ने काम पनि गर्दै गयौं ।

चुनावको कारण करिब पाँच दिनको राष्ट्रिय बिदा र ४८ घन्टा सवारी बन्दको कारण बाटोघाटो सुनसान थियो । यसले गर्दा बसले मनग्गे दौड्न पाएको थियो । नौबजे बाटामा चिया ख्वाएपछि दशैबजे बसले खाना खाने ठाउँ पुऱ्यायो । काठमाडौं पोखराको बसभाडा प्रतिव्यक्ति नौ सयको दरले लिए पनि दिउँसोको खाना त्यसैभित्र पर्ने रहेछ । बसको ड्राइभर भन्दै थिए एक घन्टा चाँडो पुगियो भात पाक्यो कि पाकेन कुन्नि तर भात पाकेको रहेछ । तयारी बुफेका भाँडामा सजाउन मात्र बाकी रहेछ । त्यतिञ्जेल हामीले त्रिशुली नदीको बगरमा रहेको टेण्टक्याम्प पनि गर्न मिल्ने गरी बनेको सो होटेलको अवलोकन गऱ्यौं । अविरल बगिरहेकी त्रिशुली नदीलाई पनि धीत पुऱ्याएर हेऱ्यौं । कहिले सौम्य त कहिले अलिकति उठेको चट्टानमा ठक्कर दिएर सानोतिनो छाल फाल्दै नारायणीतर्फको त्रिशुलीको यात्रा निरन्तर यात्रामा बेलाबखत टल्कने सूर्यको झिलिमिली हेरेर हाम्रो टोलीको मन निकै रमाएको थियो । त्रिशुलीको निःस्वार्थ यात्रा वास्तवमा अवर्णनीय थियो ।

खाना खुवाएर करिब पौने बाह्रबजेतिर हिँडेको बसले तीन नबज्दै पोखरा पुऱ्यायो । पोखरामा लेक साइडको होटेलमा सामान राखेर ताल घुम्न गयौं । मेरिनाबाहेक सबैजना पहिला पनि आइसकेको हुनाले माछापुच्छ्रेको तिर्सना त्यति भएन- देखिँदा पनि देखिएन । दुईवटा डुङ्गामा सँगसँगै फोटो खिच्दै जाँदा पहिले पहिलेको भन्दा यो पटकको ताल यात्रा झनै रमाइलो भयो । त्यसमा पनि योगको बुझ्गाई र हाँसिरहने नयन र मेरिनाको नवजोडीलाई जिस्काउन पाउँदा पनि रमाइलो राम्रो भएको हो । यसभन्दा अघि घुम्ने गर्दा खासगरी म, ज्योति र छोरा अभिजित मात्र हुने गर्थ्यौं । यसरी मिसिएर नाताका पारिवारिक टोलीसँगै हिँडिएको थिएन । सुनिल, नयनहरू त केही दिन पहिले नुवाकोट र स्वर्गद्वारी पनि पुगेर आएका थिए । हामी अनुकूल नपरेर गएका थिएनौं । पोखरामा ताल वाराहीको दर्शन गरेपछि केही वर्ष पहिले बनेको विश्वशान्ति स्तुप जाने कुरा भयो । यसैले डुङ्गालिएर उतै गयौं । डुङ्गाबाट ओर्लेर एक घन्टा उकालो हिँड्नुपर्ने रहेछ । यसैले जाने नजानेबीच मत बाझियो । हुन त सँगै गएको टोली सबैको एउटै निर्णय हुनुपर्ने हो तर हिँड्न नसक्ने कारणले नजानेलाई आएकै डुङ्गाबाट फर्काएर होटल बस्दै गर्नु भनियो । म, सुनिल, शैली, योग, नयन, मेरिना, चाँदनी र सुजन भने उकालो लाग्यौं । हामी गफ गर्दै सुस्तसुस्त उकालो चढ्यौं । मेरिना पहिले कतै नहिँडेकी हुनाले उसलाई अलि गाह्रो भयो । यसैले बाटामा

चिसो खाएर अघि लाग्यौं । भव्य स्तुपमा पुग्दा नपुग्दै एकछिन अघिको नीलो आकाशमा बादल मडारिएर पूरै श्यामल भइसकेको थियो । पोखराजस्तो ठाउँ एकैछिनमा घनघोर पानी पर्न सक्ने चिन्ताले पनि सताएको थियो । स्तुपपुग्दा रेडियो कानमा राख्नेहरूले चुनावको अलिअलि नतिजा आइरहेको र माओवादी अगाडि रहेको बताइरहेका थिए । पानीले चुट्ला भन्ने त्राही भए पनि मनग्गे फोटो खिचियो । पोखरा र ताललाई धीतमर्ने गरी हेरियो । त्यो ठाउँ भर्खर मायाप्रीति लगाउन सिकेकाहरूको उर्वरस्थल रहेछ । बाउआमाले भेट्राउन गाह्रै पर्ने । मौकापर्दा उत्ताउलिन पनि मिल्ने । त्यहाँबाट पाताले छाँगोतिर झर्न मिल्ने रहेछ । कहिले नहिँडेको गाउँले बाटो भएकोले मान्छे भेट्दा सोध्दै नत्र भने अन्दाजकै भरमा ओरालो लागियो । एक घन्टाभन्दा बढी लगाएर ओर्लिएपछि सडक छिचोलियो । पानी धुनधान नपरे पनि अलिअलि परेको थियो । साँझको बेला भएकोले कहिले पैदल हिँडदै कहिले बस चढ्दै पूरै फेवाताल घुमेर लेक साइडको होटल आइपुग्दा आठ बजिसकेको थियो ।

चैत्र ३० गते बिहान छ बजे सबै तयार भएर लविमा झोला लिएर आयौं । त्यहाँ बसेर चिया र नास्ता खाई तीनवटा ट्याक्सीमा विमानस्थलतर्फ लाग्यौं । जहाज पूरै नभरिए पनि सवा आठ बजे हामीलाई मात्र लिएर जहाज जोमसोमतर्फ उड्यो । गुराँसका फूलले राताम्य भएका डाँडा र सेताम्य हिमाल हेरी नभ्याउँदै, धीत नै नमर्दै कालिगण्डकीको किनारामा रहेको जोमसोम विमानस्थल पन्ध्र मिनेटमा नै पुगियो । बिहानीपखको चिसो हावा र झलमल्ल घामले टल्केको हिउँमा हामी सबै आल्हादित भएका थियौं । विद्यार्थी छँदा पाठ्यपुस्तकमा देशको उत्तरी सिमाना नै हिमाल भनेर पढेका हामी सबैले पहिलो पटक हिमाललाई आफ्नै देशको दक्षिणमा हिमालपारी प्रत्यक्ष पाउँदा एकमन खुबै रमायौं । अर्को मन देशदर्शन नगर्नेले पाठ्यपुस्तक बनाएकोमा दुखित पनि भयौं साथै देशको उत्तरतर्फ त्यो विघ्न ठूलो पठार देख्दाखेरि त्यो त प्राकृतिक विविधताको चमत्कार नै जस्तो लाग्यो । एकातिर त्यो विघ्न अग्लो सुख्खा पठार बीचमा कालीगण्डकी र दक्षिणतर्फ हिमाल रहेको त्यो दृश्य हाम्रो लागि आफैंमा नौलो थियो । कालीगण्डकीको किनारमा लहलहाएका उतिसका रूखले हामीलाई नै स्वागत गरिरहेझैं भान हुन्थ्यो । चिसो, सुख्खा र उच्च भूगोल त्यहाँको विशेषता रहेछ ।

विमानस्थलबाट आधाघन्टा हिँडेपछि मोटरबाटोले नछोएको त्यो हिमाली भेगमा जीप देखियो । चौंसठ्ठी सालको वैशाखमा हेलिकोप्टरबाट १९ थान जिप ल्याएको रहेछ मुक्तिनाथसम्म चलाउन भनेर । प्रतिव्यक्ति रु. ३००/-। को दरले १४ जना राखेर करिब दुई घन्टामा ढलपल गर्दै त्यो उकालो उकालेर मुक्तिनाथनेर पुऱ्याउने रहेछ । जीपमा अमिलो पीरो गुलियो खाँदै जीपको माझमा राखिदिएको डोरी समाउँदै गफ गर्दै फोटो खिच्दै हामी जीप अखाडा पुग्यौं । होटलमा सामान राखी भात पकाउन लगाएर चिया पिईवरी हामी १०८ धारामा नुहाउने तयारीका साथ मन्दिरतर्फ उक्लियौं । मन्दिर पुग्न आधा घन्टाभन्दा बढी लाग्यो । कुनै





उकालोमा त छाती पनि ढक्क भएर आएको थियो । मन्दिरको आकर्षक स्वागतद्वारले नेपाली पेगोडा शैलीको प्रतिनिधित्व गरेको थियो ।

चौंसठ्ठी सालको चैत्र मसान्तको दिन करिब १ बजे मुक्तिनाथ मन्दिरमा पुगियो । मैले त शिवजी भन्ठानेको विष्णु हुनुहुँदो रहेछ । मन्दिरमा आवतजावत गर्ने मानिसको कमी थिएन । भारतबाट पनि आएका थिए । कोही म्याग्दी जिल्लाबाट चल्ने जीपमा जोमसोमपारि उत्रेर फेरि अर्को जीप चढेर आएका थिए । ओहोरदोहोर मनग्गे थियो । मन्दिरले ओगटेको क्षेत्र ठूलो रहेछ । मन्दिरभन्दा मुनि पानी बगेकोले भने खतरामा पनि रहेछ । जीप चढेदेखि नै बाटामा कहीं कतै हरियो थिएन । बुट्यानहरू भने प्रशस्त थिए तर खैरा । हिउँले छोपेका सानासाना ती बुट्यानहरू भर्खर हिउँको घुम्टोबाट बाहिर देखिएका रहेछन् । त्यसैले हरियोपन नदेखिएको रहेछ । त्यहाँका मानिसले भन्थे जेठ असार महिनामा सबै पाखा हरियै देखिन्छन रे ! त्यसबेला भने पोखरा, मार्फादेखि सागपात ओसार्नु नपर्ने रहेछ । पानी प्रशस्त लाग्ने हुनाले स्थानीयस्तरमा नै राम्रो उत्पादन हुने रहेछ ।

मन्दिरमा व्यवस्थित रूपमा बनाइएका १०८ धारामा निरन्तर बगेको हिमाली पानी चिसो भए पनि मज्जासँग घाम लागिरहेको वातावरण भएकोले ननुहाउने कुरै थिएन । सबैले पालैपिलो दौडेर १०८ धारामा टाउको थाप्यौं । एउटाले नुहाएको अर्कोले खिच्ने काम पनि गरियो । सुनिल, नयन र योगले त तीन पटकसम्म टाउको थापे । त्यसपछि मन्दिर अगाडि रहेको कुण्डमा चोबलिएर लुगा फेरी मुक्तिनाथको दर्शन गर्न गयौं । पेगोडा शैलीमा बनेको मन्दिर धेरै ठूलो नभए पनि चिटिक्क परेको सफासुग्घर रहेछ । बेलाबेलामा ढोका बन्द हुने रहेछ । धार्मिक सहिष्णुताको प्रबलपक्षको रूपमा सो मन्दिरलाई लिन सकिन्छ किनभने त्यहाँ सनातन र बौद्ध पुजारी एकैसाथ भगवान्को सेवामा लागेका थिए । मुक्तिनाथ नामधारण गरेका विष्णु भगवान्को दर्शन गरी मन्दिर अगाडिको पाटीमा बसेर कान्छीमुमा, ज्योति र मैले 'नारायणसूक्तम्' पाठ गर्नुका साथै केही भजन गायौं । हाम्रा टोलीका अरू सदस्य कोही दर्शनमा कोही फोटो खिच्न व्यस्त थिए । सबैको आआफ्नो काम सकिएर सामुहिक फोटो खिच्दा दिउँसोको करिब तीन बजिसकेको थियो । त्यसपछि ज्वाला माई, शिव मन्दिर, विष्णुपादुकाको दर्शन गरी होटेल फर्कदा चार बजेको थियो । होटेलमा आएर भात खाएपछि कोही पल्टे कोही गफतिर लागे । सुनिल म र नयन भने चुनावको लक्षण बुझ्न टेलिभिजनतिर झुम्मियौं ।

साँझपख एकछिन सबैजना जुटेर आपसी कुरा गरियो । एकले अर्कालाई उडाइयो । कसले के बानी सुधार्नु पर्ने, कसले के बानी अपनाउनुपर्ने विषयमा पनि रमाइलोसँग आपसमा खुलेर कुरा भयो । कैयौंदेखि गुम्सिरहेका र महत्त्व नदिइएका विषयमा पनि फुर्सदको समय तहलगाउँदै राम्रा कुरा भए । कसैलाई चित्तबुझ्यो कसैलाई बुझेन । चारबजे भात खाएको हुनाले बेलुका एक एकवटा

फापरको रोटी र रायोको साग खायौं । सुत्नुभन्दा अघि भोलिपल्ट बिहान नौ बजे खाना खाएर मात्र जीपबाट जोमसोम फर्कने सहमति गरेर सबै जना आफूलाई तोकिएको कोठामा सुत्न गयौं ।

भोलिपल्ट नववर्ष २०६५ सालको वैशाख १ गते परेकोले हामी केटाहरू र मेरिना सङ्क्रान्ति मान्न बिहान छ बजेपछि मन्दिरमा पुनः गयौं । मन्दिरबाट फर्कदा साढेसात भइसकेको थियो । चिया पिउँदै समाचार हेरेपछि सबैजना हाटेलका छानामा गयौं । छानाबाट प्रकृतिको चारैतिर मज्जाले धीतमर्ने गरी हेर्न मिल्ने रहेछ । दक्षिण, पूर्व र केही उत्तरतर्फ भएका हिमाल र उत्तरतर्फको पठारलाई पृष्ठभूमिमा पार्दै थरी थरीका फोटाहरू खुबै खिचियो । त्योभन्दा पनि माथिको छानामा जाने भरेङ चढ्न खोज्दा मेरिना लडेकीले एकछिन अलमल भयो तर उसलाई केही भएन छ । नाकमा मात्र सानो चोट लागेछ । त्यसपछि पनि फेरि यसरी कहाँ भेट हुन्छ र भन्दै निक्कै फोटो खिचियो ।

हामीले करिब नौबजे भात खायौं । त्यसपछि होटल धनी महिलासँग त्यताको वातावरण बारे सोध्यौं । उनले भनिन् तपाईंहरूलाई पो हिउँ देख्दा राम्रो लाग्छ । हामीलाई त जाडो भएर हैरान पार्छ । उनको भनाइले हामीलाई केही सन्देश दिएको थियो । हामीले पनि भन्यौ हो त नि हगि तपाइले सधैं देखिरहने कुरा । सबै हास्यौं । त्यसपछि भाइ सुनिल र नयन जीप मिलाउन गए । हामी पनि पछिपछि लाग्यौं । जिप फेरि पनि रिजर्भजस्तै भयो । वास्तवमा चौध जना अट्न मुश्किल पनि थियो । ड्राइभरले बाटामा अरू मान्छे राख्न खोजेको थियो नपाएर हो कि बेस्सरी धुलो उडाउँदै ओरालोमा दौडाएर एक घन्टामा नै जोमसोम पुगायो । हामी कसैको पनि ध्यान नपुगेकोले कागवेनी त बाटामा उतै छुटेछ ।

जोमसोमबाट वैशाख २ गतेको मात्र उडान भएकोले होटेलमा आएर बस्यौं । त्यसपछि सन् १९९२ मा स्थापित मुस्ताङीको म्युजियम हेर्न गयौं । हावा प्रशस्त लाग्ने भएकोले हावामिल चलाएर विद्युत उत्पादन गरेको भए पनि हुन्थ्यो भनेर कुरा गर्‍यौं । बजारमा सबैले आफ्नो रुचिअनुसारको सामान किने । भात नखाउन्जेल चुनावको नतिजा हेरियो । होटेलवाला कांग्रेसी परेछन् त्यहाँ कांग्रेस ३० भोटले मात्र हारेकोमा चुकचुकाउँदै थिए । भोलिपल्ट बिहान चिया पिएर विमानस्थल गयौं । समयमा नै उही जहाजले पोखरा ल्यायो । आकाश मार्गबाट राताम्य गुराँस, हरिया जङ्गल र सेता हिमाललाई बिदा गरी पोखरा आइयो । त्यो दिन पोखरा बस्ने कार्यक्रम थियो तर एउटा माइक्रो रिजर्भ गरेर गुप्तेश्वर गुफा, पाताले छाँगो र विन्ध्यवासिनी मन्दिर घुमेर खाना खाई करिब एक बजेतिर पोखरा छाड्यौं । काठमाडौं छ बजे पुगे पनि कलङ्कीको जामले गर्दा घर घर पुग्दा भने रातको नौ बजेको थियो ।

मैतिदेवी, काठमाडौं ।

≋





# दहचोक यानी कालु पाण्डेको समाधि

**शीतल गिरी**

सीतापाइला चोकमा २०७३ माघ ७ गते बिहान आठजना स्रष्टा जम्मा भएका थियौं– पदयात्रा गर्दै दहचोक जानको लागि । सुन्दरीजलको यात्रामा साथै रहेका जसध्वज गुरुङ, श्रीओम श्रेष्ठ रोदन र लीलाराज दाहाल यस यात्रामा छुट्नुभएको थियो भने नयाँ साथीहरू नारायण तिवारी, शशी थापा पण्डित र भुवनहरि सिग्देल थपिनुभएको थियो– अन्य पदयात्रीमा डिल्लीराज अर्याल, जय छाङछा, डा.भक्त रमई, डिल्लीरमण सुवेदी र म ।

सबै स्रष्टा पदयात्री जुटिसकेपछि सडकैसडक पश्चिमतर्फ पाइला बढाउन थाल्यौं । आकाश जता हेरे पनि नीलो देखिनुपर्नेमा माटोको रङको देखिएको थियो । बाटो नाममात्रको उकालो, मोटर गुड्ने हुँदा धुलो र धुवाँले गर्दा सास्ती । बिस्तारै हिँड्दै जादा सीताको पाइला भनिएको स्थान छेउ पुग्यौ । हामी पदयात्री हेर्नकै लागि भनेर हिँडेका, झन् सम्मुखमा लोकले विश्वास गरी पूजा गर्दै गरेको सीताको पाइला नहेर्ने त कुरै भएन । ढुङ्गामा कोमल पाउ भएकी नारीले टेक्दा डाम बस्छ भन्ने लोकको विश्वासलाई भने मान्नै पर्छ ।

माघ महिना भए पनि परिश्रमले पसिना ल्याउँछ, पदयात्रा गर्दा निधारमा आएको पसिना पुछे अनि सडकको दायाँ बायाँ दृष्टि जमाए, देखेर आफै छक्क परे । के देखिन्छ ? सीतापाइलादेखि दहचोक जाने यस बाटोको दायाँ बायाँ ठूल ठूला भव्य कोलेनीहरूको विकास भएको रहेछ ।

पदयात्री साथीहरूसँग यसबारे कुराकानी भयो । गाडी चल्ने बाटो भएकोले धुलोले सताएको थियो, बल्ल सडकको देब्रेतिरबाट गोरेटो फेला पर्‍यो र हामी त्यही भएर बढ्न थाल्यौं । देखियो २०७२ को भूइँचालोले पछारेका, लडखराएका र चर्किएर भए पनि मुस्कुराउँदै गरेका घरहरू ! यहाँ दशनामी सन्यासीहरूको बस्ती रहेछ ।

गोरेटो बाटैबाटो जाँदा मूल सडक भेटियो । कुइनेटो परेको ठाउँमा प्रवचनमा नाम कहलाएका पण्डित नारायणन पोखरेल स्मृति भवन छ, त्यो पनि अवलोकन गरियो । हजुर स्मृति भवन नजिकै चउरमा बसेर हामीले खाजा खाएका थियौं । 'राज्यले महावीर पुनः जस्तोलाई सहयोग गर्न पर्ने हैन र ?'

'हुन त हो ..... तर पण्डितको नाममा स्मृति भवन बनाउन जग्गा उपलब्ध गराउनु भनेको ..... ।'

'हो रहस्य यही हो ..... नेपालका शासक जनता धर्मको नाममा भेडा बनिरहोस् यही चाहन्छ ।'

'त्यही भएर त .....''

थाहा भएन हामीबीच यस विषयमा के के कुराकानी भयो । यथार्थमा हामीबीच चर्चा चलेकै हो किनभने नेपालको धेरै ठाउँमा यसरी सरकारी जग्गा शासकले बाँडेको छ तर नारायण पोखरेलमा एउटा कुरा भने थियो । कुरा के भने ज्ञान छिपछिपे भए पनि भक्तहरूलाई लठ्याउन, नचाउन सिपालु भने थिए ।

हामी दहचोक जान भनेर हिँडेका धेरैबेर चउरमा बसेर गफिन पनि भएन । हामी उठेर बाटो लाग्यौं, अलि पर गएपछि बाटो फाट्यो–स्वीटजरल्याण्ड पार्क र दहचोक जाने । अब गर्नु के थियो र हामी घुम्न आएका न थियौं पहिले स्वीटजरल्याण्ड पार्क जान चाहेकोले देब्रेतर्फ लाग्यौं पनि । डाँडोलाई पिकनिक स्थलको रूपमा विकास गरिएको रहेछ, सामान्य पूर्वाधारहरू पनि थिए । कुनै बोर्डिङ स्कूलका विद्यार्थीहरू रमाइरहेका देखियो ।

उपत्यका वरपर लाकुरी भञ्ज्याङ, घ्याम्पे डाँडा, तेलकोट, नगरकोट, हुँमाने भञ्ज्याङ लगायतका स्थान पिकनिक स्थलको रूपमा विकास गरिएको पाइयो– त्यसैमध्ये दहचोकमा रहेको स्वीटजरल्याण्ड पार्क घुम्दै छौं अहिले । यस पिकनिक स्थलमा रमाएर बरालिँदैमा हाम्रो काम चल्नेवाला थिएन यसर्थ हामी बाटैबाटौ पश्चिमतर्फ लाग्यौं । केहीबेर हिँडेपछि पक्की खुड्किलो भएको बाटो फेला पार्यौं । खुड्किला उक्लदै जादा हामी इन्द्रदहमा पुग्यौं । त्यहाँ उपलब्ध शिलालेखले भन्दै थ्यो यस दहको महत्त्व मल्लकाल अघिदेखिकै रहेछ । दहको वरिपरि इन्द्रलगायतको मन्दिर र सत्तल थियो संरक्षणको अभावमा कल्पिरहेको । लाग्दथ्यो यो स्थान प्राचीन भएर पनि वर्तमानमा एकदम अस्तित्वहीन छ, यस्तो भन्नु गलत हुने छैन ।

मैले सुनेको थिएँ, स्वर्गका राजा इन्द्र ऐरावत हात्तीलाई पश्चिमतर्फ रहेको ठूलो रूखमा बाँधेर यस दहमा स्नानगरी थानकोटमा रहेको चन्दन-भराटेश्वर महादेव मन्दिरमा पूजा गर्न जान्थे रे ! यसकारण यस दहप्रति लोकको गहिरो सहानुभूति छ तर यहाँको अवस्था हेर्दा सहानुभूति घट्दै गएको देखियो ।

दहचोकमा रहेको इन्द्रको बारेमा एउटा प्रसङ्ग सुन्दा हामी हाँसेका थियौं तर सत्य रहेछ, जब असार साउनमा पानी पर्न छाड्छ, धान रोप्नको लागि अभाव खड्किन्छ तब थानकोट र सो वरपरका किसानहरू समूहमा गीत गाउँदै यस स्थानमा आउँछन् । धर्मअनुसार इन्द्र र पानीको सम्बन्ध छ, यसर्थ थानकोटका किसानहरू हुल बाँधेर आएका हुन् । इन्द्रलाई पूजा गरेर, खुसी पारेर मनाउन होइन, उनीहरूले फोहर शब्दले समयमा पानी नपारेर दुःख दिने इन्द्रलाई गाली गर्दै आउँछन् र मन्दिरको मूर्ति हिलो, जुठो भात यहाँसम्मकी दिशासमेतले पुरी दिन्छन् र गीतकै तालमा अपशब्द बोल्दै फर्किन्छन् । यो





लोकविश्वास हो यति गरेपछि पानी पर्छ भन्ने विश्वास छ र पानी परेकै छ । पानी परेपछि रमाएका किसानहरू चौरासी व्यञ्जन र पूजा सामग्रीका साथमा नाच्दै, गाउँदै, रमाउँदै आउँछन् र मन्दिर धोइ पखाली सफा बनाई, शुद्ध गरी पूजाआजा गरी फर्किन्छन् । यहाँ बहसको स्थान प्रर्याप्त छ, यस प्रचलनलाई गलत भन्न सकिन्छ, सबभन्दा प्रमुख कुरो यो चलन चल्नुको पछाडिको कारण के थियो, यस कुराको ज्ञान भएमा मात्र यसबारे बोल्न सकिन्छ ।

इन्द्रदहको पश्चिमतर्फ भिरालो चउर जहाँ इन्द्रले ऐरावत बाँध्थे भन्ने विश्वास गरिन्छ, हो त्यही बसेर हामीले भोजन गरेका थियौं, बाख्रा चराउँदै गरेकी स्थानीय मगर, महिलालाई पनि रोटी तरकारी दिएका थियौं । जिन्दगीलाई हामीले अध्ययन भ्रमणमा लगाएका छौं । पदयात्रा मनोरञ्जन मात्र होइन, व्यक्तिगत फाइदाको लागि मात्रै पनि होइन । पदयात्रा त जीवन र जगत् बुझ्न सकिने माध्यम हो र समग्र हो तर पदयात्राबाट प्राप्त हुने समग्र ज्ञान कसरी ग्रहण गर्ने ? यो व्यक्ति व्यक्तिको क्षमताअनुसार हुने कुरा हो । यही समूहमा रहेका पदयात्रीको सुविधाको कुरा हो । समूहले भन्दा पृथक् जानकारी लिनु व्यक्तिको प्रतिभा हो । पृथ्वीको बारेमा जब थाहा पाउँछौं यो आकाश होइन । यो होइन, त्यो होइन, यसैगरी होइन होइन भन्दाभन्दै हामी त्यसलाई स्वीकार गर्ने अवस्थामा पुग्न चाहन्छौं । यो तरिका ज्ञानको हो । यो न अति हो, न त इति नै हो ।

ज्ञानको कारणले नै पाण्डे खलकका पुर्खाले गोरखाबाट ल्याएर स्थापना गरेको कुलदेवी मनकामनाको मन्दिर चिटिक्कको बनाएका रहेछन् । दहचोकमा रहेको मनकामना मन्दिरलाई २०७२ को भुइँचालोले तर्साएको पाइयो । इन्द्रदहबाट पश्चिम उत्तरतर्फ अलि अग्लो स्थानमा अवस्थित छ मनकामना मन्दिर । पदयात्रा गर्दै जाँदा यस्ता धेरै कुराहरू भेटिन्छ, जानकारी पाइन्छ । यहाँ नआएको भए मनकामनाको बारेमा थाहा हुने नै थिएन तर भूइँचालोपछि पाण्डे खलकले मर्मत सम्भार गर्न किन बिर्सेका हुन् थाहा हुन सकेन । पदयात्रामा गएका हामीले देख्ने र थाहा पाउने कुरा त यिनै हुन्, जुन उत्साहसाथ मनकामना मन्दिर बनाएका थिए, त्यो उत्साह मर्मत सम्भारमा पनि चाहेका हौं हामीले । पदयात्रा गर्दा मनकामना बारे पाएको ज्ञान र आफूले राखेको धारणालाई पनि उपलब्धि नै मान्दछु म ।

नेपाल एकीकरण अभियानका महत्त्वशाली व्यक्तित्वको रूपमा चिनिन्छन् कालु पाण्डे । कालु पाण्डेको वैज्ञानिक सुझाव स्वीकार नगर्दा कीर्तिपुरको लडाइँमा गोर्खाली सेनाले हार खानुपरेको थियो । त्यस लडाइमा पृथ्वीनारायण शाहले बलियो सहयोगी कालु पाण्डे गुमाएका थिए । कीर्तिपुरको बाघभैरव मन्दिरमा हेर्नुस् छानामा गोर्खाली सेनाबाट लुटिएको हात हतियार झुन्डाइएको देख्न सकिन्छ । मन्दिरको ढोकामा कालु पाण्डेको खड्ग राखिएको छ । एकीकरणको क्रममा कीर्तिपुर गोर्खाली सेनाले सजिलै विजय भने गरेको होइन ।

सो लडाइँमा सख्त घाइते भएका कालु पाण्डेले 'गोर्खा र कीर्तिपुर देख्न सकिने ठाउँमा समाधिस्थ गर्न' पृथ्वीनारायण शाहसँग अनुरोध गरेअनुसार दहचोकको डाँडोमा समाधि बनाइएको रहेछ । समाधिको पश्चिमतर्फ हामीले साहित्यिक कार्यक्रम गर्‍यौं । सो कार्यक्रमको सभापति स्थानीयलाई बनायौं । पदयात्री जय छाङछाको 'दोहाको सिधा उडान' (नियात्रासङ्ग्रह) र 'जय छाङछाको कविता' दुई कृति लोकार्पण पनि गर्‍यौं । साझा प्रकाशनबाट प्रकाशित 'दोहाको सिधा उडान' २०७३ सालको मदन पुरस्कार गुठीको उत्कृष्ट १० पुस्तकको सूचीमा पर्न गएको थियो । जय छाङ्छा राम्रो लेख्ने, लेख्न मेहनत गर्ने, लहै लहैको भरमा नलाग्ने नियात्राकार हुन् ।

यो कुरा गुट उपगुटमा लागेर सेलीब्रेटीमा रमाउनेलाई चित्त नबुझ्न सक्छ, स्वीकार नगर्न सक्छन् । कालु पाण्डे सोची विचारीकन काम गर्दथे । उनले वीरगति प्राप्त गरेपछि उनका विचारले मूर्तरूप लिन पायो अनि राम्ररी परिस्थिति बुझेर, आफ्नो स्थिति सुधारेर गरेको गोर्खाली युद्धले कहिल्यै कतै हार व्यहोर्नुपरेन । मानिस मरे पनि विचार गर्दैन भनेको यही हो । नेपालको इतिहासले कालु पाण्डेलाई कहिल्यै बिर्सिदैन । प्रत्येक मानिसको जुन चेतना छ त्यो सत्त्वगुण भएको हुन्छ र गुण भएको व्यक्तिको कदर गर्छ । समयले प्रभाव पार्छ, कहिले छोप्छ, कहिले प्रकट हुन्छ । समयको प्रभावमा कहिले तिरस्कार, कहिले सम्मान पाउँछ र उपयोग योगमा हराउन पुग्छ ।

कालु पाण्डेको समाधिमा पुग्दा उनको व्यक्तित्वको कारण शिर आफै झुकेको थियो– सम्मानमा । यो समाधि अत्यन्त महत्त्वपूर्ण व्यक्तिको हो । उनले जीवन एकीकरणमा विसर्जित गरिदिए । आरम्भदेखि अन्तसम्म स्वार्थले उनको जीवनमा रत्तीभर पनि प्रभाव पारेन । नेपाल एक बनाउने चिन्तन र कर्मको अजस्र साधनाशील उनको जीवन बन्यो । लाग्दछ रजस र तमससँग उनको मोह थिएन । सात्विकको लागि पुरुषार्थ र प्रयत्न पनि अटूट थियो । राजसिक भावले ग्रसित पृथ्वीनारायणले उनको सुझाव नमान्दा ठूलो मूल्य चुकाउनुपर्‍यो । उनको साधनाले नेपालको एकीकरण भयो, त्यसैले उनी दहचोकको डाँडामा समाधिमा छन् देश सुमार्गमा जाओस् भनेर ।

समाधिस्थ पुरुष आफूलाई तृप्त, कृतार्थ र तुष्ट अनुभव गर्दैनन् । एकीकरणको क्रममा उनको कार्य 'कालु पाण्डेको चिहान' मा लेखिएको छ । दहचोक मन पराउने व्यक्ति भनेको नेपाल एकीकरणका नायक पृथ्वीनारायण नै हुन् । भनिएको पनि छ युद्ध लोकको हितको लागि हुनुपर्दछ, केही नभए पनि यसले समाजको मङ्गल गरोस् । राजाको सुखको लागि मात्र गरिने युद्धसँग जोडिनु हुँदैन । नेपाल एकीकरण अभियानलाई सामन्ती सोच भनिन्छ, यति मात्र किन ? विस्तारवादी भन्नेहरूको पनि कमी छैन । नेपाली अस्तित्वको लागि चालिएको, समय अनुकूल एकीकरण अभियानलाई सौम्य भन्नुपर्छ, सौम्यमात्र





होइन सौम्यतर हो, अझ प्रष्ट भन्नुपर्दा सौम्यतम हो । सौम्यतम भएको हुँदा नै पृथ्वीनारायण शाहले उपत्यका आक्रमण गर्नु अघि यहाँ किल्ला बनाएका थिए । उपत्यका प्रष्टसँग देखिने, समय अनुकूल हुने बित्तिकै सेना परिचालन सहज, किल्लामा आक्रमण गर्न आए सहजै प्रतिकार गर्न सकिने– यसै डाँडामा उभिएर उपत्यकालाई हाँक दिएका थिए ।

नैतिक साधना, पृथ्वीनारायण शाहमा थियो, दहचोकको डाँडामा कालु पाण्डेको चिहान बनाउनु अवश्य मानवताको नमूना हो, यो पवित्र कार्य हो । साहसी थिए, सहृदयी पनि थिए । सज्जन थिए, साथै शूरवीर पनि थिए । भक्त थिए तर देश भक्तिलाई सबभन्दा ठूलो मान्दथे । उच्च विचारका थिए तर कहिले काहीँ विवेक गुमाउँदथे । पृथ्वीनारायणमा हामी नैतिकताको त्यो नमूना पाउँछौं जुन राष्ट्रिय एकीकरणको कर्म र नेपाली राष्ट्रियताको बागडोर हातमा लिएको पाउँछौं, नैतिकताको अभावमा यस्तो नेतृत्वको बारेमा सोच्न पनि सक्दैनन्, निश्चय नै नीतिलाई पन्छाएर हिँड्नेले चुनौतीपूर्ण कार्य गर्न सक्दैन, पवित्र उद्देश्यबारे सोच्नै सक्दैन ।

दहचोकको डाँडाबाट देखिने प्राकृतिक सौन्दर्य शब्दमा उतार्न सकिन्न । पूर्वतर्फ हेर्दा देखिने उपत्यकाको आफ्नै चित्र छ । पुरानो र नयाँको समीश्रण, मन्दिरै मन्दिरको देश अहिले कङ्क्रिटै कङ्क्रिटको थुप्रो लाग्दछ । यसै गरीकन उपत्यकावासीको जीवन पहिले सत्त्व थियो, रज थपियो र शासकको अदूरदर्शीताले गर्दा अन्न फलाउने फाँट मासेर तम बनाएको छ । पृथ्वीनारायण दहचोकमा दरबार बनाउन चाहन्थे, डाँडा पाखामा बस्ती बसालेर खेती गर्ने जमीनको सम्मान गर्न चाहन्थे तर अल्प आयुको कारण उनले नेपाल एकीकरण गरे पनि आफ्नो सोचअनुसार सिँगार्न पाएनन् । खेती योग्य जमीनमा कङ्क्रीटको शहर ठड्याउँदा यहाँका मानिस अन्नमा समेत परनिर्भर बन्न पुगेको छ । पृथ्वीनारायणले त दहचोकमा दरबार बनाउँन, उनका सहयोगी बिसे नगर्चीका परिवारलाई ल्याएर बसालेका थिए । सहयोगी विश्वासी मगरहरूको बस्ती बसाएका थिए किनभने गोरखादेखिकै विश्वासिलाहरूका माझ रहन बस्न चाहन्थे र त्यस डाँडाबाट गोरखा प्रष्ट देखिने हुँदा प्रत्येक कार्यमा प्रेरणा प्राप्त गर्न हिजो सम्झान चाहन्थे । त्यस डाँडाबाट पश्चिमतर्फ हेर्दा गोरखा देखिन्छ, हो धादिङका फाँटहरू देखिन्छन्– कवि मनमा त्यहाँ कविता जन्मन थाल्दछ, चित्रकार चित्रकोर्न थाल्दछ, गीतकार गीत गुनगुनाउन थाल्दछ किनभने त्यहाँबाट देखिने प्राकृतिक सौन्दर्य नै त्यस्तो छ ।

मलाई स्पष्ट थाहा छ एकीकरण विभाजनको नाम होइन । जातीयता पनि होइन किनभने जातीयता भनेको विभक्त हो । कुनै पनि अर्थमा निर्माण होइन जो जातीयताको पक्षधर हुन्छ यथार्थमा एकीकरणको विरोधी बन्छ । एकीकरण त्यहाँ हुन्छ जहाँ राष्ट्रिय भावना व्यक्ति व्यक्तिको हृदयमा बसेको हुन्छ, जहाँ

उसले जाति, धर्म, नस्ल सबै बिर्सिन्छ । जहाँ व्यक्तिले आफूलाई राष्ट्रको लागि अर्पिएको हुन्छ । जहाँ आफूलाई स्वार्थमा डुबाएर पवित्र अभियानमा भाँजो हाल्न कोही चाहँदैन र अवरोधलाई ध्वस्त पारेर एकीकरण अभियान सफल पार्न जुटेका हुन्छन् ।

पृथ्वीनारायण शाहले नेपाली इतिहासको सृष्टि गरे, तीर्थको सृष्टि, धर्मको सृष्टि, साहित्य र प्रकाशको सृष्टि, उनी भित्रबाट कमजोर व्यक्तित्वका थिएनन् । उनी यथार्थमा आगो थिए उनको नजिकमा भएको कालु पाण्डे, बिसे नगर्ची, गोरखाका विश्वासी मगर सबै खारिएर दीप्त भए। दहचोकको डाँडाबाट दक्षिणतर्फ हेर्दा नेवारी सभ्यताको ज्वालाले कीर्तिपुर उज्ज्वल रहेको पाउँछौं । कीर्तिपुरको सन्दर्भ बदलियो, समाप्त केही भएन, सम्पूर्ण रूपान्तरण भयो । आज नेवारी सभ्यताको केन्द्र बनेको छ । प्राचीन सभ्यता ज्वलन्त बनेको छ, टिलपिलाउँदो बत्ती एकीकरण पछि दिव्य बनेर आयो । उपत्यकाको राजाहरूको किचलोले आक्रान्त जनताले मुक्ति पाए । संस्कृतिमा रम्ने अवसर जुट्यो । लुटपाट गर्न उपत्यका बाहिरका बलिया राजाले आक्रमण गर्ने डर हरायो । हिजोका शत्रु एकीकरणपछि मित्र भए। दहचोक डाँडाबाट उत्तरतर्फ मुस्कुराउँदै गरेको हिमाल देखिन्छ, रमणीय ककनी भेटिन्छ । मानौं यहाँ आउँदा अवश्य यात्रीको जीवन प्रकृतिमा लीन हुन्छ, प्रकृतिको आनन्द लीन जीवन समिधा बनेर पृथ्वीनारायणले मनपराएको दहचोकको पुण्यभूमिमा अर्पण गर्न उत्सुक बन्छ ।

दहचोकबाट चारैतिर देखिने सौन्दर्यको अवलोकनमा डुबेका हामीहरूको जीवन यहाँ बसेर काम चल्दैनथ्यो । प्रकृतिमा रमाउनुको त कुनै अन्त थिएन, स्वेच्छाले नभए पनि समयले गर्दा दक्षिणतर्फ ओर्लिएर सडक समातेर पश्चिमतर्फ लाग्यौं । पातलो गाउँ बस्तीहरू देखियो अनि गोरेटो बाटैबाटो दक्षिणतर्फ ओरालो ओर्लिदै गयौं । रमणीय जङ्गल फेला पऱ्यो, रमाउँदै वनको बाटोबाट ओरालो ओर्लिरह्यौं । वन छेउमा पहिले गाउँ रहेछ । पानीको अभाव र बाँदर लगायत जङ्गली जनावरको कारण बस्ती सारेका रहेछन्, हो हामी त्यही सारिएको बस्तीमा पुग्यौं ।

≋

**के तपाईंले हाम्रो युट्युबको साइट हेर्नुभएको छ ?**

Shabdartha Music SM

https://www.youtube.com/channel/ UC4mnRs7tRE0WC4CvOaWt7EA





# फेरि माइतीघर पुग्दा

**सुशीला देउजा**

बाल्यकालको मधुर यादले रमाएको मेरो स्मृतिपटलमा जन्मथलो डोटीको सम्झना धूमिल छाया जस्तो आइदिन्छ । जागिरको सिलसिलामा बुबा डोटीबाट सरुवा भई अर्को जिल्लामा जाँदा म सानै थिएँ रे ! त्यसपछि विभिन्न जिल्ला र काठमाडौंमै हामी भाइबहिनीहरूको बाल्यकाल बित्यो । यसबीच डोटीमा पाइला टेक्ने मौका नै परेन । त्यस वेला यातायातको कुनै सुविधा नभएको ठाउँ, केवल लामो कठिन पैदल यात्राले मात्र पुगिने भएर पनि असमर्थ भइयो होला । तर घरमा चल्ने डोटीको चर्चा र जन्मजात सम्बन्ध गाँसिएको थलोकै कारणले होला मलाई त्यस ठाउँले आकर्षित गर्दै मन लोभ्याउँथ्यो । आखिर दुई छोराकी आमा भइसकेपछि मलाई शैलेश्वरी भगवतीको पवित्र भूमिमा पाइला टेकी दर्शन गर्ने सुअवसर मिल्यो ।

२०४२ सालको नवरात्रिमा मेरो बुबा स्वर्गीय श्री तुक्षध्वज खाणले शैलेश्वरीमा नवा (नौ दिनसम्म लगाइने पूजा) लगाउनुभएकोले बहिनी र मैले डोटी जाने मौका पायौं । काठमाडौंबाट मुमा, बहिनी, म र सानो छोरा डोटी जाने भयौं । त्यस वेला डोटी पुग्न या त धनगढीदेखि आधा बाटोसम्म कच्ची बाटोको जोखिमपूर्ण गाडी यात्रा त्यसपछि बाँकी कठिन पैदल यात्रा वा एक मात्र आर.ए. वायु सेवाको हवाई यात्रा त्यो पनि दिपायलसम्म । त्यसपछि ठाडै उकालो हिँड्नुपर्ने । डोटीसम्म त कच्ची बाटो पनि बनेको थिएन । त्यस वेला वायु सेवाको टिकट पाउनु चिट्ठा परे जतिकै हुन्थ्यो । त्यसमा पनि चाडवाडको वेला भए कुरै नगरौं ।

लामो अन्तरालपछि जन्मथलामा पाइला टेक्न लागेको, भगवान्ले परीक्षा पो लिनुभएको हो कि ? केही घन्टाको उडानमा नै पुग्नुपर्ने ठाउँमा हामीलाई प्लेनबाटै तीन दिन लाग्यो । चाहना पूरा हुने आशामा प्रसन्नताका साथ हामी एयरपोर्ट पुग्यौं । ऋतुका राजा शरद् ऋतुको रमणीय वेला, वर्षात् समाप्त भई नुहाइ धुवाइ सफा भएजस्तै सफा आकाश, डाँडा काँडा हरियो पहिरनमा सजिएका, बारी, पाखा विभिन्न सुन्दर फूल फुलाउँदै गमक्क परेका, फूलमा माहुरीहरू भुनभुन गर्दै, रस चुस्दै रमाइ रहेका । खेतमा धान लहलह झुलेका, मन्द मन्द चिसो हावा चल्दै गरेको, हो यो ऋतु हो हाम्रो महान् चाड दशैं र तिहारको । यस्तो रमाइलो मौसम हुनुपर्ने वेला यो, खै किन हो यसपाला अझै वर्षात्

सकिएको थिएन । आकाश धुम्मिएर सिमसिम पानी परिरहेको थियो । बादल तल तलसम्म झरेकाले डाँडा पनि देखिरहेका थिएनन् । यी सबै छिचोल्दै जहाजले गन्तव्य स्थलसम्म पुग्नुथियो । पहाडी इलाका, पाइलटले आँखाले देखेको भरमा जहाज उडाउनुपर्ने अवतरण गर्नुपर्ने, साच्चै कठिन काम हो यो । जहाज बादलै बादलभित्र उड्दै थियो । कुनै कुनै वेला अलि अलि जमिन देखिन्थ्यो । जहाजले भैरहवामा अवतरण गऱ्यो । विश्रामपछि उडेको जहाज पश्चिम दिशातर्फ मोडियो । यता त झन् घनघोर पानी परिरहेको थियो । जहाजले नेपालगन्जको आकाशमा तीन फन्को माऱ्यो । अवतरण गर्न सक्ने स्थिति रहेनछ क्यारे ! जहाज भैरहवातिरै मोडियो । राम्रो मौसम भए प्लेन भोलि डोटी जान्छ भनी यात्रु सबैलाई भैरहवामा उतारियो । खिन्न मन लिई हामी भैरहवामा बास बस्यौ । भोलिपल्ट यता आकाश अलि खुल्ला र सफा थियो । आज निश्चय पनि गन्तव्य स्थल पुगिन्छ भनी यात्रु सबै प्रसन्न थिए । नेपालगन्जसम्म पनि मौसम ठिकै थियो । त्यसभन्दा अगाडि फेरि मौसम बिग्रँदै गयो । जहाज सेतो हिउँ, कपास जस्तो बादलभित्र कुहिरोको कागसरी उड्दै थियो । सबै यात्रुको मनमा पक्कै पनि सकुशल पुगिन्छ पुगिँदैन शङ्काको सन्त्रास फैलँदै थियो होला ।

निकै बेरको असफल प्रयासपछि जहाज नेपालगन्जतर्फ फर्कियो । भोलिको भाका राख्दै नेपालगन्जमा यात्रु उतारियो । नेपालगन्ज आर्मीको जर्साब, हाम्रो नातेदार, हामी उहाँको आवासतर्फ लाग्यौं उतै बास बस्यौं । पर्सिपल्टको नवरात्री, पूजा सुरु हुने दिन, त्यसैले गर्दा पनि डोटी पुग्न हतारिँदै थियौं । आर. ए. को कुनै ठेगान थिएन । भाग्यवश भोलिपल्ट आर्मीको स्काइ भ्यान सामान लिई दिपायल जाँदै रहेछ । जर्साबले हाम्रो समस्या बुझेर हामीलाई त्यसैमा मिलाइदिनुभयो । स्काइ भ्यान भनेको केवल सामान ओसार्नको लागि प्रयोग हुने प्लेन रहेछ ।

भोलिपल्ट टन्न सामान भरिएको ट्रकजस्तो प्लेनमा सामानमाथि सबै थुपु थुपु बस्यौं । म पनि छोरालाई काखमा राखी सामानमाथि बसें । न बेल्ट बाध्नु छ न कहीं समाउने ठाउँ छ । मजबुरी, जसरी भए पनि हामीलाई गन्तव्य स्थलसम्म पुग्नुथियो । आज पनि यताको मौसम राम्रो थिएन । फेरि फर्कनुपर्ने हो कि भनी मनभित्र चिसो पस्दै थियो । बादलै बादल कतै जमिन देखिएको थिएन । पाइलट सिपालु रहेछन् राउन्ड लगाउँदै तल तल झार्दै गए । तल झर्दा कुनै वेला डाँडाको यति नजिक पुगिन्थ्यो कि छुन्छ कि जस्तो डर लाग्ने । छानो हालेजस्तो माथि माथि मात्र बादल तल छ्याङ्ग सफा देखियो । जहाजले दिपायलमा अवतरण गऱ्यो । तीन दिन लगाएर बल्ल पुगियो । युद्ध जितेझै खुसीकै लामो सास फेऱ्यौं ।

अब सुरु भयो हाम्रो कठिन पैदल यात्रा । दिपायलबाट सिलगढी पुग्न मनकामनाको उकालो चढेभन्दा पनि बढी छ जस्तो लाग्यो । हिँड्न नसक्ने





सानो छोरोलाई एक परिचित व्यापारीले आफूसँगै घोडामा राखी उकालो लागे । जति सक्दो चाँडो सिलगढी बजार पुग्नुपर्छ भनी हामी पनि बाटो लाग्यौं । उकालो हिँड्ने बानी नभएर होला अलिकता उकालो चढ्यो कि खुट्टा फत्रक्क गल्ने । चारैतिर नजर घुमाएँ । दिपायल ठूलो फाँट रहेछ । लहलह धान झुल्दै गरेको चारैतिर हरियाली, सेती नदी कल कल बहिरहेकी वातावरण अति रमणीय लाग्यो । सुस्त सुस्त डाँडा उक्लँदै गयौं । जति जति माथि पुग्यो चारैतिरका डाँडा सुख्खा र उजाड देखिए । रूख बिरूवा नभएर हो कि खोल्सा काप्चा कहीं पनि पानी थिएन । जता हेऱ्यो सुख्खा । सोचें यहाँ सबैतिर रूख बिरूवा भइदिएको भए मूल फुटेर खोल्साबाट पानी उम्रिरहेको हुन्थ्यो । चारैतिरको हरियालीले वातावरण कति रमाणीय हुन्थ्यो होला । वृक्ष लगाए नहुने पक्कै होइन होला । के भएर होला यति उजाड भएको ? पक्कै इन्धनको रूपमा प्रयोग गर्न काटिएका होलान् यहाँका रूखहरू भन्ने सोच्दै उकालो हिँड्दै गएँ । अगाडिपट्टिको डाँडामा एउटा पुरानो दरबार जस्तो देखियो । मुवाले भन्नुभएको यो धेरै पहिलेका डोटी राजाको दरवार हो रे ! आज त्यो जीर्ण अवस्थाको केवल भग्नावशेष मात्र बाँकी छ । त्यस दरबारबाट सिँढी सिढी भएको सेती नदीसम्म पुग्ने बाटो थियो । हरेक दिन राजा त्यस सिँढीबाट ओर्लिएर सेती नदीमा आई स्नान गर्थे रे !

छोटो दिन ....दिनकर आफनो प्रकाश समेट्दै विश्राम स्थलतर्फ ओरालो लाग्दै थिए । निशा चारैतिर आफ्नो कालो पछेउरी फैलाउँदै थिइन् । बल्ल तल्ल हामी बजारको सबभन्दा तल्लो भागमा पुग्यौं । यात्राभर कतै बजार थिएन । कतै कतै फाट्टफुट्ट घर भएकाले सुनसान थियो । अब भने बजारैबजार अलि चहलपहल बीच उकालो चढ्दै गयौं । तीन दिनको जहाज यात्रा त्यसमाथि पैदल उकालो चढाइ... थाकेर चुर चुर भई घर पुग्दा झमक्क रात परिसकेको थियो । छोरा पहिले नै पुगेको, न्यास्रो मानी हाम्रो बाटो हेर्दै रहेछ । हामीलाई देख्दा खुसी भई मुहार पनि उज्यालो पाऱ्यो । बिचरो आफूलाई नयाँ ठाउँमा एक्लो ठानी आत्तिएको थियो होला । बुबा पनि हाम्रो बाटो हेर्दै बस्नुभएको थियो ।

भोलिपल्ट एक दिन आराम गरी पर्सिपल्ट नवरात्रीको पहिलो दिन, सबेरैदेखि पूजा सुरु भयो । दिनमा पटक पटक विश्राम लिई बेलुकासम्म ब्राह्मणद्वारा पूजापाठ भइरहन्थ्यो । त्यस पूजा स्थलमा बस्ने सबैले दिनमा चिया फलफूल खाई साँझमा मात्र एक छाक शाकाहारी खाना खान्थे ।

शैलेश्वरी भगवती सुदूर पश्चिमको प्रख्यात देवीस्थल हो । शैलेश्वरी भगवतीको महात्म्य स्वस्थानीमासम्म वर्णन गरेको पाइन्छ । त्यसमा देवका देव महादेव र माता पार्वतीको प्रेममय मधुर मिलन भएको स्थल भन्ने वर्णन गरिएको छ । शैलेश्वरी मन्दिर भएको ठाउँ सारै रमणीय लाग्यो । डाँडामा अवस्थित यस ठाउँबाट टाढा टाढासम्मको सुन्दर दृश्य अवलोकन गर्न सकिन्छ । सिलगढी पहाडमा बसेको एउटा लामो बजार रहेछ । दुई लाइन, तल पसल भएको घर,

बीचमा एउटा मोटर हिँड्न सक्ने जतिको चौडा बाटो ढुङ्गा बिछ्याइएको थियो। कुनै बेला सिलगढी व्यापारिक र सरकारी कामकाजको दृष्टिकोणले प्रख्यात स्थल मानिने ठूलो बस्ती रहेछ। बडाहाकिम बस्ने सुदूर पश्चिमका सारा सरकारी काम यहीँबाट सञ्चालित हुन्थ्यो रे ! त्यस वेला अलि हुने खानेहरूको लागि यातायातको साधन घोडा थियो रे ! टाढासम्म पुग्न हिँडेका यात्रुको बास बस्ने ठाउँ यही थियो। साथै यहाँ गाउँ गाउँबाट किनमेल गर्न आउनेको पनि त्यतिकै भीड रहन्थ्यो रे ! त्यस वेला यो ठाउँ कति चहल पहल र रमाइलो थियो होला तर आज लगभग शून्य छ। युवा युवती सुनौलो भविष्यको खोजीमा यस ठाउलाई भुलाउँदै टाढिए। आज नेपालको जुनसुकै पहाडी ठाउँको हालत यस्तै दयनीय छ।

नवमीको दिनसम्म पूजा र यताउता घुम्दै बित्यो। दशमीको बिहान बुवा मुमाको हातको टीका आशीर्वाद थापी भाइ बुहारीलाई टीका लगाइदिए। बुवा मुमाको केही दिन यतै बस्ने सोच बन्यो। अब बहिनी, म र छोरो मात्र काठमाडौं फर्कन दिपायल झर्‍यौं। बाँकी दशैं काठमाडौंमै मान्न। आज भने भगवती हामीदेखि प्रसन्न भइछन् मौसम साँच्चिकै राम्रो थियो। प्लेन पनि समयमै आयो। यही बाटो उक्लिँदा कति गाह्रो भएथ्यो तर ओर्लन कति सजिलो। समयमै प्लेन काठमाडौंको लागि उड्यो।

२०६० साल आषाढ महिनामा श्रीमान्‌को डोटी अफिसमा केही दिनको कामले मलाई फेरि त्यहाँ पुग्ने अवसर जुर्‍यो। लाग्छ मेरो त्यस क्षेत्रको यात्रासँग पानीको गहिरो सम्बन्ध गाँसिएको छ। यसपल्ट त हामी बर्सात्‌मै गइरहेका थियौं। पानी नपर्ने त कुरै भएन। घनघोर वर्षा ...प्लेन निकै तलतलबाट उड्दै थियो। यात्रा जोखिमपूर्ण लागे पनि धनगढीमा प्लेन राम्रोसँग अवतरण गर्‍यो।

२०३५ सालमा म धनगढीमा पहिलोपल्ट आएकी हुँ। मेरा श्रीमान् श्री वीरेन्द्रबहादुर देउजा त्यस वेला धनगढी डडेलधुरा बाटोको प्रोजेक्टमा इन्जिनियर हुनुहुन्थ्यो। भरखर भरखर बन्न लागेको त्यस सडकको अफिस गोदावरीमा थियो। खोला किनारमा बसालिएको यो नयाँ बस्तीमा त्यस वेला निक्कै चहलपहल थियो। वेला वेला सुनसान जङ्गलबाट चरा चिरबिर गरेको आवाज र कलकल बगिरहेको खोलाको मीठो आवाजसँगै हुट्टियाउँ कराएको आवाजले मलाई अर्कै दुनियाँमा पुगेजस्तो लाग्थ्यो। त्यस बस्तीको वारिपारि दुवै साइडमा घना जङ्गल थियो। मधेसको जङ्गल यहाँ सर्प र बिच्छीको सारै डर थियो। पक्की घर भए पनि घरभित्र एक दुईपल्ट सर्प र बिच्छी देखा पर्‍यो। मेरो त हंसले ठाउँ छाड्यो। डरले जतिखेर पनि यताउता हेर्दै सतर्क हुन्थे। कर्मचारी टनाटन, चहलपहलले गर्दा बाहिर सडक छेउ टहरो बनाई पसल थाप्नेको पनि बाक्लै बस्ती थियो।

डडेलधुरामा पहिलोपल्ट गाडी मेरो श्रीमान्‌ले पुर्‍याउनुभएको हो।





उबडखाबड भरखर बन्दै गरेको ग्र्याबल बाटो भई म पनि डडेलधुरासम्म पुगेकी थिएँ। भीर नै भीर सान्है डर लाग्दो थियो। वास्तवमा नेपालमा विकास गर्न थोरै पैसाले पुग्दैन किनभने यस्ता डर लाग्दा पहाडमा बाटो बनाउनु चानचुने काम हैन। त्यसमाथि बल्ल बल्ल बनाएको बाटो वर्षामा पैरोले ह्वात्त बगाइदिन्छ फेरि जस्ताको त्यस्तै।

पच्चीस वर्ष अघि टन्न स्टाफ परिवारले चहल पहल रमाइलो यो बस्ती आज कस्तो उजाड सुनसान भएछ, खल्लो लाग्यो। फाट्टफुट्ट मात्र देखिन्छन् मान्छे। दिपायल उज्यालोमै पुग्नुपर्छ भनी विलम्ब नगरी गाडी उकालो लाग्यो। कुनै वेला आफ्नै ठाउँ भए पनि निर्धक्क, निश्चिन्त र स्वतन्त्र रूपले यात्रा गर्न सक्ने अवस्था थिएन। यति लामो मोटर यात्रा कल्पनाभन्दा बाहिरको कुरा थियो। कुन वेला कहाँ के हुन्छ त्रासैत्रासमा यात्रा गर्नु पर्थ्यो तर आज समय बदलिएको छ। थोरै भए पनि शान्ति र राहतको श्वास फेर्न पाइएको छ। आफ्नोपनको अभास गर्दै एक ठाउँबाट अर्को ठाउँ निर्बाध यात्रा गर्न सक्ने भएका छौं। मेरो मानसपटलमा गढेको २०३५ सालमा बन्दै गरेको उबडखाबड अव्यवस्थित सडकको छवि, परिवर्तन भई आज कति राम्रो भएछ। जता हेर्‍यो घना जङ्गल हरियाली पैरो गई बिग्रेको ठाउँमा रूख बढेर पैरो थामिएको। विनाअवरोध गाडी पिच सडकमा सरर गुड्दै थियो। रमाइलो लाग्यो। कुनै वेला कसै कसैको स्वार्थका कारण यही रमणीय स्थलको भ्रमण पनि दुःखदायी र अभिशाप बनिदिन्थ्यो। निर्दोष प्रकृतिसम्म आघात पुर्‍याउँदै। त्यो रात राजापुर नजिक प्रोजेक्टको आवासमा वास बस्यौं। राजापुर दिपायल नजिक पर्दछ। यस रमाइलो ठाउमा नेपाल आर्मीको ठूलो क्याम्प छ।

भोलिपल्ट बिहानै सिलगढीको उकालो लाग्यौं। पहिलोपल्ट आउँदा यही उकालो चढ्न कति गाह्रो भएथ्यो। पहिलेको भन्दा दिपायल बजार निकै ठूलो, सेती नदीमाथि मोटर गुड्न सक्ने पक्की पुल पनि बनेछ। रमणीय दिपायलको फाँट छिचोल्दै सेती नदी पार गरी गाडी उकालो चढ्न थाल्यो। राम्रो बाटो गाडीमा सरर एकै छिनमा डोटी बजार पुगियो। अनि सोचें नेपालमा विकास पटक्कै भएन भन्नचाहिँ मिल्दैन। हाम्रो इच्छा चाहना आकाङ्क्षा अनुरूप नभएको र सुस्त चालमा हिँडेको मात्र हो। मोटर बाटो बजारभन्दा बाहिरी भागबाट गएको रहेछ। यस बाटाबाट गाडी अछाम बाजुरासम्म जान्छ रे !

जुनसुकै देशको विकासको पूर्वाधार भनेको बाटो रहेछ। बाटो भनेको मानिसको शरीरको नशा जस्तै लाग्यो। नशाले शरीरको प्रत्येक अङ्गमा रगत पुर्‍याएजस्तै बाटाले देशको कुना कुनामा विकास पुर्‍याउँछ भन्ने कुरा यहाँ आएर यकिन भयो। हामी गाडीबाट ओर्लिएर सिधै शैलेश्वरी भगवतीको दर्शन गर्न गयौं। पहिलेभन्दा अहिले मन्दिरभित्र मर्मत गरिएको रहेछ। हाम्रो बुबाले भुइँमा मार्वल लगाइदिनु भएको, भुइँ सफा र राम्रो देखिएको थियो। बाहिरफेर

पनि पहिलेभन्दा राम्रै मर्मत भएको रहेछ । भगवतीको दर्शनले मनमा एक किसिमको शान्ति र आनन्द महसुस गरेँ । मन्दिर बाहिर आई चारैतिर घुमेँ । अग्लो ठाउँमा रहेको यो मन्दिरबाट टाढाटाढासम्मको सुन्दर दृश्यको अवलोकन गर्न सकिन्छ । साँच्चिकै कति सुन्दर छ हाम्रो देश । भिन्न भिन्न ठाउँबाट देखिने भिन्न भिन्न मनमोहक दृश्यले कसको पो मन लोभिँदैन : त्यसैले त शास्त्रमा पनि लेखिएको छ भगवान्हरूको अति मन परेको पवित्र वासस्थान हो नेपाल । यस्ता प्राचीन तीर्थस्थलहरू हाम्रो देशमा कति छ कति । मन्द मन्द चलेको शीतल हावाको आनन्द लिंदै मुग्ध भई त्यही बसिरहेँ ।

श्रीमान्को त्यतै बजारतिर काम थियो । म बुवाको पुरानो घरतिर लागेँ । रित्तो छ घर, आफ्ना जति सबै काठमाडौंमै । घर कुरुवालाई घर खोल्न लगाएँ र घरका देवी देवताको पूजा गरेँ । आफ्नो जन्मस्थलको जमिनलाई नमन गरी सुनसान बजारतिर एक फन्को मारेँ । पहिलोपल्ट आउँदाभन्दा पनि अहिले यस ठाउँमा मानिसहरू घटेजस्तो लाग्यो । कोही देशको बिग्रँदो परिस्थितिले गर्दा कामको खोजीमा पलायन भए, कोही उच्चशिक्षा आर्जनको लागि विदेसिए अनि गाउँ बस्ती सबै सुनसान, सरुवा रोगजस्तै आज यो क्रम देशभर फैलँदो छ । शैलेश्वरी भगवतीको दर्शनपछि डडेलधुराको उग्रतारा देवीको दर्शन गर्नै पर्छ भन्ने भनाइ रहेछ । बजारभन्दा अलि बाहिर, बैतडी जाने बाटो भई जानुपर्छ । बाटोबाट अलि भित्र अगाडिपट्टि ठूलो सल्लाघारी, अलि समथल ठाउँमा रहेछ मन्दिर । त्यो देवी स्थल यति रमणीय छ कि बयान गर्ने कुनै शब्द नै पुग्दैन । सोचें स्वर्ग भनेको यस्तै सुन्दर हुन्छ होला । मन शरीर प्रसन्नताले हलुङ्गो भई आकाशमा उडेजस्तो भान भइरहेथ्यो । पुरानो मन्दिरलाई ढाक्ने गरी बाहिर नयाँ ठूलो मन्दिर बनेको छ । बिहे व्रतबन्ध गर्न मिल्ने सफा सुग्घर राम्रो ठाउँ थियो । छेउछाउमा मानव बस्ती नभएर हो कि प्राकृतिक सुन्दरता कायम रहेको । चारैतिर घुम्दै सुन्दरताको रसस्वाद लियौं । मौका परे कुनै दिन फेरि आउँछु भनी देवीसँग बिदा मागें । डडेलधुरा वास्तवमा अति उर्वर भूमि रहेछ । यो ठाउँ पहिलेदेखि फलफूल विशेष गरी सुन्तलाको लागि प्रख्यात हो रे ! मोटर बाटाले छोएपछि त्यहाँका किसानहरूमा निकै जोस जाँगर आएजस्तो छ । आफ्नो मेहनतको उचित मूल्य पाए जसलाई पनि जाँगर चल्छ । मेहनत गर्न मन लाग्छ । आज भोलि यो ठाउँ तरकारीको लागि प्रख्यात भएको छ रे ! भारतसम्म यहाँको तरकारी पुग्छ रे ! यहाँका वासिन्दामा आएको जागरुकताले ल्याएको परिवर्तनले हर्षित बनायो । मेहनत गरे आफ्नै ठाउँमा सुन फल्छ भन्ने सोच बनाउँदै बाटो लाग्यौ ।

≈





# मनको बाघले मात्र खाने रहेछ पाथीभरा जाँदा

**हरिप्रसाद अधिकारी**

भनिन्छ, सूर्य र चन्द्रको भेट हुँदैन तर विपरीतै दिशामा भए पनि त्यस दिन पश्चिमी आकाशबाट अस्ताउँदै गएको सूर्य र पूर्वी आकाशबाट उदाउँदै गरेको चन्द्र भने एकसाथ देख्न सकिन्थ्यो ताप्लेजुङ जिल्लाको सुकेटार विमानस्थलबाट । लालीमय पश्चिमी आकाश र श्वेतमय पूर्वी आकाशले यात्रीहरूलाई मनमुग्ध पारेको थियो । धूलो र हिलोलाई दिनचर्या बनाउनुपर्ने हाम्रो बाध्यता भए पनि सुकेटारको कच्ची विमानस्थलले निकै अचम्मित तुल्याएको थियो हामीलाई । विमानस्थल धूले पनि हुन्छ र खुला पनि हुन्छ भन्ने सुनेर पनि सायद हामीले देखेका रहेनछौ । त्यसैले होला सुकेटारको धूले र खुला विमानस्थलले निकै बेर अल्मल्याएको रहेछ हामीलाई । यतिन्जेल वारिपारिका डाँडापाखा, उदाउँदा अस्ताउँदा चन्द्र सूर्य र विमानस्थलको दृश्यावलोकन मात्र गरेका रहेनछौं, सकेसम्म आआफ्नो क्यामेरामा कैद गर्दै विमानस्थलको तलमाथि ओहोरदोहोर पनि गरिसकेका रहेछौं हामीले ।

'यतै बस्ने हो कि के हो ?' समयमा बाँधिन रुचाउने सिराहातिर हुर्केका इञ्जिनियर सतीशकुमार कर्ण ठट्यौली पारामा बोलाउन आउँदा उनी पनि समयको पावन्दी बिर्सदै विमानस्थलको दृश्य, उचाइ र डाँडापाखाको रमणीयतामा रमाउन थालिसकेका थिए । शरद ऋतुको दोस्रो महिनाको तेस्रो सप्ताहान्तको गोधूलि क्षणमा २४८० मिटर उचाइको सुकेटारमा चिसोले छोप्न थालिसकेको थियो । हामी पनि चिसोलाई साथ दिन हो वा चुनौती ? झोला रित्याउँदै आङमा लुगा थप्न थालिसकेका थियौं । विराटनगरमा जन्मे-हुर्केका यमकुमार श्रेष्ठ, आकाश अधिकारी, देवेन्द्र श्रेष्ठ, भोजपुरे मित्रहरू परशुराम कार्की, धनप्रसाद भारती र इलामे डिकबहादुर आचार्यसहितका सहयात्रीहरू २०७१ सालको त्यो दिन विश्वास, आस्था एवं पवित्रताकी देवी पाथीभराको दर्शनको लागि सुकेटार पुगेका थियौं ।

विराटनगरबाट करिब ३६० किलोमिटरको दूरी छिचोल्नुपर्दो रहेछ सुकेटार पुग्न । मेची अञ्चलका तीनवटै पहाडी जिल्ला इलाम, पाँचथर र ताप्लेजुङको सदरमुकाम टेकेर जानुपर्दोरहेछ यो बजारसम्म पुग्न । यो स्थानबाट करिब १० कि.मि. को दूरीमा पर्ने काफ्ले डाँडासम्मको अप्ठ्यारो बाटोमा स्थानीय भाडाका सवारी साधनहरू चल्दा रहेछन् । बोलिचालीको भाषामा यस स्थानलाई तल्लो

फेदी वा सानो फेदी भनिए पनि यो स्थानभन्दा अझै तलको बस्तीलाई तल्लो फेदी बताउँथे स्थानीय सवारी चालक । गाडीबाट उत्रिने बित्तिकै भेटिने सानो बस्ती र त्यहाँबाट सिधै माथि उक्लनुपर्दो रहेछ पाथीभरा देवीको मन्दिर पुग्न ।

वरिपरि लेकाली जङ्गल, बीचमा ढुङ्गा बिछ्याएको ठाडो उकालो । पूर्णिमाको रातको पूर्ण चन्द्र । ३७९४ मिटरको उँचाइमा रहेको देवीको मन्दिरसम्म पुगी दर्शन गर्ने हाम्रो अटल अभिलाषा, उँचाइमा हुन सक्ने सम्भावित खतरा, धेरै उत्साहित र थोरै भयभीत मानवीय मन लिई उकालिएका थियौं हामी । 'मकै खाँदै जानुहोला, अदुवा खानुहोला, लसुन खानुहोला' बाटोमा भेटिएका ससानो पसलका सञ्चालक/सञ्चालिकाको भनाइलाई हामीले व्यापारिक आग्रहको रूपमा मात्र लिएनौं बरु निःशुल्क सुझावको रूपमा ग्रहण गर्‍यौं अनि भुटेका मकैले गोजी मात्र भरेनौ भुँडीसमेत भर्दै यात्रालाई अगाडि बढायौं । नभन्दै भोजन र औषधी दुवै काम एकै पटक गरेजस्तो लाग्यो भुटेको मकैले ।

'सातु घस्छौ ?' फिदिमतिरै सातु किनेर उक्लेका रहेछन् यमकुमार । उनी बीच बीचमा यात्रालाई सहज बनाउन सहयात्रीहरूलाई जिस्काइरहन्थे । 'तिमी अगाडि हिँड्दै छौ कि पछाडि ?' धीमा गतिको उनको हिँडाईलाई मनको बाघसँग दाँज्नेको सङ्ख्या पनि कम थिएन । नभन्दै यात्रामा सबैभन्दा पछाडि उनै पर्थे । तैपनि करिब साढे एक घन्टामै पार गरेका थियौं दुवै फेदी बीचको दूरी र रातीको झन्डै आठ बजे पुगेका थियौं माथिल्लो वा ठूलो फेदी हामी ।

'खाना कसरी ?' 'बसेर खाने कि खाएर जाने ?' हामी मध्येका कसैले सबाल जवाफ गरिरहेका थिए । खाना २०० र बास १०० गरी ३०० पर्दो रहेछ प्रतिरातको न्यूनतम खर्च । खान र बस्न खासै समस्या रहेनछ यस परिसरमा । होटल लजहरूले लिने शुल्कमा एकरूपता ल्याउने कोसिस गरेका रहेछन् स्थानीय होटल व्यवसायीहरूले । स्थानीय होटलमा बालेको आगोमा हात सेकाउँदै र तातो पानी पिउँदै गाँस र बासको प्रबन्ध गर्दा हामी विजित मुद्रामा निकै उत्साहित बनेका थियौं । फिदिमदेखि फुङलिङसम्मको दिनभरिको यात्रामा जान सकिने/नसकिने आशङ्का र भयको दोधारले निकै अल्मल्याएको थियो हामीलाई तर माथिल्लो फेदीसम्मको सहज यात्राले हाम्रो दिनभरिको थकान, तनाव, आशङ्का र भयमाथि सहज विजय पाइसकेको महसुस हुन्थ्यो ।

'म त अझै हिँड्न सक्छु अहिले नै माथि जाऊँ'- यात्रादलका अधिकांश सदस्यहरूमा उत्साह थपिंदै थियो । पावन भूमिको स्पर्श गर्नासाथ अघिसम्म डरले आत्तिएका मित्रहरूमा बढेको आत्मबलको उपज थियो त्यो । अपरिचित स्थान, नटेकेको उचाइ, रातीको समय, थाकेको शरीर र उमेरले अधिकांश अधबैंसे यात्री आज आराम गरी भोलि बिहान सखारै मन्दिर पुग्नु उत्तम विकल्प देखिन्थ्यो तर राती शरीरको जुन भाग बाहिर निस्कन्छ त्यही भाग छुन नसकिने गरी चिसिएको पाउँदा भने जिउ नै सिरिङ्ग हुन थाल्थ्यो । नभन्दै भोलिपल्ट





बिहान ४ बजे चन्द्रमाको उज्यालोसँगै आफ्नो यात्रा अगाडि बढाएका थियौं हामीले ।

'ढुङ्गाभन्दा बाहिरबाट नहिँड्नु होला'- बाटोमा भेटिएका अपरिचित यात्रीहरूको सुझाव थियो त्यो । अनुभव आदानप्रदान गर्न त्यस क्षेत्रमा चिन्नुजान्नु पर्दो रहेनछ । पावन भूमिमा मानवीय मन पनि पावन हुन्छ कि किन हो ? यात्री र यात्रा सांसारिक सुख दुःखभन्दा केही फरक रहेझै भान हुन्थ्यो । मान्छेहरूमा आडम्बर र अभिमान देखिँदैनथ्यो । ढुङ्गाबाट हिँड्न, मकै, अदुवा वा लसुन खान, न्यानो लुगा लगाउन दिइएका सुझावहरू या त अनुभवजन्य थिए या त एकपछि अर्कोले सुनेर बताइएका अर्ती थिए । यस्ता सुझावहरू स्वतः आउँथे; मागे पनि नमागे पनि । हामी पनि फर्कंदा यस्ता अर्ती उपदेश दिन थालिसकेका थियौं अनुभवीको नाताले । धेरैले सोध्ने पनि गर्थे कति छ, कस्तो छ ? भनिन्छ, अर्ती उपदेश ठूलोले सानोलाई दिन्छ, पुरानोले नयाँलाई दिन्छ । हामी पनि जाँदा नयाँ थियौं फर्कंदा अनुभवी । ईश्वर पावन भूमिमा बस्छन् वा ईश्वर बसेको भूमि पावन हुन्छ छुट्याउन सकेका थिएनौ हामीले । लेकाली वनस्पति, चिप्लोमाटो, अपरिचित स्थान आदि कारणले ढुङ्गा बाहिरबाट नहिँड्न सुझाव दिइएको हुनुपर्छ । जे भए पनि अनुभवीको सुझावलाई हामीले बेवास्ता गर्नुपर्ने कारण पनि थिएन र बाटो न घाटो दगुर्छ लाटो भने झैं बाटो छोडेर हिँड्नु पनि थिएन ।

बिहानी पखको जुनेली रात । चन्द्र र रूखको लुकामारीबाट सिर्जित धरतीमा परेको बुट्टादार आकृति, उकालो हिँडाइको कारण केही तातेको मानवीय शरीर, मनग्ये र भयभीत चिसो वातावरण, टाढाबाट सुनिने घन्टीको कर्णप्रिय आवाज, भक्तजनहरूबाट बेलाबखत हुने जयजयकार ध्वनि, उत्साहित मानवीय मन, केही मानसिक तनाव र शारीरिक श्रम पश्चात् करिब दुई घन्टामा उज्यालोको आगमनसँगै पाथीभरा मन्दिर पुगेरै छोड्यौं हामी ।

पूर्वबाट उदाउँदै गरेको सूर्य, लालीमय आकाश, समानान्तर उचाइमा झैं नजिकैबाट देखिने कन्चनजङ्घा, कुम्भकर्ण, मकालुजस्ता विश्वप्रसिद्ध हिमाल । सूर्यको पहिलो किरणले सुनजस्तै टलटली टल्केका देखिन्थे ती पनि । हिमालको फेदबाटै उत्पत्ति भएको तमोर नदी, फराकिलो क्षेत्र, निकै दर्शनीय र भ्रमणीय रहेछ पाथीभरा मन्दिर । अझ सुनमा सुगन्ध भने झैं बिहान सखारै पुग्नसके अन्यत्र जानु पनि नपर्ला जस्तो रहेछ सूर्योदयको दृश्यावलोकन गर्न ।

'तपाईं प्राकृतिक सङ्ग्रहालयमा आइपुग्नु भएको छ'- मन्दिर परिसरमा भेटिएका एक स्थानीय भनिरहेका थिए । 'कसरी ?' जिज्ञासा राख्ता उनी थप्छन्- 'अद्वितीय प्राकृतिक सौन्दर्य, दुर्लभ वन्यजन्तु र वनस्पतिको बेजोड सङ्गमस्थल ।' नभन्दै काँडेभ्याकुर, डाँफे, मुनाल, चिलिमे, फुक्रास, लेकाली मृग आदि यस क्षेत्रमा पाइँदा रहेछन् ।

पाथीमा अन्न भर्दा देखिने आकारको सुन्दर एवं मनमोहक पहाडी टुप्पो

र सोही स्थानमा उत्पत्ति भई विराजमान हुनुभएकी देवीको नाम पाथीभरा रहेछ । स्थानीय लिम्बू भाषामा पाथीभरालाई मुक्कुलुङ्ग भनिँदो रहेछ। ताप्लेजुङ जिल्लाको सदरमुकामबाट १९.४ कि.मि. पूर्व-उत्तरमा पर्ने सोही जिल्लाका तत्कालीन पाँच गाविसहरू फावाखोला, सिकैचा, लिमाखिम, तापेथोक र फुरूङ्गवुका क्रमशः वडा नं. नौ, एक, सात, सात र दुई जोडिन आइपुगेका रहेछन् पाथीभरा डाँडाको टुप्पोमा।

विश्वास, आस्था एवं पवित्रताकी देवीको रूपमा चिनिने पाथीभरादेवीलाई रक्तकालीको रूपमा समेत चिनिँदो रहेछ। पाथीभरामा भेडीगोठ राखेका गोठालाहरूका सबै भेडा त्यस दिन एकाएक अलप भएछन्। भेडा हराएर चिन्तित गोठालाहरूलाई रातमा दर्शन दिँदै देवीले आफ्नो उत्पत्तिस्थल र आकृतिको बारेमा आत्मबोध गराई भेडा बलि दिई पूजा गर्न निर्देशन दिएको र देवीको आकृति उत्पन्न स्थलमा पूजा अर्चना गरेपश्चात् देवीको उत्पत्ति भएको र सबै भेडाहरू फेला परेको जनश्रुति रहेको बताइँदो रहेछ पाथीभरा देवीको उत्पत्तिको बारेमा।

मन्दिर क्षेत्रमा करिब पाँचवटा धर्मशाला रहेको र ती धर्मशालाहरूमा करिब एकसय जनासम्म बस्न सकिने बताइए पनि अत्यधिक चिसोको कारण भक्तजनहरू कमै बस्ने गरेको बताइन्छ। ताप्लेजुङ निवासी पुजारीद्वय टीकाराम पौडेल र डिल्ली आचार्यलाई मन्दिरको समस्याबारे जानकारी माग्दा चट्याङ ठूलो समस्याको रूपमा रहेको जानकारी पाइयो। नभन्दै चट्याङकै कारण मन्दिर वरिपरिका रूख बिरूवा र विद्युत्का ट्रान्सफरमर जल्ने र विद्युत् अपूर्तिमा समेत वेलावेला अवरोध आउने गर्दो रहेछ। सोही परिसरमा भेटिएका स्थानीय बासिन्दाहरूलाई पाथीभराको समस्याबारे जानकारी माग गर्दा बाटोघाटोलाई प्रमुख बताउँथे।

'अक्सर चट्याङ कस्तो ठाउँमा पर्छ र यसबाट हुन सक्ने क्षतिको न्यूनीकरण कसरी गर्न सकिन्छ ?' सामान्य जिज्ञासा राख्दा यात्रामा सहभागी इलेक्ट्रिकल इञ्जिनियर कर्ण भन्छन्– 'आकाशमा बादल लागेको वेला चट्याङ जहाँसुकै पर्न सक्छ। यो एउटा सामान्य प्राकृतिक Phenomena हो तर यो अक्सर अग्लो भूभाग, अग्ला रूखहरू, खुल्ला आकाशमुनि रहेका विद्युतीय संरचनाहरूमा बढी पर्दछ। यसबाट हुने क्षतिको न्यूनीकरण गर्न पानी परेको वेला रूखको फेदमा नबस्ने, चङ्गा नउडाउने, पौडी नखेल्ने र विद्युतीय संरचनाहरू जस्तै : ट्रान्सफरमर लगायत अन्य विद्युतीय उपकरणहरूलाई राम्ररी अर्थिङ गर्ने आदि।'

अटल सौभाग्यकी प्रतीकको रूपमा समेत चिनिने देवी पाथीभराको उत्पत्ति स्थलसम्म गई दर्शन गर्न धेरै इच्छुक देखिन्छन् तर पनि कतिपय कारणले गर्दा हच्किने गरिँदो रहेछ पाथीभरासम्म जान। खासगरी उचाइको





